Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेख
ABHILEKHA

वर्ष ३५ २०७४ पूर्णाङ्क ३५



राष्ट्रिय अभिलेखालय

रामशाहपथ, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेख
ABHILEKHA

वर्ष ३५ ✿ २०७४ ✿ पूर्णाङ्क ३५

प्रधान सम्पादक
सौभाग्य प्रधानाङ्ग

सम्पादक
निरण कुमार राजवंशी
राजु रिमाल
मनिता न्यौपाने
रज्जु हाडा

दुई शब्द

अभिलेख सभ्यता हो, संस्कृति हो, इतिहास हो र समग्रमा यो राष्ट्रको चिनारी हो । नेपालको प्राचीन दस्तावेजको लिपिबद्ध र आधिकारिक स्रोत अभिलेख हो । साँच्चै भन्नुपर्दा अभिलेख राष्ट्रको बृहत् ज्ञान कोष हो । नेपालको ऐतिहासिक गौरवगाथालाई अनन्तकालसम्म जोगाइराख्ने एउटा महत्वपूर्ण माध्यम अभिलेख हो र यस्तो गौरवशाली इतिहास बोकेको अभिलेखहरूलाई युगौंयुगसम्म संरक्षण, संवर्द्धन तथा व्यवस्थापन गर्ने जिम्मेवारीका साथ वि.सं.२०२४ साल असोज १७ गते (तदनुसार सन् १९६७ अक्टोबर ३) का दिन राष्ट्रिय अभिलेखालयको स्थापना भएको हो ।

राष्ट्रको इतिहास तथा संस्कृतिको जीवन्त धरोहर राष्ट्रिय अभिलेखालय स्थापनाको ५० औं वर्ष पूरा भएको छ । यस अवधिमा यस राष्ट्रिय अभिलेखालयले नेपाल सरकारको कार्य सञ्चालनको क्रममा सिर्जना हुने राष्ट्रिय दृष्टिले महत्वपूर्ण कागजातहरू, ऐतिहासिक कागजात तथा हस्तलिखित ग्रन्थहरूको संकलन, संरक्षण तथा संवर्द्धनमा यथाशक्य प्रयास गर्दै आएको कुरा सर्वविदितै छ । राष्ट्रिय अभिलेखालय, केशर पुस्तकालय, गुठी संस्थान एवं देशका विभिन्न भूभागमा अवस्थित मठ मन्दिर तथा गुम्वाहरू तथा विभिन्न व्यक्तिहरूको निजी संग्रहमा संरक्षित मूल ग्रन्थहरूको माइक्रोफिल्म गरी संग्रह गरिएको छ । हाल यी सम्पूर्ण अभिलेखहरूको मूलप्रति संरक्षण गर्ने उद्देश्यले अभिलेखहरू डिजिटाइज गर्ने कार्य पनि शुरू गरिसकेको छौं । यस अभिलेखालयमा अभिलेख आउनुपूर्व अभिलेख उत्पादन हुने स्थानमा रहेका अभिलेखहरू सुरक्षित र संरक्षित होऊन् भन्ने उद्देश्यले हामीले महत्त्वपूर्ण तथा अत्यधिक अभिलेखहरू उत्पादन हुने विभिन्न मन्त्रालय, विभाग र कार्यालयहरूका प्रतिनिधिहरूलाई संलग्न गरी अभिलेख अध्ययन, संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यशाला गोष्ठी, अभिलेख संरक्षणसम्बन्धी तालिमहरू पनि संचालन गर्दै आएका छौं ।

आज देश संविधानतः संघीय संरचनामा समाविष्ट भइसकेको छ । संघीयतामा राजनीतिक अधिकारको बाँडफाँडसँगै प्रशासनिक निकायहरूको स्वरूप र संरचनामा पनि हेरफेर हुने सम्भावना रहन्छ । यसै सन्दर्भमा ऐतिहासिक ज्ञानको अनुभव र ऐतिहासिक अभिलेख भण्डार सुशासन र पारदर्शिताका महत्वपूर्ण प्रमाणका रूपमा ग्रहण गर्न सकिने एवं भविष्यको लागि सुरक्षित गरी राख्नुपर्ने रेकर्डको प्राप्ति, संरक्षण र व्यवस्थापन गरी सरोकारवालासम्मको पहुँच सुनिश्चित गर्नका लागि लागि देशकाल, परिस्थिति अनुसार राष्ट्रिय अभिलेखालयको उत्थान हुँदै जाने छ भन्ने विश्वास लिएको छु । यस सत्प्रयासमा साथ दिनुहुने सम्पूर्ण श्रद्धेय महानुभावहरूमा आभार व्यक्त गर्दछु ।

राष्ट्रिय अभिलेखालयले आफ्नो स्थापनाको स्वर्णजयन्ती मनाइरहँदाको यो क्षण म यस कार्यालयको स्थापनाकालदेखि हालसम्म यस कार्यालयको सुख-दुःखमा साथ दिने सम्पूर्ण श्रद्धेय महानुभावहरूलाई एकैसाथ स्मरण गर्न चाहन्छु । यहाँहरूको अविश्रान्त परिश्रम, त्याग, सद्भाव एवं सदीक्षाले नै यो संस्था नेपालको ऐतिहासिक अभिलेख सम्पदाको सुरक्षा एवं संरक्षण गर्न सफल भएको हो ।

वि.सं. २०४० सालदेखि निरन्तर अभिलेखका विविध पक्षसँग सम्बन्धित अनुसन्धानात्मक र मौखिक लेखहरूलाई अभिलेख पत्रिकाका माध्यमबाट विज्ञ पाठक माभ प्रस्तुत गर्दै आएको यस संस्थाले यस वर्ष पनि विगतलाई पछ्याउँदै अभिलेख पत्रिकाको पैंतीसौं अङ्क प्रकाशित गर्न पाँउदा हामी पुलकित भएका छौं । हामीलाई थाहा छ, पाठकवर्गकै अमूल्य सुझाव, सदाशयता र आत्मीयताका कारणले नै अभिलेख पत्रिका आजको अवस्थासम्म आइपुगेको हो । विगतका अङ्कहरूले जस्तै अभिलेख पत्रिकाको यस पैंतीसौं अङ्कले पनि पाठकहरूको चाहनालाई सम्बोधन गर्न सकोस् भन्ने अपेक्षा रहेको छ ।

अन्त्यमा, आफ्नो अमूल्य रचना उपलब्ध गराई अभिलेख पत्रिकाको पैंतीसौं अङ्क प्रकाशनमा महत्त्वपूर्ण योगदान पुऱ्याउनु हुने समस्त लेखक महानुभावहरूमा विशेष धन्यवाद दिन चाहन्छु । साथै यस पत्रिकाको प्रकाशनमा देखिएका कमी-कमजोरी औंल्याई सुधारको लागि रचनात्मक सुझावको अपेक्षा गर्दछु ।

सौभाग्य प्रधानाङ्ग
प्रमुख
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रकाशक : राष्ट्रिय अभिलेखालय
फोन नं. : ४२००८५६
Website : narchives.gov.np
प्रकाशन मिति : वि. सं. २०७४
प्रकाशित प्रति : ५००
मूल्य रु. : १००/-
मुद्रक : कोशी प्रिन्टिङ्ग प्रेस, बबरमहल, काठमाडौं
फोन नं. : ४२२५६९६, ४२५१८३३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विषय-सूची

विषय	लेखक	पृष्ठ संख्या
दुइ अप्रकाशित संस्कृत काव्य रणबहादुरशाह विरुदावली र रणबहादुर सार्वभौमवर्णन	- डा. महेशराज पन्त	१
राणाकालमा तेल, मैन र मटीतेल बत्ती सन्दर्भ	- प्रा. डा. भवेश्वर पंगेनी	१२
भक्तपुरका असुरक्षित शिलालेख	- प्रा. डा. पुरुषोत्तमलोचन श्रेष्ठ	२७
नेपालमा हस्तलिखित ग्रन्थका श्रोत र उल्लिखित संवत्‌हरुको नाउँको वास्तिवकता	- तारानन्द मिश्र	४०
दोलखाको नगर निवेश र यसको उत्तर हिमालीक्षेत्र विगुका बौद्ध गुम्बाको आर्थिक पक्षमा ऐतिहासिक परिचर्चा	- देविचन्द्र श्रेष्ठ	४६
अक्सफोर्ड विश्वविद्यालयको चन्द्र शमशेर सङ्‌कलन	- काशीनाथ तमोट	५०
राष्ट्रिय सङ्ग्रहालय छाउनीको सनद	- प्रकाश दर्नाल	५५
पाटन गुस्तलवहीको लिच्छवि चैत्य अभिलेखको परिष्कृत पाठ	- श्यामसुन्दर राजवंशी	९१
राष्ट्रिय अभिलेखालयको संकलनमा संवत् १८६७ को सरकारी पुस्तकको सूचीपत्र	- सौभाग्य प्रधानाङ्ग	९५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कालिकाकुलपञ्चशतक

- *माधवप्रसाद लामिछाने* १०४

राष्ट्रिय अभिलेखालयको तिब्बती शाखाको सर्वेक्षण

- *पुण्यप्रसाद पराजुली* १२३

भातभान्छासम्बन्धी अप्रकाशित दुई पत्र

- *निर्मल श्रेष्ठ* १२६

अभिलेखसहित प्राचीन भालेश्वरको खोजी

- *प्रकाश खड्का* १३१

तारिणीदेवीमन्दिरका थप अभिलेख

- *रोशनी श्रेष्ठ* १३६

मूर्तिकलाको जीवन्त सङ्ग्रहालय : सैनामैना

- *उषा किरण के.सी* १५०

संस्कृत वाङ्मयमा वज्रको स्वरूप

- *कल्पना पराजुली* १५६

राष्ट्रिय अभिलेखालय : विगतदेखि वर्तमानसम्म

- *शिवराम सापकोटा* १६२

Surveying Sanskrit Buddhist Manuscripts in Japan and Construction of Newār Book History

Shanker Thapa
Sasaki Kazunori
Shoji Fumio - १७६

A letter from the Tibetan Government to the Gorkha King [Girvan Yuddha Bikram Shah]

– Dr. Christoph Cüppers १८७

कौसी तोषाखानाबाट प्राप्त लालमोहर

- १९०

आर्थिक वर्ष २०७४/०७५ को वार्षिक गतिविधि

- २००

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दुइ अप्रकाशित संस्कृत काव्य
रणबहादुरशाहविरुदावली र रणबहादुरसार्वभौमवर्णन

-डा. महेशराज पन्त*

१. शासकको प्रशंसा गरी काव्य लेख्ने चलन पुरानो हो । यसको उदाहरणको लागि सातौँ शताब्दीका बाणको हर्षचरित, बाह्रौँ शताब्दीका बिल्हणको विक्रमाङ्कदेवचरित अघि सार्न सकिन्छ । नेपालकै कुरा गर्ने हो भने पनि ललितावल्लभको भक्तविजयकाव्य र पृथ्वीन्द्रवर्णोदय, शक्तिवल्लभ अर्ज्याल (वि.सं. १७८१-१८६३)को जयरत्नाकरनाटक, सुन्दरानन्द बाँडाको त्रिरत्नसौन्दर्यगाथा काव्यको दृष्टिले त्यही कोटीका नभए पनि लेखाइको हिसाबले भन्दा त्यही पाराका ग्रन्थ हुन् । त्यही परम्परामा रणबहादुर शाह (वि.सं. १८३२-१८६३, राज्यकाल वि.सं. १८३४-१८५५)को प्रशंसामा लेखिएका २ संस्कृत काव्य भेटिएका छन् । ती २ काव्यको सामान्य परिचय दिन यो लेख कोरिएको छ ।

२. नेपालमा लेखिएका संस्कृत काव्यको एकसरो परिशीलन गर्दा टीकाराम शर्मा खनाल (वि.सं. २००१ मा जन्म)ले वि.सं. १८५२ मा राघव शर्माले रचेको रणबहादुरशाहविरुदावलीको विषयमा पनि लेखेका छन् ।[१] संस्कृतभाषाका, नेपाली ग्रन्थकारहरूको परिचय दिने सिलसिलामा शिवराज आचार्य कौण्डिन्न्यायन (वि.सं. १९९७-२०७४)ले पनि यस पुस्तकको विषयमा अलिकति लेखेका छन् ।[२]

३. रणबहादुर शाहको प्रशंसामा लेखिएको यो रणबहादुरशाहविरुदावलीको लेखोट पुस्तक राष्ट्रिय अभिलेखालयमा छ ।[३] उनकै बयान गरी संस्कृतमा लेखिएको अर्को काव्यको लेखोट पुस्तक पनि राष्ट्रिय अभिलेखालयमै छ ।[४] त्यो काव्य हरि भन्ने कुनै कविले लेखेका रहेछन् भन्ने कुरा त्यस काव्यको पुष्पिकावाक्यबाट थाहा हुन्छ–

इति श्रीमन्महाराजाधिराजश्री ५ मद्रणबहादुर–सार्वभौमवर्णनं हरिबुधकृतं समाप्तं शुभमस्तु श्रीलक्ष्मीनारायणप्रसादाच्चिरतरं जय जय

(११ क पत्र)

---

*संशोधन-मण्डलमा आबद्ध हुनुहुन्छ ।

१. टीकाराम शर्मा खनाल २०३९:६३, १०९-११० ।
२. शिवराज आचार्य कौण्डिन्न्यायन २०४८:२४-२५ ।
३. दोस्रो लगत २३० सङ्ख्या (नेपाल-जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजनाको माइक्रोफिल्म नं. ए ३१९/१२) ।
४. पाँचौँ लगत १३७२ सङ्ख्या (नेपाल-जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजनाको माइक्रोफिल्म नं. बी २६४/२२) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(विद्वान् हरिले बनाएको, श्रीमहाराजाधिराज श्री ५ रणबहादुर चक्रवर्तीको बयान सिद्धियो। कल्याण होओस्। श्रीलक्ष्मीनारायणको निगाहले पछिसम्म जय जय)

त्यस काव्यको विषयमा भने माथि चर्चा गरिएका दुवै पुस्तकमा केही लेखिएको छैन ।

४. राघव शर्माले आफ्नो काव्यमा आफ्नो बारे केही लेखेका छैनन् । यस काव्यको अन्त्यमा पुष्पिकावाक्यमा यिनको नाउँको अगाडि **महामहोपाध्याय** उपाधि भने जोडिएको छ ।

टीकाराम शर्मा खनाल (२०४९:१०९)ले राघव शर्माको परिचय दिँदा यस्तो–

कवि राघव शर्मा गोर्खाका निवासी थिए । यिनको समय वि.सं. १८१०-१८९८ रहेको प्रमाण पाइन्छ । यिनले बाल्यकालीन शिक्षा-दीक्षा नेपालमा नै प्राप्त गरी उच्च शिक्षा काशीमा गएर प्राप्त गरे । त्यसपछि नेपालमा आएर राजदरबारमा आश्रित भए र रचना निर्माण गर्ने कार्यमा संलग्न भए । यस प्रसङ्गमा उनको श्री ५ रणबहादुर शाह विरुदावली नामक एकमात्र रचना उपलब्ध भएको छ । यिनको अन्तिम समय परम्परानुकूल काशीमा नै व्यतीत भयो ।

तर कुन आधारमा यस्तो लेखियो, यो कुरा त्यहाँ खुलाइएको छैन ।

राघव शर्माको नाउँको अगाडि **महामहोपाध्याय** उपाधि जोडिएको देख्दा उनीभन्दा अगाडिका नेपाली विद्वान् जयमङ्गल पौडेलको नाउँको अगाडि उनका शिष्य लक्ष्मणले त्यही उपाधि जोडेको कुराको सम्झना हुन्छ ।[५] भारतमा अङ्ग्रेजी शासन मजबूत भएपछि संस्कृतका ठूला ठूला विद्वान्हरूलाई **महामहोपाध्याय**को उपाधिले विभूषित गरिने प्रथा बसे पनि त्यो उपाधि पहिल्यैदेखि चल्दै आएको अनुमान यताबाट हुन्छ ।

५. **यद्यपि यस काव्यमा संस्कृत, हिन्दी, आदि भाषाहरूमा रचिएका अनेक पद्यहरूको समावेश गरिएको छ र यसलाई काव्यशास्त्रको दृष्टिले कुनै पनि कोटिमा समावेश गर्न कठिन हुन्छ तथापि प्रधानतया केवल काव्यका लक्षणहरू मात्र देखिन्छन् । अतः काव्य मात्र स्वीकार गर्न आपत्तिजनक हुने छैन** भनी टीकाराम शर्मा खनाल (२०४९:१०९)ले यस काव्यको विषयमा लेखेको कुरामा मेरो पनि सहमति छ । **पादपद्मौ**[६] र **विरच्य**[७] जस्ता च्युतसंस्कृतिले दुष्ट शब्द यिनको काव्यमा परेकाले उनी जयमङ्गल पौडेल जस्तो **महामहोपाध्याय**को गुरु उपाधिले विभूषित हुने काँटीका थिएनन् भनी सजिलैसँग भन्न सकिन्छ ।

६. यस काव्यमा **जम्मा पैँतालीस पद्यहरू देखिन्छन् र बीस पद्य संस्कृतमा र बाँकी पद्य नेपाली तथा**

---

५. **इति श्रीमन्महामहोपाध्यायजयमङ्गलसूरिशिष्यश्रीमल्लक्ष्मणवृतनेपालविजयान्तर्गतनृपपृथ्वीनारायणोद्दिष्टव्रतरत्नमालाव्याख्या दिव्यप्रभाख्या टीका समाप्ता ।।** (व्रतरत्नमाला:१४४)

६. **गोरण्डद्विरदेन्द्रकुम्भदलनप्रख्यातपञ्चाननः**
ख्यातः श्रीपतयो नमन्ति नितरां यत्पादपद्मौ सदा ।
नानास्त्रप्रकरैः शरैर्नियमितैः कुन्तैः कृपाणैश्वरैः
शक्त्या पर्व्वतगह्वरादरिगणा निःकाशिता यद्गतैः ।। (४ ख पत्रका ३-५ पङ्क्ति)

७. **यत्कर्ण्णविक्रमधरापतिभोजदेव-**
दानाब्धिजातरजनीशचयं विरच्य ।
तारावलीमिह समुद्गतहेलयैव
नेपालदेव तव कीर्त्तिविधुर्व्विभाति ।। (१९ ख पत्रका ४-६ पङ्क्ति)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हिन्दी भाषामा लेखिएका देखिन्छन् (उही) भनी टीकाराम शर्मा खनालले लेखे पनि संस्कृतेतर भाषामा लेखिएका पद्यको गणना नगर्ने हो भने पनि त्यसभन्दा तेबर बढी पद्य छन् । शिवराज आचार्य कौण्डिन्न्यायन (२०४८:२४-२५)ले पनि टीकाराम शर्मा खनालको भर परेर होला, यस काव्यमा ४५ पद्य छन् भनी लेखेका छन् ।

७. मङ्गलाचरण, देवदेवीको स्तुति, पृथ्वीनारायण, उनका छोरा सिंहप्रताप[८] र उनका पनि छोरा गद्दीनशीन राजा (रणबहादुर)को विषयमा लेखे (४ ख पत्रको ५ पङ्क्तिसम्म)पछि कविले प्रकरण छुट्याई आफ्नो काव्यको विस्तर गरेका छन् । पहिलो प्रकरण **नगरीवर्ण्णनं** अर्थात् **शहरको बयान** (४ ख पत्रको ६ पङ्क्ति - ५ ख पत्रको १ पङ्क्ति), त्यसपछि **राजगृहशोभावर्ण्णनं** अर्थात् **राजदरबारको शोभाको बयान** (५ ख पत्रको १-३ पङ्क्ति), अनि **राजसभावर्ण्णनं** अर्थात् **राजसभाको बयान** (५ ख पत्रको ३ पङ्क्ति - ७ ख पत्रको ३ पङ्क्ति), यसपछि **कीर्त्तिवर्ण्णनं** अर्थात् **कीर्तिको बयान** (७ ख पत्रको ३ पङ्क्ति - १० ख पत्रको २ पङ्क्ति), यो सिद्धिएपछि **प्रस्थानवर्ण्णनं** अर्थात् **विजययात्राको बयान** (१० ख पत्रको २ पङ्क्तिदेखि अन्त्यसम्म) लेखी काव्य टुङ्ग्याइएको छ ।

८. यस काव्यमा पृथ्वीनारायण शाह (वि.सं. १७७९-१८३१, राज्यकाल वि.सं. १७९९-१८३१)को विषयमा यस्तो लेखिएको छ–

यो गोरक्षपतित्वमाप विलसद्बाहुप्रतापोल्लस-
च्चण्डांशुप्रकरैः परावनिभृतां हृत्वाधिपत्यं क्रमात् ।
यो वा कीर्त्तिपुरीयदुर्ज्जननसाञ्छेदेन भीमाधिको
नेपालक्षितिपालतामुपगतः पृथ्वीन्द्रनारायणः ॥
यः ख्यातः कृतविक्रमो रणभुवि प्रौढप्रतापानल-
ज्वालाभिः प्रतिपक्षपक्षविपिनश्रेणीर्ददाह क्षणात् ।

(३ ख पत्रका ५ पङ्क्ति - ४ क पत्रको १ पङ्क्ति)

(सुहाएको बाहुलीको प्रतापले उल्लसित सूर्यका किरणद्वारा जसले गोरखाको राज्य पाइबक्स्यो । पराई मुलुकका राजाहरूको आधिपत्य क्रमैले हरेर भीमसेनभन्दा बढी भएका जो पृथ्वीनारायण कीर्तिपुरे दुष्टहरूको नाक काटेर नेपालको राजा हुन पुगिबक्स्यो ।

ठूलो प्रतापरूपी आगोका ज्वालाद्वारा लडाइँको मैदानमा पराक्रम गरेका भनी प्रसिद्ध जसले शत्रुको पक्षका जङ्गलका ताँतीका ताँती एकै छिनमा डढाइबक्स्यो ।)

पृथ्वीनारायण शाहले कीर्तिपुरेहरूको नाक काटेको कुरा बढाइचढाइ गरी उनको द्वेष गर्नेहरूले लेख्ने गरेको र उनीउपर राग (प्रेम) गर्नेहरूले चाहिँ उनले कीर्तिपुरेहरूको नाक काटेकै होइन भनी लेख्ने गरेको देखिएकोले[९] कल्हणको जस्तो राग र द्वेष बहिष्कार गरेर लेख्न सक्ने मानिसको अभाव देखिन्छ । तर पृथ्वीनारायण शाहका दरबारिया कवि ललितावल्लभले नै उनले कीर्तिपुरेहरूको नाक काटेको हो[१०] भनी लेखेकोमा यस रणबहादुरशाहविरुदावलीमा पनि त्यही कुरा लेखिएको चाखलाग्दो छ ।

---

८. मूल काव्यमा **सिंहप्रताप** लेखिएको छ । शुद्ध नाउँ **प्रतापसिंह** हो (लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०११ = धनवज्र वज्राचार्य २०१९:१९७-१६०) । यस विषयमा बढी कुरा तल §१७ मा छ ।

९. यस विषयमा महेशराज पन्त २०७० र २०७४ हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

९. अन्त्यमा

इति महामहोपाध्यायश्रीराघवशर्म्मविरचिता महाराजाधिराजराजराजेन्द्रश्रीश्रीश्रीश्रीश्रीमद्रण-बहादुरशाहबहादुरदेवदेवानां सदा समरविजयिनां विरुदावली समाप्ता ।। ।।

शैलेन्दुवाजिभू १७१७ माने शकाब्दे माधवासिते ।
एकादश्यां राघवा–[११] लिलेख विरुदावलीं ।। ।।

(२१ क पत्रका १-४ पङ्क्ति)

(महामहोपाध्याय श्रीराघव शर्माले बनाएको महाराजाधिराज राजराजेन्द्र श्री ५ रणबहादुरदेवदेव सदा समरविजयीको विरुदावली सिद्धियो ।

शाके १७१७ (वि.सं. १८५२) वैशाख कृष्ण एकादशीमा राघवले विरुदावली लेखे ।)

यति लेखिसकेपछि **अतः परं श्रीराघवोक्ता नव श्लोकाः** अर्थात् **यसपछि श्रीराघवले भनेका ९ श्लोक** भनी फेरि रणबहादुर शाहको प्रशस्ति गाइएको छ । यस्ता श्लोक

सिन्दूरीयति ते पदाम्बुजरजो
यत्क्षोणिसीमन्तिनी-
सीमन्ते तिलकीयति क्षितिभृतां
भालेतिभाग्योत्करैः ।
दीनानां सकलेष्टसाधनविधौ
चिन्तामणित्वं दधा-
त्यस्मादेक इह त्वमेव हि नृणां
सेव्यः शरण्य प्रभो ।।७।।

(२२ क पत्रका ४-७ पङ्क्ति)

(हजुरको चरणकमलको धूलो पृथ्वीको सिँउदोमा सिन्दूर हुन्छ, राजाहरूको ठूलो भाग्यले गर्दा उनीहरूको निधारमा त्यो टीका हुन्छ । दुःखीहरूको सबै इच्छा पुऱ्याउने काममा हजुर चिन्तामणि भइबक्सन्छ । शरण लिने हे प्रभु ! हजुर एक जना मात्र मानिसहरूले सेवा गरिने भइबक्सन्छ ।)

श्रेयांस्त्वं शिवितः श्रितार्त्तिहरणे रामोपमोनुग्रहे
शौर्य्ये श्रीजमदग्निजेन सदृशो दानेसि कर्ण्णाधिकः ।
सामर्थ्ये ह्यसि हैहयार्ज्जुनसमो धर्म्मेषु साक्षान्मनु-
र्द्दीनानां शमशेरजङ्गनृपते सेव्यस्त्वमेवासि तत् ।।८।।

(२२ क पत्रका ६ पङ्क्ति -२२ ख पत्रको १ पङ्क्ति)

(आश्रयमा आएकाको दुःख हर्नमा हजुर शिविभन्दा कल्याण गर्ने भइबक्सन्छ । अनुग्रह गर्नमा हजुर रामसँग दाँजिइबक्सन्छ । सुऱ्याइँमा हजुर श्रीजमदग्निको छोरा (परशुराम)बराबरको भइबक्सन्छ । दानमा हजुर कर्णभन्दा बढी भइबक्सन्छ । सामर्थ्यमा हैहयार्जुनबराबर भइबक्सन्छ । धर्ममा हजुर साक्षात् मनु भइबक्सन्छ । हे श्रीशमशेरजङ्ग राजा ! त्यस कारण हजुर नै दुःखीहरूले सेवा गरिने भइबक्सन्छ ।)

लेखी रणबहादुर शाहको प्रशंसा गरिएको छ ।

---

१०. **सर्वान् दुर्गवरान् स भूपतिवरो भित्त्वा चतुर्दिक्स्थितान्**
रम्यं कीर्तिपुरेति विश्रुतपुरं जग्राह भूरिश्रवाः ।
हत्वा शत्रुमनस्विनः कति पुनः प्रच्छिद्य नासादिकं
कृत्वा कांश्च विरूपिणः कुपुरुषान् कीर्तिस्वरूपान्द्विषः ।।४६।।

(पृथ्वीन्द्रवर्णोदय, नयराज पन्त आदि २०२५:४४५)

(चारै दिशामा रहेका असल असल किल्ला फोडी, बलियो मन भएका केही शत्रु मारी, केहीका नाक आदि काटी, शत्रुका केही घटिया मानिसलाई विरूप पारी राजाहरूमा श्रेष्ठ, धेरै कीर्ति भएका उहाँबाट शत्रुको कीर्तिस्वरूप भएको, कीर्तिपुर भनी प्रख्यात, राम्रो शहर लिइबक्यो ।)

(महेशराज पन्त २०७०)

११. यहाँनिर केरमेट गरी लेखिएकोले एक अक्षर बुझ्न सकिएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१०. शक्तिवल्लभ अर्ज्याल (वि.सं. १७८१-१८६३)ले लेखेको जयरत्नाकरनाटकभन्दा सवा दुइ वर्षपछि रणबहादुरशाहविरुदावली तयार गर्दा यसका कर्ता राघव शर्माले जयरत्नाकरनाटक हेरेका थिए कि थिएनन्, थाहा छैन । तर राजसभाको वर्णन गर्दा एक ठाउँमा **पुरोधाः कवी राजते ... स्वयं वल्लभः** अर्थात् **पुरोहित कवि आफैँ वल्लभ सुहाइरहनुभएको छ** भनी उनले लेखेकाले राजपुरोहित शक्तिवल्लभ अर्ज्यालतर्फ उनले सङ्केत गरेको देखिन्छ ।[१२] शक्तिवल्लभ अर्ज्याल र राघव शर्मा दुवैका कृति काव्यको दृष्टिले त्यति उन्नत नभए पनि शक्तिवल्लभ अर्ज्यालको हकमा नयराज पन्त (वि.सं. १९७०-२०५९)ले लेखेको **यदि शक्तिवल्लभले आफ्नो नाटकमा ऐतिहासिक विषयको समावेश नगरेका भए नाटकको दृष्टिबाट तल्लो श्रेणीमा आउने जयरत्नाकर नाटकको विशेष केही महत्त्व रहँदैनथ्यो । परन्तु राज-काजका एक अङ्गजस्ता भएका राजपुरोहित शक्तिवल्लभले आफ्ना आँखाले देखेका वा सुनेका अथवा देखे-सुनेका भरमा कल्पना गरेका कुराले पनि हामीलाई विक्रमको उन्नाइसौं शताब्दीको नेपालको इतिहास जान्न अत्यन्त काम दिन्छन् । शक्तिवल्लभको वास्ता हामीले राखेनौं भने उन्नाइसौं शताब्दीको नेपालको इतिहासका धेरै कडीहरू खुस्कन्छन्**[१३] जस्तो राघव शर्माको विषयमा लेख्नुपर्दैन । खालि नेपालको उन्नाइसौँ शताब्दीको संस्कृतवाङ्मयको इतिहासको एउटा कडीको रूपमा मात्र यस काव्यलाई हामीले हेर्नुपर्छ ।

११. राघव शर्माको बयान वस्तुपरक छैन, त्यहाँ कल्पनाको उडान मात्र छ । उदाहरणको लागि, उनको राजसभाको बयान नै लिऊँ । राजसभाको बयान शक्तिवल्लभ अर्ज्यालको जयरत्नाकरनाटकमा पनि पाइन्छ । त्यसमा भएको बयानको ऐतिहासिक सार नयराज पन्त (२०१४:३९)ले खिचेका छन् । शक्तिवल्लभको बयानबाट पाठकको मनमा त्यस राजसभाको एक प्रकारको चित्र उब्जन्छ, राघव शर्माको बयानमा भने शब्दाडम्बर मात्र छ ।

राजगृहशोभावर्ण्णनं अर्थात् **राजदरबारको शोभाको बयान** भन्ने शीर्षकमा राघव शर्माले लेखेको यो श्लोक

द्वारि द्वारि मणिः सदैव तरणिर्व्विद्योतततेहर्न्निशं
गेहे स्पर्शमणिस्तथैव विपणौ मुक्तावली राजते ।
ख्यातश्चन्द्रमणिः पुना रविमणी रत्नावली विद्रुमा
देवश्रीशमशेरजङ्गभवने दीव्यन्ति दिव्या ग्रहाः[१४] ।।

(५ ख पत्रका १-३ पङ्क्ति)

(ढोकाढोकामा रातोदिन सूर्यरूपको मणि चम्कन्छ । त्यसै गरी घरमा स्पर्शमणि र बजारमा मोतीको माला चम्कन्छ । प्रख्यात चन्द्रमणि, फेरि सूर्यमणि, रत्नको माला, मुगा, आकाशका ग्रहहरू, राजा श्रीशमशेरजङ्गको घरमा चम्कन्छन् ।)

पढ्दा भरखरै माथि लेखिएको कुराको पुष्टि हुन्छ भनी भनिरहनु नपर्ला ।

---

१२. पूरा श्लोक यस्तो छ–

कुबेरादपि स्वर्ण्णवित्तेशराजी
क्वचिच्चित्रलेखोदितश्चित्रवाजी ।
पुरोधाः कवी राजते प्रौढशक्तेः
स्वयं वल्लभः कालिदासो हि भक्तेः ।। (५ ख पत्रको ६ पङ्क्ति - ६ क पत्रको १ पङ्क्ति)

१३. नयराज पन्त २०१४:२७ ।

१४. मूलमा ग्रहात् छ । अर्थसङ्गति मिलाउन नसकिएकोले लिपिकरले प्रमादवश ग्रहात् लेखेको ठानी मैले माथि पाठसंशोधन गरेको हुँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१२. रणबहादुर शाहको प्रशंसा गर्ने क्रममा राघव शर्मा यस्तो लेख्छन्–

देदीप्यत्करवालजालकलनप्रोद्भूतचण्डांशुम-
च्चञ्चत्तीक्ष्णकरप्रपञ्चनिवहैर्भोट्टारयोस्तङ्गताः ।
काश्मीरे हि बिलायितेऽसुरगणग्रामे च वङ्गान्विते
चीने चीत्कुरुते भयादरिगणा नेपालदेशाधिपे ।।

(१९ ख पत्रका २-४ पङ्क्ति)

(जाज्वल्यमान तरबारको समूहको आवाजबाट उत्पन्न, सूर्यको जस्तो हल्लिरहेको कडा तेजको फैलावटका समूहद्वारा भोटे शत्रुहरू अस्ताए । काश्मीरमा, दैत्यगणको बङ्गालसमेतको गाउँ बेलाइतमा र चीनमा शत्रुका समूह नेपालदेशका राजामा डरले चीत्कार गर्छन् ।)

यो त विजिगीषु राजाको आश्रयमा बसेका कविहरूले आआफ्ना राजाको विजिगीषुत्वलाई कल्पनाद्वारा रङ्गाएको[१५]भन्दा बढी होइन ।

१३. हरि नाउँ भएका कुनै कविले १४७ पद्यमा लेखेको काव्यको नाउँ यसको पुष्पिकामा लम्बेतान गरी लेखिएको छ। राघव शर्माले लेखेको काव्यको नाउँ पनि त्यसको पुष्पिकामा यसै गरी लम्बेतान गरी लेखिएको छ । त्यस नाउँबाट मुख्य शब्द झिकी रणबहादुरशाहविरुदावली भनी पूर्वसूरिले व्यवहार गरे जस्तै यसमा पनि यसै गरी रणबहादुरसार्वभौमवर्णन भनी मैले व्यवहार गरेको छु ।

यस काव्यका कर्ताको नाउँबाहेक अरू कुनै परिचय पाउन सकिएको छैन । यस काव्यमा यस्तो

श्रीराजराजेश्वरतुष्टिहेतो-
र्यानीह पद्यानि मया कृतानि
सुधीभिरेतानि विवेचनीया-
न्यहर्निशं कीर्त्तिभरावदातैः ।।१४६।।
शाकेष्टखाश्वधरणीप्रमिते हि पृथ्वी-
नारायणात्मजजनेर्गुणवर्णनं सत्
सच्चक्रवर्त्तिवरचक्रधरप्रभस्य
दारिद्र्यचक्रहरणाय हरिः स चक्रे ।।१४७।।

(श्रीराजराजेश्वरलाई सन्तोष पार्ने कारणले मैले यहाँ जुन पद्य बनाएँ, कीर्तिको भारीले उज्याला विद्वान् हरूले रातोदिन यिनको विवेचना गर्नुपर्छ ।।१४६।। शाके १७०८ (वि.सं. १८४३)मा सज्जन, चक्रवर्तीमा श्रेष्ठ, विष्णुको तेज भएका, पृथ्वीनारायणका छोराका छोराको असल गुणवर्णन गरीबीको भुमरी हर्न ती हरिले बनाए ।।१४७।।)

लेखिएकोले वि.सं. १८४३ मा त्यो काव्य रच्दा कविको मूल उद्देश्य राजालाई खुशी पारी द्रव्यप्राप्ति गर्नु नै हो भन्ने देखिन्छ। यस सन्दर्भमा यी कविको तलको श्लोक पठनीय छ–

दारिद्र्यलेखा लिखिता विधात्रा
संख्यावतां भालतले भृशं या
त्वत्पाणिसंकल्पजलं विनान्यो
राजेन्द्र क्षालयितुं क्षमं न ।।११२।।

(गरीबीको रेखा विधाताले विद्वान्हरूको निधारमा जुन कोरे, हे राजाहरूमा श्रेष्ठ ! हजुरको बाहुलीको सङ्कल्पको जलले बाहेक अरूले त्यो राम्ररी पखाल्न सकिँदैन ।)

---

१५. राजाहरूका प्रशंसामा लेखिएका यस्ता वाक्यका उदाहरण दिनेशराज पन्त २०४९ मा समेटिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१४. राघव शर्माको रणबहादुरशाहविरुदावली जस्तै हरिको रणबहादुरसार्वभौमवर्णन पनि च्युतसंस्कृतिले दुष्ट छ भन्ने कुरा उनले **प्रसादयित्वा** (२९ श्लोक)[१६] लेखेकोबाट स्पष्ट हुन्छ ।

१५. यस काव्यको उठान यसरी

गोपालैघनुतं श्रीमत्पृथ्वीनारायणं प्रभुं
यशोदयालंकृतं तं भजेहमघविच्छिदं ।।१।।

(गोपालहरूले ढोगिएका, यशोदाले सिँगारिएका, पाप काट्ने उहाँ प्रभु श्रीपृथ्वीनारायणको म आराधना गर्छु ।)

गरिएकोले कविले पृथ्वीनारायण शाहलाई श्रीकृष्ण नै मानेको स्पष्ट हुन्छ ।

१६. राघव शर्माले पृथ्वीनारायण शाहदेखिका गोरखाली राजाहरूको नाउँ लिएकोमा हरिले चाहिँ एक पुस्ताअगाडिदेखि अर्थात् नरभूपाल शाहदेखि उठान गरी उनको विषयमा ६ श्लोक लेखेका छन् (६-११ श्लोक) । त्यसपछि उनले पृथ्वीनारायण शाहको विषयमा १२ श्लोक खर्च गरेका छन् (१२-२३ श्लोक) । त्यस्ता श्लोक जुनसुकै राजाहरूको विषयमा पनि लेखिने खालका भएकाले इतिहासको दृष्टिले तिनको खास खायस गर्नुपर्दैन ।

त्यसपछि पृथ्वीनारायण शाहको काशीयात्राको विषयमा त्यहाँ यस्तो लेखिएको छ–

विश्वेश्वरानुग्रह एव साक्षा-
त्कल्याणहेतुर्भुवनत्रयेपि
इत्थं विचार्य्य प्रथमं नृपो यो
जगाम काशीं सुकृतैकराशिं ।।२४।।
गत्वा च काश्यां विधिवत्समग्र-
गंगादितीर्थेषु निमज्य भूपः
दत्वा च दानं बहुलं द्विजेभ्यो
विश्वेश्वरं पूजयति स्म भक्त्या ।।२५।।
विश्वेश्वरानुग्रहतः प्रताप-
विवृद्धिमासाद्य शरद्रविर्वा ।
विराजते स्मातितरां स पृथ्वी-
नारायणो भूपवरो पृथिव्यां ।।२६।।
विश्वेश्वरानुग्रहमारुतेन
प्रतापवन्हिर्बहुधा विवृद्धः
ददाह विद्विड्व्यवसानि पृथ्वी-
नारायणक्षोणिपुरंदरस्य ।।२७।।

(तीनै लोकमा कल्याणको साक्षात् कारण विश्वनाथको अनुग्रह हो भनी यसरी विचार पहिले गरेर जो राजा पुण्यको मुख्य रास भएको काशी सवारी भयो ।।२४।।

काशीमा गएर विधिपूर्वक गङ्गा आदि सबै तीर्थमा डुबुल्की मारी, बाहुनहरूलाई धेरै दान बक्सी राजाबाट भक्तिपूर्वक विश्वनाथको पूजा गरिबक्स्यो ।।२५।।

विश्वनाथको अनुग्रहबाट प्रतापको वृद्धि पाएर राजाहरूमा श्रेष्ठ उहाँ पृथ्वीनारायण शरद् ऋतुको सूर्य जस्तै पृथ्वीमा ज्यादै चम्किबक्स्यो ।।२६।।

विश्वनाथको अनुग्रहरूपी हावाबाट धेरै बढेको प्रतापरूपी अग्निले पृथ्वीका इन्द्र पृथ्वीनारायणको शत्रुरूपी भूसा डढायो ।।२७।।)

यसपछि नेपालखाल्डाका राजाहरूलाई पृथ्वीनारायण शाहले जितेको विषयमा यहाँ यस्तो लेखिएको छ–

आगत्य काश्याः स्वपुरं स पृथ्वी-
नारायणो भूपतिर्वंदितांघ्रिः

---

१६. पूरा श्लोक §१६ मा हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बुद्धिप्रतापप्रथितः पृथिव्यां

नेपालभूपांस्तरसा जिगाय ।।२८।।

प्रसादयित्वा त्रिपुरांतकं यः

सद्भक्तिमंत्रार्चनहोमदानैः

विवृद्धशौर्य्यादिगुणः स भूपः

पुरत्रयस्याधिपतां जगाम ।।२९।।

(राजाहरूले पाउ ढोगिएका, बुद्धि र प्रतापले प्रख्यात, उहाँ पृथ्वीनारायण काशीबाट आफ्नो शहरमा सवारी भएर उहाँबाट नेपालका राजाहरूलाई बलले जितिबक्स्यो ।।२८।।

शिवजीलाई असल भक्ति मन्त्र पूजा होम र दानद्वारा रिझाएर सुर्‍याइँ आदि गुण बढेका उहाँ राजा ३ शहरको मालिक भइबक्स्यो ।।२९।।)

१७. राघव शर्माले पृथ्वीनारायण शाहका जेठा छोराको मात्र नाउँ लिएकोमा हरिले चाहिँ दुवै छोराको नाउँ लिएका छन् (३५-३६ श्लोक) । राघव शर्माले जस्तै हरिले पनि पृथ्वीनारायण शाहका जेठा छोराको नाउँ **सिंहप्रताप** नै लेखेका छन् (३५, ३८, ७२, ८१ श्लोक) ।

हुन त पृथ्वीनारायण शाहकै पालाको, शाके १६८५ (वि.सं. १८२०)को प्रतापसिंह शाहको शिलालेखमा उनलाई एक ठाउँमा **प्रतापनृपति** (मूलको ३ पङ्क्ति) अर्थात् **प्रताप राजा**, अर्को ठाउँमा **सिंहप्रताप** (मूलको ७ पङ्क्ति) र झन् अर्को ठाउँमा **प्रतापसिंह** (मूलको ८ पङ्क्ति) लेखिएकोले[१७] त्यसै वेला दुवै नाउँ चलनचल्तीमा भएको देखिन्छ[१८] । उनकै बुहारी सुवर्णप्रभा (वि.सं. १८३४-?) ले वि.सं. १८६३ मा राखेको शिलालेखमा ससुराको नाउँ **सिंहप्रताप**[१९] र उनीले नै वि.सं. १८६५ मा राखेको शिलालेखमा भने **प्रतापसिंह** लेखिएको छ ।[२०] रणबहादुर शाहकी कान्छी महारानी ललितत्रिपुरसुन्दरी (वि.सं. १८४७-१८८८)ले वि.सं. १८६८ मा राखेको शिलास्तम्भलेखमा चाहिँ फेरि **सिंहप्रताप** नै छ ।[२१] यहाँनिर सम्झनुपर्ने कुरा के छ भने, पछिल्ला दुइवटै लेख प्रसिद्ध विद्वान् वाणीविलास पाँडेका हुन् । यतिसम्मका कुराबाट के बुझिन्छ भने, खास नाउँ **प्रतापसिंह** भए पनि त्यसको पर्यायमा कमोबेश **सिंहप्रताप** पनि चलेको थियो ।

१८. रणबहादुरसार्वभौमवर्णनमा रणबहादुरको तारीफ गर्ने प्रसङ्गमा लेखिएका, **अपूर्व**बाट उठेका तीन पद्य

अपूर्वः कोपि भार्तींदू रणबाहा[२२]दुराभिधः

बुधचित्तसरोजानि विकसंति यदुद्गमे ।।४८।।

अपूर्वः कोपि भात्यर्को रणबाहा[२२]दुराभिधः

शत्रुकांतामुखाब्जानि संकुचंति यदुद्गमे ।।४९।।

अपूर्वः कल्पवृक्षोयं रणबाहा[२२]दुरप्रभुः

यत्पाणिपल्लवाज्जातो यशःसिंधुर्विराजते ।।५०।।

(रणबहादुर भन्ने नाउँका, अपूर्व कुनै चन्द्रमा सुहाइबक्सेको छ । जसको उदयमा विद्वान्का मनरूपी कमल फुल्छन् ।।४८।।

---

१७. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ २०३७:७४ ।

१८. उही:७६ ।

१९. उही:४२३ ।

२०. रामजी तेवारी आदि २०२०:९ ।

२१. नयराज पन्त २०१०:३, १० ।

२२. मूलमा यहाँ **रणबहा॰** छ, छन्दोऽनुरोधले **रणबाहा॰** बनाएको हुँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

रणबहादुर भन्ने नाउँका, अपूर्व कुनै सूर्य सुहाइबक्सेको छ । जसको उदयमा शत्रुहरूका पत्नीका मुख वैलाउँछन् । ।।४९।।

रणबहादुर प्रभु भन्ने अपूर्व यो कल्पवृक्ष छ । जसको बाहुलीबाट उत्पन्न कीर्तिसागर सुहाउँछ ।।५०।।)

पढ्दा यस्ता श्लोक

अपूर्वः कोऽपि कोषोऽयं विद्यते तव भारति ।
व्ययतो वृद्धिमायाति क्षयमायाति संचयात् ।।१।।

(सुभाषितरत्नभाण्डागार, विद्याप्रशंसा)

(हे सरस्वती ! हजुरसँग यो अपूर्व ढुकुटी छ । खर्च गऱ्यो भने बढ्छ, जम्मा गऱ्यो भने घट्छ ।)

अपूर्वो दृश्यते वह्निः कामिन्याः स्तनमण्डले ।
दूरस्थो दहते गात्रं गात्रलग्नः सुशीतलः ।।

(इन्दिस्शे स्प्रूषे, ४५१ श्लोक)

(स्त्रीको स्तनमण्डलमा अपूर्व अग्नि देखिन्छ । टाढा बस्यो भने त्यसले जीउ पोल्छ, जीउमा टाँसियो भने जीउ शीतल हुन्छ । सम्झन पुगिन्छ ।

१९. वि.सं. १८४३ मा रणबहादुरसार्वभौमवर्णन लेखिँदा राजगद्दीमा रणबहादुर शाह भए पनि उनको उमेर ११ वर्षको मात्र भएकोले राज्यको बागडोर उनका काका बहादुर शाह (वि.सं. १८१४-१८५४) हातमा थियो । उनकै योजनाबमोजिम त्यही साल जेठ १० गते कालीगण्डकी तरी क्रमशः राज्यहरू जित्दै गोरखाली सेना अगाडि बढिरहेको थियो र त्यही साल मङ्सीर ७ गते गोरखाली राज्यको सिमाना भेरी नदीसम्म पुग्यो ।[२३]

चौबीसी राज्यका राजाहरूमा एकमतो नभएकोमा हरिले आफ्नो काव्यमा यस्तो लेखेका छन्–

चतुर्विंशतिभूपानां न कुत्राप्येकवाक्यता

चित्रमेतन्महाराज कार्पण्ये त्वेकवाक्यता ।।१३१।।

(हे महाराज ! चौबीसी राजाहरूको कहीँ पनि बोलीमा एक मत छैन, छिचऱ्याइँमा त एक मत छ, यसमा अचम्म लाग्छ ।)

२०. छोटकरीमा भन्दा रणबहादुरसार्वभौमवर्णनलाई भन्दा रणबहादुरशाहविरुदावलीलाई प्रौढ काव्य मान्न सकिन्छ । तर रणबहादुरशाहविरुदावलीका कर्ताले नेपालको विषय कम छोएका र रणबहादुरसार्वभौमवर्णनका रचयिताले चाहिँ उनको तुलनामा बढी छोएकाले इतिहासर सिकको लागि पछिल्लो काव्य बढी उपयोगी छ ।

---

२३. रामजी तेवारी २०२१ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यो लेख तयार पार्दा काम लिइएका साधनको तालिका

इन्दिस्शे स्प्रूषे

= ई.सं. १८६३ (वि.सं. १९२०)मा सेन्ट पिटर्सबर्गबाट बूख्द्रुवेकराइ देर वैऽजर्लिषेन आकादेमी देर विस्सेन्शाफ्त्एनद्वारा प्रकाशित, ओत्तो ब्योत्लिङ्कद्वारा सम्पादित इन्दिस्शे स्प्रूषे (भारतीय उक्तिहरू) १ भाग ।

जयरत्नाकरनाटक

= शक्तिवल्लभ अर्ज्यालमा हेर्नू ।

टीकाराम शर्मा खनाल २०३९

= वि.सं. २०३९ मा काठमाडौँबाट प्रतिभाप्रकाशनद्वारा प्रकाशित, टीकाराम शर्मा खनालको नेपालमा राजपरम्परा र साहित्यिक रूपरेखा ।

त्रिरत्नसौन्दर्यगाथा

= सुन्दरानन्द बाँडामा हेर्नू ।

दिनेशराज पन्त २०४९

= वि.सं. २०४९ मा काठमाडौँबाट साझा प्रकाशनद्वारा प्रकाशित, दिनेशराज पन्तको बुद्धदेखि पहलमानसम्मका ८३-९१ पृष्ठमा छापिएको, उनैको राजा द्वितीय जयदेव, राजा पुण्य मल्ल, महाराणा मोकल र श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह ।

धनवज्र वज्राचार्य २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य प्रधान सम्पादक र रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल सम्पादक भई तयार गरिएको इतिहास-संशोधनको प्रमाण-प्रमेय ।

धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ २०३७

= वि.सं. २०३७ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको शाहकालका अभिलेख ।

नयराज पन्त २०१०

= वि.सं. २०१० मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित संस्कृत-सन्देश १ वर्ष ७ अङ्कका १-१६ पृष्ठमा छापिएको, नयराज पन्तको थापाथलीस्थ: श्री भीमसेनथापाप्रशस्तिसनाथ: स्तम्भोत्कीर्णोऽभिलेख: (थापाथलीमा रहेको, श्रीभीमसेन थापाको प्रशस्तिसमेत भएको खामोमा कुँदिएको अभिलेख) ।

नयराज पन्त २०१४

= वि.सं. २०१४ मा काठमाडौँबाट नेपाल-सांस्कृतिकपरिषद्द्वारा प्रकाशित, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालले सम्पादन र उल्था गरेको जयरत्नाकरनाटक शक्तिवल्लभ अर्ज्याल विरचितमा नयराज पन्तको उपोद्घात (१-५२ पृष्ठ) ।

नयराज पन्त आदि २०२५

= वि.सं. २०२५ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको श्री ५ पृथ्वीनारायण शाहको उपदेश ।

पृथ्वीन्द्रवर्णोदय

= ललितावल्लभमा हेर्नू ।

बाण हर्षचरित

= ई.सं. १९७३ (वि.सं. २०३०)मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा पुन: प्रकाशित, पाण्डुरङ्ग वामन काणेद्वारा सम्पादित द हर्षचरित अफ् बाणभट्ट (बाणभट्टको हर्षचरित) ।

बिल्हण विक्रमाङ्कदेवचरित

= ई.सं. १८७५ (वि.सं. १९३२)मा बम्बईबाट गभर्न्मेन्ट सेन्ट्रल बूक डीपोद्वारा प्रकाशित, गेओर्ग ब्यूलरद्वारा सम्पादित विक्रमाङ्कदेवचरितम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भक्तविजयकाव्य

= ललितावल्लभमा हेर्नू ।

महेशराज पन्त २०७०

= वि.सं. २०७०।५।२।१ मा ललितपुरबाट राजधानी न्यूज पब्लिकेशन प्रालिद्वारा प्रकाशित राजधानी १३ वर्ष ७५ अङ्कको ७ पृष्ठमा छापिएको, महेशराज पन्तको पृथ्वीनारायण शाहको कीर्तिमा धब्बा ।

महेशराज पन्त २०७४

= वि.सं. २०७४।२।२०।७ मा प्रकाशित राजधानी १६ वर्ष ३५५ अङ्कका ९ पृष्ठमा छापिएको, महेशराज पन्तको भरखरै दिवंगत शुक्रसागर श्रेष्ठ ।

रामजी तेवारी २०२१

= वि.सं. २०२१ मा प्रकाशित पूर्णिमा २ पूर्णाङ्कका ६१-६८ पृष्ठमा छापिएको, रामजी तेवारीको वि.सं. १८४३ मा भएका केही मुख्य घटना ।

रामजी तेवारी आदि २०२०

= वि.सं. २०२० मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको अभिलेख-संग्रह १२ भाग ।

लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०११

= वि.सं. २०११।१०।७।४ मा ललितपुरबाट लक्ष्मण सत्याल र अक्रूर कुइँकेलद्वारा प्रकाशित, उनीहरूकै इतिहास-संशोधन (६ संख्या) श्री ५ प्रतापसिंहको नाममा इतिहासकारहरूको भ्रमको निराकरण ।

ललिता वल्लभ पृथ्वीन्द्रवर्णोदय

= वि.सं. २०२५ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ४३७-४५० पृष्ठ ।

ललितावल्लभ भक्तविजयकाव्य

= श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ३९२-४०२ पृष्ठ ।

व्रतरत्नमाला

= वि.सं. २०३१ मा काठमाडौँबाट श्री ५ को सरकार पुरातत्त्वविभाग नेपाल राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, बुद्धिसागर पराजुलीद्वारा सम्पादित, पृथ्वीनारायण शाहको नाउँमा दर्ता भएको, लक्ष्मणको दिव्यप्रभाटीकासहितको व्रतरत्नमाला ।

विक्रमाङ्कदेवचरित

= बिल्हणमा हेर्नू ।

शक्तिवल्लभ अर्ज्याल जयरत्नाकरनाटक

= वि.सं. २०१४ मा काठमाडौँबाट नेपाल-सांस्कृतिकपरिषद्द्वारा प्रकाशित, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालले सम्पादन र उल्था गरेको जयरत्नाकरनाटक शक्तिवल्लभ अर्ज्याल विरचित ।

शिवराज आचार्य कौण्डिन्न्यायन २०४८

= वि.सं. २०४८ मा काठमाडौँबाट स्वाद्ध्यायशालाद्वारा प्रकाशित, शिवराज आचार्य कौण्डिन्न्यायनको कतिपयनैपालसंस्कृतग्रन्थकारपरिचयः (केही नेपाली संस्कृतग्रन्थकारहरूको चिनारी) ।

सुन्दरानन्द बाँडा त्रिरत्नसौन्दर्यगाथा

= वि.सं. २०१९ पौष २७ गते पृथ्वीजयन्तीको दिनमा काठमाडौँबाट नेपाल-सांस्कृतिक-परिषद्द्वारा प्रकाशित, धनवज्र वज्राचार्यको पण्डित सुन्दरानन्दविरचित त्रिरत्न-सौन्दर्य-गाथा ।

सुभाषितरत्नभाण्डागार

= शाके १८०२ (वि.सं. १९३७)मा बम्बईबाट निर्णयसागर प्रेसद्वारा प्रकाशित, काशीनाथ पाण्डुरङ्ग परबद्वारा सङ्कलित श्रीसुभाषितरत्नभाण्डागारम् ।

हर्षचरित

= बाणमा हेर्नू ।

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राणाकालमा तेल, मैन र मटीतेल बत्ती सन्दर्भ

- भवेश्वर पंगेनी (विद्यावारिधि)*

परिचय

मटीतेलको प्रयोग हुनु पूर्व सामान्यतया बत्ती बाल्नका लागि तोरी/सर्सिउँको तेल प्रयोग गरिन्थ्यो । राजदरबारदेखि सर्वसाधारण समेतले तोरी/सर्सिउँको तेलबाट बत्ती बाल्ने गर्दथे । यसका अतिरिक्त मौरीको चाकाबाट मह निकाली सके पछि बचेको नरम, चिल्लो र पहँलो पदार्थ 'मइन/मैन' बाट बनाइएको बत्तीको पनि प्रयोग भएको पाइन्छ । नेपालमा मैन बत्तीको प्रयोग कहिलेदेखि भएको हो भन्ने कुराको ठोस आधार भने पाईदैन । यद्यपि राणाकालको थालनीका कतिपय लिखतमा मैनबत्ती बनाउने तथा आपूर्ति गर्ने सन्दर्भ पाइन्छ । जहिलेदेखि प्रयोगमा आए तापनि मैनबत्ती भने प्रायः दरबारहरूमा मात्र प्रयोग भएको लिखत पाइन्छ । जहाँसम्म मटीतेल प्रयोगको सन्दर्भ हो नेपालमा यसको कहिलेदेखि प्रयोग भयो भन्ने जानकारी दिने सामग्री पनि फेला परेको छैन । सामान्यतया प्रधानमन्त्री रणोद्दीपसिंहको समयमा नेपालमा मटीतेल आयात गरिन्थ्यो भन्ने भनाइ छ ।[1] सरकारले वि.सं १९४०/१९४१ मा मटीतेल आयात गर्नका लागि इजारा दिएको लिखत फेला परेकाले त्यस बखतसम्म नेपालमा मटीतेल प्रयोग गरिने कुरामा कुनै सन्देह रहँदैन । प्रस्तुत लेखमा त्रिभुवन विश्वविद्यालय, इतिहास केन्द्रीय विभाग, कीर्तिपुरको अभिलेख शाखामा रहेका अप्रकाशित लिखतका आधारमा राणाकालमा तोरी/सर्सिउँक, मैन तथा मटीतेल बत्तीको प्रयोग बारे चर्चा गरिएको छ ।

बत्तीको व्यवस्था

तोरीलगायत तेलहन बाली लगाउने र त्यसबाट तेल निकाल्ने प्रविधिको विकाससँगै मानिसले सोही तेलबाट बत्ती बाल्न लागेको हुनुपर्दछ । यद्यपि कहिलेदेखि तेलबत्ती प्रयोगको थालनी भयो भन्ने जानकारी दिने सामग्री भने फेला परेको छैन । मध्यकालीन नेपालमा तेलबत्तीको प्रयोग भएको यथेष्ट सामग्रीहरू पाइन्छन् भने मटीतेलको प्रयोग हुनुपूर्वसम्म मानिसले प्रायः तेलबत्ती नै प्रयोग गरेको देखिन्छ ।

तोरी/सर्सिउँको तेल र तेलबत्ती

राणाकालको थालनीसम्म पनि काठमाडौँमा तेल पेल्नका लागि विभिन्न स्थानमा 'साल' अर्थात् तेल पेल्ने 'कोल' राखिएको पाइन्छ । यस्ता सालहरूमध्ये सहर काठमाडौँको कोटुसाल, दक्षसाल, फलैचासाल, न्हुसाल, तलाछीसाल, ठहिटिसाल, प्युतालसाल र वटुसालसमेत आठसालहरू प्रमुख देखिन्छन् । यस्ता सालहरू

१ एड्रिन सेभर, नेपाल अन्डर द राणाज, न्यूदिल्ली: अक्स्फोर्ड एन्ड आइ वि एच पब्लिसिङ को. पिभिटी.एलटिडी. ई.सं. १९९३, पृ. १६४ ।

*प्राध्यापक इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सञ्चालन गर्ने अर्थात् तेल पेल्ने कार्य 'साल्मी' द्वारा गरिन्थ्यो । यसै सन्दर्भमा उल्लेख्य के छ भने मध्यकालमा उपत्यकाको उत्तरी सीमाना 'साँगा' तेल उत्पादन गर्ने औद्योगिक क्षेत्र नै भएको भन्ने भनाइ पाइन्छ ।[२] त्यस्तै भक्तपुरमा त 'साःकोलान' नामको साल्मीको ठूलै बस्ती आज पनि छ ।[३]

जङ्गबहादुरको कार्यकालको थालनीमा अर्थात् १९०८ साल वैशाख वदि १३ रोज २ को एउटा बन्देजअनुसार १९०८ साल वैशाख वदि १ रोजदेखि सोही वर्षको चैत्र सुदि १५ सम्म ३५४ दिनका लागि विभिन्न सामान आपूर्ति गर्न मोहर रुपैयाँ ३०,००१/- जतिको इजारा सुब्बा धर्मनारानलाई दिइएको थियो । यो रकमबाट उनले अन्य वस्तुका अतिरिक्त सरकारी अड्डाहरूमा बत्ती बाल्न आवश्यक पर्ने तेल पनि उपलब्ध गराउनु पर्ने थियो । यस बन्देजअनुसार उनलाई दिइएको उक्त रकममध्ये मोहर रुपैयाँ ३,८४७ ।।। तेल खरिदका लागि मात्र खर्च गर्नु पर्ने देखिन्छ । यसबाट उनले बत्ती बाल्नका लागि मात्र दैनिक ३५ कुरुवाजतिका दरले जम्मा ३५४ दिनका लागि १२,०९१ऽ१ कुरुवा तेल सरकारले तोकेअनुसार विभिन्न समयमा विभिन्न स्थानमा बुझाउनु पर्ने थियो । सो तेलबाट बत्ती बालिने ठाउँहरू उक्त लिखतमा यस प्रकार उल्लेख गरियो ।[४]

कम्पुका विभिन्न कोतका अखडा-विभिन्न निसान राख्ने ठाउँ, कोत तहविल, सिलखाना, छाउनीको घडी जङ्गी पहरा-मुलढोका, भऱ्याङको पहरा, कोत, असबाब गैह्र रहने ठाउँको पहरा, बारुदखाना रहेकातर्फको पहरा, मालिक (?) बस्ने बैठक र आठपहरिया रहने ठाउँ भान्सा दरबारको अखडा-हनुमानढोका, न्हुल्छेढोकाका पहरा, कौसीबाट झर्ने ढुङ्गाको भऱ्याङ् तल कँडेलचोक जाने ढोका, कँडेलचोकबाट दाखचोक जाने छिँडीको पहरा, कान्छामहारानीका हजुरमा जाने दाखचोकका भऱ्याङ्का पहरा, श्री ५ साहिला बडामहारानीका नयाँ बैठक मुनिको भऱ्याङ, मुल ढुकुटीका वाहिर ढुकुटी तवेला पट्टीका पहरा, ढोका पहरा, सिंह ढोकाका पहरा, मुलचोकका ढोका, वसन्तपुर आठ पहरिया बस्ने ठाउँको अखडा, मोठतहविल, माघ्या (?) पानी राख्ने ठाउँ, लोहचोक वसन्तपुरका विचको ढोका, वसन्तपुर ठूलो ढोका, वसन्तपुर वैठक जाने भऱ्याङ्, तवेलाका ढोका, मुलढुकुटी जमदार-हुद्दा-सिपाहीका पहरा, लोहचोक श्री ५ महाराजा साहेवज्यूका हजुरमा जाने भऱ्याङ्, भारदार सुत्ने अखडा, माहिला साहेवका बगैंचाका अखडा, श्री ५ बुढा महाराजका हजुरमा पहरा र पगरी बस्ने अखडा सिपाही पहरा थापाथली दरबार-कम्पुका पहरा, मूलढोका बाघ भएको ठाउँ, रैफलमा पालो बस्ने पट्टी, पटाङ्गीनीमा जाने ठूलो ढोका, ठूलो ढोकामा जाने भऱ्याङ्को ढोका, तालिमखानाका अखडा, हात्तीसार र श्रीमाहादेवस्थानको अखडा तथा पञ्चायनको अखडा जिन्दा रानीका घरको पहरा चराचरङ्गी, निलगाई, भान्सा र भित्रका विभिन्न कामलाई तालिमखाना-श्री कम्यान्डर इन चीफ जनरलका तर्फ, कम्पु पहरा, अस्तबलखाना, मुलढोका, जङ्गी पहरा र दक्षिणपट्टिका ढोका बाहालका अखडा भित्रका अखडा-श्री जनरल कर्णेलका घरका पहरा, श्रीजनरल कृष्णबहादुर कुवर राणाजी, श्रीजनरल रणोद्दीपसिंह कुवर राणाजी, श्री जनरल जगतसम्सेरजङ् कुवर राणाजी, श्री जनरल धीरसम्सेरजङ् कुवर राणाजी, कर्णेल बखतजङ्ग कुवर राणाजी र छोटा कर्णेल पृथ्वीध्वजकुवर राणाजी विभिन्न कम्पनीका कोत र अखडा-समरजङ कोत तहबिल, टुँडिखेल चप्रासी अड्डा, रणसेरको कोत तथा रानीपोखरी

२ ज्ञानकाजी खिं मानन्धर, "मानन्धरतयगु बारे छुं खँ", गोरखापत्र, वि.सं. २०६८ मङ्गसिर १५ विहिबार, पृ. ९ ।

३ ज्ञानकाजी मानन्धर, "प्राविधिक काममै केन्द्रित", गोरखापत्र, वि.सं. २०६८ मङ्गसिर १७ शनिबार, पृ. ग ।

४ विभिन्न ठाउँमा पहरासमेतमा दैनिक बाल्न जम्मा दिन ३५४ लाई चाहिने तेल उपलब्ध गराउन धर्मनारानका नाममा वि.सं. १९०८ वैसाख वदि १ रोजमा लेखिएको बन्देजको लिखत ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चप्रासी अड्डा सालदुरजङ्का श्रीगुरुज्यू जिम्मा कोत-ठानाका जिम्मा लेफ्टिनेन्ट देवीदास पाध्या, इन्द्रचोक ठाना, असनटोल ठाना, काठमाडौँ ठाना, अदालतको जिम्मा सर्दार कर्णसिं बोगटी, इटाचपाली र झ्केलखाना कपर्दार जिम्मा-कपर्दार कोठा, पाल्कीखाना मांगल गाउने ठाउँसमेत, माथिल्लो भण्डार, तल्लो भण्डार, गाई गोठ, हनुमानढोकाको घडी, श्रीकुमारीचोक पहरा र धनसारको घडी कचहरी -वसन्तपुर वैठक, वैठक बाहिर मटान र माथी चोटा भान्सा वैद्यखानाको जिम्मा चक्रपाणी बैद्य-कौसी, हल्काराको पहर ासमेत, हिटीचोक छेभडेल कचहरी, सवारीका घोडा रहने अस्तबलखाना र तहबिल दाना खुवाउँदा विभिन्न ठाउँमा बाल्न-पोखल्ड्याङ् वियाड घोडी रहने अस्तबलखाना, धीर्ज सहानी पट्टी खोले-घाँस हाल्ने बेलामा बाल्न र बाँका थापा पट्टी खोले-घाँस हाल्ने बेलामा बाल्न हात्तीसारका तहबिल-कम्पु दफदरखाना, श्रीनाथका दफदर, श्रीकालीबक्सका दफदर, श्रीपुरानागोरखका दफदर, श्रीगणेशदलका दफदर, श्री सिंहनाथ र जगदलको दफदर कम्पनीका कोत कचहरी तहबिल श्री देवदेवता-श्री तलेज्यू ढोका, श्रीनरसिंह, खड्ग कोठा, मोहनचोक श्रीवालगोपाल, नासरचोक श्रीनाटेश्वर, श्रीकाल भैरव र श्री भुवनेश्वर महादेव श्री ५ बुढा महाराजाका हजुर-पूजा कोठा, पुस्तक कोठा, भान्सा सुसारेहरूको अचार-तरकारीलगायत राख्ने भण्डार, पानी पुत्वारले भाँडा माभ्दा र चुलो पोत्दा बाल्न र खोपीका आसाखण्ड भित्र्यानीका भान्सा र खोपी-श्री ५ महाराजाधिराजका हजुरको, पूजाकोठा, नासल्चोक, सिसावैठक ढोका पहरा बस्ने ठाउँ, पोसाक कोठा, भान्सा सुसारेहरूले अचार-तरकारी लगायत राख्ने भण्डार, पानी पुतवारले भाँडा माभ्दा-चुलो पोत्दा श्री ५ महाराजाका हजुर-हजुरिया बैठके बस्ने ठाउँको आसाखण्डको पहरा, भान्सा सुसारेहरूले अचार-तरकारीलगायत राख्ने भण्डार, पानी पुतवारले भाँडा माभ्दा-चुलो पोत्दा र पोसाक कोठा खोपीका भन्सा खण्ड-श्री ५ साहिला वडामहारानीका हजुर, श्री कांछा मैया साहेवका हजुरसमेतलाई, पूजा कोठा, भान्सा सुसारेहरूले अचार, तरकारीलगायत राख्ने भण्डार, पानी पुतवारले भाँडा माभ्दा-चुलो पोत्दा, पोसाक कोठा, बैठक, आसाखण्ड, खोपी लामोखण्ड, सुसारेहरू रहने ठाउँ, श्री मैत्राँ साहेबका आसाखण्ड र उनीहरूका पोसाक कोठा दुदधाइ के-श्री बाजुर्‍याल मैत्राँसाहेबका आसाखण्ड र ठाउँठाउँमा बाल्न, श्री जुमली मैत्राँसाहेबका ऐ ऐं चिराक गोटा ४ के, श्री ५ सर्कारका १ के, श्री प्राइममिनिष्टरका २ के र श्री कम्यान्डर जनरलका १ के जङ्गी मेगजीन्का अखडा र फरासखाना इजारादार धर्मनारानले उपलब्ध गराउने तेलबाट बत्ती मात्र नभएर चिराकसमेत बालिने रहेछ । त्यतिमात्र नभएर राजधानी बाहिर मधेस स्थित विभिन्न अड्डाहरूमा बत्ती बाल्नका लागि आवश्यक तोरी/सर्सिउँको तेल आपूर्ति गर्ने सम्बन्धमा एउटा पुर्जी जारी गरिएको पाइन्छ । पुर्जीमा वि.सं. १९३० देखि १९३२ सालसम्म मधेस ७ जिल्ला एवम् चितवनसमेत माल बन्दोवस्त कचहरीमा बत्ती एवम् चिराकको व्यवस्था गर्नु पर्ने व्यवस्था गरिएको थियो । पुर्जीअनुसार १९३० साल वैशाख सुदी ७ रोज १ देखि सोही कार्तिक सुदी ६ रोज २ सम्म जम्मा १७७ दिन दैनिक तेल टुकुनी (आधा मानाको परिमाण)[५] का दरले उपलब्ध गराउनु पर्ने इजारा दिइएको थियो ।[६] सरकारी अड्डामा बत्ती तथा चिराक बाल्न आवश्यक तेल उपलब्ध गराउन कौसिबाट साहु हर्षनारानको नाममा जारी गरिएको यो पुर्जी एउटा उदाहरण मात्र हो ।

५ कृष्णप्रसाद पराजुली (सम्पा.), नेपाली बृहत् शब्दकोश, काठमाडौँ: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं २०५५ (पुनर्मुद्रण), पृ. ५४२ ।

६ मधेस सात जिल्ला तथा चितवनसमेतका माल, बन्दोवस्त, कचहरी अड्डामा १७७ दिन दैनिक चिराक तथा बत्ती बाल्न आवश्यक पर्ने तेल हिटीचोक रकमवाट दिन साहु हर्षनारानलाई वि.सं. १९३० साल आषाढ सुदी १० रोज ७ मा लेखिएको पुर्जी .

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सरकारी अड्डाका अतिरिक्त सरकारले श्री ५ र निजका परिवारको निवासमा बाल्न, उनीहरूको साँझको भ्रमणका बखत उज्यालोका लागि चिराक बनाउन, उनीहरूका विभिन्न उत्सव मनाउँदा आवश्यक पर्ने बत्ती एवम् चिराक आपूर्ति गर्न पनि इजारा दिइएको हुन्थ्यो । कौसीको पुर्जीका आधारमा इजारादारले तेलबत्ती एवम् चिराकको व्यवस्था गर्नु पर्ने थियो । यसका लागि हिटिचोकका अतिरिक्त मैनहट्टी एवम् चौधराई रकमबाट खर्चको व्यवस्था हुन्थ्यो ।[७] राजपरिवारका सदस्यहरू रातको समयमा कतै निस्केका खण्डमा बाटोमा उज्यालोका लागि तेलमा भिजाइएका लत्रा (कपडा) लाई लट्ठीमा बाँधेर चिराक बनाउने र त्यसैलाई बाल्ने प्रचलन थियो । चिराक बालेर बाटो देखाउने कामका लागि छुट्टै मानिस अर्थात 'चिराकी' को व्यवस्था गरिने र त्यस्ता चिराकीलाई सरकारले ज्याला दिने गर्दथ्यो ।

बत्ती बाल्न प्रायः तेलको प्रयोग गरिने भए तापनि विशेष उत्सव, समारोहमा भने मैनबत्ती बाल्ने प्रचलन भएको देखिन्छ । १९३२ साल ज्येष्ठ वदी २ रोज ७ का दिनदेखि माहिला साहेवज्यूका नवविवाहिता माहिला र कान्छा महारानीको खोपिमा बाल्न तेलका साथै मैनबत्ती पुऱ्याउने सम्बन्धमा कौसीतोसाखानाबाट लेखिएको एउटा पुर्जी फेला परेको छ । यो एउटा उदाहरण मात्र हो । बत्ती बाल्न आवश्यक पर्ने तेल 'हिटिचोक रकम' बाट तथा मैन 'मैनहट्टी' बाट उपलब्ध गराउने व्यवस्था थियो ।

यहाँ स्मरणीय के छ भने श्री ५ लगायत राजपरिवारका सदस्यहरू दरबारबाट बाहिर निस्कँदा बग्गीको प्रयोग गरिन्थ्यो अर्थात् राजा एवम् रानीहरू बग्गीबाट भ्रमण गर्दथे । साँझ अँध्यारोमा भने एउटा बग्गीलाई चार वटा चिराकद्वारा उज्यालो गराइन्थ्यो । त्यस्तै भक्तपुरबाट राजदरबार फर्कनका लागि एउटा चिराकलाई एक माना तेल आवश्यक पर्ने देखिन्छ । प्रत्येक चिराक एक जना चिराकीको जिम्मामा दिइन्थ्यो । एउटा बग्गीलाई उज्यालो देखाउन चार जना चिराकीले एक/एक वटा चिराक लिएर हिँड्दथे । बग्गीका लागि मात्र नभएर कुनै अवसरमा रातको समय जाग्राम भएमा उज्यालोका लागि बत्ती (तोरीको तेल) का अतिरिक्त चिराक पनि बाल्ने गरिन्थ्यो । यस्तो अवस्थामा आवश्यक पर्ने चिराक, तेल, लत्रा तथा चिराकीको ज्यालाको व्यवस्था इजारादारले मिलाउनु पर्दथ्यो ।[८] खासगरी राजधानी काठमाडौँमा तोरी पेल्ने कोल सञ्चालन गरेबापत सरकारलाई निश्चित परिमाणमा तेल बुझाउनु पर्दथ्यो । स्मरणीय के छ भने यहाँ तोरी पेल्ने काम 'साल्मी' (मानन्धर) बाट हुन्थ्यो ।

मैनबत्ती

नेपालमा बत्तीका रूपमा मैनको प्रयोग कहिलेदेखि भएको हो भन्ने जानकारी दिने सामग्री फेला परेको छैन । यद्यपि राणाकाल पूर्व नै मैन खरिद गर्न सरकारले इजारा दिने गरेको पाइन्छ । यसको एउटा उदाहरण वि.सं. १८५१ श्रावण सुदी ११ मा नारायण नेवारलाई मैन सङ्कलन गर्न अख्तियार दिइएकोबाट स्पष्ट हुन्छ । १८५७ साल तिरबाट मैन मुलुक बाहिर निकासी गर्नमा रोक लगाइयो भने देशका विभिन्न ठाउँमा सरकारी कर्मचारी पठाएर खरिद गरिन्थ्यो । यसबाट मैन खरिद बिक्री तथा मूल्यमा राज्यको एकाधिकार रहेको स्पष्ट हुन्छ ।[९]

जङ्गली मौरीले उच्च पहाडी चट्टानमा

७ साहु हर्षनारानका नाममा वि.सं. १९३०-१९३२ मा कौसितोसाखानाबाट जारी गरिएको पुर्जी .

८ हिटीचोक, मैनहट्टी तथा चौधराई रकमबाट उपलव्ध गराउँदै आएका सम्पूर्ण सामान बन्द गर्न साहु हर्षनारानका नाममा कौसीतोसाखानाबाट वि.सं. १९३२ साल श्रावण वदी ६ रोज ७ मा जारी गरिएको पुर्जी ।

९ महेशचन्द्र रेग्मी, ए स्टडी इन नेपली इकोनोमिक हिस्ट्रि १८६९-१८४६, न्यूदिल्लीः मन्जुश्री पब्लिसिङ् हाउस, ई.सं १९७९, पृ. १५७ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ठूला ठूला गोला बनाएर मह जम्मा गरेको अद्यापि पाइन्छ । पहिले सो जङ्गली मह विषालु मानिन्थ्यो । त्यसैकारण मानिसले महका लागि नभए पनि एकै ठाउँमा ठूलो परिमाणमा मैन पाइने हुनाले त्यहाँबाट समेत मैन जम्मा गर्दथे । तिर हुतको कलेक्टरको रिपोर्टअनुसार १८४७ सालमा नेपालबाट अन्य वस्तुका अतिरिक्त मैन पनि भारतमा निकासी गरिन्थ्यो ।[१०] त्यसै कारण कतिपयले उन्नाइसौं शताब्दीको मध्यतिरसम्म नेपालबाट भारत निकासी गरिने प्रमुख वस्तुमा मैन पनि रहेको उल्लेख गरेका छन् ।[११] ई.सं. १८९५-९६ (वि.सं. १९५२-१९५३) भारतमा नेपालबाट एक वर्षमा पैठारी गरिने सामानको मूल्य रकम रु. १,८३,३६,९५९/- तथा भारतबाट एक वर्षमा नेपाल निकासी हुने सामानको मूल्य रु.१,३६,२३,८८८/- तथा यसको चार वर्षपछि ई.सं. १८९९-१९०० (वि.सं. १९५६-१९५७) मा नेपालबाट भारत पैठारी गरिने सामानका मूल्य रु.२,०९,३४,०२१/- र सोही अवधिमा भारतबाट नेपाल निकासी गरिएको सामानका मूल्य रु. १,३७,४४,७४५/- (एघार महिनाको) थियो ।[१२] यद्यपि नेपालबाट भारत निकासी गरिने सामानमा मूल्यका दृष्टिबाट मैनको स्थान कहाँ थियो भन्ने उल्लेख भने पाइएको छैन ।

राजधानी काठमाडौँमा गोली/गट्टा निर्माण गर्ने कारखाना (म्यागजिन) स्थापना गरिएपछि भने मैन खरिदमा अझ सरकारी नियन्त्रण कडा गरियो । अब राज्यले विशेष निगरानीका साथ खरिद गरिने प्रमुख वस्तुहरूमा मैनलाई पनि राखियो । त्यस्तै खरिदकर्ताले रकमका दृष्टिले भन्दा परिमाणका दृष्टिले नगद दिएर नै मैन खरिद गर्न लागे । तोपलगायत गोली/गट्टाको कारखानामा आवश्यकता भएपछि त यसको दैनिक माग वृद्धि हुँदै गयो । त्यसै कारण मैन आपूर्तिका लागि एकाधिकार दिइएका इजारादारलाई यथासम्भव बढी सङ्कलन गर्न निर्देशन दिइयो भने खरिदकर्तालाई राज्यले बढी नाफा दिने नीति लियो । फलस्वरूप एक धार्नी मैन खरिद गरेमा दुई आनासम्म दिने नियम बनाइयो । मूल्यका दृष्टिले १८६२ आषाढ वदी १३ मा एक धार्नी मैनको मूल्य एक रुपैयाँ थियो ।[१३]

राणाकालको थालनीतिर नै दरबार हरूमा मैनबत्ती बाल्ने प्रचलन रहेको पाइन्छ । एउटा सामग्रीअनुसार १९२६ साल वैशाख सुदि १ रोज देखि १९३४ वैशाख वदि ३० रोजसम्म नौ वर्षका लागि मुलुकभरबाट मैन सङ्कलन गरी तोकिएको परिमाणमा मैनबत्ती तथा गालेको मैनसमेत आपूर्ति गर्न इजारा दिइएको थियो ।[१४] इजारादारलाई मैन खरिद गर्न आवश्यक रकम कौसीतोसाखानाबाट उपलब्ध गराइन्थ्यो । प्रत्येक वर्ष मोहर रु. २,५००/- का दरले एकै पटक कौसीतोसाखानाबाट रकम लिएर मैन खरिद गर्ने अख्तियारी साहु हर्षनारानलाई दिइएको थियो । यसरी मुलुकभरबाट खरिद गरिएको मैनलाई गलाएर बत्ती बनाई बिक्री गर्ने जिम्मा पनि उनलाई नै दिइयो । मैन बत्ती बनाउँदा भित्रपट्टि कमसल मैन र कसर (मैनमा मिसिएको काम नलाग्ने र फाल्ने वस्तु) राखी बाहिरमात्र राम्रो मैन हालेमा भने इजारादारलाई नियमानुसार कारवाही गर्ने चेतावनी दिइन्थ्यो । त्यसो त कबोल गरेको इजारा चलाउन नसकेमा सरकारबाट एक दामसम्म पनि सहुलियत दिइन्थ्यो । हर्षनारानले

१० श्रीरामप्रसाद उपाध्याय, इन्डो-नेपाल ट्रेड रिलेसन्स, न्यूदिल्ली: निराला पब्लिकेसन्स, ई.सं. १९९२, पृ. ११३ ।

११ जाहर सेन, इन्डो-नेपाल ट्रेड, कलकत्ता: फर्मा केएलएम प्राइभेट लिमिटेड, ई.सं. १९७७, पृ १०३ ।

१२ असाद हुसेन, ब्रिटिश इन्डियाज रिलेसन्स विथ द किङ्गडम अफ नेपाल १८५७-१९४७, लन्डन: जर्ज एलेन एन्ड अनविन एल.टि.डि, ई.सं. १९५५, पृ. १३६ ।

१३ उपाध्याय, पाद टिप्पणी नं. १०, पृ. १८२, १९१ ।

१४ हिटीचोक, मैनहट्टी तथा चौधराई रकमवाट उपलब्ध गराउँदै आएका सम्पूर्ण सामान बन्द गर्न साहु हर्षनारानका नाममा कौसीवाट वि.सं. १९३२ साल श्रावण वदी ६ रोज ७ मा जारी गरिएको पुर्जी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मुलुकभरका लागि ठेक्का पाएका कारण उनी बाहेक अरूले मैन खरिद-बिक्री गर्न पाउँदैनथे। कथंकदाचित् कसैले लुकेर मैन बिक्री गरेको प्रमाणित भएमा त्यस्ता व्यक्तिसँग नाफाको दोब्बर रकम असुल गर्न पाउने इजारादारलाई अख्तियारी पनि दिइन्थ्यो । त्यसो त उल्लिखित दायित्व पूरा नगरेका खण्डमा इजारादारलाई नै कारवाही गरिन्थ्यो ।[१५]

राणाशासनको तीन दशकतिर दरबारहरूमा मैन बत्तीको प्रयोग निकै भएको पाइन्छ। खासगरी श्री ५ महाराजाधिराज, श्री ३ महाराज (राणा प्राइमिनिष्टर) का अतिरिक्त उनीहरूका परिवारलाई पनि मैनबत्तीको सुविधा दिइएको देखिन्छ । त्यस बखत श्री ५ लाई भन्दा प्राइमिनिष्टरलाई वढी बत्ती दिइँदोरहेछ। यसै सन्दर्भमा वि.सं. १९३२ साल श्रावण वदी १३ रोज ७ का दिन कौसीतोसाखानाबाट जारी भएको एउटा पुर्जी फेला परेको छ। त्यसबाट श्री ५ तथा श्री ३ का परिवारलाई दिइँदै आएको मैनबत्तीको तौलमा केही हेरफेर गरिएको कुरा जानकारी गराइएको थियो । सोअनुसार श्री ५ महाराजाधिराजलाई दैनिक सवा धार्नीको एक थान मैन बत्ती तोकिएको थियो भने श्री ३ महाराजलाई दैनिक डेढ धार्नीका दुई थान मैनबत्ती उपलब्ध गराउनु पर्ने व्यवस्था गरिएको थियो । पुर्जीमा दैनिक रूपमा मैनबत्ती दिनु पर्ने व्यक्तिहरू तथा तिनलाई उपलब्ध गराउनु पर्ने बत्ती थान एवम् सोको तौल यसप्रकार निर्धारण गरियो;[१६]

असामी	लगत दिन १ के		खारेजी	बाँकी दिनु पर्ने
	थान	धार्नी		
श्री ५ महाराजाधिराज	१	ऽ१।	-	ऽ१।
श्री ५ वुढामहाराज	१	ऽ१	ऽ।	ऽ।।।
श्री ५ साहिला वडामहारानी	१	ऽ।।।	ऽ	ऽ।।
श्री ५ कान्छाबडामहारानी	१	ऽ।।।	ऽ	ऽ।।
श्री ५ वलीअहद महाराज	१	ऽ।।।	-	ऽ।।।
श्री ५ वलीअहद महारानीहरू ३	३	ऽ१।।	।	ऽ१।।।
श्री ५ माहिला साहेबज्यू	१	ऽ।।	-	ऽ।।
श्री ५ माहिला महारानीहरू ३	३	ऽ१।।	-	ऽ१।।
श्री साहिला साहेबज्यू	१	ऽ।।	-	ऽ१।।
श्री ५ ज्येठा मैञा साहेब गोटा १ के मैन्हा १ को	१	ऽ।।	-	ऽ।।
श्री ५ वलीअहद महाराजका श्री ज्येठा मैञा साहेब	१	ऽ।।	-	ऽ।।
श्री ५ कान्छा मैञा साहेब	१	ऽ।।	-	ऽ।।
श्री ३ महाराज	२	ऽ१।।	-	ऽ१।।
श्री ३ बडामहारानी	१	ऽ।।।	-	ऽ।।।
श्री नाती जनरल साहेब	१	ऽ।।।	-	ऽ।।।
	२१	४ऽ२।	ऽ।।।	४ऽ१।

१५ ऐजन ।

१६ मैनहट्टीवाट श्री ५ महाराजाधिराज एवम् राजपरिवार तथा श्री ३ महाराज एवम् राणा परिवारलाई दैनिक उपलव्ध गराउनु पर्ने मैनबत्तीको तौल एवम् संख्या उल्लेख गर्दै आपूर्तिका लागि साहु हर्षनारानको नाममा वि.सं. १९३२ साल श्रावण वदी १३ रोज ७ का दिन जारिगरिएको पुर्जी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मटीतेल प्रयोगको थालनीसँगै मटीतेल तयार गर्दा निस्कने चिल्लो पदार्थबाट बनाइने पग्लने नरम वस्तुलाई पनि मैन भनियो ।[१७] वर्तमान नेपालको परिवेशमा यसै मैनलाई अत्यधिक मात्रामा बत्ती बाल्ने कार्यमा प्रयोग गरिन्छ ।

मैन हट्टीबाट मैन खरिदका लागि इजारादारले विभिन्न व्यक्तिलाई पेस्की रकम दिने गर्दथे । जस्तो कविलास आरुखर्ग बस्ने ज्मान्सीं लामाले उरल्यानी गाउँ, चिलाउन्या गाउँ, काम्या गाउँ, सिमनाङ् गाउँ, अरुषर्ग गाउँ, सुनषानी गाउँ, पुरि गाउँ, निगाले गाउँ, सिमल थारेगाउँ र गोलपुछी पारनागे गाउँ समेत जम्मा १० गाउँमा उब्जेको मैन खरिदगरी मैन हट्टीमा दाखिल गर्न कबुल गरेका थिए । बेस मैन एक धार्नीको मूल्य मोहरू डेढ रुपैयाँका दरले लिने लामाको दाबी थियो । उल्लिखित गाउँहरूमा उब्जे जतिको मैनमध्ये एक तोलासम्म पनि बाँकी नराखी हट्टीमा दाखिल गर्ने, मुलाहिजाबाट एक तोलासम्म पनि बाँकी राखेका खण्डमा र एक तोलासम्म पनि अन्यत्र बिक्री गरेमा ऐन/सनदअनुसार बुझाउने भनी एउटा कबुलियत पत्र लेखी सुब्बाहरूलाई दिएका थिए ।[१८] निज लामालाई मैन खरिद गर्न पठाउँदा पेस्की दिइएकाले श्री गोरखनाथ पल्टन ७ पट्टिका हवल्दार मनिराजसिं थाकुरले सो क्षेत्रमा भएको मैन खरिद गर्न लगाई भएजति मैन सुब्बा गणेशदास रत्नदासको मैनहट्टीमा बुझाउने गरी ज्मान्सीं लामाको धनजमानी बसेका थिए ।[१९] त्यस्तै हेलम्बुतर्फ तीन्बु गाउँ बस्ने द्वान्या गागसिं लामाले वि.सं. १९६१ सालमा सुब्बा गणेशदास रत्नदाससँग मैन पुऱ्याउने कबुल गरी पेस्की लिएको रकममा सिन्दुमध्ये दहपोखरिको कम्हालटोल बस्ने श्री कालीबहादुर पल्टनका हवल्दार दलबहादुर गुरुङ धनजमानी बसेका थिए ।[२०]

त्यसो त इजारादारहरूलाई सरकारले गण्डकी पश्चिम कालीपूर्व यति सिमाना भित्रको बोटे, थरी, मुखिया, गौरु, भलादमी, मैन काढ्ने रैतीलाई रकम बन्दोबस्त अड्डाबाट वि.सं. १९८० सालको श्री ५/३ सरकारका खोपीलाई चाहिने मैनबत्ती र जङ्गी फर्मायसी कामलाई आवश्यक पर्ने मैन खरिद गर्न पूर्व कोयाखोला, पाटन तिखेदेवल बस्ने प्रसादसीं लिम्बुलाई खटाइएको थियो । त्यस क्षेत्रका जनतासँग भएको सम्पूर्ण मैन साविक दर भाउले सुफत मूल्य लिएर एक तोलासम्म पनि बाँकी नराखी सुब्बाहरूलाई बुझाइदिन भनिएको थियो । यसैक्रममा निर्देशनानुसार नबुझाई अन्यत्र बिक्री गरेको ठहऱ्यो वा हिनामिना गरेको ठहरेमा ऐन/सवालबमोजिम बुझाउनु पर्ने कुरा पनि स्मरण गराइएको थियो । त्यतिमात्र नभएर मैन हिनामिना पारी सरकारी कामलाई हर्जा भएका खण्डमा सो हर्जासमेत उनीहरूले नै बुझाउनु पर्ने चेतावनी दिइएको थियो ।[२१]

यहाँ स्मरणीय के पनि छ भने वि.सं. १९४२ तिर पटना स्थित नेपाली अलैची कोठीबाट

१७ पराजुली, पाद टिप्पणी नं. ५, पृ. १०९८ ।

१८ कविलास आरुखर्क वस्ने जमान्सीं लामाले विभिन्न दश गाउँवाट मैन सङ्कलन गरी मैनहट्टीमा दाखिल गर्ने भनी वि.सं. १९५२ साल श्रावण सुदी ८ रोज २ का दिन सुव्वाहरूलाई दिएको कवुलियत पत्र ।

१९ श्री गोरखनाथ पल्टन ७ पट्टीका हवल्दार मनिराजसिं थाकुरले जमान्सीं लामाको नाममा धनजमानी वसी वि.सं. १९५२ साल मार्ग वदी १२ रोज ५ का दिन लेखिदिएको धनजमानी ।

२० द्वारे गागसिं लामाले सुव्वा गणेशदास रत्नदाससँग मैन पुऱ्याउने कवुल गरी पेस्की लिएको रकम समयमा नबुझाए आफै बुझाउने भनी श्री कालीवहादुर पल्टनका हवल्दार दलवहादुर गुरुङले वि.सं. १९६३ साल भाद्र २८ गते रोज ४ का दिन लेखिदिएको भाकापत्र ।

२१ बुढीगण्डकी पश्चिम कालीपूर्वका वोटे, थरी, मुखिया, गौरु, भलादमी, मैन काढ्ने रैतीलाई सो क्षेत्रको सम्पूर्ण मैन सुव्वा गणेशदास रत्नदास मार्फत मैन यकहट्टी रकम तहसिलमा वुझाउनका लागि रकम वन्दोवस्त अड्डाबाट वि.सं. १९८० साल वैशाख १९ गते रोज ६ मा जारी गरिएको पुर्जी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्य वस्तुका अतिरिक्त मैन पनि बिक्री गरिन्थ्यो। वि.सं. १९८३ सालमा त्यहाँबाट प्रति मन मैन रु. ४१/- मा बिक्री गर्ने गरी नेपाल सरकारले मैन खरिद गर्ने योजना बनाएको देखिन्छ।[२२]

सरकारी आवश्यकता तथा सरकारको नियन्त्रणमा रहेको वस्तु मैनबत्ती आपूर्तिका लागि सरकारको सम्बन्धित निकायबाट लिखत प्राप्त भएअनुसार नै सुब्बा गणेशदास रत्नदासले आपूर्ति गर्नु पर्दथ्यो। यसै सन्दर्भमा वि.सं. १९७० साल मार्ग २६ गते रोज पाँचमा पूर्वतर्फका कमान्डिङ् जनरलबाट एउटा पुर्जी जारी गरिएको थियो। पुर्जीमा स्पष्ट रूपमा पुर्जीका साथ आएको मानिसका साथ मार्ग महिना एकका लागि ११ गोटा मैन बत्ती दिइ पठाउन भनिएको थियो।[२३] यसको सात वर्षपछि पश्चिमतर्फका कमान्डिङ् जनरलबाट एउटा यस्तै पुर्जी जारी गरिएको थियो। यसमा पनि पुर्जी लिएर आउने व्यक्तिसँग ६ थान मैनबत्ती पठाउन भनिएको थियो।[२४] यी दुई पुर्जीहरू उदाहरण मात्र हुन्। यी पुर्जीबाट पश्चिमतर्फका एवम् पूर्वतर्फका कामान्डिङ् जनरलहरूले आ-आफ्ना अड्डामा बाल्नका लागि मैनबत्तीको माग गरेका थिए। यसबाट के कुरा स्पष्ट हुन्छ भने श्री ५/श्री ३ का दरबारका अतिरिक्त उनीहरूका निकटस्थ परिवारमा पनि मैनबत्तीको आपूर्ति गरिन्थ्यो।

समग्रमा मटीतेलको सहज आपूर्ति एवम् विजुली बत्तीको प्रचलनसँगै मैनबत्तीको प्रचलन कम हुनु पर्ने भए तापनि वि.सं. १९९२/१९९३ सम्म मैन खोज्न र खरिद गर्न त्यत्तिकै कडाइका साथ लागिपर्नुको मुख्य उद्देश्य तोप, गोली/गट्ठा निर्माणमा यसको प्रयोग नै मुख्य कारण मानिन्छ।

मटीतेल

नेपालमा कहिलेदेखि मटीतेलको प्रयोग हुन थाल्यो भन्ने एकिन जानकारी दिने सामग्री नपाइएको भए तापनि ई.सं. १८८० (वि.सं. १९३७) को दशकमा मट्टितेल नेपाल प्रवेश गरेको भन्ने भनाइ छ। वि.सं. १९४१ पौष वदी ७ मा प्रधानमन्त्री रणोद्दीपसिंहले सरकारलाई वार्षिक रु ३,०००/- (तीन हजार) दिनेगरी पुरुषोत्तमलाई मटीतेलको इजारा दिएको देखिनाले त्यस बखत प्रधानमन्त्रीको दरबारलगायत उच्च पदस्थ राणाको निवासमा यसको प्रयोग गरिएको हुनुपर्दछ।[२५]

कप्तान वालचन्द्र झा, उनका भाइ लेफटेन हरिदेव झा र सारजङ्ग पुरुषोत्तम झा तीन कर्मचारीहरूलाई सरकारले एकलौटी रूपमा मटीतेल बिक्री गर्ने अख्तियारी दिएको थियो। उनीहरूलाई १९४१ साल मार्ग सुदि ४ रोजदेखि १९४४ साल मार्ग सुदि ३ रोजसम्म तीन वर्षका लागि सो अख्तियारी दिइएको थियो। यो अख्तियारी पाउन उनीहरूले वार्षिक रु. १,०००/-का दरले जम्मा रु. ३,०००/- (तीन हजार) सरकारलाई बुझाउने गरी ठेक्का कबुल गरेका थिए। उनीहरूले कबुल गरेको उक्त ठेक्का रकमका अतिरिक्त सम्भवतः भारतबाट मटीतेल आयात गर्दा सरकारलाई भन्सार रकम पनि बुझाउनु पर्दथ्यो। सो सन्दर्भमा लिखतमा स्पष्ट रूपले "... भंसार १ आना सैकडी महसुल दर वर्ष १ को २००० का दर्ले ६०००..." उल्लेख गरिएको थियो। यो लिखतबाट रु.१००/-मूल्यको मटीतेल खरिदमा भन्सार महसुल १ आनाका दरले कप्तान वालचन्द्र झाहरूले सरकारलाई बुझाउनु

२२ रेग्मी रिसर्च सेरीज, वर्ष-१५, नं.-३, ई.सं. १९८३ मार्च, पृ. ३७।

२३ पूर्वतर्फका कमान्डिङ् जनरलवाट ११ वटा मैनवत्ती दिनका लागि वि.सं. १९७० साल मार्ग २६ गते ५ रोजमा जारी गरिएको पुर्जी।

२४ पश्चिमतफका कमान्डिङ् जनरलवाट ६ वटा मैनवत्ती दिन वि.सं. १९७५ साल भाद्र २० गते ६ रोजमा जारी गरिएको पुर्जी।

२५ देवीप्रसाद शर्मा (कँडेल), ट्रेड एन्ड इन्डष्ट्रि अफ नेपाल डुयुरिङ द राणा पिरियड, काठमाडौंः रत्न पुस्तक भण्डार, ई.सं. २००९, पृ. ४४।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पर्ने भयो । १ आनाका दरले भन्सार महसुल बुझाउनु पर्ने तथा यसरी जम्मा गर्नु पर्ने वार्षिक रकम रु. २,०००/- (दुई हजार) का दरले तीन वर्षमा मटीतेल खरिद गर्ने प्रयोजनका लागि जम्मा रकम रु. ३,०००/- तथा भन्सार बापत वार्षिक रु. २,०००/- का दरले रु. ६,०००/- समेत सो एकहट्टी ठेक्का बापत जम्मा रु. ९,०००/- (नौ हजार) बुझाउनु पर्ने भयो ।[२६] सो रकम पनि 'पैसा गंडी' मा बुझाउन निर्देश गरिएको थियो । रु. १००/-को मटीतेल खरिद गर्दा भन्सार बापत १ आना बुझाउनु पर्ने र सोही हिसाबमा भन्सार बापत वर्षमा रु. २,०००/-बुझाउनु पर्ने सन्दर्भ उल्लेख्य देखिन्छ । आजभन्दा डेढ शताब्दी पहिले वार्षिक रु. २,०००/- (दुई हजार) भन्सार बापत सरकारलाई बुझाउनका लागि कति परिमाणमा मटीतेल आयात गर्नु पर्दथ्यो भन्ने जानकारी दिने सामग्री फेला परेको छैन । त्यस्तै त्यस बखत सम्भवतः 'माना' मा नापिने एक माना मटीतेलको मूल्य कति थियो भन्ने प्रकाश पार्ने लिखत पनि पाइएको छैन । जेहोस् त्यस बखत भारतबाट नेपालमा ठूलै परिमाणको मटीतेल आयात हुने कुरामा कुनै सन्देह छैन ।

उक्त पट्टामा मटीतेल बिक्री गर्ने वालचन्द्रलगायतले श्री ३ महाराज (प्राइमिनिष्टर) बाट तोकिएका ठाउँहरूमा रातभर बत्ती बालिदिनु पर्ने पनि एउटा शर्त स्वीकार गरेका थिए । श्री ३ महाराजले तोकेका विभिन्न ठाउँमा उनीहरूले रातभर ४२ वटा थाम लालटेन बाल्नु पर्ने थियो ।

सम्भवतः त्यस बखत नेपालमा पहिलो पटक मटीतेल आयात गरिएको हुनुपर्छ । त्यसै कारण मटीतेलबाट बालिने बत्ती 'थाम लालटेन' समेत तयार भएको पाइँदैन । यस्तो अवस्थामा कौसितोसाखानाका गुरुपुरोहित खजाञ्ची वामदेव पण्डितले सरकार समक्ष एउटा रिपोट पेश गरेका थिए । रिपोटमा थाम लालटेन तयार गरी दिनका लागि 'छेभडेल' र 'मेगजिन' अड्डाका हाकिम/कारिन्दाका नाममा पुर्जी जारी गरिदिनका लागि 'मुलुकी अड्डा' ले १९४१ साल पौष मा हुकुम मर्जिबाट सदर गरेको देखिन्छ । यहाँ उल्लेख्य के पनि छ भने ठेक्का लिने वालचन्द्रहरूले श्री ३ बाट तोकिएका ठाउँहरूमा रातभर ४२ वटा थाम लालटेन कुनै पनि रकम नलिएर नै बालिदिने लिखित रूपमा कबुल समेत गरेका थिए ।

सोही कबुलियतअनुसार तोकिएका ठाउँमा थाम गाडी लालटेन जडान गरेर बत्ती बाल्ने व्यवस्थाका लागि सम्बन्धित अड्डा अर्थात 'छेभडेल' का नाममा पुर्जी जारी गरिएको थियो । पुर्जीमा कौसितोसाखानाका गुरुपुरोहित खजाञ्चीले पेश गरेको रिपोट सदर भएको मितिले ७ दिन भित्र तोकिएका ठाउँमा थाम गाडि लालटेन जडान गर्नका लागि छेभडेल अड्डालाई निर्देशन दिइएको थियो । यसका साथै उल्लिखित ठाउँमा रातभर लालटेन बत्ती बाल्नका लागि कप्तानहरूलाई निर्देश गरिएको थियो । त्यतिमात्र नभएर निर्धारित समय (रिपोट सदर भएको मितिले ७ दिन भित्र) मा बत्ती नबालिएका खण्डमा ठेकेदारहरूलाई कारवाही गरिने चेतावनीसमेत दिइएको थियो ।

बत्ती बाल्ने ठाउँ

प्रशासनिक दृष्टिबाट हेर्ने हो भने राणा प्राइमिनिष्टर मुलुकमा सर्वशक्तिवान् थिए । त्यस्ता व्यक्तिले कुनै ठेकदारलाई विभिन्न ठाउँ तोकेर लालटेन बत्ती बाल्न लगाउनु उल्लेख्य देखिन्छ । हुन त राणाशासनमा सबैजसो निर्देशन प्राइमिनिष्टरको नामबाट नै गरिन्थ्यो । सम्भवतः नेपालमा भर्खर/भर्खर मटीतेल आयात गरिएको तथा थाम लालटेनको प्रयोग नै पहिलो पल्ट गरिन

२६ कप्तान वालचन्द्र झालगायतलाई १९४१ साल मार्ग सुदि ४ रोजदेखि १९४४ साल मार्ग सुदि ३ रोजसम्म तीन वर्षका लागि मटीतेल एकहट्टि विक्री गर्न १९४१ साल चैत्र वदि १२ रोज ६ मा दिइएको पट्टा । यो पट्टा परिशिष्ट नं. १ मा रहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लागेकाले नै यस्तो पुर्जी जारी गरिएको हुनुपर्दछ ।

यो लिखतमा उल्लेख गरिएको बत्ती बाल्ने ठाउँमा श्री गुह्यकालीका मन्दिर भित्र, श्री पशुपति मन्दिर भित्र, नारानहिटी नारानथानको मन्दिर भित्र, श्री ५ सरकारको ढोका, श्री ३ सरकारको स्टेचु (शालिक) टुँडिखेल, स्वर्गीय श्री ३ को स्टेचु टुँडिखेल, श्री ३ (?) कम्याण्डर इन चीफको ढोका र कम्याण्डिङ जनरलको ढोका थिए । उल्लिखितमध्ये कम्याण्डिङ जनरलको ढोकामा दुई वटा र अन्य सबै ठाउँमा ५/५ वटा थाम लालटेन रातभर बाल्नु पर्ने शर्त थियो, जसलाई ठेकेदार कप्तान वालचन्द्र झाहरूले स्वीकार गरेका थिए ।[२७]

ठेकदार बालचन्द्रहरूले बत्ती बालिदिने कबुल गरे तापनि आवश्यक थाम लालटेन निर्माण भएको रहेनछ । त्यसैले बालचन्द्रहरूसँग उल्लिखित पुर्जी गराउनासाथ सरकारले सम्बन्धित अड्डाहरूलाई निश्चित मितिसम्ममा तोकिएको थाम लालटेन बनाउन निर्देशन दिइएको थियो । यस क्रममा १९४१ साल चैत्र वदि १२ रोज ६ का दिन नख्खु जङ्गी मेगजिनका हाकिम/कारिन्दाका नाममा एउटा पत्र लेखिएको पाइन्छ ।

पत्रमा मटीतेल 'यकहट्टी' विक्री गर्ने सन्दर्भ विस्तृतमा उल्लेख गरिनुका अतिरिक्त सो कार्यका लागि सरकारवाट तोकिएका ठाउँमा निश्चित मितिमा थाम लालटेन तयार गरिदिएका खण्डमा वत्ती वाल्न सकिने कुरा वालचन्द्रहरूले लिखित रूपमा अनुरोध गरेकाले तोकिएको मिति भित्रमा थाम लालटेनहरू तयार गरी जडान गर्नका लागि नख्खु जङ्गी मेगजिनका हाकिम/कारिन्दाका नाममा उक्त पत्र लेखिएको देखिन्छ । पत्रमा 'छेभडेल' अड्डाले दिएको नमुनाअनुसार नै थाम लालटेन बनाउनसमेत भनिएको थियो । त्यतिमात्र नभएर निश्चित मितिसम्म थाम लालटेन तयार नभएका खण्डमा सजायको भागिदार वन्नु पर्ने चेतावनीसमेत यस प्रकार दिइएको थियो;[२८]

"... मुलुकि अडाले वोलेको तोक् पौष सुदि रोजमा हुकुं मर्जिले सदर गरिवक्स्याको साविक् कपतान् वालचंन्द्र झा का कवुलियेत्मा सर्कारवाट थाम् लालटेन् षडा गरिदियापछि वत्ती वालनु पर्न्या ठाउं ४२ भनि लेषियाको हुनाले सो कवुलीयेत् वमोजीम् ठाउ ठाउ गरि ज्मा वत्ती ४२ वालन लाउनालाई छेभडेलले दियाको नमुना वमोजिम् थाममा जड्ने लालटेन् गोटा ४२ चाडो तैयार गरि छेभडेलका हाकिम् हस्ते दिनु चाडो तैयार गरि दीयानौ र सो रपोट् सदर भयाका मितिको ७ दिन भीत्र वत्ती वलेन रकमदार संग वाकि रहन गयो भने तिमिले वुझाउनु पर्ला भंन्या वेहोराको नषु जंगी मेगजिन्का हाकिम् कारिंन्दाका नाउमा पुर्जि गरिवक्सनु पर्न्या ठहराञा भनि कौसितासाषानाका श्री गुरुप्रोहित षजांची वामदेव पंडीतज्यूले हाम्रा हजुरमा विन्ती चढाया तसर्थ सो ठहराया वमोजीम् ठाउं ठाउं गरी ज्मा वत्ती ४२ वालन लाउनालाई छेभडेलले दीयाका नमुना वमोजीम् थाम्मा जड्ने लालटेन् गोटा ४२ चाडो तैयार गरि छेभडेलका हाकीम हस्ते दीनु चाडो तैयार गरिदीयानौ र सो रपोट् सदर भयाका मितिको ७ दिन भीत्र वत्ती वलेन र ठेकदारसंग वाकि रहन गयो भने तिमिले वुझाउनु पर्ला ..."

उल्लिखित पत्रहरू लेखिएको दिन अर्थात् १९४१ साल मिति चैत्र वदि १२ रोज ६ मा छेभडेल अड्डाका हाकिम/कारिन्दालाई पनि सोही बेहोरा उल्लेख गरी पत्र लेखिएको थियो। कौशितोसाखानाका श्री गुरुपुरोहित खाजाञ्ची वामदेव पण्डितले कप्तान वालचन्द्र झालगायतले मटीतेलको ठेक्का लिएको तथा सरकारले तयार गरिदिएका खण्डमा बेदामले थाम लालटेन बालिदिने कबुल गरेकाले निर्धारित मितिसम्म आवश्यक स्थानमा थाम लालटेन तयार गरिदिनका लागि सरकारसँग अनुरोध गरेका थिए। उनको सोही अनुरोधअनुसार थाम लालटेन तयार गरिदिनका लागि छेभडोलका हाकिम/कारिन्दाका

---

२७ ऐजन ।

२८ नख्खु जङ्गी मेगजिनका हाकिम/कारिन्दाका नाममा १९४१ साल चैत्र वदि १२ रोज ६ मा लेखिएको लिखत। यो लिखत परिशिष्ट नं. २ मा रहेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नाममा उक्त पत्र लेखिएको थियो ।[२९] अन्य लिखितमा जस्तै निर्धारित मितिमा थाम लालटेन तयार नगरेका खण्डमा आफै बुझाउनु पर्ने कुर ासमेत यस प्रकार लेखिएको थियो "... लेषिया वमोजिम् गरेनौ र रपोट् सदर भयाका मितिको ७ दिन भित्र वत्ती वलेन र ठेकदारसंग वाकि रहन गयो भंन्या तिमिहरूले वुझाउनु पर्ला..."

उपरोक्त पत्रहरू जारी गरिएको छ महिनापछि बत्ती बाल्ने सन्दर्भमा नै अर्को एउटा पत्र फेला परेको छ । कप्तान कृष्नमान कार्की क्षेत्रीको नाममा जारी गरिएको सो पत्रमा टुँडिखेलमा खम्बामा जडी बाल्ने ठुला लालटेन १२ र त्यसको भित्र रहने 'लंप गीलास्' १२ दर्जन तथा एक वर्षलाई आवश्यक पर्ने १२ लालटेनलाई पुग्ने बत्तीसमेत कलकत्ताबाट झिकाउन उनै कप्तानलाई अख्तियारी दिनका लागि गुरु पुरोहित खजान्ची वामदेव पण्डितले सरकार समक्ष अनुरोध गरेका रहेछन् । उनको सोही अनुरोधअनुसार सरकारले कलकत्ताका वकिल लेफटेन्ट कर्णेल विश्वनाथ पाध्यालाई साछी राखी किफायतसँग उल्लिखित सामग्री खरिद गर्न कप्तान कृष्नमान कार्की क्षेत्रीको नाममा १९४२ साल भाद्र सुदी ६ रोज ३ मा एउटा पत्र (रुक्का) जारी गरेको थियो । यस कार्यका लागि आवश्यक पर्ने रकम भने कप्तानलाई पटना अलैची बिक्रीको आम्दानीबाट लिन भनेको थियो ।[३०]

यो लिखतबाट भर्खर भर्खर मटीतेलको आयात भएको तथा सरकारले कलकत्ताबाट नयाँ किसिमका लालटेन तथा त्यसलाई आवश्यक पर्ने बत्ती खरिद गरी उपलब्ध गराउन एक जना कप्तानलाई खटाएको देखिन्छ । यसका अतिरिक्त सामानहरू कलकत्तामा रहेका वकिल (वर्तमानमा राजदूत जस्तो पद) को रोहबरमा खरिद गरी जतनसँग आयात गर्न पनि भनिएको थियो । यो रकम पारदर्शी रूपमा खर्च गर्नु पर्दछ भन्ने उद्देश्य हो । यसका अतिरिक्त नेपाल सरकारले भारतको पटनामा एउटा 'अलैची कोठी (इलायची कोठी)' खडा गरेर सामान्यतया भारतबाट आयात हुने एवम् नेपालबाट निर्यात हुने सामग्रीको खरिद/बिक्रीका अतिरिक्त अन्य तोकिएका आर्थिक कारोबारको अख्तियारी दिइएको हुन्थ्यो । सामान्यतया भारतबाट आयात गर्न आवश्यक पर्ने रकम सोही कोठीबाट दिनु सरक्षा तथा सहजताका दृष्टिबाट उपयुक्त हुने भएकाले सो कार्य पनि कोठीबाट गरिन्थ्यो ।

उपसंहार

१९४१/१९४२ सालका उपरोक्त सामग्रीबाट श्री ५ तथा श्री ३ (राजा तथा प्राइमिनिष्टर) का दरबारहरू, विभिन्न मन्दिरहरू एवम् टुँडिखेलमा समेत खम्बामा राखिने लालटेन जडानगरी बत्ती बाल्ने कार्य भएको पाइन्छ । सम्भवत: यो मिति भन्दा पहिले तोरी/सर्सिउँको तेलबाट बत्ती बालिने भएकाले ती ठाउँहरूमा मटीतेलबाट बल्ने तथा खम्बामा झुण्डाउन मिल्ने किसिमको बत्ती झिकाउनु परेको देखिन्छ । पहिलो पल्ट खम्बा गाड्नु तथा भारतको कलकत्ताबाट लालटेन झिकाउने कार्य गरिएकाले सोही समयमा नै पहिलोपल्ट मटीतेल प्रयोग गरिएको हुनु पर्ने देखिन्छ ।

जहाँसम्म मटीतेल आयात तथा बिक्री गर्ने अख्तियारी सैनिक अधिकारी अर्थात कप्तान, लेफ्टेन र सारजङहरूलाई दिइएको तथा कलकत्ताबाट लालटेन आयात गर्न 'कप्तान' लाई अख्तियारी दिइएकोबाट सरकारले साहु/महाजनलाई भन्दा सैनिक कर्मचारीलाई नै यस कार्यका लागि विश्वास गरेको देखिन्छ ।

उपरोक्त लिखतमा कप्तान वालचन्द्रहरूले ४२ बत्तीहरू नि:शुल्क बाल्ने कुरा उल्लेख गरिएको

२९ छेभडोलका हाकिम् कारिन्दाको नाममा १९४१ साल मिति चैत्र वदि १२ रोज ६ मा लेखिएको लिखत । यो लिखत परिशिष्ट नं. ३ मा रहेको छ ।

३० कप्तान कृष्नमान कार्की क्षेत्रीको नाममा १९४२ साल मीती भाद्र सुदी ६ रोज ३ मा लेखिएको लिखत । यो लिखत परिशिष्ट नं. ४ मा रहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भए तापनि विवरणमा भने जम्मा ३७ बत्तीहरूको मात्र उल्लेख भएको पाइन्छ। सम्भवतः यो पट्टाको नकल सार्ने क्रममा अर्को ठाउँ तथा ५ वटा लालटेन उल्लेख गर्न छुट भएको हुनु पर्दछ।

समग्रमा जुनसुकै सुविधा पहिलो पल्ट राणा प्राइमिनिष्टर तथा श्री ५ लाई दिइँदै आएको देखिन्छ । यस क्रममा मैनबत्ती पनि सम्भवतः दरबारहरूमा नै पहिलो पल्ट बालिएको थियो । त्यस्तै माथि उल्लिखित सामग्रीबाट पनि दरबार हरूका अतिरिक्त मन्दिर तथा टुँडिखेलमा बाल्नका लागि थाम (खम्बा) गाडी लालटेन राख्नु पर्ने तथा भारतबाट लालटेन र बत्ती आयात गरिने सन्दर्भ परेकाले नेपालमा १९४१ सालमा मात्र मटीतेल आयातको थालनी भएको जस्तो देखिन्छ ।

परिशिष्ट नं. १

कप्तान वालचन्द्र झालगायतलाई १९४१ साल मार्ग सुदि ४ रोजदेखि १९४४ साल मार्ग सुदि ३ रोजसम्म तीन वर्षका लागि मटीतेल एकहट्टि बिक्री गर्न १९४१ साल चैत्र वदि १२ रोज ६ मा दिइएको पट्टा

कपतान् वालचंद्र झा नीजका भाइ लेफटेन् हरिदेव झा सारजंङ् पुरुसोत्तम झाले पुर्जि हेरि मटीतेल् येकहट्टि विक्रि गर्न्या काम् ४१ साल मार्ग सुदि ४ रोजदेषि ४४ साल मार्ग सुदि ३ रोजतक् वर्ष ३ लाई दर वर्ष १ को ठेक् १००० का दर्ले रु ३००० र भंसार १ आना सैकडी महसुल दर वर्ष १ को २००० का दर्ले ६००० जम्मा पैसा १६ गंडी रु ९००० अैन वमोजीम् किस्तामा वुझाउन्या गरि त्रिसाला ठेक इजाराको पट्टा कवुलीयेत् भैगयो यो पट्टा कवुलीयेत्मा श्री ३ महाराजवाट हुकुम भयाका ठाउमा रात्भर ४२ वत्ती वाहालुंला भंन्या लेषीयाको हुनाले सो ४२ वत्ती फालाना फलाना ठाउमा वालनु भंन्या नीज कपतान् वालचंन्द्र झालाई र सो वालनालाई थाम् लाल्टेन् तैयार गरी दीनु भंन्या छेभडेलका र मेगजिंन्का हाकीम् कारिंन्दाका नाउमा पुर्जि गरिवक्स्या पट्टा कवुलीयेत् वमोजिम वत्ती वालदाहुन् जो मर्जि हुकुम् भनि ४१ साल भाद्र सुदि ८ रोजमा कौसितोसाषानाका श्री गुरुप्रोहित षजांचि वामदेव पंडितज्यूले चह्नायाको षास लंम्वर १३४७ का रिपोट्मा मुलुकि अडाकाले वोलेको तोक् ४१ साल् पौष सुदि रोजमा हुकुम मर्जिले सदर गरिवक्स्या मुताविक् निजका कवुलीयेत्मा सर्कारवाट थाम् लालटेन् षडागरिदियापछि वेदाम्ले तपसिल्मा लेषियाका ४२ ठाउमा मट्टितेलले रातभर वत्ती वालौला भनि लेषियाको हुनाले सो कवुलीयेत् वमोजीम् तपसिलमा लेषियाका ठाउमा थाम् गाडी लालटेन् जडी वत्ती वालनु लाउन भंन्या छेभडेल्का नाउमा पुर्जि गरिवक्स्याको छ सो वमोजिम् सो रपोट् सदर भयाका मितिको ७ दिनभित्र सो लेषियाका ठाउमा वत्ती वालने काम गर्नु सो रपोट् सदर भयाका मितिनको ७ दिन भित्र जो लेषियाका ठाउमा वत्ती वलेन र वाकि रहनु गयो भने तिमिहरूले वुझाउनु पर्ला भंन्या वेहोराको मट्टितेल ठेक् लिंन्या ठेक्दार कप्तान् वालचंन्द्र झा लेफ्टेंन् हरिदेव झा सार्जं पुरुषोत्तम झा का नाउमा पुर्जि गरिवक्सनु पर्ने ठहरजां भनि कौसितोसाषानाका श्री गुरुप्रोहित् षजांची वामदेव पंडीतज्युले हाम्रा हजुरमा विंती पार्दा जाहेर भयो तसर्थ सो ठहराया वमोजीम् सो कवुलीयत् वमोजीम् तपसिलमा लेषीयाका ठाउमा थाम् गाडि लालटेन् जडी वत्ती वालन लाउनु भंन्या छेभडेलका नाउमा पुर्जि गरिवक्स्याको छ सो वमोजीम् सो रपोट् सदर भयाका मितिको ७ दीन भित्र सो लेषियाका ठाउमा वत्ती वलेन र वाकि रहन गयो भने तिमिहरूले वुझाउनु पर्ला........

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तपसिल

श्री गुह्येकालीका मंडील (मन्दिर ?) भीत्र रात्भर वत्ती........			५
श्री पसुपति	ऐ	ऐ	५
नारान्हिटि नारान्थान्को	ऐ	ऐ	५
श्री ५ सर्कारका ढु (ढो ?)कामा		ऐ	५
श्री ३ सर्कारको ईष्टची टुडीषेलमा	ऐ		५
स्वर्गेवासि श्री ३ महाराजाका ईष्टचीमा		ऐ	५
श्री ३ कम्यांडर इन चीफ्का ढोकामा		ऐ	५
श्री कम्यांडिङ् जनरलका ढोकामा		ऐ	२

इति संम्वत् १९४१ साल मिति चैत्र वदि १२ रोज ६ शुभम्........

परिशिष्ट नं. २

नख्खु जङ्गी मेगजिनका हाकिम/कारिन्दाका नाममा १९४१ साल चैत्र वदि १२ रोज ६ मा लेखिएको लिखत

नषु जंगी भेगजिन्का हाकिम् कारिंन्दाले पुर्जि हेरि मटीतेल यकहट्टी विक्री गर्न्या रकम् ४१ साल मार्ग सुदि ४ रोज देषि ४४ साल मार्ग सुदि ३ रोज तक् वर्ष ३ लाई दर वर्ष १ को ठेक् १००० का दर्ले रु ३००० र भंन्सार वकु (?) आना सेक्रा महसुल दर वर्ष १ को २००० का दर्ले ६००० जम्मा पैसा १६ गंडी रु ९००० अैन वमोजीम् कीस्तामा वुझाउन्या गरि त्रिसाला ठेक ईजाराको पट्टा कवुलियत् भै गयो सो पट्टा कवुलियतमा श्री ३ महाराजवाट हुकुम् भयाका ठाउमा रात्भर ४२ वत्ती वालौला भंन्या लेषियाको हुनाले सो ४२ वत्ती फलाना फलाना ठाउमा वालुला भंन्या निज कपतान् वालचंन्द्र झा लाई र सो वालनालाई थाम् लालटेन् तैयार गरिदिनु भंन्या छेभडेलका र मेगजिनका हाकिम् कारिंन्दाका नाउमा पुर्जि गरि वस्या पट्टा कवुलियत् वमोजीम् वत्ती वालदा हुं जो मर्जि हुकुम् भनि ४१ साल भाद्र सुदि ८ रोज ४ मा कौसितोसाषानाका श्री गुरुप्रहित षजांची वामदेव पंडीतज्यूले चह्राायाको रिपोट षास् लंम्वर १३४७ का रिपोट्मा मुलुकि अडाले वोलेको तोक् पौष सुदि रोजमा हुकुं मर्जिले सदर गरिवक्स्याको साविक् कपतान् वालचंन्द्र झा का कवुलियेत्मा सर्कारवाट थाम् लालटेन् षडा गरिदियापछि वत्ती वालनु पर्न्या ठाउं ४२ भनि लेषियाको हुनाले सो कवुलीयेत् वमोजीम् ठाउ ठाउ गरि ज्मा वत्ती ४२ वालन लाउनालाई छेभडेलले दियाको नमुना वमोजिम् थाममा जड्ने लालटेन् गोटा ४२ चाडो तैयार गरि छेभडेलका हाकिम् हस्ते दिनु चाडो तैयार गरि दीयानौ र सो रपोट् सदर भयाका मितिको ७ दिन भीत्र वत्ती वलेन रकमदार संग वाकि रहन गयो भने तिमिले वुझाउनु पर्ला भंन्या वेहोराको नषु जंगी मेगजिन्का हाकिम् कारिंन्दाका नाउमा पुर्जि गरिवक्सनु पर्न्या ठहराञा भनि कौसितासाषानाका श्री गुरुप्रोहित षजांची वामदेव पंडीतज्यूले हाम्रा हजुरमा विन्ती चढाया तसर्थ सो ठहराया वमोजीम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ठाउं ठाउं गरी ज्मा वत्ती ४२ वालन लाउनालाई छेभडेलले दीयाका नमुना वमोजीम् थाम्मा जड्ने लालटेन् गोटा ४२ चाडो तैयार गरि छेभडेलका हाकीम हस्ते दीनु चाडो तैयार गरिदीयानौ र सो रपोट् सदर भयाका मितिको ७ दिन भीत्र वत्ती वलेन र ठेकदारसंग वाकि रहन गयो भने तिमिले वुझाउनु पर्ला ईति संम्वत १९४१ साल मिति चैत्र वदि १२ रोज ६ शुभम्...

परिशिष्ट नं. ३

छेभडोलका हाकिम् कारिन्दाको नाममा १९४१ साल मिति चैत्र वदि १२ रोज ६ मा लेखिएको लिखत

छेभडोलका हाकिम् कारिन्दाले पुर्जि हेरि मट्टितेल यक्हट्टि विक्री गर्न्या काम् ४१ साल मार्ग सुदि ४ देषि ४४ साल मार्ग सुदि ३ रोज तक् वर्ष ३ लाई दर वर्ष १ को ठेक १००० का दर्ले ३००० र भन्सार १ क आना सैकडि महसुल दर वर्ष १ को २००० का दर्ले ६००० ज्मा पैसा गंडी रु ९००० अैन वमोजिम् कीस्तामा वुझाउन्या गरि त्रिसाला ठेक इजाराको पट्टा कवुलीयेत भै गयो सो पट्टा कवुलीयेत्मा श्री ३ महाराजावाट हुकुम भयाका ठउमा रात्भर ४२ वत्ती वालौला भंन्या लेषियाको हुनाले सो ४२ वत्ती फलाना ठाउमा वालुला भंन्या नीज कप्तान् वालचंन्द्र झा लाई र सो वालनालाई थाम लालटेन् तैयारि गरिदीनु भंन्या छेभडेलका र मेगजीन्का हाकिम् कारिंन्दाका नाउमा पुर्जि गरिवक्स्या पट्टा कवुलीयेत् वमोजीम् वत्ती वालदा हुन् जो मर्जि हुकुम भनि ४१ साल भाद्र सुदि ८ रोजमा कौसितोसाषानाका श्री गुरुप्रोहित षजांची वामदेव पंडीत ज्युले चढायाको षाम् लंवर १३४७ का रिपोट्मा मुलुकी अडाले वोल्येको तोक् ४१ साल पौष सुदि रोजमा हुकुम मर्जिले सदर गरिवक्स्या मोताविक कपतान् वालचंन्द्र झाको कवुलियत्मा सर्कारवाट थाम लालटेन् षडा गरि गाडियापछि वेदाम्ले तपसिलमा लेषियाका ४२ ठाउंमा रात्भर वत्ती वालौला भनि लेषियाको हुनाले सो कवुलीयेत् वमोजीम ज्मा ठाउ ४२ मा वत्ती वालनु लाउनालाई छेभडेल्ले दियाका नमुना वमोजीम् थाम्मा जडन्या लालटेन् गोटा ४२ चाडै तैयार गरि छेभडेललाई दीनु नषु जंगी मेगजिन्लाई पुर्जि गरि दियाको छ सो वमोजीम् तपसिलमा लेषियाका ठाउमा थाम् गाडि लालटेन् जडि डिक्सी (?) वत्ती वाल्न लाउने काम गर्नु सो लेषियाका वमोजिम् गरेनै र रपोट सदर भयाका मितिको ७ दीन भित्र वत्ती वलेन र ठेकदारसंग वाकि रहन गयो भने तिमिले वुझाउनु पर्ला भंन्या वेहोराको छेभडेल्का हाकिम् कारिंन्दाका नाउमा पुर्जि गरिवक्सनु पर्न्या ठहराया भनि कौसितोसाषानाका श्री गुरुप्रोहित षजांची वामदेव पंडीतज्यूले हाम्रा हजुरमा विन्ती चढाया तसर्थ सो ठहराया वमोजीम् सो कवुलीयेत् वमोजिम् ज्मा ठाउ ४२ मा वत्ती वालन लाउनालाई छेभडेल्ले दियाका नमुना वमोजीम् थाम्मा जडन्या लालटेन गोटा ४२ चाडो तैयारि गरि छेभडेललाई दीनु भंन्या नषु जंगी मेगजिन्लाई पुर्जि गरिदियाको छ सो वमोजीम् तपसीलमा लेषीयाका ठाउमा थाम् गाडी लालटेन् जडीदी वत्ती वालन लाउनु काम गर्नु सो लेषिया वमोजिम् गरेनौ र रपोट् सदर भयाका मितिको ७ दिन भित्र वत्ती वलेन र ठेकदारसंग वाकि रहन गयो भंन्या तिमिहरूले वुझाउनु पर्ला.........

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तपसिल

श्री गुह्येकालीका मंडील (मन्दिर ?) भीत्र रात्भर वत्ती........		५
श्री पसुपति ऐ	ऐ	५
नारान्हिटि नारान्थान्को ऐ	ऐ	५
श्री ५ सर्कारका ढु (ढो ?)कामा	ऐ	५
श्री ३ सर्कारको ईष्टची टुडीषेलमा	ऐ	५
स्वर्गेवासि श्री ३ महाराजाका ईष्टचीमा	ऐ	५
श्री ३ कम्यांडर इन चीफ्का ढोकामा	ऐ	५
श्री कम्यांडिङ् जनरलका ढोकामा	ऐ	२

इति संम्वत् १९४१ साल मिति चैत्र वदि १२ रोज ६ शुभम्...

परिशिष्ट नं. ४

कप्तान कृष्नमान कार्की क्षेत्रीको नाममा १९४२ साल मीती भाद्र सुदी ६ रोज ३ मा लेखिएको लिखत

आगे कप्तान कृष्नमान कार्की क्षेत्रीके यथोचीत् टुडीषेलमा षंवामा जडी वालन्या ठुला लालटेन् १२ र सो लाल्टेन् २ का भीत्र रहने लंप गीलास् दर्जन १२ र वर्ष १ लाई वाह्रै गोटालाई पुग्न्या गरी वत्ती स्मेत् कलकत्ता झीकाउनु भंने ४२ साल भाद्र वदी १३ रोज २ मा यस् अडाका नाउमा २ छापे पुर्जी भै आया मोतावीक वकील लेफटेन् र कर्णेल वीश्वनाथ पाध्यालाई साछी राषी कीफायत साथ षरीद गरी पठाई दीनु भन्या कपतान् कृष्नमान कार्की क्षेत्रीका नाउंमा रुक्का दस्कत् गरी वक्सनु पर्ने अैन सवाल सनद वमोजीम् मेरा चीत्तले ठहरात्रा भनी श्री गुरुप्रोहीत षजांची वामदेव पंडीत् ज्यूले हाम्रा हजुरमा वींती पार्दा जाहेर भयो तसर्थि सो ठहराया वमोजीम् टुडीषेलका षंवामा जडी वालने ठुला लालटेन् १२ र सो लालटेन् का भीत्र रहने लंप गीलास् दर्जन १२ र वर्ष १ लाई वाह्रै गोटालाई पुग्न्या गरी वत्ती स्मेत् कलकत्ताका वकील लेफटेन्ट कर्णेल वीश्वनाथ पाध्यालाई साछी राषी कीफायतसाथ षरीद गरी पठाई दीनु सो माल षरीद गर्नालाई जो चाहीन्या रुपीत्रां पटना अलैची वीक्रीका आम्दानी मध्ये चाहीन्या रुपैत्राली लेषीया वमोजीम्को माल षरीद गरी वाटामा हीफाजत्संग नेपाल चलान् गरी पठाई दीन्या काम गर भनी रुक्का दस्कत् गरीवक्स्यौं इती संम्वत् १९४२ साल मीती भाद्र सुदी ६ रोज ३ शुभम्...

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भक्तपुरका असुरक्षित शिलालेख

-डा. पुरुषोत्तमलोचन श्रेष्ठ*

अभिलेख इतिहास-निर्माणका पुरातात्त्विक स्रोत एवं अकाट्य प्रमाण हुन् । भक्तपुरभेकमा लिच्छविकालदेखिका अभिलेख छन् । यी हाम्रा राष्ट्रिय निधि हुन् । कतिपय अभिलेख अझै असुरक्षित अवस्थामा छन् र ती प्रकाशमा आइसकेको भए तापनि सम्बद्ध विद्वद्वर्गमाझ अझै अपरिचित रही महत्त्वहीन जस्तै भएर मात्र ढुङ्गासरी परित्यक्त अवस्थामा रहेको आभास हुन्छ । यस्ता अभिलेखहरू नेपालका अनेक स्थानमा यत्रतत्र छन् । भक्तपुरभेक पनि यस कुराको अपवाद होइन । नेपालमा अभिलेखको खोजी एवं अध्ययन हुन थालेको पनि आजभन्दा एकसय चालीस वर्ष व्यतित भइसकेको छ । यस अवधिमा आइपुग्दा हामीले निकै दुर्लभ मानिने चट्टानलेख एवं गुहालेख समेत पनि भक्तपुरभेकबाट फेला पारी प्रकाशमा ल्याइसकेका छौं । यी पनि असुरक्षित अवस्थामा छन्। प्रस्तुत लेखमा भक्तपुरभेकका केही असुरक्षित अभिलेखका बारेमा चर्चा गरिन्छ :-

*प्राध्यापक, भक्तपुर बहुमुखी क्याम्पस, भक्तपुर

झौखेलधाराको शिवदेव+अंशुवर्माको शिलालेख[1]



चित्र संख्या १-क : झौखेलधाराको शिवदेव+ अंशुवर्माको शिलालेख । (२०६७ साल वैशाख

१ यो अभिलेख **प्राचीन नेपाल**को संख्या १८४,पौष २०७० मा 'झौखेलमा फेलापरेका लिच्छवि सम्पदा' शीर्षकको लेखमा छापिएको छ । त्यसरी छापिएर आएपछि असुरक्षित अवस्थामा रहेको सो शिलालेख लगायत अन्य सम्पदालाई सोही धारापरिसरमा सुरक्षित गरी राख्ने काम पुरातत्त्व विभागले गरेको थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



चित्र संख्या १-ख : ऐजनको हालै खिचेको चित्र ।

वैशाख ३१ गते २०६७ सालमा झौखेलधाराको यो शिलापत्र हेर्न आउँदा यसको माथिल्लो भाग झण्डै ४५ से.मि. जमिनबाट माथि उठेको अवस्थामा थियो । त्यहाँ ८ पंक्तिको अभिलेख कुँदिएको देखिएको थियो, जसको लम्बाई अन्दाजी २९ से.मि. थियो । सो शिलापत्रको त्यसबेलाको त्यसरी देखिएको भागको फोटो (चित्र संख्या २), पाठ र व्याख्या यहाँ प्रस्तुत प्रस्तुत छ । सो अभिलेख कुँदिएको भागको सही नापो लिने विचारले हालै २०७० सालमा गएको असार १० गते झौखेलधारामा पुग्दा सो शिलापत्र त्यहाँ देखिएन । एकछिन रन्थनिएँ, चारैतिर आँखा दौडाएँ, कतै पनि फेला नपरेपछि सोही धारादेखि केही उत्तरमा बाटोसँगैको घरका स्थानीय प्रकाश कार्की (३८) लाई सोधेँ ' पहिले यहाँ एउटा शिलापत्र थियो, अहिले देखिएन, कहाँ छ ?' उनले भने ' त्यहीँ त छ नि !' नभन्दै यो त्यहीँ रहेछ । तीन वर्षको अन्तरालमा अहिले सो शिलापत्र माटोले पुरिएर झण्डै लुप्तप्राय:अवस्थामा पुगेको रहेछ । (चित्र संख्या ८) यसैले मलाई सो शिलापत्र ठम्याउन भ्रम भएको रहेछ । स्थानीय बासिन्दाहरूका अनुसार पहिले यो शिलापत्रमा त्यही धारामा नुहाउनेहरू आफनो जीउ घोटेर मयल निकाल्थे । यसको शिरमा हँसिया, खुकुरीको धार लाउँथे । यस शिलालेखको दायाँपट्टिको बाँकी अंश धाराको पर्खालमा २५ से.मि. छोपिन पुगेको थियो । यस शिलापत्रको अभिलेखको शीर्षभागमा बीचमा चक्र छ । सो चक्रको दायाँ बायाँ शङ्ख अङ्कित छन् । सो शिलापत्रको देखिएको भागको अभिलेखको मूलपाठ (बाक्लो अक्षरमा) र छोपिएको भागको निश्चित रूपले हुनुपर्ने पाठ भने गोलमढीटोलको शिवदेव+अंशुवर्माको संवत् ५१६ (वि.सं.६५१) को अभिलेखलाई (कोष्ठभित्रका)[२] आधार मानेर अध्ययन गरिएको थियो ।

मूलपाठ

१. **स्वस्ति मानगृहाद परिमित गुण समु** (दयोद्भासितयशा बप्प)

२. **पादानुध्यातो लिच्छविकुलकेतुर्भट्टा** (रकमहाराज श्रीशिवदेव:)

३. **कुशली थंखोपृंसतलद्रङ्ग निवासिनः** (प्रधानपुरस्सरान्ग्राम)

४. **कुटुम्बिनः कुशल परिप्रश्नपूर्व्वं समाज्ञा** (पयति विदितम्भवतु)

५. **भवतां यथानेन प्रख्याता मलविपुल यशसा** (स्वपराक्रमोपश-)

६. **मितामित्त्रपक्षप्रभावेन श्री महासामन्तां** (शुवर्म्मणा विज्ञापितेन)

७. **मयैतद्गौरवाद् युष्मदनुकम्पया** (च कुथेर्वृत्त्यधिकृतानामत्त्र)

८. **समुचितस्त्रिकर** (मात्रसाधनायैव प्रवेशो लेख्यदानपञ्चापराध ...)

अनुवाद

कल्याण होस् । मानगृह (दरबार) बाट

---

२ धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, नेपाल र एसियाली अनुसन्धान केन्द्र, काठमाडौं : २०५३ (दोस्रो संस्करण), पृष्ठ २४९ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अनगिन्ती गुणको थुप्रोले सफा कीर्ति फैलिएका, बप्प (बुवा) का पाउको अनुग्रह पाएका, लिच्छविकूलको झण्डास्वरूप भएका, गाथमा आराम रहेका, भट्टारक महाराज श्रीशिवदेवबाट तलसहितको थंखोपृम् द्रङ्गमा बस्ने मुखियालगायत ग्रामका गृहस्थीहरूलाई कुशल मङ्गल सोधेर आज्ञा भएको छ ।

सफा र ठूलो कीर्ति फैलिएका, आफ्नै पराक्रमले शत्रुको दबदबालाई खतम पारेका यी महासामन्त अंशुवर्माले हाम्रा हजूरमा बिन्ति चढाउँदा हामीबाट यिनको कुरा राख्न र तिमीहरूको दयाले पनि यहाँ (तिमीहरूको ग्राममा) कुथेर अधिकरणका अधिकृतहरूले त्रिकर (भाग, भोग, कर) उठाउनका लागि मात्र पस्नु योग्य छ ।[३] ..

व्याख्या

भक्तपुरभेकका अनेक स्थानहरू जस्तै, चाँगुनारायणस्थान, वागेश्वरी, च्याम्हासिंह, तालाक्व (कुम्हालेटोल), गुण्डु, गोलमढी, तुलाछें लगायत इनाचोमा लिच्छविकाकालका अभिलेखहरू पाइएका छन् । झौखेलभेकमा पाइएको यो पहिलो शिलालेख हो । यसले यस भेकको प्राचीनता एवं ऐतिहासिक महत्त्व बोध हुन्छ ।

शिवदेव+अंशुवर्माको गोलमढीटोल र तुलाछेंटोलको अभिलेख र यस अभिलेखको व्यहोरा त्यही नै छ ।[४] यी तीनवटै अभिलेखका अक्षरहरू पनि उस्तै छन् ।[५] गोलमढी र तुलाछेंटोलको अभिलेखमा शिवदेव र अंशुवर्मामा लागेका विशेषणका दुरुस्त बोली यस अभिलेखमा पनि उस्तै आएको छ । गोलमढी र तुलाछेंटोलको अभिलेखमा सनद-पत्र गरिदिएको साल पनि उही नै अर्थात् 'संवत् ५१६' छ । यताबाट यो अभिलेख पनि उही समयको हो भन्ने कुरा निश्चितप्रायः छ ।

लिच्छविकालका सबै लिच्छवि राजाहरू लिच्छविकुलकै थिए । तापनि 'लिच्छविकुलकेतु' विशेषण सर्वप्रथम धारण गर्ने शिवदेव नै थिए । इतिहासकार धनवज्र वज्राचार्यका अनुसार उनले यो विशेषण लिनुमा गहिरो राजनैतिक रहस्य लुकेको थियो । लामो समयदेखि सर्वाधिकार हातमा लिइ अघोषित राजाका रूपमा भौमगुप्तहरूले लिच्छवि राजाहरूलाई दबाएर हर्ताकर्ता भई शासन गरिरहेका थिए । यसैले आफू राजा भएपछि शिवदेवले गुप्त आभीरहरूलाई हटाउने प्रयत्नमा लागे । यसका निमित्त उनले आफ्नै भानिज अंशुवर्मालाई राजनीतिमा ल्याए । गुप्त आभीरहरूका सामुन्ने आफूलाई प्रसिद्ध लिच्छवि राजवंशका हौं, नाममात्रको राजा नभएर राज्यमा

---

३ वज्राचार्य, पूर्ववत्, पृष्ठ २४९ ।

४ वज्राचार्य, पूर्ववत्, पृष्ठ २४९, २५३ ।

५ स्थलगत अध्ययन । स्मरण रहोस् ! गोलमढी टोलको शिलालेख आज पनि त्यहींको गहिरीधाराको सिंढी ओर्लने दक्षिणपट्टिको पर्खालको उत्तराभिमुख खोपामा छ । तुलाछेंटोलको अभिलेख भने आफ्नो मूल स्थानमा छैन । त्यो शिलालेख आज भन्दा १२ वर्ष अघि यो अन्वेषकले भक्तपुर राजदरवारको मूलचोक बाहिरको पेटीमा असुरक्षित अवस्थामा रहेको भेट्टाएको थियो । त्यसवखत त्यहाँ दरवारको सुरक्षामा खटिएका सैनिकहरू लगायत सो दरवार हेर्न आउने पर्यटकहरूले ओहरदोहर गर्दा सो शिलालेख कैयनपल्ट कुल्चने गरेको देखेपछि संयोगवश् त्यसैवेलातिर मैले भक्तपुर दरवार डुलाउन ल्याएका मेरा गुरु प्रा.डा. मुकुन्दराज अर्याल र ज्ञानमणि नेपालसित मिलेर हामी तीनजनाले सो शिलालेखलाई त्यसका अक्षरहरू बचाउनका निमित्त घोप्ट्याएर राखिदिएका थियौं । यस्ता असुरक्षित अभिलेखहरूका बारेमा मैले फोटोसहित **प्राचीन नेपाल**मा 'भक्तपुरका असुरक्षित अभिलेख' शीर्षकको अन्वेषणात्मक लेख पनि छपाएँ । (प्राचीन नेपाल, १४७/असार२०५८) त्यसले काम गर्‍यो । त्यसपछि सुकुलढोकाको उत्तरलिच्छलिकालीन शिलालेख र पाँचतले मन्दिरको प्रतिष्ठासम्वन्धि शिलालेख लगायत तुलाछेंटोलको शिलालेखको पनि उद्धार भयो । ती शिलालेखहरू हाल **भक्तपुर राष्ट्रिय कला सङ्ग्रहालय**मा संग्रिहित छन् । यसमा मलाई सन्तोष मिलेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वास्तविक अधिकार हाम्रो हो भन्ने भाव दर्शाउन शिवदेवले उक्त विशेषण लिएको देखिन्छ ।[६] अंशुवर्मा योग्य र चतुर थिए । उनले आफ्नो योजना अनुसार भौमगुप्तहरूलाई पन्छाउन सफल भए । त्यसपछि गुप्त आभीरहरूभन्दा पनि बढ्ता शक्तिशाली एवं सर्वेसर्वा भएर अंशुवर्मा देखा परे । उनी 'श्रीसामन्त', 'श्रीमहासामन्त' हुँदै लिच्छवि राजाहरूले समेत पहिले कहिल्यै नलिएको 'महाराजाधिराज' पदवी धारण गरी लिच्छवि राजा र जनता दुवैको विश्वास लिएर शासन गर्न पुगे । तापनि लिच्छवि राजगद्दीउपर उनको सधैं आदर रह्यो ।[७] ई.सं.६०४ मा शिवदेवले राज्यत्याग गरी भिक्षु भएर विहारमा (**श्रीशिवदेवविहार**) बस्न थाले । ई.सं. ६०५ देखि अंशुवर्माले विधिवत् शासनाधिकार आफ्नो हातमा लिई स्वतन्त्र शासन गर्न लागे ।[८]

गुप्त आभीरहरूलाई पन्छाएर 'श्री सामन्त' भएका अंशुवर्मा त्यही पदमा रहेर पनि अघोषित राजाका रूपमा शासन चलाउन सफल भइसकेका थिए। यो कुरा उनले चाँगुको संवत् ५१५ (ई.सं.५९३) को अभिलेखमा आफ्नो प्रशस्तिमा सारा सामन्त राजाहरूले ढोग्न आएको कुरा लेखाउन लगाएको प्रसङ्गले पनि मिल्छ ।[९] महत्त्वाकांक्षी अंशुवर्मा 'सामन्त' बाट माथि उठ्न चाहन्थे । त्यसको एक वर्षपछि नै उनी 'श्रीमहासामन्त' बनेर माथिल्लो अवस्थामा पुग्न सफल भए । यो कुरा गोलमढीटोल र तुलाछेंटोलका संवत् ५१६ का अभिलेखहरूबाट ज्ञात हुन्छ । यस कुराको थप पुष्टि अब भ्कौखेलधाराको यो अभिलेखबाट पनि हुन आएको छ। यी तीनवटै अभिलेखहरूमा उनले 'श्रीमहासामन्त'को पद धारण गरेका छन्। यताबाट भ्कौखेलधाराको यो अभिलेख पनि संवत् ५१६

६ वज्राचार्य, पूर्ववत्, पृष्ठ २१६, २३७ ।
७ वज्राचार्य, पूर्ववत्, पृष्ठ २३७ ।
८ वज्राचार्य, पूर्ववत्, पृष्ठ २९२, २९३ ।
९ वज्राचार्य, पूर्ववत्, पृष्ठ २३३, २३६ ।

तिरको हो भन्ने देखिन्छ । यस अभिलेखमा पनि उनलाई 'स्वपराक्रमोपशमितामित्त्रपक्षप्रभावेन' विशेषण लागेको छ । यसले पनि उनले गुप्त आभीरहरूलाई पन्छाएको छनक मिल्छ ।

भ्कौखेलधाराको यस अभिलेखमा '**थंखोपृंसतलद्रङ्ग निवासिनः**' को उल्लेख आएको छ । यसले यो अभिलेखलाई विशेष तुल्याएको छ । यसले पनि लिच्छविकालीन भक्तपुरका बस्ती, बस्तीको विकासक्रम लगायत भक्तपुरको ऐतिहासिक भूगोल जान्न समेत मद्दत मिलेको छ । लिच्छविकालमा भक्तपुरभेकमा ललितपुर र कान्तिपुरको तुलनामा बस्ती अलि कम थियो भन्ने आजसम्म पनि चली आएको धारणालाई[१०] अब भने यसको प्राप्तिसँगै बदल्नु पर्ने भएको छ । किनकि यस भेकमा पनि अनेक नामका विकसित 'ग्राम' भन्दा माथिल्लो तहको व्यापारको केन्द्र रूपका बस्तीहरू थिए भन्ने कुरा भक्तपुर शहरको गोलमढीटोलको 'तल'सहितको 'माखोपृं' लगायत भ्कौखेलको भ्कौखेलधाराको तलसहितको 'थंखोपृं' उत्कीर्ण यस अभिलेखले देखाएको छ ।

आजभोलिका बस्तीलाई हेरेर लिच्छविकालिक बस्तीलाई बुझ्न सकिन्न किनकि 'उहिलेका कति प्रसिद्ध बस्ती अहिले उजाड भइसकेका छन्। अहिलेका कति बस्ती उहिले थिएनन् ।'[११] हाम्रो

१० धनवज्र वज्राचार्य, 'लिच्छविकालिक वस्ती', **पूर्णिमा**, १८ पूर्णाङ्क,२०२५, पृष्ठ ९६ ।
११ वज्राचार्य, पूर्ववत्, पृष्ठ ८७। ... "आजभोलि वसाइको दृष्टिले नेपाल-उपत्यकामा कान्तिपुर, ललितपुर, भक्तपुर यी तीन शहरको प्रमुख स्थान रहेको छ । मल्लकालमा त यी तीन शहरमा तीन राज्यका राजधानी नै कायम थिए । तर लिच्छविकालमा बस्ती-वसाइको अवस्था अलि भिन्न थियो । त्यसवेला यी तीन शहर यस रूपमा विकसित भइसकेका थिएनन् । उपत्यकाका छेउछाउका अनन्तलिङ्गेश्वर, चापागाउँ, वुङ्मती, वलम्बु, थानकोट, सीतापाइला, धर्मस्थली, टोखा, वूढानीलकण्ठ, टुप्याक, गोकर्ण, साँखु, आदि ठाउँका वस्ती आजभोलि त्यति उल्लेखनीय रूपमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

झौखेल पनि त्यस कुराको अपवाद होइन । अहिलेको झौखेलभेक उहिले 'थंखोपृं' कहलिएको थियो । यो 'ग्राम' भन्दा माथिल्लो तहको, अनेक गाउँहरू भएको व्यापारको केन्द्ररूपको 'तल'सहितको 'द्रङ्ग' वस्ती थियो ।

भक्तपुर शहरभन्दा अलि माथिल्लो भेकमा झौखेल छ । खासाङखुसुङ खोलाले भक्तपुर शहर र झौखेललाई छुट्याएको छ । सो खोलापारि उकालो चढी गएपछि झौखेलबस्तीमा पुगिन्छ । यसको चर्चा हामीले माथि पनि गरिसकेका छौं । भौगोलिक दृष्टिले यो कुरा महत्त्वपूर्ण छ । भौगोलिक विशेषताले पनि नामकरण गर्ने संस्कृति हाम्रो यहाँ हजारौं वर्षअघिदेखि लौकिक जीवनमा चली आएको विदित हुन्छ । अब 'थंखोपृं' हाम्रो सामु उदाहरण भएर आएको छ । नेपालभाषाको शब्द यो हो । यहाँ 'खोपृं' (खोपृङ्) को अघिल्तिर लागेको 'थं'ले माथिल्लो भेक भन्ने जनाएको छ ।[१२] नेपालभाषामा भक्तपुरलाई 'ख्वप' भनिन्छ ।

रहेका छैनन् । मल्लकालमा पनि यी बस्तीको विशेष स्थान थिएन । तर लिच्छविकालमा उपत्यका छेउ-छाउका यी बस्ती उल्लेखनीय थिए । यो कुरा तात्कालिक अभिलेखको अध्ययन गरी हेर्दा हामी बुझ्न सक्छौं ।" वज्राचार्यले उल्लेख गरेका उपत्यकाका छेउछाउका यी वस्तीहरूमा हामी अब झौखेललाई पनि विर्सन सक्दैनौं ।

१२ जहाँ शब्द छ, त्यहाँ भाषा छ । खास शब्दले खास भाषाको अस्तित्व वोध हुन्छ । लिच्छविकालका अभिलेखमा आएका कतिपय **स्थाननाम** (*खोपृङ्, खूलप्रिङ्,थंखोपृङ्, माखोपृङ्, माखोदुलु, खृपुङ्, दुंलङ्, दुंप्रङ्, म्हस्प्रिङ्, थंतुंरी, को, कोङ्को, प्रोंङ्गम्बु, विल्हिङ्खो, गुं, गुड्दीमक, गुडण्दुल्, खाह्रिचो, मोंगुचो, गोंल्ल, ग्वलं, चूल्लंखू, तेंखुंदुल्, हारागुङ्* आदि), **प्रशासनिक कार्यालय** (*कुथेर, माप्चोक, शोल्ल, लिङ्ग्वल* आदि) लगायत अनेक **वस्तु** (*हाम्हुं, कुम्हुं, सिं,* आदि) आदि नेपालभाषाका शब्द हुन् । आजभोलिको नेपालभाषामा 'माथिल्लो भेकलाई बुझाउने '**थथु**' र तल्लो भेकलाई बुझाउने '**क्वथु**' शब्दहरूका पूर्व रूप मध्यकालको नेवार लोकजीवनमा चलेका '**थंथु**' र '**कोथु**' हुन् ।[क] भक्तपुर शहरको माथिल्लो भेकको एक टोलवस्ती 'थालाछें' हो । सो टोललाई मध्यकालमा '**थंकराछें**' भनिन्थ्यो ।[ख] आज पनि भक्तपुरका स्थानीय नेवार लोकजीवनले भक्तपुर राजदरवारको माथिल्लो भागलाई '**थाथु लाय्क**्' र तल्लो भागलाई '**कुथु लाय्क**्' भन्ने गर्छन् । उपत्यकाका तीनवटै शहरी बस्तीहरू लगायत उपत्यका आसपासका नेवार वस्तीहरू '**थने**' र '**क्वने**' गरी दुई भागमा विभक्त रही आएका छन् । जस्तै साँखु तल्लो भेकमा परेकोले '**सक्व**ः' र त्यहाँका बासिन्दालाई '**सक्वमि**' र त्यसैगरी थानकोट माथिल्लो भेकमा भएकोले '**थक्वा**' र त्यहाँका बासिन्दालाई '**थक्वामि**' भनिएको कुरा जानिन्छ । मध्यकालमै नेपालभाषामा चलेका '**थंथु**' र '**क्वथु**' का पूर्व रूप लिच्छविकाल भन्दा पनि पूर्वकालदेखि चली आएका शब्दहरू '**थं**' र '**को**' हुन् भन्ने कुरा निश्चित रूपले थाहा पाइन्छ । अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको अभिलेखमा आएको '**कोङ्कोग्राम**'ले आजको सोही अनन्तलिङ्गेश्वरभेकमुनिको 'किवाचोक'लाई संझाएको छ ।[ग] कान्तिपुरवाट बुढानीलकण्ठभेक उचा भागमा पर्छ । लिच्छविकालमा द्रङ्गको रूपमा विकसित त्यहाँको बस्ती माथिल्लो भेकमा वसेको हुनाले '**थंतुंरी**' कहलिएको थियो भन्ने कुरा जानिन्छ । टुप्पो वा चुचुरोलाई नेपालभाषामा '**च्व**' भनिन्छ । यसकै पनि लिच्छविकालभन्दा पनि अघिदेखि चली आएको पूर्व रूप '**चो**' रहेछ भन्ने कुरा फर्पिङको (गणदेव) अभिलेखमा आएका *मिंदिचो, खाह्रिचो, ब्रेम्गुंचो, मोगुंचो* नामका डाँडाहरूले देखाएका छन् ।[घ] यस प्रकार यी केही उद्धरणहरूबाट लिच्छविकाल भन्दा अघिदेखि जनभाषाको रूपमा नेपालभाषाको व्यापक प्रचलन यहाँका रैथाने नेवार लौकिकजीवनमा रही आएको कुरा पनि यसै प्रसङ्गमा जानिन्छ ।

क धनवज्र वज्राचार्य, 'मल्लकालमा देशरक्षाको व्यवस्था र त्यसप्रति प्रजाको कर्तव्य', **पूर्णिमा**, २/२०२१, पृष्ठ २४ ।

ख पुरुषोत्तमलोचन श्रेष्ठ, **सुकुलढोका, लुँ विहार र दोलखा-भीमसेन**, श्री सुकुलढोका दोलखा-भीमसेन, लुँ विहार भीमसेन मन्दिर संरक्षण कार्य
समिति, भक्तपुर : २०६९, पृष्ठ ७०।

ग डा.पुरुषोत्तमलोचन श्रेष्ठ, **अनन्तलिङ्गेश्वर एक सांस्कृतिक अध्ययन**, अमनलोचन श्रेष्ठ, भक्तपुर : २०६४, पृष्ठ १२७।

घ धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत्, पृष्ठ १८३, १८४ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ख्वप को पूर्व रूप 'खोपृं' हो । यताबाट माथिल्लो भेकको भक्तपुरलाई बुझाउने जनभाषाको शब्द 'थंखोपृं' हो भन्ने कुरा निश्चित रूपले थाहा पाइन्छ । यति कुरा बुझेपछि बस्तीबसाइका दृष्टिले समेत तात्कालिक खोपृङ्ग्रामप्रदेश लिच्छविकाल पूर्व वा भनौं किरातकालतिरै 'माथिल्लो' र 'तल्लो' गरी दुई भागमा विभक्त रहेछ भन्ने कुराको आभास पनि स्वतः मिल्छ । खासाङखुसुङ (कासां खुसि) खोला वारि दक्षिणपट्टि आजको परम्परित भक्तपुर शहर त्यसबखतको 'तल्लो भेकको खोपृङ्' थियो जसको मध्यभागमा बसेको एक बस्ती **माखोपृं** थियो । त्यसैगरी खासाङखुसुङ खोला पारि उत्तरपट्टिको आजको झौखेल र सो परिसरका चाँगु, दुवाकोट लगायतका छालिङ् ग्रामबस्तीहरू भएको भक्तपुर समग्रमा 'माथिल्लो भेकको खोपृङ' - **थंखोपृं** थियो भन्ने कुरा थाहा पाइन्छ ।

देउपाटनको मानदेवको पालाको रत्नसङ्घले राख्न लगाएको अभिलेखमा **खोपृङ्ग्रामप्रदेश** आएको छ । यताबाट प्राचीन भक्तपुरभेक समग्रमा 'खोपृङ्' कहलिएको थियो भन्ने ज्ञात हुन्छ । 'खो' ले खोला र 'पृङ्' ले बस्तीको बोध हुन्छ । बाहिरबाट खोला र खोल्साले घेरेको बस्ती मात्र नभएर सो बस्तीभित्रका अनेकन बस्तीहरूबाट समेत खोल्साहरू बग्ने खोलाविशेषको बस्ती भएकोले, त्यस्ता खोलाले सिञ्चित जमिनबाट प्रशस्त मात्रामा धान फल्ने बस्ती पनि भएको हुँदा 'खोपृङ्' नाउँ रहेको जानिन्छ ।[१३] **खोपृङ्**भित्र 'खृपुङ्' 'माखोदुलुं' लगायत 'माखोपृं' नामका बस्तीहरू थिए ।[१४] अहिले पत्ता लाग्न आएको थंखोपृं पनि

१३ शालीनदीको किनारमा वसेको प्राचीन वस्ती **सक्वः/साँखु**को नामकरण पनि त्यही नदीकै नामबाट भएको बुझिन्छ । त्यही नदीले सिँचित जमिनमा फल्ने धान पनि **शालीधान** नामले प्रख्यात रही आएको छ । कान्तिपुर शहरबाट बग्ने **टुकुचा** (इक्षुमती) को पूर्व रूप **तुखुचा** हो । यो सानो नदी-**खुसिचा**ले सिँचित फाँटमा **तु** (उखु) फल्ने विशेषता भएकोले यसको नाम **तुखुचा** रहेको कुरा पनि यहाँनिर द्रष्टव्य छ । नदी/खोलाबाट नामकरण हुने यस्ता अन्य अनेक उदाहरण भेटिन्छन् ।

१४ चाँगुको मानदेवको अभिलेखमा 'खकम्प्रिङ्' र त्यसैगरी जिष्णुगुप्तको पालाको पशुपति छत्रचण्डेश्वरको अभिलेखमा 'खूलप्रिङ्' को उल्लेख आएको छ ।[क] नाम समानताका दृष्टिले यी पनि खोपृङ्भेकभित्रकै ग्रामवस्तीहरू हुन् भनी मान्न सकिन्छ । शिवदेव+अंशुवर्माको तुलाछेंटोलको अभिलेखमा 'खृपङ्' उल्लेख छ । तुलाछेंसंगैको टोल सुकुलढोका हो । यहाँ उत्तरपट्टि केही उकालो बाटो भएको गल्ली 'बखुमला' हो । स्थानीय बूढापाकाहरूका अनुसार यहाँ पहिले खोला बग्दथ्यो । सो खोला दक्षिणतिर भएर बग्दथ्यो, हनुमन्ते नदीमा मिसिन्थ्यो । सो खोला 'बखु खुसि' कहलिएको थियो । यो कुरा महत्त्वपूर्ण छ । नेपालभाषामा खोलालाई 'खुसि' भनिन्छ । त्यसको पूर्व रूप 'खो' हो भन्ने बुझिन्छ । हनुमन्ते खोलालाई स्थानीय नेवार लोकजीवनले 'खोंह्' भन्छन् । यताबाट पनि उक्त कुराको पुष्टि मिल्छ । यसरी खोला वा खोल्सो बग्ने बस्ती भएकोले 'खृपुङ' कहलिएको अनुमान हुन्छ । अर्को उदाहरण 'माखोदुलुं' लाई लिउँ । 'माखोदुलुं' उल्लेख भएको अभिलेख तालाक्वःटोलमा (कुम्हालेटोल) छ । यताबाट आजको तालाक्वः इलाका त्यसबखत 'माखोदुलुं' कहलिएको थियो भन्ने जानिन्छ । यो इलाकाको भौगोलिक स्वरूपलाई विचार गर्दा आज पनि डोलबस्तीको रूपमा रहेको देखिन्छ । यस बस्तीको उत्तरमा 'तालादम्फो' नामको थुम्को छ । सो बस्तीको दक्षिणी भाग सोतो परेर गएको छ जसको पुछारमा हनुमन्ते खोला छ । तालाक्वःसंगैको पूर्वपट्टिको टोल 'इखालाखु' हो । यहाँबाट पहिले खोला बग्दथ्यो । तालाक्वः+इखालाखुसंगै उत्तरपूर्वमा टौमढीटोल छ । स्थानीय बूढापाकाहरूका अनुसार पहिले यहाँबाट पनि खोल्सो बग्ने गर्दथ्यो । शायद सो खोल्सो तालाक्वः+इखालाखु हुँदै हनुमन्तेमा मिसिन्थ्यो । नेपालभाषामा मुख्य वा खास कुरालाई जनाउन 'मा' को प्रयोग भएको जानिन्छ ।[ख] यसरी अनेक खोला/खोल्साहरू सहित मुख्य खोलाको मध्यभागमा वसेको डोलवस्ती भएकोले 'माखोदुलुँ' कहलिएको जानिन्छ । अर्को उदाहरण 'माखोपृं' लाई लिउँ । शिवदेव+अंशुवर्माको गोलमढीटोलको अभिलेखमा 'माखोपृं' को उल्लेख आएको छ । यताबाट आजको गोलमढीभेक त्यसबखत 'माखोपृं' कहलिएको थियो भन्ने कुरा थाहा पाइन्छ । खोपृङ्को मध्यभागमा वसेको वस्ती हुँदा 'माखोपृं' भनिएको कुरा जानिन्छ ।[ग] आजभन्दा चार दशक अघिसम्म पनि गोलमढीटोलमा उत्तरबाट दक्षिण बग्ने खोला यो अन्वेषकले देखेको कुरा यहाँनेर स्मरणीय छ । स्थानीय इपाछेंटोलनिवासी विनोदराज शर्मा (६०) का अनुसार सो खोला 'सुनमती'(स्वर्णमती) नामले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अब यस कुराको अपवाद रहेन ।

प्रशासनका दृष्टिले लिच्छविकालका बस्तीहरू 'ग्राम', 'तल' र 'द्रङ्ग' मा विभक्त थिए । ठूल-ठूला बस्तीहरू पनि 'ग्राम' कहलिएका थिए ।[१५] शासकको मुकाम भएको बस्ती मात्र नभएर राजदरबार भएको समृद्ध बस्ती पनि 'ग्राम' नै कहलाउँथ्यो ।[१६] सम्म ठाउँमा आबाद रहेका संयुक्त ग्रामहरूलाई 'तल' भनिन्थ्यो । ग्राम र तल भन्दा माथिल्लो, विकसित बस्ती 'द्रङ्ग' थियो । एउटा द्रङ्गभित्र अनेक *ग्राम* र *तल* पर्दथे ।[१७] व्यापारको केन्द्ररूपको, भन्सारचौकी समेत भएको शहरविशेष 'द्रङ्ग' थियो ।[१८] द्रङ्गहरू मिलेर देश बन्दथ्यो । खोपृङ्ग्रामप्रदेशका अनेक बस्तीहरूमध्ये *माखोपृं* र *थंखोपृं* 'तल' र 'द्रङ्ग' को दर्जा पाएका यस्तै अत्यन्त विकसित बस्तीहरू थिए ।[१९]

प्रसिद्ध थियो । सो खोलाको नेपालभाषामा चलेको नाम 'फोरतिला' हो । झरनालाई नेपालभाषामा 'भ्वाला' भनिन्छ । सो खोला उत्तरको केही अग्लो ठाउँबाट तलतिर झरना जस्तो झर्ने भएकोले 'फोरतिला' भनिएको जानिन्छ । अहिले यो खोला त्यहाँको मूलबाटोले छोपिनपुगेको छ । यो खोला पनि हनुमन्तेमा मिसिन पुग्छ । 'पृङ्' ले वस्तीलाई संकेत गर्छ । यसरी **माखोपृं** पनि खोपृङ्का अन्य वस्तीहरू जस्तै खोला भएको बस्ती थियो भन्ने कुरा थाहा पाइन्छ ।

[क] वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत्, पृष्ठ १३, ४२७ ।

[ख] पुरुषोत्तमलोचन श्रेष्ठ, 'माखोपृम् के हो ?', **गोरखापत्र**, असोज १७, २०४९, पृष्ठ ग ।

[ग] श्रेष्ठ, पूर्ववत्, पृष्ठ ग ।

१५ वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत्, पृष्ठ १९४ ।

१६ वज्राचार्य, 'लिच्छविकालिक बस्ती', पूर्ववत्, पृष्ठ ९७,९८ ।

१७ धनवज्र वज्राचार्य, 'लिच्छविकालका शासनसम्वन्धी पारिभाषिक शब्दको व्याख्या', **पूर्णिमा**, १०/२०२३, पृष्ठ १७ । "...द्रङ्गको सीमा निश्चित रहन्थ्यो । तिनमा ब्राम्हणदेखि चाण्डालसम्मका विभिन्न जातका व्यक्तिको वसोवास हुन्थ्यो । तत् तत् द्रङ्गका वासिन्दाहरूले स्वशासनसम्वन्धी निकै अधिकार पाएका हुन्थे । ...लिच्छविहरूको शासनव्यवस्थाको मुख्य विशिष्टता देशलाई *ग्राम, तल, द्रङ्ग* आदि विभिन्न तहमा छुट्याई तिनलाई स्वशासनको अधिकार दिई कानूनबमोजिम त्यसलाई संचालन गर्नु हो । पञ्चखत जस्ता ठूलठूला मुद्दा पनि आफैं मिली छिन्ने अधिकार ती विभिन्न तहलाई नै दिइएको हुन्थ्यो तथा विभिन्न सरकारी अड्डाले गर्ने कति काम पनि तत् तत् तहलाई सुम्फी त्यस वेला स्वशासनलाई वढी महत्त्व दिइएको देखिन्छ ।"

१८ धनवज्र वज्राचार्य, 'द्रङ्ग; व्यापारको केन्द्र', **मधुपर्क**, ४/१०, २३-३७ । "...संस्कृतका प्रामाणिक वृहत् कोषहरूमा "वाचस्पत्य" पनि एक हो । त्यसमा "द्रङ्ग" को परिभाषा खुलाएर दिइएको छ । शहरविशेषको नाउँ "द्रङ्ग" हो, ...वरपरका वस्तीहरूका वासिन्दाहरू जहाँ गई किनवेच गर्छन्, जीविकाको लागि कामकाज गर्न जान्छन्; त्यस्तो वस्ती "द्रङ्ग" हो भन्ने पनि त्यसवाट थाहा पाइन्छ । ... ...वन्द व्यापार चली गुलजार रहेको शहर विशेष द्रङ्ग हुनाले प्रत्येक "द्रङ्ग" मा "भन्सार अड्डा" रहेको हुन्थ्यो ।..."

१९ गोलमढीटोलसंगै पूर्वमा इनाचोटोल र तचपालटोल छ । तचपालटोलको भीमसेनमन्दिरको दक्षिणपट्टिको इनाचोस्थित एक चोक आज पनि 'भन्सा छें' (भन्सारघर) भनी प्रसिद्ध छ । यसले पनि हामीलाई 'तल' र 'द्रङ्ग' सहितको **माखोपृं** वस्तीको संझना गराउँछ । फौखेलभेकमा पनि यस्तै परम्परित पुरानो भन्सार हुनुपर्छ । त्यो भने पत्ता लाग्न बाँकी नै छ । इतिहासको लामो कालप्रवाहमा यहाँको लौकिकजीवनले त्यसलाई *थंखोपृं*संगै विस्मृतिको गर्भमा विसाईसकेको आभास हुन्छ । यसैले 'भन्सार' बारेमा स्थानीय लोकजीवन अनभिज्ञ रहेको पाइयो । तर जे होस् ! फौखेलधाराको सो अभिलेख रहेको स्थानदेखि केही पर पश्चिममा सम्म परेका फाँट **हनुमानटार** भनी प्रसिद्ध रही आएको छ । यहाँ खेतको माझमा मल्लकालीन एक भग्न पाटी, हनुमानस्तम्भ छन् । फौखेल वडा नं ८ निवासी उत्सव माकजु (३०) लगायतका स्थानीय वासिन्दाहरूका अनुसार यहाँ २ फिट जति जमिन खन्दा पोलिएका कालो ईंट, ढुङ्गा आदि फेलापर्छन् । यसले यहाँ मानदेवको दरवार र अन्य भवनहरू थिए भन्ने एक प्रकारको जनविश्वास नै रही आएको देखियो । उत्सव माकजुका अनुसार केही काल अघि यहाँबाट लिच्छविकालीन मुद्रा पनि फेला परेका थिए । पुरातत्त्वका दृष्टिले यी कुरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

माखोपृं र **खृपुङ**का बासिन्दाहरूलाई जस्तै **थंखोपृं**का बासिन्दाहरूलाई पनि स्वशासन सम्बन्धी अधिकार दिएर प्रशासनमा बढी सक्रिय गराउन केही अधिकार सुम्पेर राख्न लगाएको सरकारी सनद शिलालेख झौखेलधाराको यो अभिलेख थियो । यस अभिलेखमा पनि 'त्रिकर' को उल्लेख आएको छ । 'त्रिकर' परम्परा चलाउने अंशुवर्मा मात्र हुन् ।[२०] लिच्छविकालमा प्रचलित मुख्य कर - भाग, भोग कर हुन् जसलाई अंशुवर्माका अभिलेखमा 'त्रिकर' भनिएको छ । कृषिमा लागेको कर, 'भाग' हो । पशुपालनमा लागेको कर, 'भोग' हो । वाणिज्यमा लागेको कर, 'कर' हो ।[२१]

ईस्वीको पाँचौं शताब्दीतिर **खोपृङ्ग्राम** (भक्तपुर), **युपग्राम** (ललितपुर) र **कोलिग्राम** (कान्तिपुर) 'ग्राम' बस्तीकै रूपमा थिए । ईस्वीको सातौं शताब्दीसम्ममा आईपुग्दा उपत्यकाका छेउछाउमा मात्र नभएर मध्यभागमै पनि समृद्ध रूपका 'द्रङ्ग' बस्ती देखापरिसकेका थिए ।[२२] माखोपृंद्रङ्ग, युपग्रामद्रङ्ग, *दक्षिणकोलिग्रामद्रङ्ग* उदाहरणस्वरूप छन् । उत्थान र पतन अनि परिवर्तन र त्यसको प्रभाव एवं परिणाम इतिहासको कालचक्रमा देखिने अपरिहार्य नियति हो । बाटो-घाटो, बन्द व्यापार लगायत अन्य अनेक कारणले कुनै एक ताका समृद्ध हुनपुगेको बस्ती पछि गएर उजाड हुन सक्छ । उपत्यकाको मध्यभागका तीन 'द्रङ्ग' बस्तीहरू (*माखोपृंद्रङ्ग, युपग्रामद्रङ्ग, दक्षिणकोलिग्रामद्रङ्ग*)ले तीव्र गतिमा समृद्ध शहरीबस्तीका रूपमा विकसित हुँदै सुरक्षा र शासन प्रशासनका दृष्टिले समेत केन्द्रीय महत्त्व पाउँदै जान थालेपछि छेउछाउका द्रङ्गबस्तीहरू भने सुक्दै, उजाड हुँदै गए ।[२३] यी तीन द्रङ्गहरू मध्यकालमा, ईस्वीको बाह्रौं शताब्दीतिर आईपुग्दा उपत्यकाको मध्यभागमा पति-भैरवसहितका अष्टमातृका, नवदुर्गा लगायत दशमहाविद्या जस्ता उग्र तान्त्रिक देवताहरूसहितले घेरिएका वैभवपूर्ण तीन मूल शहरहरूका रूपमा देखापर्न आए ।[२४] यसरी **द्रङ्ग** 'शहर' मा विलय हुन पुगे जस्तै **द्रङ्ग** भित्रका अनेक 'तल' हरू *टोल* मा विलय हुन पुगे । त्यसैगरी उपत्यका छेउछाउका **द्रङ्ग**हरू 'गाउँ'मा विलय हुन पुगे भने ती द्रङ्गका 'तल' हरू *टार* मा विलय हुनपुगेको प्रतीत हुन्छ ।[२५] थंखोपृंको नियति पनि यस्तै भयो । यसलाई माखोपृंले उछिन्यो । माखोपृंले

महत्त्वपूर्ण छन् । द्रङ्ग मा अपरिहार्य रूपमा भन्सार अड्डा हुन्थ्यो । **थंखोपृं**को भन्सार शायद यही हनुमानटारमा थियो । यस बारेमा निश्चय गर्न थप अनुसन्धान जरूरी छ ।

२० धनवज्र वज्राचार्य, 'लिच्छविकालको कर व्यवस्था', (स्रोत साभार : डा.भद्ररत्न वज्राचार्य(सं), **धनवज्र वज्राचार्यको ऐतिहासिक लेखसंग्रह**, ललित रिसर्च सेन्टर, ललितपुर : २०५६, पृष्ठ १०१ ।) "लिच्छविकालका करहरूमा 'त्रिकर' चाहिं मुख्य हुन् । उठानका अभिलेखहरूमा 'त्रिकर' शब्दको प्रयोग भएको पाइँदैन । अंशुवर्माका अभिलेखहरूमा मात्र 'त्रिकर' शब्दको प्रयोग भएको पाइन्छ । उनीपछिका अभिलेखहरूमा फेरि 'त्रिकर' शब्दको उल्लेख पाइँदैन ।"

२१ वज्राचार्य, पूर्ववत्, पृष्ठ १०४,१०५ ।

२२ उपत्यका छेउछाउका केही उल्लेख्य द्रङ्ग बस्तीहरू - *हंसगृहद्रङ्ग* (अनन्तलिङ्गेश्वरभेक/गुण्डु, सिपाडोल, कटुञ्जे, दधिकोट, गाम्चा लगायत सिरूटारभेक), *लेम्वटीद्रङ्ग* (लेलेभेक), *शीताटिकाद्रङ्ग* (सतुङ्गल, सीतापाइला, बलम्वु लगायत थानकोटभेक), *नुप्पुन्नद्रङ्ग* (केवलपुर भेक), *थंतुंरीद्रङ्ग* (धर्मस्थली, टोखा, धापासी, चपलीगाउँ लगायत बूढानीलकण्ठभेक) + हाल पत्ता लागेको *थंखोपृंद्रङ्ग* (झौखेल, चाँगु, दुवाकोट लगायत छालिङभेक) ।
स्रोत साभार : (क) वज्राचार्य, 'लिच्छविकालिक बस्ती', पूर्ववत्, पृष्ठ ८८-९४ । (ख) झौखेलधाराको शिवदेव+अंशुवर्माको अभिलेख ।

२३ श्रेष्ठ, **अनन्तलिङ्गेश्वर एक सांस्कृतिक अध्ययन,** पूर्ववत्, पृष्ठ १६० ।

२४ पुरुषोत्तमलोचन श्रेष्ठ, **भक्तपुरको नवदुर्गा गण**, वविता श्रेष्ठ, भक्तपुर : २०६०, पृष्ठ १५-२२ ।

२५ श्रेष्ठ, **त्रिपुर र युथुनिमम् राजकुल**, पूर्ववत्, पृष्ठ ४ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यसको दक्षिण-पश्चिमभेकको हंसगृहद्रङ्गलाई पनि उछिन्यो ।[२६] व्यापारको केन्द्र रूपको शहरीबस्ती-विशिष्टतालाई माखोपृंले निरन्तर रूपले विकसित गर्दै लग्दा यसको पनि हृदयस्थलमा (ईस्वीको बाह्रौं शताब्दीतिर) **त्रिपुर** र **युथुनिमम्** राजदरबारहरू बस्न आइसकेका थिए । तर यतिबेलासम्ममा धेरै परिवर्तनहरू भइसकेका थिए, पुराना कुराहरू पनि हराइसकेका थिए । *थंखोपृं, खृपुङ, माखोदुलुहरू* मात्र नभएर *माखोपृं* पनि विलाइसकेको थियो । माखोपृंका अनेक भागमा *सुगलद्वाखा* (सुकुलढोका), *त्रिप्रक्वछें* (टिबुक्छें), *चनिगल* (चासुखेल), *गोलमण्ड* (गोलमढी), *क्वाछें, तुपलाछें* (तुलाछें), *खनिम* (खौमा), लगायत *तलमंड* (टौमढी) नामका अनेक 'टोल' बस्तीहरू देखापरिसकेका थिए । 'खोपृङ्' पनि परिवर्तित भएर 'ख्वप' भइसकेको थियो । यसको पनि संस्कृत नामान्तर *भक्तग्राम/भक्तपुर/भक्तपत्तन* चलिसकेको थियो । अब यो समग्र नेपालमण्डलकै राजधानीनगर भइसकेको थियो ।



चाँगुनारायणको विष्णुगुप्तको शिलालेख (चित्र संख्या २)

यो शिलालेख लिच्छविकालका एक शक्तिशाली शासक विष्णुगुप्तको हो जो लिच्छवि राजासँगै संयुक्त राजा हुन पुगेका थिए र यस अभिलेखमा पनि उनलाई 'राजा' भनिएको छ । चाँगुनारायणस्थानमा पहिले भोगबर्माले धारा बनाउन लगाएका थिए । सो धारा कालक्रमले बिग्रेको हुनाले विष्णुगुप्तले फेरि दुईवटा धारा बनाउन लगाई यो शिलापत्र राख्न लगाएका थिए । चाँगुनारायणको विष्णुगुप्तको सो शिलापत्रका अभिलेख उद्धार गर्ने प्रथम विद्वान् धनवज्र वज्राचार्य हुन् । उनले **लिच्छविकालका अभिलेख**मा यसलाई प्रकाशित गरेका छन् ।[२७] आजभन्दा चार दशक अघि उनले सो शिलापत्रको पाठ पढेको बेलासम्म यो शिलालेख शायद टुक्रिएको थिएन भन्ने कुरा उनको यस शिलालेख बारेको विवरणबाट प्रकारान्तरमा थाहा हुन्छ । यो शिलालेख अहिले पनि चाँगुनारायणमन्दिरमै छ । वि.स.२०७२ सालको महाभूकम्प गएको केही दिनपछि चाँगुनारायणमन्दिरमा गएको थिएँ । त्यसबेला सो मन्दिरको मूलढोकाबाहिर पेटीमा राखिएको अवस्थामा यो शिलालेख हेर्ने अवसर पाएको थिएँ र त्यही क्रममा लिएको सो शिलालेखको फोटो यो हो । सो शिलालेख तीन टुक्रा भएको अवस्थामा छ। यहाँ यस शिलालेखको फोटोसहितको विवरण दिनुको मूल अभिप्राय इतिहासका अकाट्य स्रोत हाम्रा अभिलेख कति असुरक्षित रहेछन् भन्ने कुरा बोध गराउनका लागि मात्र हो ।



सुकुलढोकाको उत्तरलिच्छविकालीन खण्डित शिलालेख[२८] (चित्र संख्या ३)

२६ श्रेष्ठ, पूर्ववत्, पृष्ठ ४ ।

२७ धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत्, पृष्ठ ४५२ ।

२८ यो शिलालेखको (चित्रसहित) व्याख्या **पासुका**को अतिरिक्ताङ्क चैत्र १, २०५६ मा पहिलोपल्ट प्रकाशित गरेको छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भक्तपुर सुकुलढोकाटोलको व्यस्त बजारको एक पसलको पेटीमा, सो पेटी चढ्ने ढुङ्गाको रूपमा यसलाई प्रयोगमा ल्याइएको थियो । सोही पसलका साहुजीले देखाइदिएपछि पत्ता लाग्न आएको थियो । यसलाई पेटीमा छाप्ने डकर्मीले अभिलेख कुँदिएको भाग देखिने गरी छापिदिएका रहेछन् । उनलाई धन्यवाद छ । यसको अर्को खण्डित भाग भने हालसम्म पनि बेपत्ता छ । असुरक्षित अवस्थामा रहेको सो शिलालेखको चित्रसहितको कुरा **प्राचीन नेपाल**मा पनि प्रकाशमा आएपछि[२९] भने पुरातत्त्व विभागले त्यहाँबाट उठाएर ल्याई हाल राष्ट्रिय कला सङ्ग्रहालय, भक्तपुरमा प्रदर्शनमा राखिएको छ । त्यसका लागि पुरातत्त्व विभागलाई धन्यवाद छ । सो शिलालेखको मूलपाठ यसप्रकार रहेको छ :

१. श्रीमहावृजकरथ्या निवासीसत ....

२. न्तायदेयिहनम् माता पिता पुरोगा(मिन्) ......

३. पातुरं ध्विकोयतः ॥ द्विजानृप ......

४. त्यधिगते सम्वत्सर शतद्वये (वैशाख) ......

५. न्त (?) तगस्य कृतादोप शैलद्रोणी ......

६. शत त्रयम् ॥ श्रीपश्चिमाधिकर(ण)......

यो अभिलेख खण्डित भए तापनि उत्तरलिच्छविकालीन उपत्यकाको इतिहासका केही महत्त्वपूर्ण कुरा जान्न उपयोगी छ । यस अभिलेखमा आएका निम्न दुई कुरा विशेष महत्त्वका छन् **श्रीमहावृजिकरथ्या** र **श्रीपश्चिमाधिकरण** । श्रीमहावृजिकरथ्यानिवासी कुनै एक पुत्री/पुत्रले आफ्ना स्वर्गवासी माता पिताको स्मृतिमा सम्वत् २०० (वि.सं.८३३ वैशाख) मा ढुङ्गे जलद्रोणी बनाइदिएको कुरा यस शिलालेखबाट थाहा पाइन्छ । र, सो जलद्रोणीको हेरचाह श्रीपश्चिमाधिकरणले गर्नुपर्ने कुरा यसमा परेको छ ।

लिच्छविकालका अनेक अधिकरण (सरकारी कार्यालय) मध्ये एक पश्चिमाधिकरण पनि हो । यस अधिकरणले देवमन्दिरहरूको हेरचाह, धार्मिक काम कुरा लगायत झैझगडाहरूको छिनफान गर्दथ्यो भन्ने विदित हुन्छ ।[३०]

शिलालेखका प्रसङ्गमा, वृजिकरथ्याको पहिलो उल्लेख देउपाटनको कसाईटोलको नरेन्द्रदेवको शिलालेखमा आएको छ । र, यो दोस्रो हो । यस शिलालेखमा आएको वृजिकरथ्याको अघिल्तिर भने 'श्रीमहा' विशेषण पनि लागेको छ । यस अर्थमा श्रीमहावृजिकरथ्या उल्लेख भएको यो पहिलो शिलालेखको रूपमा देखिन आएको छ । प्राचीन नेपालका एक जाति वृजिक पनि हुन् । वृजिकहरूद्वारा निर्मित सडकसहितको देवस्थलमा बस्ने भन्ने अर्थ यसले निकालेको देखिन्छ ।

चाँगुको जलहरिको उत्तरलिच्छविकालीन अभिलेख
(चित्र संख्या ४)

चाँगुनारायणस्थानको पूर्वमा लिच्छविकालीन ढुङ्गेधारा (विष्णुगुप्तले बनाउन लगाएको) छ । सो धाराको उत्तरमा, बाटोको किनारामा फोहर मिल्काएर राखिएको ठाउँमा कैयन्कालदेखि परित्यक्त रहिआएको अवस्थामा देखिने एउटा जलहरि छ । सो जलहरिमा रहने देवता हराइसकेको छ र देवता रहने खोपिल्टा मात्र छ । सो जलहरिमा दुई पंक्तिको अभिलेख पनि कुँदिएको छ । संवत् २७१ अङ्कित सो अभिलेख धनवज्र वज्राचार्यले लिच्छविकालका अभिलेखमा प्रकाशमा ल्याएका छन् ।[३१] सो जलहरि

२९ पुरुषोत्तमलोचन श्रेष्ठ, 'भक्तपुरका असुरक्षित अभिलेख', **प्राचीन नेपाल**, १४७/२०५८, पृष्ठ ३२-३३ ।

३० धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत्, पृष्ठ ३४६ ।

३१ ऐजन, पृष्ठ ५९५ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(जलहरिआसन भएको देवताको मूर्ति) राजा श्रीबलदेवको राज्यमा संवत् २७१ (वि.सं.९०४) मा हुँ-हारलम्भले बनाउन लगाएको कुरा सो जलहरिमा कुँदिएको अभिलेखबाट जानिन्छ ।

जलहरिको सो चित्र मैले वि.सं.२०७० वैशाख ७ गते शनिवारको दिनमा लिएको हुँ। र, अहिले यो पंक्ति लेख्ने क्रममा त्यहाँ पुग्दा जलहरि भएको सो ठाउँमा पर्खालको एक भाग बनेको छ र जलहरिको अत्तोपत्तो छैन । शायद यो जलहरि त्यहीँ पुरिएको अवस्थामा होला । यही कुराको बोध गराउन चित्रसहितको यो जलहरिबारेको विवरण यहाँ दिनुपरेको हो ।

भक्तपुर राजदरबारस्थित जगन्नाथमन्दिरको पेटीमा छापिन पुगेको अभयमल्लको पालाको शिलालेख[३२] (चित्र संख्या ३)

भक्तपुर राजदरबारको पश्चिमट्टि चारधाममन्दिर छन् । तीमध्येको एक जगन्नाथ मन्दिर हो । इतिहासको कालप्रवाहमा यो मन्दिरले आफ्नो पुरानो मूल शैलीस्वरूप गुमाइसकेको र हाल जस्ताको छानाले छाएको एकतले मन्दिरको रूपमा रहन पुगेको छ । यो मन्दिर पूर्वाभिमुख छ । यसको तीन तहको पेटी छ । त्यसमध्ये तल्लो तहको पेटीको दक्षिण-पूर्व कुनामा यो शिलालेख पेटीको रूपमा छापिन पुगेको छ । मैले यो शिलालेख पत्ता लगाएको पनि सोह्र वर्ष भइसकेछ । त्यसअघि र त्यसपछिका वर्षहरूमा पनि किसानहरूले धान सुकाउन ल्याउँदा अभिलेख कुँदिएको यो शिलापत्रमा धान चुट्ने गरेको देखेको छु। घाम पानी हावाहुरी, मानवस्पर्शले मात्र नभएर शायद त्यसैकारण पनि यसका अक्षरहरू ठाउँ-ठाउँमा फुटेका र अक्षर उत्कीर्ण भागका पाप्रो समेत उप्किएका कारण केही अक्षरहरू पनि नष्ट हुनपुगेका हुन् भन्ने प्रतीत हुन्छ । अभिलेखको ठम्याउन सकिएको पाठ यस प्रकार छ :-

१. (श्रेयोऽस्तु?) म पञ्चम्यां मुनि वेदाग्निवत्सरे ।

२. (विष्णोः?)श्रीमन्नेपालस्य ...संस्कृताइमाः ॥

संवत्लाई अङ्कमा नभएर अक्षरमा प्रस्तुत गर्ने चलन पूर्वमध्यकालतिर पनि चलिरहेको कुराको एउटा नमुना यो अभिलेख पनि हो । यसमा उत्कीर्ण मुनि वेदाग्निवत्सरेले ने.सं.३४७ लाई बुझाएको छ । यो अभिलेख अभयमल्ल (ने.सं.३३६-३७५) को पालाको हो । अभयमल्लको लामो राज्यकाल आन्तरिक कलह, बाह्य आक्रमण, तथा प्राकृतिक विपत्ति (भूकम्प, अनिकाल, महामारी) ले आक्रान्त हुनपुगको दुर्भाग्यपूर्ण कालखण्ड थियो । ने.सं.३७५, आषाढ शुक्ल तृतीया, सोमवारको दिन विनाशकारी महाभूकम्प भएको थियो । सो भूकम्पमा परी तीन भागमा एक भाग प्रजासहित उनको समेत मृत्यु भएको थियो ।[३३]

उक्त शिलालेख भूकम्पअघिको हो । तत्कालीन समयमा, भक्तपुर दरबारक्षेत्रमा कुनै मन्दिर भत्के बिग्रेको हुँदा त्यसको पुनःसंस्कार वा जीर्णोद्धार गरी सोही अवसरमा, संस्मरणका लागि यो शिलालेख राख्न लगाएको विदित हुन्छ ।

सिद्धपोखरीको अनर्घमल्लदेवको पालाको शिलालेख[३४] (चित्र संख्या ३)

भक्तपुरको प्राचीन पोखरी सिद्धपोखरी हो । यो पोखरी भक्तपुर नगरपालिका, वडा नं. १,

३२ चित्रसहित, यस शिलालेखवारे पहिलोपल्ट 'भक्तपुरका असुरक्षित अभिलेख' शीर्षक लेखमा, **प्राचीन नेपाल**, १४७/२०५८, पृष्ठ ३०-३१ मा प्रकाशित गरेको छु ।

३३ **गोपालराजवंशावली, ३८ पत्र ।**

३४ योगेशराजद्वारा **पासूका**, वर्ष ३ अंक ४ (पौष,०५५) को पृष्ठ ५ मा पहिलोपल्ट यो अभिलेख छापिएको छ । मैले पनि **प्राचीन नेपाल**, संख्या १४७, असार २०५८ को 'भक्तपुरका असुरक्षित अभिलेख' शीर्षकको लेखमा चित्रसहित प्रकाशित गरेको छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दूधपाटीटोलमा रहेको छ । यस पोखरीको चारैतिर लिच्छविकालदेखि शाहकालसम्मका प्रस्तर मूर्ति, शिवलिङ्ग, चैत्य लगायत शिलालेखहरू छन् । तीमध्ये पोखरीको पूर्वपट्टिको घाटमा शिवलिङ्ग, चैत्य लगायत पेटी-पर्खालका खोपाहरूमा अनेक कालका मूर्तिहरू (गणेश, वराह, उमामहेश्वर, सूर्य, चतुर्बाहु विष्णु आदि) लगायत सबै अक्षरहरू खिइसकेको, पढ्नै नसकिने, आजसम्म प्रकाशमा नआएको पूर्वमध्यकालतिरको एउटा शिलापत्र पनि रहेको छ । त्यसैगरी सो घाटको पेटी प्रस्तरले छापिएका छन् । त्यसरी छापिएका प्रस्तरहरूमध्ये अनर्घमल्लदेवको पालाको अभिलेख कुँदिएको एउटा लाम्चो प्रस्तर पनि पेटी छाप्ने ढुङ्गाको रूपमा छापिन पुगेको रहेछ । यो कुरा आजभन्दा १९ वर्ष अघि योगेशराजले त्यसको अभिलेख प्रकाशमा ल्याएपछि थाहा हुन आएको हो । अभिलेख पनि राष्ट्रको निधि हो । धन्यवाद छ त्यो कामदारलाई जसले सो प्रस्तरको अभिलेख कुँदिएको अमूल्य भागलाई जमिनतिर नफर्काइ आकाशतिर फर्काएर छापिदिए । योगेशराजले सो अभिलेख प्रकाशमा ल्याएको तीन वर्षपछि मैले सो अभिलेख अध्ययन गरी पुनः प्रकाशमा ल्याउने क्रममा, त्यहाँ आउने सबैले सो अभिलेख भएको भागमा टेक्ने कुल्चने गरेको देखेर, ज्यादै असुरक्षित हुनपुगेको महसुस गरी त्यहाँबाट उठाउन लगाएर पहिले सूर्य र चन्द्रको मूर्ति राखिएको खोपामा राख्न लगाएको हुँ । सो अभिलेख अहिले पनि त्यहीँ छ, सुरक्षित छ । प्राचीन नेवारी लिपिमा कुँदिएको सो अभिलेखको मूलपाठ यस प्रकार छ :-

१. (श्रेयोस्तु) सम्वत् ३६४ व्वैशाखशुदि ४ राजाधेराजप्रमेश्वरे

२. अणर्घमालदेवस्य विजयराजे ताडाराग क्षेत्रकृते

सिद्धपोखरीमा फेलापरेको यो हालसम्मको सर्वप्राचीन अभिलेख हो । र, पूर्वमध्यकालका थोरैमात्रामा पाइएका अभिलेखहरूमध्येको एउटा यो पनि हो भनी मान्न सकिन्छ । यताबाट पनि यस अभिलेखको महत्ता बोध हुन्छ ।

सिद्धपोखरीको एउटा प्राचीन नाम 'इन्द्र सरोवर' वा 'इन्द्र दह' हो । यस पोखरी बारेको पछिल्लो अन्वेषणबाट, पूर्वमध्यकालका एक शक्तिशाली युवराज महेन्द्रदेव/इन्द्रदेवले ने.सं.२३९ (वि.सं.११७६) मा यो पोखरी बनाउन लगाएका थिए भन्ने कुरा देखिन आएको छ ।[३५] त्यसपछिका अनेक कालखण्डमा यो पोखरीको जीर्णोद्धार एवं सुन्दरीकरण गर्ने काम भइरहेको देखिन्छ । यस कुराको एउटा उदाहरण उक्त अभिलेखबाट पनि मिल्छ । राजा अनर्घमल्लदेवको राज्यकालमा, ने.सं.३६४ (वि.सं.१३०१) वैशाख शुदि ४ मा तलाउक्षेत्र निर्धारित गरिएको कुरा उक्त अभिलेखबाट थाहा पाइन्छ ।

हालसम्म प्राप्त ऐतिहासिक सामग्रीहरूमा, अनर्घमल्लदेवको उल्लेख गोपालराजवंशावलीको ३६-३७ पत्रमा, तत्कालीन तिरहुत राज्यका डोय राजा रामसिंह स्वयंले आफ्नो फौजको नेतृत्व गरी भक्तपुरमा आक्रमण गर्न आएको प्रसङ्गमा[३६] र, त्यसैगरी यस शिलालेखमा मात्र आएको छ । यी दुवै स्रोतमा उनलाई 'राजा' भनिएको छ । यो कुरा महत्त्वपूर्ण छ । उनका समकालिक अभय मल्ल (ने.सं.३३६-३७५) हुन् । त्यसबखत राजा अभयमल्लको पनि शासन चलिरहेको कुरा यस विषयका अन्य ऐतिहासिक स्रोतका आधारमा थाहा पाइन्छ । अभागी राजा अभयमल्लको राज्यकाल आन्तरिक कलह, आक्रमण-प्रत्याक्रमण एवं प्राकृतिक विपत्तिले समेत भयानक रूपमा आक्रान्त हुनपुगेको थियो । र, ऐतिहासिक स्रोतहरूको तुलनात्मक अध्ययनबाट त्यसबखत अभयमल्ल र अनर्घमल्लको संयुक्त शासन

---

३५ पुरुषोत्तमलोचन श्रेष्ठ, 'भक्तपुरका असुरक्षित अभिलेख', **प्राचीन नेपाल**, १४७/२०५८, पृष्ठ ३२-३३ ।

३६ Dhanavajra Vajracharya, Kamal P.Malla, **The Gopalrajvamsavali,** Nepal Research Centre, Kathmandu : 1985, 36-37 folios, pp.92-93.

'स ३६४ जेष्ठ कृष्ण प्रदीपदा खंडाधार गुंस डोय लासन वल्यम् धाङ्घ याङ तल म्वण्ड ड्यङा द्वंल आहु रामसिंह राजास कटकःचोछें जगतव्रम भाटो धाङ्घस डव । लिज जय जुव जात्रा याङ लास्यं वया राजा श्रीअनर्घमलदेवस ।' (ने.सं.३६४ (वि.सं.१३०१) ज्येष्ठ कृष्ण प्रतिपदाको दिन, खण्डाधार डाँडोमा डोयहरू लड्न आए । (उनीहरूलाई) रोकेर राखियो । धेरै मानिस काटिए । दल-मुखियाका रूपमा राजा रामसिंह लड्न आएका थिए । रोकिराख्नेहरूमा चोछेंका भारादार जगतब्रम्ह पनि थिए । पछि जित भयो । (अनि) राजा श्रीअनर्घमल्लदेव जात्रा गरी फर्केर आए ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चलिरहेको र माथिका प्रमाणबाट भने विशेषगरी भक्तपुरभेकबाट अनर्घमल्लले शक्तिशाली राजाका रूपमा शासन गरिरहेको प्रतीत हुन्छ ।

सिद्धपोखरी निर्माण भएको १२५ वर्षपछि अर्थात् ने.सं.३६४ मा अनर्घमल्लदेवको राज्यकालमा सो पोखरीको क्षेत्र निर्धारित गरिएको थियो भन्ने कुरा यस शिलालेखबाट थाहा पाइन्छ । पोखरीको सुरक्षा र संरक्षणका लागि यसो गरिएको हुनुपर्छ । त्यसैगरी सिद्धपोखरीको क्षेत्र निर्धारण-सम्पन्न भएको एक महिना पनि बित्न नपाउँदै डोयहरूले तत्कालीन नेपालमण्डलको राजधानीनगर भक्तपुरमा भयङ्कर आक्रमण गरेका थिए । त्यसको प्रत्याक्रमण राजा अनर्घमल्लदेवले चोछें (भक्तपुरको चोछेंटोल) का भारादार जगतब्रम्हसित मिलेर गरेका थिए । सो युद्धमा धेरै मानिस काटिए । र, अन्तमा जीत अनर्घमल्लदेवकै भयो । राजा रामसिंहको हार भयो । त्यस खुशियालीमा अनर्घमल्लदेव जात्रा गरी फर्के । यो कुरा गोपालराजवंशावलीको ३६-३७ पत्रबाट थाहा पाइन्छ ।



पाँचतले मन्दिरको प्रतिष्ठासम्बन्धी शिलालेख
(चित्र संख्या ४)

भक्तपुर राजदरबारको मूलचोकको उत्तरपट्टि खुला आकाशमुनि एउटा मल्लकालीन इनार छ । इनार भएकै हुँदा सो ठाउँ 'तुंथिचुक' भनी प्रसिद्ध रहिआएको छ । सो इनारसँगै उत्तरमा दरबारको सुरक्षार्थ खटाइएका सैनिकहरू बस्ने क्वार्टर छ । सो क्वार्टरमा जानको निमित्त यताउता छरिएका वास्तुकृतिका अवशिष्ट ढुङ्गाहरू बटुलेर बनाइएको एउटा सानो ढुङ्गेसिँढी छ । सोही ढुङ्गेसिँढीमा टेक्नका लागि प्रयोगमा ल्याइएको एउटा प्रस्तरखण्डमा दुई पंक्तिको निम्न अभिलेख कुँदिएको छ :-

१. डातापोलल प्रतिष्ठा या (डा)

२. सं ८२२ आषा शु १

पाँचतले मन्दिरको प्रतिष्ठावारेमा प्रकाशमा आएको हालसम्मकै यो पहिलो शिलाभिलेख प्रमाण हो । यसैले यसको महत्त्व बेग्लै छ । पाँचतले मन्दिरको प्रतिष्ठा ने.सं.८२२, आषाढ शुदि १ मा भएको कुरा यस प्रमाणबाट थप पुष्टि मिलेको छ । भक्तपुर राजदरबार बारेमा स्थलगत अन्वेषण गर्ने क्रममा यो फेला परेको थियो । त्यसबखत सैनिकहरू सिँढीको रूपमा प्रयुक्त यसै प्रस्तरखण्ड शिलालेखमा बूट बजार्दै आउने जाने गर्दथे । प्राचीन नेपालमा यस बारेको कुरा प्रकाशमा आएपछि[३७] भने यो शिलालेख त्यहाँबाट उठाएर राष्ट्रिय कला सङ्ग्रहालयमा लगी प्रदर्शनमा राखिएको छ ।

असुरक्षित शिलालेख यत्रतत्र छन् । इतिहास र संस्कृति हेर्ने ऐना अभिलेख हो । अभिलेख हाम्रा पुर्खाका निधि हुन् र आज ती हाम्रा पुर्खाका मात्र नभएर राष्ट्रकै निधि हुन्, हाम्रा पहिचान हुन् । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो । **राष्ट्रिय अभिलेखालय**बाट प्रकाशित हुने **अभिलेख**को पार्श्वभागमा प्रकाशित हुने गरेको निम्न सन्देशमूलक विचार यहाँ स्मरणीय हुन आउँछ :-

'ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका **संवाहक अभिलेखात्मक सामग्री मानवीय ज्ञानसम्पदा हुन् । यसको जगेर्ना गर्नु हाम्रो कर्तव्य हो । अभिलेखको संरक्षण गरी राष्ट्रको गौरव जोगाई राखौं ।'**

***

---

३७ चित्रसहित, यस शिलालेखबारे पहिलोपल्ट 'भक्तपुरका असुरक्षित अभिलेख' शीर्षक लेखमा, **प्राचीन नेपाल**, १४७/२०५८, पृष्ठ ३५-३६ मा प्रकाशित गरेको छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नेपालमा हस्तलिखित ग्रन्थका श्रोत र उल्लिखित संवत्हरूको नाउँको वास्तिवकता

- तारानन्द मिश्र*

नेपालमा ऐतिहासिक काल अलि पछि मात्र आएको तदन्तर भौतिक, आर्थिक, राजनैतिक संगठन तथा शिक्षासँगै लेखन प्रक्रियाको सुरूवात पहिलो श.ई. देखि भएको पाइएको छ । यद्यपि नेपाल देशको केन्द्रस्थल यस नेपाल मण्डलभित्र महत्त्वपूर्ण ठाउँहरूमा पुरातात्विक उत्खनन पर्याप्त नभएको हो तथापि भएको उत्खननको परिणाम स्वरूप यहाँका अभिलेख, मूर्तिकला, वास्तुकला, मुद्रा आदिको प्राप्ति मनमानेश्वरी मन्दिर उत्खनन, हाँडिगाउँ र पशुपति भण्डारखाल, चावहिल र दक्षिण कोलीग्रामको चैत्य उत्खनन तथा संरक्षणको सिलसिलामा पहिलो श.ई. कालका ब्राह्मी लिपि अंकित अभिलेख, कुषाण मुद्राहरू पाइएका छन् । त्यस्तै ई. १८५ (संवत् १०७, ता.न. मिश्र, प्रा. नेपाल १९५, ६-७) अभिलिखित कुषाण शक ब्राह्मी लिपिमा राजा जयवर्माको सालिक पादलेखका साथै चावहिलका ब्राम्ही लेखबाट नेपालमा सबैभन्दा पहिलो पटक लिखित अभिलेखको शुरूवात भएको प्रमाणित हुन्छ । यसै पाद्लेखले संवत् १०७ मा पनि यहाँ संवत्को प्रचलन शुरू भएको हो भन्ने बोध गराउँछ । यस अभिलेखलाई नेपाल र इटलीका समेत लिपि विशेषज्ञहरू (गार्विनी, East-west 46, 1996, 299-317, शंकरमान राजवंशी र श्यामसुन्दर राजवंशी, १९९३,१) ले प्राप्त मूर्तिकलाको दृष्टिकोणबाट कुषाण कलाशैलीका, हाँडीगाउँ उत्खननबाट पहिलो श.ई.को तहबाट कनिष्कको 'बोदो(बुद्ध) लेख र मूर्तिका साथै मथुराको रातो बालुवाढुंगाबाट निर्मित तौल अथवा व्यायाममा प्रयोग हुने ढुंगा, हाँडिगाउँ र भण्डारखाल बँगैचाबाट पाइएका कुषाणकालका भाडाकुँडा, पाको माटोको प्राप्तिले समेत यसलाई पहिलो -दोस्रो शताब्दीको भएको प्रमाणित गर्दछ ।[१]

लिच्छविकाल (४००-७३५ ई.) मा भारतको गुप्तलिपि र नन्दिनागरीबाट प्रभावित शिलालेखमा पनि शक संवत् अपनाइएको र मुद्रा पनि गुप्त भन्दा कुषाणकालको अनुकरण गरी निर्माण गरिएको पाइन्छ । यद्यपि पशुपति देवपाटनका कसाईटोलको अभिलेख (संवत् ५७) मा ताम्रलेख (ताम्र शासने लिखिता) को कुरा आएको छ तर हालसम्म लिच्छविकालका कुनै ताम्रपत्र पाइएको छैन । न त लिपिबद्ध भएका कुनै हस्तलिखित ग्रन्थ

* वरिष्ठ पुरातत्त्वविद्

१ G. veradi, Excavations in harigaon, 1992, 113-115; Deva, 1984, 15; L.S. Bangdel, Early sculptures of Nepal, 1982, Delhi, Bangdel, Early sculptures of kath, Valley, in Study of iconography of kath. Valley, DoA 1996 Chapt – I. T.N. Mishra, Ancient Nepal, No. 195, 2017, 3-10.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पाइएका छन् ।[२]

विहारमा नालन्दा, विक्रमशिला, ओदन्त पुरी, बोधगया, उडिशाका जगदलविहार, पहाडपुर (पूर्वी बंगाल) मा पाँचौदेखि एघारौं श.ई. सम्ममा अनेक विश्वविद्यालयहरूको स्थापनाले नेपाल र तिब्बतमा समेत लेखन तथा अध्ययनको परम्पराको थालनी भयो । नेपालमा लेख्ने क्रम दोस्रो श.ई. मा लिच्छविकालदेखि र तिब्बतमा छैठौं-सातौं श.ई. देखि शुरू भएको थियो । यद्यपि राजा जयवर्माको राजमूर्ति अभिलेख र चावहिल स्तूपका ब्राह्मी अभिलेखको निरन्तरता प्राप्त भएको छैन ।

प्राप्त प्रमाणको आधारमा लिच्छविकालको प्रथम प्रामाणिक राजा मानदेवको अभिलेखहरू, उनका चाँगुविजय स्तंभ लेखमा नेपाललाई तीन प्रदेशमा विभाजन गरिएको, युद्ध विद्या आर्जन गरेको राजनीति, सबै कला, वास्तुकला, सामाजिक नियम-मर्यादा, चावहिलको स्तूप लेखमा महायान सम्प्रदायबारेको चित्रण, बुद्धका मूर्तिपूजा, संघको स्थापना,जातक कथाहरूको चित्रण गर्ने आदिबाट नेपालमा विभिन्न धर्मशास्त्र, तिनको दर्शन, शासन संगठन र सञ्चालय, व्यापार, उद्योग आदि सबै क्षेत्रमा भएको उन्नतिबारे जानकारी दिन्छ । यस किसिमको ज्ञानको विकास, अध्ययन र लेखन विना सम्भव छैन । यो सबै सूचना दिने एक मात्र साधन, शिलालेखमा कूँदिएर हामी सम्म सुरक्षित रहेको छ । मानदेवको चाँगु अभिलेख, सत्यनारायण मन्दिरको अनुपरमको अभिलेख, शिवदेव-अंशुवर्माको लेले अभिलेखका साथै जयदेवको पशुपति अभिलेख जस्ता प्रौढ संस्कृतका काव्यमय लेख हुन् । भारतका समुद्रगुप्तका ३३०-४० ई. तिरको प्रयागका अभिलेखका रचनाकार थिए हरिषेण,भारतका राजा पुलकेशिनका शक संवत् ५५६ (ई.६३४) का रचनाकार थिए रविकीर्ति, कर्णाटक राजा नान्यदेवका समकालीन बंगालका राजा लक्ष्मणसेनका देवपाडा प्रशस्तिका लेखक थिए उमापतिधर । नेपालमा जयदेवको पशुपति लेख (संवत् १५७) का रचनाकार प्राज्ञ जयदेव तथा बुद्धकीर्ति थिए । श्री अनन्तशयनम अल्टेकरले उत्तरी भारत, नेपाल भएर तिब्बत आउने जाने प्रख्यात विद्वान्हरू छैठौंदेखि तेह्रौं शताब्दीसम्ममा सयौंको संख्यामा रहेका थिए भन्ने लेखेका छन् (अल्टेकरको ऐति. टिप्पणी, धर्मस्वामीको जीवनी, २००४,पृ.१) ।

श्री जनकलाल वैद्य र श्री काशीनाथ तमोटको अभिलेख पत्रिकाका लेखहरूबाट मल्लकालमा वास्तुग्रन्थहरूको खोजीका लागि भारतका अनेक प्रदेशहरूमा विद्वानलाई पठाइने गरिन्थ्यो भन्ने सूचना पाइन्छ ।[३] दक्षिण भारतका मायामत, राजस्थानबाट अनेक वास्तुग्रन्थ, गुजरात, महाराष्ट्र, मथुरा र पाञ्चालक्षेत्रबाट आयुर्वेदका ग्रन्थहरू मल्लकालमा यहाँ ल्याइएका छन् । आचार्य मिल्हणका चिकित्सा मृतग्रन्थमा मथुरा क्षेत्र र सुरसेन देशका कविराज मिल्हण, मालवा (मध्य भारत)का अर्जुन वैद्य र कविश्वर मदन (मदन निघण्टु, आयु. सूची, २०५९, ३०) उत्कल (उडिशा)का माधवका ग्रन्थहरू नेपाल मात्र नभएर मिथिलामा पनि प्रख्यात छन् । त्यस्तै यहाँ रहेका भोजका चारूचर्या आयुर्ग्रन्थ, टोडर मल्ल सम्राट

२ स्मरण रहोस, भारतमा गोरखपुरको सहगौरावाट तेस्रो श.ई. पूर्वका ताम्रलेख पाइएको छ । भारतका सम्पूर्ण क्षेत्रवाट ३००, २००,१०० ई. पूर्व देखि कुषाण-गुप्तकाल (१०० देखि ६०० संवत्का अभिलेखहरु छन् ।

३ जनकलाल वैद्य रा.अभि. नेपालभाषा ग्रन्थसूची २०५८, काशीनाथ तमोट, अभिलेख पत्रिका अंक २९, २०६८, पृ.३७-३९ आदि । गो.राज.वंशा. पत्र २९ र ६२ मा भैरवानन्द नाटकको रचना कर्नाटकी- मिथिलाको भारदारले लेखेका ग्रन्थ ल्याएर त्यसैको आधारमा भारादारहरु मानिक झा र उनका सहोदर (एकै उदर-पेटका जन्मेका भाइ) जीवा झाले धर्मदेव ठाकुरको विहाका लागि भैरवानन्द नाटक लेखेका थिए (प्याखन भैरवानन्द । थ्व ग्रन्थ हनाचा डोभासन चोड्खसोस्य, एक ग्रन्थदेका पाण्डया-मनकुभारोस सउदरउझा जीवा भारोस)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अकबरका वित्त मन्त्रीका ग्रन्थ, टोडरानन्द वैद्यक र उनका ज्योतिषशास्त्रका ग्रन्थहरू दिल्लीबाट नेपाल मण्डलमा ल्याइएका थिए । नालंदा, विक्रमशिला र ओदन्तपुरी, वनारसका विद्यालयहरूका ग्रन्थको संख्या अधिकतम रूपमा नेपालमा छ । यी बाहेक नेपालको पंचगौडसँगको सम्बन्ध वैवाहिक, युद्ध, सहयोग र पुस्तकको आदान-प्रदानमा उल्लेखनीय रहेको थियो । यी पंचगौडको उल्लेख स्कन्दपुराणमा[४] भएको छ जसमा सरस्वती उपत्यकाबासी, कान्यकुब्ज (पांचाल क्षेत्र), गौड (बंगाल), मिथिला तथा उडिशा देशहरूका निवासीहरू, त्यहाँका देवस्थल, धार्मिक विश्वास, धर्मस्थल भ्रमण र ती देशहरूमा सिर्जित प्राज्ञिक रचनाको आदान-प्रदान धेरै भएको, यी देशमा परस्पर घनिष्टता तथा यसको प्रभाव नेपालमा अत्यधिक पाइन्छ । जस्तो नेपालको मध्यकालमा जस्तै बौद्ध,शैव, वैष्णव-पुष्य सौर्य र केही मात्रामा जैन सम्प्रदायको प्रभाव उडिशामा पनि थियो । मध्यकालका उडिशामा पुरी जिलाको केन्दुली जिलामा जन्मेका जयदेव, चैतन्य महाप्रभुका पूर्वज पनि पन्ध्रौं शताब्दीमा कटक जिलाको तेजपुरबाट बंगाल गएका थिए तर पछि फेरि १५१७ ई.मा पुरीमा फर्केर गएका थिए । भगवान् जगन्नाथलाई कृष्ण र विष्णुका अवतार मानिन्छ र जैन उपासकहरूले उनलाई पुरूषोत्तम नाउँले सम्बोधन गरेका छन् । उनको मन्दिर नेपालको अनेक ठाउँमा निर्मित भएका छन् । जगन्नाथ-पुरीको दर्शन गर्न नेपालका साथै बंगाल-विहारका हिन्दु र शैव, सवर र जनजाति सम्प्रदायका मानिसहरू बराबर जाने गर्दथे । जगन्नाथको दर्शन- उपासना गर्न ८०० ई. मा जगत्गुरू शंकराचार्य, रामानुजाचार्य, निम्बार्क बल्लवाचार्य, विष्णुस्वामी, रामानन्द, श्रीकवीर, नानक र शंकरदेव पुरीमा गएका थिए । नेपाल जस्तै उडिशाका भीमकरवंशका राजाहरूले - परमवैष्णव, परम माहेश्वर र परमसौगत उपाधि लिएका थिए ।

नेपालमा संग्रहित ग्रन्थहरू आठौं-नवौं श.ई. देखिका छन् । सुश्रुत संहिताको संवत् ३०१ मा नन्दिनागरीमा लेखिएको ताडपत्र ग्रन्थ छ । यो ग्रन्थ मानदेव संवत्को नभएर अंशुवर्माले कैलासकुटबाट संवत् २९ (जोशी, २०३०, २६९ कैलासकुट भवनात् संवत् २९ ज्येष्ठ शु. दशभ्याम्) मा पहिलो नेपाली राजाले जारी गरिएको संवत् कै निरन्तरता हो (पेटेक, १९८४, २९, धनबज्र २०३०, ५९९) र तदनुसार भएको मिति ई. संवत्मा ८७८-८७९ हुन आएको छ । राष्ट्रिय अभिलेखालयमा संवत् १९२ आषाढ बदी ३ (ई.संवत् १०७२) मा लेखिएको ग्रन्थ छ अश्ववैशक शास्त्र -आयु. सूची २०५९, ९२) । वास्तुको एउटा ग्रन्थ राष्ट्रिय अभिलेखालयमा छ किरणतन्त्र जुन ने.सं. ४२ (ई.सं. ९२१) मा लेखिएको छ । लंकावतार ग्रन्थको रचना १०० ई.पूर्व अथवा १०० ई.सं. मा भएको थियो, त्यसको ने.सं. २८ (ई. ९०८)मा गुप्ताक्षर नेपालाक्षरमा प्रतिलिपि गरिएको ग्रन्थ राष्ट्रिय अभिलेखालयमा छ (वेज. सूची. १९८९, २५८, आयु. सूची, २०५९ पृ. ६४) । यस्तै भारतको बुंदेलखण्डको जेभ्ढौतीबाट महासामन्त रत्नदेवको धुलिखेलमा शासन अवधिमा चरक-संहिताको प्रतिलिपि भएको थियो। यस ने.सं. ३०३ (ई. ११८३) को यस ग्रन्थमा लेखक कायस्त पंडित रत्नपालको उल्लेख छ (आयु. सूची २०२१, पृ. २१) । माथिका विवरणबाट यो थाहा हुन्छ कि यहाँका हस्तलिखित ग्रन्थको प्रतिलिपि आठौं - नवौं श. मा शुरू भएको थियो, यो क्रम नेपाल उपत्यकाको लिच्छवि शासन पछि र जयस्थिति

४ डा. वंशिधर मोहन्ती, उडिया आ मिथिलाक सम्वन्ध, घर - वाहर चेतना समिति, पटना, अप्रिल जुन, २०१०, ४, सारश्वतः कान्यकुब्जी गौडो मैथिल उत्कलः । पंचगौड इति ख्याता विन्ध्यस्योत्तर वासिनः मिथिलाका (ओइनवार) मैथिल १५ हौं शताब्दिका राजा शिवसिंह जसका राजकवि विद्यापति उनका प्रधान मन्त्रि पनि थिए, ले उनलाई पंचगौडेश्वर विरुद्धवाट सम्वोधन गरेका छन् (R.K. Chaudhary, Hist of Muslim rule in Tirhut, Varanasi , 1970,27)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मल्लको शासन (१४ औं श.ई.) का माझको अति संक्रमणकालमा पनि कायम थियो । त्यस पछि चौधौं श. ई. देखि उपत्यकालाई शाह शासनको कब्जा अगाडि १७६८-१७६९ (ने. सं. ८८८ भाद्र शुक्ल चतुर्दशी र भक्तपुरमा ने.सं. ८९० कार्तिक) सम्म मल्ल राजाहरूले मिथिला समेत पंचगौडका देशहरूबाट अत्यधिक संख्यामा ग्रन्थहरूको प्रतिलिपि र मूलग्रन्थसमेत उपत्यकामा ल्याएका थिए । ग्रन्थ लेख्ने र प्रतिलिपि गर्ने सिलसिलामा शाहकालमा समेत अलि न्यूनरूपमा कायम रह्यो ।

नेपालमा प्रचलित संवत्हरू र शंखधरको परिचय

नेपालमा रहेका हस्तलिखित ग्रन्थ र अभिलेखहरूमा लेखिएका संवत् चलाउने राजकीय व्यक्तित्वहरूका विवादित नाउँ बारे सही जानकारी पाएर आश्चर्य लाग्ला । हाम्रा ग्रन्थ अभिलेखहरूमा सबभन्दा बढी शक संवत्, त्यस पछि विक्रम संवत्, अंशुवर्मा संवत्, नेपाल संवत्, सीमित संख्यामा शंखधर नेपाल संवत् लेखिएको, बुद्ध निर्वाण संवत्, लक्ष्मणसेन संवत् र कलिगत संवत्[५] पाइने गर्दछ । यी सम्वत् मध्ये सबभन्दा बढी प्रयोग शक संवत्को भएको क्षेत्र नेपाल र मिथिला हो । यसको कारण थियो प्राचीन मिथिला र नेपालमा युह-ची वंशका राजा र तिनका प्रान्तीय प्रशासकहरूको यस क्षेत्रमा प्रत्यक्ष शासनकालमा हिन्दु र बौद्ध धर्मको प्रचार-प्रसार, मूर्ति र वास्तुकलाका साथै मुद्रा निर्माण, उद्योग व्यापारको तथा उत्तरापथ भएर यातायातको राम्रो व्यवस्था र सम्पन्नता खास गरी नेपाल मण्डलबाट कुषाणका प्रशासकहरू वर्मा र गुप्त आभीरहरू मथुराबाट कुशाण मूर्तिको आयात र कुषाण कलाशैलीको पहिलो पटक निर्मित यही शांखु क्षेत्रको वालुवा ढुंगा (sand stone) को वैष्णव, मातृका, सौर्य र शैव सम्प्रदायको मूर्तिहरू पहिलो देखि चौथो ई. सम्म गरेका थिए ।[६] नेपालमा कुषाण संवत् वर्मा-आभीरकाल, लिच्छवीकाल, संक्रमणकाल, मल्लकाल र शाहकालसम्म प्रचलनमा थियो ।

अब शक संवत्का नाउँ परिवर्तन, समय र संवत् चलाउने राजाका बारे विचार गरौं । शक संवत्को प्रचलन गर्ने युहची शाखाको कुषाण राजाको शासन-टर्की,चीन सीमाबाट अफगानिस्तान, इरान, पंजाब-राजस्थान हुँदै दक्षिण-पश्चिम भारत, मथुरा, पांचाल प्रदेश र गंगाको मध्यपूर्वका घाटीसम्म तथा नेपालको काठमाडौं-तराईको कोशीनदी क्षेत्र (सप्तरी) सम्म प्रसार भएको पाइन्छ । तिकौराकोट-प्राचीन कपिलवस्तुनगर कुषाण शासकको पूर्वी शासन केन्द्र रहको अनुमान गर्न सकिन्छ किनभने उनले प्राचीन नगरको पुनः पर्खाल, द्वार, प्रशासनिक भवनका साथै त्यस नगरमा कुषाण मूर्तिकला, कुषाण मुद्रा, बुद्ध-बोधिसत्व मूर्तिहरू, अभिलेखित मुद्रा (Seals-sealings) निर्माण गरी लुम्बिनी, कुशीनगर, पिपरहवा, परासी-पंडितपुर (रामग्राम) देखि कोशीसम्म शासन गर्ने गर्दथे भन्ने अनुमान गर्न सकिन्छ । कुषाण मुद्राहरू नेपाल उपत्यका, कपिलवस्तु, चितवन, रौतहटको रंगपुर (चन्द्रनिगाहपुरको पश्चिम) र जनकपुरसम्म पाइएको छ । उनका राजाहरू कुजुल कद फाइसस, वीम तक्तो, वीम कडफाइसस, कनिष्क, हुविष्क आदि

५ रा. अभि. को कोषसूची, ९,२०२६, पृ.२५, अमरकोष, समय श्री शाके संवत् १७४३ (श्री.वि.सं.) संवत् १८७८ नेवार (ल) समवत् (सम्वत्) ९४१ फागुन । पुराणेतिहास सूची -८, पृ.७६, मैथिली लिपि, ल.सं. ३३९ महाराजाधिराज मदनदेवस्य राज्ये रुचिनाथेन लिखितम् । सूची, पुराणेतिहास, ८, २०२५ महाभारत, पृ. १७६, मैथिलिलिपि, ल.सं. ३८८ । पुराणेतिहास सूचि, ८, २०२५,पृ. २४८, वराहपुराण, मैथिलीलिपि, शाके १६५० । सूचि पुराणेतिहास २०२५, पृ. ३३२-३३४, इत्यग्निवैश्यमुनिकृत रामायणं (आग्निवेशको समय ५०० ई. पूर्व हो), श्री शाके १७१५,।

६ L.S. Bangdel, The early sculptures of Nepal, New Delhi, 1982; Bangdel, Early sculptures of Kathmandu valley, in the study of Iconography of Kathmandu valley. DOA 1996; T.N. Mishra, Dated figure of king Jaya Varma, Ancient Nepal, No 146, PP./-23.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भएका थिए । माथिका नाउँहरू अफगानिस्तानको रबटक प्रस्तरलेखमा पाइएका छन् ।[७] कुषाणशासन कालका उनका प्रख्यात नगर बस्तीहरू तक्षशिला, पेशावर (पुरूषपुर, कनिष्कको राजधानी), उत्तरी अफगानिस्तान, दक्षिण उज्वेकिस्तान, ताजकिस्तान आदि ठाउँमा छन् । कुषाण संवत् चलाउने ७८ई.का राजा कनिष्क थिए र यो संवत् उनको राज्यारोहणको अवसरमा चलाइएको थियो । किन यो संवत्को नाउँ शक संवत् रहन गयो भने उनका अधिकांश प्रशासनहरू शक थिए र तिनले अनेक ठाउँबाट आ-आफ्नै नाउँबाट र शक पदवी हालेर यो संवत् चलाएका थिए ।[८] त्यसैले यसको नाउँ कुषाण संवत्को सट्टा शक संवत् प्रख्यात भयो । कनिष्क संवत् ७८ ई. मा चलेको थियो भन्नेबारे विद्वान्हरूमा धेरै विवादहरू छन् । केही विद्वान्ले ७८ ई. लाई मानेका छैनन् र उनीहरूको विचारमा यो संवत् १२७ ई. देखि चलेको थियो ।[९]

७ Kusha, Kushano-Sasanion and kidarite coins - Sims – Williams 1995-1996, 1998-2008, Errington and curtis, 2007, 63-72; quoted by David jongeward and joe cribb with Piter Donovan, A catalogue of coins from American numismatic society, New York, 2014.

८ नेपालका हस्तलिखित ग्रन्थहरुमा पनि केही उल्लेख पाइन्छ - साहित्य काव्य सूची, २०२५, १७४-१७५ चतुर्भुजको हरिचरितकाव्य 'शकस्य वर्षे'योग संग्रह, आयुर्वेद सूची, २०२१ पृ. ५१ , 'संवत् १७१९ वर्षे शाके १५ प्रवर्तमाने' आयु. सूची २०२१, पृ. १०४-१०५, श्रीमहिन्दसेन कृते सारसंग्रहे (सालिहोत्रे) श्री शाके १७३४ श्री सम्वत् १८९७ अषाढ । वौद्ध सूची २०२३, पृ. ११०-१११, शक नरपते रतीताव्दा ११८९ फागुनवदि १२ गुरौ लिखितं ।

९ A catalogue of coins from American Numismatic society New York, 2014, PP. 3-4, 'Kanishka I has generated the widest attention across the spectrum of cultural , political and religious history as well as in numismatics. There has been a long running controversy over its start date. This has been resolved and the kanishka era, has been (now placed) in the second A.D. based on falks analysis of a reference to the second century A.D. as the kushan era in an early sanskrit text. It is now widely agreed by scholars that this era began in A.D. 127.

त्यतिकै विवाद विक्रम संवत् र लक्ष्मण संवत् बारे छ, जसको बारे अर्को लेखमा विचार प्रस्तुत गरिने छ ।

शंखधर संवत्, शंखधर को र कहाँका विद्वान वा व्यापारी थिए ?

हालसाल केही वर्षदेखि काठमाडौंका विद्धत्वर्ग र जनमानसमा नेपाल संवत्लाई नेपाल मण्डलका एउटा व्यापारी शंखधरले चलाएका बारे चर्चा छ । नेपाल संवत् अगाडि केही ग्रन्थहरूमा शंखधरको नाउँ उल्लेख भएको पाइएको छ । (आशा सफू, १९९१, २२-२३ अष्टमीव्रत कथा, इति श्री शाके संवत १८१६ श्री संवत् १९५९ श्री शंखधराब्द, नेपाली संवत् १०१५), नेपाल संवत्को अगाडि शंखधरको नाउँ लगभग ६०० वर्ष पछि जोडिन आएको कुरा अध्ययनबाट थाहा हुन्छ ।

अहिलेसम्म नेपाल संवत्बारे प्रथम सुचना दिने केशर वंशावली हो । यस वंशावलीको पत्र-१, पंक्ति ५,६,७ मा निम्न बमोजिम लेखिएको छ - 'राजा राघवदेव, वर्ष ६३ मास ६ । श्री पशुपति भट्टारके, संवत्सर प्रवृतिः कृता ।' नेपाल संवत्लाई प्रचलनमा ल्याउने अन्य राजा बारे उल्लेख छैन । यस प्रमाणअनुसार राजा राघवदेवले पशुपति भट्टारको (मन्दिर अथवा पशुपति क्षेत्रमा) संवत् चलाएका थिए । विश्वको इतिहासमा जहाँ पनि राजा अथवा शासकले मात्र संवत्को चलन चल्ती गराएको दृष्टान्त पाइन्छ । शासकका नाउँमा र संवत्को नाउँमा पनि फेरबदल भएको व्यहोरा पनि पाइएका छन् । जस्तो सबभन्दा प्राचीन संवत् जम्बुद्वीपको विक्रम संवत् हो र यसको शुरूवात ५७ ई. पूर्वमा भएको हो । श्री दिनेशचन्द सरकारले आफ्नो ग्रन्थ 'इण्डियन एपिग्राफी'मा यस संवत्लाई इरान साम्राज्यको पूर्वीभाग छुट्टाएर द्रांगियाना प्रदेशलाई स्वतन्त्र राज्य निर्माण गर्दा पहलवी, शक र आभीरको संयुक्त सरकारले गरेको ठान्नु हुन्छ । गोण्डोफरनेसको तक्तिवाही प्रस्तरलेखमा यसलाई १०३ र 'कृत संवत लेखिएको पाइएको छ । त्यसपछि वडुवा युप लेखहरूमा कृत् संवत्को

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उल्लेख दोस्रो-तेस्रो ई. मा पाइन्छ। कृत संवत्लाई मालवगण राज्यले अपनाएर यसको नाउँ मालव संवत् राखे। मालवहरू मध्य प्रदेशमा गएपछि पनि यसको नाउँ मालव संवत् नै रह्यो। कुमार गुप्त प्रथमकालको दशपुर सूर्य मन्दिर अभिलेखमा पनि मालव संवत्को उल्लेख पाइन्छ। (रा.कु. मुखर्जी, गुप्त साम्राज्य, १९७३, ७०-७१, संवत् ४९३, मालवगण स्थिति)। तर आठौं श.ई. मा यसै संवत्को नाउँ फेरियो र यसलाई विक्रमादित्यले चलाएको संवत् भनियो। सम्पूर्ण भारतको इतिहासमा पहिलो विक्रमादित्य उपाधि लिने राजा चन्द्रगुप्त द्वितीय थिए जसले ३७५-४१४ ई. भित्र शासन गरेका थिए र उनको पहिलो अभिलेख गुप्त संवत् ६१ (ई.सं. ३८९) मथुरा स्तंभमा लेखिएको पाइएको छ र उनको मुद्रामा विक्रमादित्य उपमा पाइएको छ (मुखर्जि, गुप्त साम्राज्य , १९७३, ५६)।

अब नेपाल संवत्मा जोडिएर आएको शंखधरबारे विचार गर्दा उनको परिचयबारे कही कुनै श्रोतबाट केही पाइएको छैन। केही व्यक्तिले उनलाई व्यापारी भनेका तथा अनेक मनगढन्ते कथाहरू चलाएका छन्।

हालसालै मैले हाम्रो अभिलेखालयको ग्रन्थबारे र पंचगौड (सारश्वतः कान्यकुब्जो, गोडो, मैथिल उत्कलः। पंचगौड इति ख्याता विन्ध्यस्योत्तर वासिनः॥) बाट नेपालमा आयातित प्राचीन ग्रन्थबारे अध्ययन गर्दा मिथिला पछि सबभन्दा नेपाल नजिक र नेपालमा प्रभाव पार्ने (ग्रन्थ प्रतिलिपि, धर्म, केशव-कृष्ण संप्रदायको प्रभाव र कहिलेकाहीँ उत्कलका सैनिकले यक्ष मल्लकालमा आक्रमण पनि गर्ने) उडिशालाई पाए। यसै सिलसिलामा उडिशाका एक जना ठूला स्मृतिकार शंखधर नाउँका व्यक्ति र उनले लेखेका ग्रन्थ 'स्मृति समुच्चय भेटियो। यस ग्रन्थबारे म.महो. महामन्त्री चण्डेश्वर ठाकुर (१४ ई.) ले रचना गरेको ग्रन्थ' गृहस्थ -रत्नाकरमा शंखधरको ग्रन्थबारे चर्चा गरेका छन्। त्यस्तै १५औं श.ई.का ओइनवार राजा शिवसिंहका महामन्त्रि र महाकवि विद्यापतिले आफ्नो ग्रन्थ 'गंगावाक्यावली'मा शंखधरको ग्रन्थबारे उदाहरण प्रस्तुत गरेका छन्। १५औं श.ई.का अर्का प्रकाण्ड विद्वान् मैथिल वाचस्पति मिश्रले पनि शंखधरको 'स्मृति समुच्चय' ग्रन्थबारे आफ्ना द्विओटा ग्रन्थहरू व्यवहार - चिंतामणी' र 'शुद्धि चिंतामणी' मा उल्लेख गरेका छन्।

स्मरण रहोस् नेपालमा उडिशाका अनेक विद्वान् हरूका ग्रन्थका धेरै संख्यामा प्रतिलिपि तयार भएका छन्। यस मध्ये केही निम्न छन्- श्री जयदेव (१२ औं ई.) गीत गोविन्द, नारायण भट्टको वेणीसंहार नाटक (आठौं ई.) मुरारी मिश्र (दशौं श.ई.) का 'अनर्घराधव', विश्वनाथका आयुर्वेद ग्रन्थहरू, माधर्वाचार्यको माधव निदान, 'रूग्विनिश्चय', ' कलिंग परिभाषा' कलिंगान मागधं श्रेष्ठमिति (आयु. सूची, २०५९)। यस बाहेक भुवनेश्वर र पुरी जगन्नाथ, नेपालीका तीर्थ स्थल हुन। त्यसैको प्रभावले गर्दा नेपालमा अनेक जगन्नाथ मन्दिर निर्माण भएका छन्। उडिशाका जगदल विश्वविद्यालयका अनेक विद्वान् नेपालमा आएका थिए। नेपाल जस्तै उडिशा पनि हिन्दु, बौद्ध दुवै धर्मलाई मान्ने गर्दथ्यो। नेपाल र उडिशामा चर्या-गीतको रचना भएको थियो। नेपालमा १३ औं ई.का शंखधरबारे परिचय न पाइनु, मिथिलाका प्रख्यात विद्वान्हरूबाट शंखधरलाई उडिशाका स्मृतिकार भनी परिचय दिनु तथा ८७९-८८० ई. मा नेपालमा चलेको संवत् चलाउने राजा राघवदेवको प्रष्ट उल्लेख हुनुबाट यहाँ चलेको श्रेयस्तु संवत्, नेपाल संवत्, नैपालिक संवत्, नेपालाब्दमा, विक्रम संवत् र कनिष्क संवत्को नाउँ परिवर्तन भए जस्तै लगभग ५००-६०० वर्ष पछि कुनै लहडीले त्यसमा उडिशाका विद्वान् शंखधरको नाउँ थपेको जस्तो लाग्दछ। शंखधरको वास्तविक परिचय अहिले मात्र थाहा भएको छ। [१०]

१० डा. वंशीधर मोहन्ती, अनु. पंडित श्री गोविन्द झा, उडिशा ओ मिथिलाक सम्वन्ध, घर -बाहर, चेतना समिति, विद्यापति भवन, पटना, अप्रिल जून, २०१०, पृ.४-७। डा. वंशीधर उत्कल विश्वविद्यालय, भुवनेश्वरका उडिया विभागाध्यक्षले चेतना समितिमा १९७२ को विचार गोष्ठिमा प्रस्तुत लेख।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दोलखाको नगर निवेश र यसको उत्तर हिमालीक्षेत्र विगुका बौद्ध गुम्बाको आर्थिक पक्षमा ऐतिहासिक परिचर्चा

- देविचन्द्र श्रेष्ठ*

नेपाल मण्डलका अधिराज यक्ष मल्लको मृत्यु पश्चात् निर्मित संयुक्त शासन पद्धति 'त्रिपुर राजकुल'को नयाँ शासकीय वृत्तमा रत्न मल्लको नेतृत्व स्थापित भएपछि उनले भक्तपुरमा रहेको राजधानी कान्तिपुर महानगरमा सारेर उनी आफै यहाँ बस्न आए ने. सं. ६०४ देखि । नेपाल मण्डलको यस नयाँ राजधानी निवेशको पछाडि आर्थिक मुद्दा नै प्रमुख रहेको छनक पाइन्छ ।

यस परिवर्तित केन्द्रीय शासनमा पूर्ववर्ती सामन्त हैसियतमा रहेका महापात्र कुलको शासकीय वृत्तमा दखल पुग्ने ठानेर यसमा विरोधको आवाज उठ्दा सर्वप्रथम दोलखा नगरका महापात्र कुलले केन्द्रीय शक्तिलाई चुनौती तेर्स्याएको पाइन्छ । त्यसको ऐतिहासिक छानविन गर्दा ने.सं. ६१० को आसन्न कालमा दोलखा नगरका सामन्त पात्र कुलका नायक उद्धवसिंहले आफुलाई उद्धवदेव ठाकुर घोषित गर्दै केन्द्रबाट स्वतन्त्र भएर नयाँ राज्यको उद्भव देखापर्छ । उनका विरुद्ध 'त्रिपुर राजकुल' को नेतृत्व गर्दै कान्तिपुरमा बस्ने अधिराज रत्न मल्लले कुनै सशक्त कारवाई गर्न सकेनन् ।

यसरी दोलखामा नयाँ शक्तिको उदय हुँदा यसका पछाडि कुनै कारक तत्वको योगदान अवश्य रहेको हुनुपर्छ । त्यो हो उद्धवसिंहका बाबु कीर्तिसिंहद्वारा यहाँ नगर निवेशको निमित्त गरेको योगदान । तसर्थ, दोलखा राज्यको चर्चा गर्नु भन्दा अगाडि यहाँ नगर निवेशकै इतिवृत्त बुझ्नु आवश्यक छ । तर त्यसतर्फ भने अझैसम्म खोतलिएको पाइदैन । यसरी दोलखा नगर निवेश गर्दा प्राचीन सिद्धान्त अनुसार गढ पर्खाल भित्र दोलखा नगर बसालिएको कुरा इतिहाससिद्ध नै छ । तर यस नगर स्थापनाको प्रक्रिया कहिले देखि प्रारम्भ भयो, पूर्वीय बास्तु सिद्धान्त अनुरुप कहाँ कहाँ प्रवेशद्वार तथा खाईको व्यवस्थापन गरिए त्यसबारे ऐतिहासिक चर्चा भने अझसम्म भएको पाइदैन ।

दोलखा नगर निवेशका क्रममा सहायक स्थानीय वर्गको पहिचान पनि आजसम्म खोजिएको छैन । नत यसका आधारभूत कारक केमा अडिएको रहेछ भनेर खोजिने कार्य नै बौद्धिक तहमा भएको पाइन्छ । दोलखादेखि उत्तरी भेकमा हिमाल वारपार गर्ने भञ्ज्याङ्ग भएर तिव्वतको सिगात्छे सम्म पुग्ने गरी बस्ती विकास नहुँदो हो त दोलखा नगरकै परिकल्पना हुने थिएन । यसरी हिमाल वारपार बस्ती विकासमा तिव्वती बौद्ध धर्मले अचूक भूमिका निर्वाह गरेको पाइन्छ । यहाँ निर विगुको

*आर्थिक इतिहासविद्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बौद्ध गुम्बा निर्माण भएपछि मात्र यसको दक्षिण पाखामा दोलखा नगरको परिकल्पना साकार देखापर्छ । अव, यस भेगको अर्थतन्त्र खोजि पस्दा ' पाशुपाल्य' अर्थतन्त्र नै टड्कारो देखापर्छ ।

यहाँ निर 'पाशुपाल्य' अर्थतन्त्रका आधारभूत व्यवसाय हुन् चौंरी र भेडापालनका साथसाथै घोडा पालन व्यवसाय समेत विकसित अवस्थामा पाइन्छन् मध्यकालमै । यिनै तीन थरिका पशुपालन व्यवसाय फस्टाउदै गर्दा स्थानीय जनघनत्वलाई सांस्कृतिक भोक मेटाउने बौद्ध गुम्बाको निर्माण अत्यन्त सहायक रहेको पक्ष दृष्टि गोचर हुन्छ । तिब्बती बौद्ध धर्ममा आधारित भएर यस भेकमा विगुको गुम्बा निर्माण कहिले कसरी भयो त्यसको इतिहास पनि खोजीकै विषयमा पर्न आउँछ ।

पृथ्वीनारायण शाहले मल्ल राज्यका क्षेत्रहरु आफ्ना कब्जामा लिने अभियान थाल्दा विगुका लामाहरुले उनलाई सहयोग नगरी मल्ल राजामाथि उनीहरुको आस्था रहेको प्रकरण उल्लेखनीय छ । सं. १८०३ देखि १८११ सम्म कान्तिपुरको क्षेत्र नालदुम-महादेव पोखरीको तिब्बती व्यापार नाका कब्जा गर्ने संघर्षमा गोरखालीहरु लागि रहँदा तिनका विरुद्ध विगुका लामाहरुले मल्ल राजाहरुलाई समर्थन गर्दै स्थानीय गतिविधि कायम राखेका घटनाहरु देखापरेका हुन् ।

नालदुम पूर्व दुधकोशीसम्मै कान्तिपुरको एक छत्र मल्ल राज्य विस्तार हुँदा दोलखादेखि उत्तर भेकमा रहेका विगुका लामाहरुले जयप्रकाश मल्लकै समर्थनमा गोरखाली सेना विरुद्ध आफ्ना गतिविधि गर्दै रहे । यसरी स्थानीय लामाहरुको समर्थन नपाउँदा पृथ्वीनारायण शाह कतिको व्यग्र रहेका छन् भन्ने संकेत उनले आफ्ना दूत हरिदेव पण्डित जमदग्नि उपाध्यायहरुलाई लेखेको पत्रबाट पाइन्छ:

'उप्रान्त षासाका भोट्या र विगुका भोट्याले अधिता जगातिसँग नमिली धामधुम गऱ्या, पछि हाम्रो नालदुम घेर्दा सभै उठिकन तलतल सम्म पिटया, त्यसकारण ति हाम्रा साइधुवा हुन्, हाम्रै प्रजा हुन् तन्कन हामी तस्नस् गर्छौं, तस्नस् गर्दा कुतिका ढेवाहरु, महाजनहरु चम्कनान् यो चमक मेट्या, तेस्ता साइधुवालाई राख्या फेरि धामधुम होला'

(पृथ्वीनारायण शाहले सं. १८१२ भाद्र वदि १२ रोज ४ मा (भाद्र २२ गते) लेखेको पत्रबाट)

पृथ्वी नारायण शाहको उपर्युक्त पत्रमा 'विगुका भोटया' भनेर लेखेको तात्पर्य विगु गुम्बा अधीनस्थ बौद्ध धर्मावलम्बी जन समुदायलाई नै संकेत गरेको भन्ने सकिन्छ । नालदुमको तेस्रो विजयले पृथ्वीनारायण शाहको हात कुती नाका व्यापारमा पनि बलियोसित रहन गएकोले त्यसदेखि पूर्व दुधकोशीसम्मकै कान्तिपुरको राज्य क्षेत्रमा उनको दखल भएको देखापर्छ । त्यसअघि सो क्षेत्रमा पर्ने मुख्य नगर दोलखा सहित दुधकोशीसम्मकै भूभाग उनले आफ्ना मितबाबु भक्तपुरका रणजित मल्ललाई दिएका थिए । तर, नालदुमको तेस्रो युद्धमा पृथ्वीनारायण शाहले जितवाजी गरेपछि त्यहाँदेखि पूर्व दूधकोशी सम्मकै क्षेत्र उनले आफ्नो कब्जामा लिए । त्यो क्षेत्र अव भक्तपुरको रहेन । भक्तपुरका राजा रणजित मल्लसित त्यसवेलादेखि पृथ्वीनारायणको फाटो परेको पऱ्यै भयो ।

दोलखा जस्तो व्यापारिक नगरका देसारहरुलाई पृथ्वीनारायण शाहले आफ्नो पक्षमा गराइसकेपछि, त्यहाँदेखि उत्तरी भेकमा रहेका विगुका लामाहरुलाई तहलाउने धन्दामा उनी सक्रिय रहेको पाइन्छ । उनले दोलखाको देसारहरुका नाममा जारी गरेको आज्ञापत्र यस्तो छ :

"स्वस्तिश्री सर्वोपमा योग्य राजभारा सामर्थ इत दोलख्या देसवार प्रधान केषु आशीक पूर्वक पत्र मिंद, इहाँ कुशल ताहा कुशल चाहिये जेहिते परमानन्द होइ, आगे इहाँको समाचार निको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उप्रान्त तिमी प्रजा पात हौं, नालदुम पूर्व मेरो अम्बल भयो । तुमि मेरो हजुर आव तिम्रो धन जीयको म रछ्या गरुला, पिछ्या दि अर्को त्रह गरुं त श्रीगोरखनाथको कुदृष्टि, धर्म दिकन तुमि नआाया देखि तिम्रो जहोजात गरुँला .... किमधिकं विज्ञेषु भाद्र वदि ४ रोज ४ मुकाम नुवाकोट शुभम् ॥

दोलखाली देसारहरु एक पटक भक्तपुरका प्रजा भइसेकेकाले उनीहरुको पहिलेका आस्था प्रति डगमगाउनु पृथ्वीनारायणको निति अभिष्ट थियो । साथै, भक्तपुरको दहसत उनीहरुमा शेष रहला कि भन्ने आशंकाले आफ्नो आज्ञापत्रका साथ तिनीहरुलााई हात लिन भारादार तुलाराम पाँडेलाई समेत खटाएको प्रकरण पनि यहाँ निर उलेखनीय छ। साथै, आफ्नो पत्रमा पृथ्वी नारायण शाहले कोही देसार विशेषको नामै नलेखी गोस्वरा बोलीमा देसवार प्रधान भनेर सम्बोधन गरिएको छ। यसको पनि विशेष अर्थ लाग्छ।

यसरी दोलखाली देसार प्रधानहरुलाई आफ्ना अधिनमा राखिसकेपछि विगुका लामाहरुमाथि पृथ्वीनारायण शाहले के कस्तो वदला लिए त्यसको संकेत पाउन सकेको छैन । सायद, नेपाल मण्डलको केन्द्र कान्तिपुर माथि पृथ्वीनारायण शाहको अधिपत्य भएपछि विगुका लामाहरुले पनि आत्मसमर्पण गरे हुनन् ।

पृथ्वीनारायण शाहको मृत्यु पश्चात् गोर्खाली शासनमा नयाँ दृष्टिकोण पलाएको फलस्वरुप विगुका लामाहरुले आफ्ना भोग चलनमा राखेका हिमाली चरन क्षेत्रमा पर्ने धेरैजसो खर्कहरु विगुकै गुम्वा अधिनस्थ गराइदिएको सनद सं. १८५२ मा पाए । ती खर्कहरु मल्लकालमा नै विगुका लामाहरुको जिम्मा हुनाले नै सं. १८५२ मा गोर्खाली नायव वहादुर शाहले पनि थामिदिएको निर्क्यौल गर्न सकिन्छ ।

उपर्युक्त सं. १८५२ को थमौती सनद सुवेदार नयनसिंहले गरिदिएको आधारमा पछि श्री ३ जङ्गबहादुरको पालामा आएर ठाहिला जनरल जगत सम्सेर राणाले दस्तखत गरि फेरी थामिदिएको सं. १९१५ सालको थमौति पत्रको प्रमाणित प्रतिलिपि उतार पाइएकोले यसै साथ परिशिष्टमा प्रतिछवि (Facimile) प्रकाशित गरिएकोछ ।

उपरोक्त सं. १९१५ को दस्तखत उतार पहाड बन्दोवस्त तहविल फाँट अड्डाले नकल प्रमाणित गरि सं. २००२ साल श्रावण १० गते मंगे स्यार्पालाई दिएको देखिन्छ ।

हिमाली क्षेत्रमा फैलिराखेका उच्च समस्थली भू-भागलाई सुदूर पश्चिम नेपालमा ' पाटन'को संज्ञाले सम्बोधित गरिएको पाइन्छ भने पूर्वतिर 'खर्क' संज्ञाले प्रचलित छन् । यहाँ चर्चित विगु गुम्वाको सांस्कृतिक विस्तारमा पर्ने लामाहरुले चर्ची आएका वलुकपा खर्क, ग्यांजिभिदो खर्क, तोपानाला खर्क, दोसा नुक्पा खर्क, चिलाखु खर्क, मिंदोक थाथाम खर्क, पाल्कामू खर्क, खासा खर्क, च्यापाडाँडा खर्कहरु समेत गरी नौ ओटा खर्कहरु भोगचलनका अधिकारमा दिइएका छन् । साथै, ती खर्कहरु चलन गरे वापत सरकारलाई तिरोभरो गर्नुपर्ने दायित्व पनि रहेको छ ।

अव चर्चित खर्कहरुको भौगोलिक विस्तार तथा तिनको आर्थिक उपादेयताका सम्बन्धमा भने हालसम्म अध्ययन हुन सकेको छैन । पाशुपाल्य अर्थतन्त्रको निमित्त सुरक्षित यी खर्कहरुको भौतिक सर्वेक्षण पनि समयकै माग हुन सक्तछ । साथै, नेपालको हिमाली बौद्ध संस्कृतिको अध्ययनका क्रममा पनि तिनको आर्थिक पक्षलाई छाड्न सकिने होइन ।

सन्दर्भ सहायक सूची:

१. धनवज्र बज्राचार्य
टेक बहादुर श्रेष्ठ :

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दोलखाको ऐतिहासिक अध्ययन
नेपाल र एशियाली अध्ययन केन्द्र, त्रि.वि. (CNAS) सं. २०३२

२. देविचन्द्र श्रेष्ठ :
रत्न मल्ल र उनको समकालिक नेपाल मण्डल
आर्थिक नेपाल प्रकाशन, २०५९

३. संशोधन मण्डल :
पृथ्वी नारायण शाहको उपदेश
जगदम्बा प्रकाशन : २०२५

***

परिशिष्ट खण्ड

छाप

श्री
पहाड वन्दोवस्त
तहविल फाँट अड्डा

तहविलफाँटबाट

२ साचा भीत्र साक्षी सुवेदारका सामुन्यमा उतारी विन्तिपत्र (वाला) नीज मंगे स्यार्पासमेत भएको दस्षतको नकल उतार इती सम्वत् २००२ साल श्रावण १० गते रोज ४ ठाहिला जनरलको कस्यपत्रम् समेत आगे दोलषाका अम्वल षार्ताल वकऱ्या कामी ग्यानजन मीजारको संतान मीवा दोदार सार्की मीझारके यथोचित उप्रांत सम्वत् १८५२ सालमा हाम्रा बाज्या कामी ग्यानजन मीझार र गाकको सींग्या मीझारसँग षरक बारेमा झगडा पर्दा सुवेदार नैनसिंका कचहरीमा पुर्पछे भै वलुकपा षरक आधा १ ग्यांजी भीदो षरक १ तोपा नाला षरक १ दोसा नुकपा षरक १ चीलाखु षरक १ मी(न्दोक थाथान षरक १ पाल्कामु षरक १ षासा षरक १ च्यापा डाडा आधा षरक १ र बुलुकपा देषी उभो र केमाजु देषी उंधो येती जगा समेत तीमीहरुले तीरोभरो गरि चलन गरी षानु भनी नीज सुवेदारले दस्षत गरी छीनी दीयाको १८५२ सालदेषी १९१५ सालसम्म हामीले चलन गरी आयाको षरक षरक जगाको नीज सुवेदार नैनसिंले छीनी दस्षत गरी दिया बमोजिम सनद गरी छीनी बक्स्या पछी परंतुसम्म व्यहोर्न पाउँदा हूँ भनी द्वाऱ्या जीउपर मार्फत् १८५२ सालमा भयाको सनदली तीमीहरुले हाम्रा हजुरमा विन्ती पार्दा जाहेर भयो तसर्थ १८५२ सालदेषी १९१५ सालसम्म लाग्याको तीरोभरो गरी षाई चर्ची आयाको सांचो हो भन्या अव उप्रांत पनी षर कहरु जगा चलन गरी सालबसाल लाग्याको तीरो भरो बुझाई षानु भनी हामीबाट पनी अघी १८५२ साल पौष सुदी ११ रोज ४ मा भयाको सनद बमोजिम ठामी दस्षत गरी दीऱ्यौं इती सम्वत् १९१५ साल मीती चैत्र सुदी ६ रोज ६ सुभं.........



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अक्सफोर्ड विश्वविद्यालयको चन्द्र शमशेर सङ्कलन

- **काशीनाथ तमोट***

१. नेपाल प्रसङ्ग

पुराना ग्रन्थसम्बन्धी जानकारी पाउन म बराबर राष्ट्रिय अभिलेखालयमा जान्थें र जान्छु । एक दिन ई. २०११ डिसेम्बरमा त्यहाँ जाँदा बुद्धिजीवी श्रीदेव अर्ज्याल तत्कालीन हाकिम प्रकाश दर्नालसँग राणा प्रधानमन्त्री चन्द्र शमशेरले नेपालका सात हजार हस्तलिखित ग्रन्थ बेलायतको अक्सफोर्ड विश्वविद्यालयमा पठाएको रहेछ भनेर सुनाउँदै थिए । सो कुरा गोरखापत्रमा प्रकाशित छ भनी अर्ज्यालज्यू खोज्न आएका रहेछन् । सोको छापा २०११-१२-११ मा अभिलेखालयबाट उहाँले प्राप्त गरेपछि एक प्रति मैले पनि त्यसबारे खोजी गर्न पाएँ । समाचार यस्तो रहेछ -

दान - श्री ३ महाराज सरचन्द्रसम्सेर जङ्गबहादुर राणाका हुकुम्ले कलकत्ताका महामहोपाध्याय पण्डित हरप्रसाद शास्त्रीले नेपालका पुस्तकालयबाट कैएक विषयका हस्तलिखित ७००० संस्कृत पुस्तक बिलायतको आक्सफोर्ड विश्वविद्यालयमा पठाउनेछन् . तिसबै पुस्तक आक्सफोर्ड विश्वविद्यालय पुस्तकालयमा राखिनेछन् . भारतका भूतपूर्व [साविकवाला] बडालाठ् लार्डकर्जन तेस् विद्यालयका चेन्सलर छन् . हालमा मौसुफ लाठसाहेवले ति ७००० पुस्तकको जिल्दबन्दी र मरम्मतका निमित्त १५ हजार रुपैञा खर्च गर्न मञ्जूर गरेकाछन् . भनि बङ्गवासी लेख्तछ . (गोर्खापत्र, विसं १९६६ चैत्र १५ सोमवार, पृ. ६)

चन्द्र शमशेर (प्रम, ई.१९०१-१९२९)को यस पुस्तक उपहारबारे खुल्दुली भइरहेकोमा नेपाल-जर्मनी हस्तलिखितग्रन्थ सूचीकरण परियोजना (ई. २००२-२०१५)मा वरिष्ठ सूचीनिर्माता भई काम गरिरहँदा ई. २०१२ फेब्रुवरी १४ मा माइक्रोफिल्म ए १२६२/१ म सो उपहार दिएको सम्पूर्ण ग्रन्थको सूची पाइयो । सो सूची नेपाल जर्मनी हस्तलिखितग्रन्थ संरक्षण परियोजनाले ई. १९८७ सेप्टेम्बर ७ मा राष्ट्रिय अभिलेखालयबाट छविचित्र लिएको रहेछ। सो ग्रन्थ रा.अ.को तेस्रो लगत ७४३ संख्यामा सुरक्षित छ । अभिलेखालयले त्यसको नाम दिएको छ - आक्सफोर्ड विश्वविद्यालयोपहृत ग्रंथनामावली पुस्तकानि । सो ग्रन्थ देवनागरीमा २०.३×१६.१ सेन्टिमिटर नापको चारवटा देशीकागज कापीमा लेखिएको छ -

कापी	**ग्रन्थसूची**	**पत्र**
१। क	१-११८०	१२१
२। ख	११८१-३०६०	११७
३। ग	३०६१-५३८०	१२०
४। घ	५३८१-६३१०	४९

शुरु ग्रन्थ १. पञ्चदशीचित्रदीप तृप्तिदीप व्याख्या - रामकृष्ण

*स्वतन्त्र अनुसन्धानकर्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्तिम ग्रन्थ ६३१०. इष्टकापूरणपरिशिष्टम् - कात्यायन

प्रत्येक कापीको शुरुमा यस्तो लेखिएको छ -

सम्वत् १९६६ सालमा श्री ३ माहाराजबाट महामहोपाध्याय पण्डित हरप्रसाद शास्त्री मार्फत् बनारसको यक जना पण्डितसग खरिद गरी बक्सी बेलायत आक्सफोर्ड युनिभरसिटिको बाडलियन लाइब्रेरिलाइ बक्सेको पुस्तकको सुचिपत्रको किताप.

राष्ट्रिय अभिलेखालय (साविकको पुस्तकखाना/वीर लाइब्रेरी) लगत ३-७४३ मा कैफियतमा यस्तो लेखिएको छ -

यसमा सा.ल.मा ७० साल कार्तिक ३० गते ७ मा मुन्सीखानाबाट पठायाका पूर्जी बमोजींका किताप भनि जनिएको छ . यसमा संवत् १९६६ सालमा श्री ३ महाराजबाट महामहोपाध्याय पं. हरप्रसाद शास्त्री मार्फत् बनारसका १ जना पण्डितसंग खरिदगरि बक्सी बेलायत आक्सफोर्ड युनिवर सिटीको बाडलियन लाईब्रेरीलाइ बक्सेका ६३१० पुस्तकहरुको नाम लेखिएका कागतको जिल्द भएका रुलदार देशि ४ किताप छन् .

यी उद्धरणबाट बङ्गवासी (स्था. ई. १८८१, साप्ताहिक, बङ्गाली समाचारपत्र) बाट गोर्खापत्र (साप्ताहिक)ले लिएको समाचारमा उल्लिखित दुई कुरा खण्डन हुन गयो । ती हुन् -

१. "नेपालका पुस्तकालय" बाट नभई वनारसका एकजना पण्डितबाट खरिद गरी पुस्तक उपहार पठाएको रहेछ ।
२. पुस्तक संख्या ७००० नभई ६३१० रहेछ ।

चन्द्र शमशेरले बेलायत पठाएका पुस्तकको सूचीपत्र वीर पुस्तकालयमा कसरी आइपुग्यो भन्ने कुरा लगत (३-७४३)को कैफियतबाट बुझिन्छ। सो संग्रह "मुन्सीखानाबाट पठायाका पूर्जी बमोजींका किताप" रहेछ, जुन सा(विक) ल(गत)मा विसं १९७० कार्तिक ३० गते शनिवार (ई. १९१३ नवेम्वर १५) चढ्यो । बेलायत पठाउनु अघि मुन्सीखाना (हाल परराष्ट्र मन्त्रालय)ले र आफ्नो कार्यालयमा राखेकोमा सो राख्ने उपयुक्त कार्यालय तत्कालीन कुमारीचोक अड्डाको नेपालफाँट अन्तर्गत रहेको पुस्तकखाना (वीर लाइब्रेरी) पठाएको देखिन्छ । कैफियतमा उल्लिखित सा.ल. (साविक लगत) भनेको "१९६७ सालको एकछापे बमोजीम १९६८ सालमा मु. विष्णुप्रसादले पुस्तकखानाको पुस्तकको तायदाती खडा गरी बुझाएको कुमारीचोक नेपालफाँटमा रहेको लगत" हो । (मूल लगत, २०१४, पृ. १३५)

चन्द्र शमशेरले बेलायत पठाएको पुस्तक नेपालको भन्ने ठानी नकारात्मक प्रचार भइरहेकोमा सो भारतबाट खरिद गरी पठाएको जानकारी भएको प्रसङ्ग एक दिन पुराविद् महेशराज पन्तसंग चर्चा भयो । उहाँले अक्सफोर्ड बोडेलियन पुस्तकालयमा रहेको चन्द्र शमशेर सङ्कलनमा रहेको ग्रन्थको कतिपय विषयका विवरणात्मक सूचीपत्र नै प्रकाशित भएको जानकारी दिनुभयो । उहाँसँग पहिलो भाग (ज्योतिषविषयक) रहेछ । डेभिड पेन्ग्रीद्वारा सम्पादित सो बृहत्सूचीपत्र, ई. १९८४ मा प्रकाशित भएको रहेछ । चन्द्र शमशेरले अक्सफोर्डमा उपहार दिएको पुस्तकबारे पन्तजीको विचार छ -

आफ्नो देशका लेखोट पुस्तकको प्राचीनताको महत्त्व बुझेकोले होला, श्री ३ चन्द्रले नेपाली पुस्तक होइन ६ हजार थानभन्दा बढी भारतीय पुस्तक किनेर त्यहाँ पठाई आफ्नो देशका पुरावस्तुको बहिर्गमन रोकेको जस्तो मलाई लाग्छ। (पन्त, २०१७:९)

पन्तजीको यो भनाइ पूर्णतया सत्य नहुन सक्छ । अहिले जस्तो पुरावस्तु विदेश पठाइनु गैह्रकानूनी नभैसकेको अवस्थामा राणाकालमा केही प्राचीन ग्रन्थ विदेशिनु आपत्तिजनक नभएको बुझिन्छ। चन्द्र शमशेरले भारतबाट किनेर अक्सफोर्डमा पठाएको सूचीको अन्तिमतिर केही नेपाललिपिका ग्रन्थ पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समावेश छ । जस्तो -

संख्या ६३०० बृहत्षडाम्नाय

६३०१ मेरुतन्त्रम् नेपालाक्षर

६३०२ भगवदगीताटिका गूढार्थदीपिका बङ्गाक्षर

६३०३ अखण्डमलोदाहरणम्

६३०४ आगमकल्पलतिका नेपालाक्षर

६३०५ पदार्थादर्शः (ख)

६३०६ दुर्गाधिकौमुदी (ख)

६३०७ कुलरत्नोद्योतः (ख)

६३०८ रुद्रभाष्यम् नागराक्षर

६३०९ वैष्णवामृतस्तोत्रम्

६३१० इष्टकापूरणपरिशिष्टम् कात्यायन

एउटा कुरा यहाँ उल्लेखनीय छ - वीर शमशेर (प्रम, ई. १८८५-१९०१) र चन्द्र शमशेर (ई. १९०१-२९)को पालामा पुराना ग्रन्थको सङ्कलन वीर पुस्तकालयमा अभूतपूर्व रुपमा भएको देखिन्छ । यो कुरा पं. हरप्रसाद शास्त्रीले आफ्नो राजकीय पुस्तकालय नेपालमा रहेको ताडपत्र र छानिएका कागजी हस्तग्रन्थका सूचीपत्रको भूमिकाको शुरुमा उल्लिखित प्रसंगबाट बुझिन्छ । उनले आफ्नो सूची (भाग १, ई. १९०५)मा उनी ई. १८९८-९९मा सूचीपत्र निर्माण गर्न आउँदा दरवार लाइब्रेरीमा जम्मा करीव ५ हजार ग्रन्थ थिए । आफ्नो सूचीपत्रको भाग २ (ई. १९१५)मा उनले नयाँ संकलित ग्रन्थको सूची निर्माण गर्न एक दल सहित आउँदा बीर पुस्तकालयमा १६ हजार ग्रन्थ थिए !

२. बेलायत प्रसङ्ग

चन्द्र शमशेरले बेलायतको अक्सफोर्ड विश्वविद्यालयमा पुस्तक उपहार कसरी दिन पुगे, त्यसको लामो पृष्ठभूमि छ । वीर शमशेरको पालामा ब्रिटीश भारतका बडालाठ (भाइसराय) नेपालको मोरङमा शिकार खेल्न आएका थिए - जोर्ज नाथेनियल कर्जन (१८५९-१९२५) । उनको आतिथ्यको लागि शिकार क्याम्पका प्रमखु रुपमा नेपाल सरकारका तत्कालीन मुख्तियार चन्द्र शमशेर गएका थिए । बडालाठ कर्जनका साथ ई. १९०१ मार्च २९-अप्रिल १७ सम्म तीन हप्ता शिकारमा साथ रहँदा चन्द्र शमशेरको घनिष्ट मित्रता कायम भयो । बेलायतको केडलस्टन, डर्बीशायरमा जन्मेका कर्जन ४० वर्षकै उमेरमा भारतको भायसराय (६.१.१८९९-१८.११.१९०५) बनेका थिए । कर्जन भायसराय भएकै बेला ब्रिटीश-भारत सरकारले चन्द्र शमशेरलाई, खास गरी भारत-भोट लडाइँमा सहयोग गरेकोमा, ई. १९०५मा ग्राण्ड कमाण्डर अफ द स्टार अफ इण्डिया मान पदवी प्रदान गरेको थियो । कर्जनले भायसरायको पद ई. १९०५ नवेम्वरमा त्यागी बेलायत गए र उनी ई. १९०७मा अक्सफोर्ड विश्वविद्यालयको कुलपति बनी शैक्षिक-प्राज्ञिक क्षेत्रमा सक्रिय भए ।

चन्द्र शमशेरको बेलायत यात्राले पनि कुलपति कर्जनसँग उनको दोस्ती अरु गहिरियो । उनी काठमाडौंबाट ई. १९०८ को अप्रिल ६ मा दलवल सहित प्रस्थान गरी अगस्त २७ मा फर्केका थिए । यस बीच ८ मे देखि १० हप्ता बेलायत बस्दा सर कर्जनले उनको ठूलो खातिरदारी गरे । उनले चन्द्र शमशेर बेलायत पुगेका दिन मे ८ मा डोभरमा स्वागत गरे र हल्किन स्ट्रीट, बेल्ग्रेभियाको मोर्तिभर हाउसमा बस्ने व्यवस्था मिलाए ।

चन्द्र शमशेरले यस बेलायत यात्रालाई पहिले जङ्गबहादुर राणाले पाएको सन्मानभन्दा कम नहुने गरी अझ बढी सन्मान पाउने परिस्थिति सिर्जना गरे । उनलाई अक्सफोर्ड विश्वविद्यालयले ई. १९०८ जून २४ बुधवार शेल्डोनियन थिएटरमा सम्पन्न दीक्षान्त समारोहमा "सार्वजनिक प्रवक्ता (पब्लिक ओरेटर)ले उनको परिचय यसरी दिए -

चन्द्र शमशेरले आफ्नो देशको परराष्ट्र नीतिलाई निर्देशन दिने र सैनिक शक्तिलाई सबल बनाउने एक राजनीतिज्ञ हुन् । कलकत्ता विश्वविद्यालयमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सर कर्जन कुलपति हुँदा उहाँ एक विद्यार्थी थिए। बेलायती वादशाह एडवार्ड सप्तमले चन्द्र शमशेरलाई आफ्नो व्यक्तिगततर्फबाट नाइट ग्राण्ड क्रस अफ द अर्डर अफ द बाथ (जीसीबी) एक विशेष सभा गरी जुलाई २१ मा नियुक्ति गरे। यो नियुक्ति पाउने उनी भारतीय क्षेत्रका प्रथम व्यक्ति भए।

नजारीनको षुकुरी १ नमुना हेर्नालाई नीसीना कप्तान जैरवपाहाडा गठनाप्र
छन् छडपथाई दीनु नीजले देषाइ सकेपछि फीर्ता पठाईदीन्या
छन् — इतीसम्वत् १९५५ साल मीती ज्येष्ठ वदी ४ रोज ३ शुभम्
श्री २ श्रीकमांडर इनचीफ

श्रीकमांडर कौंसीलतेजगहा
डरानाबाट

आडनीमिल षानाका डीठ पृथ्वीवहादुर षत्रीके पुर्जी डप्रान
नाहारेका सोणसाना षेलानातोपु जोड आजैआहा कोत षाना माझै
लेपठाईदीनु — २ — बाट मर्जी भयाको छ आज १२ घरीवाको माथाप
थली आने छ नआग्रह नपाडु नगरी चाडो पठाई देउ इती सम्वत् १९
५५ साल मीती फाल्गुण वदी ० रोज १ शुभम्
श्री २

आडनीमिलेषानाका हाकीम कालीन्दाले पुर्जी हेरी सर्कार लार्ड अनी
षरीडमै आयाको नेपाली पुराना नेवारी डलुका जात जातका पीटल
ढलौट सानाथुला थानगीती माल हरू टुटे फुटेका सडे समेत था
षा भली कावे थंके हरूलेबुझाया को पुर्जी भर्पाई दीनु भन्या
मर्जी बक्स्या बमोजिम को सो माल हरू अगे सराप नालाड नेसंभडामा र
हेका सादी कवालासीगडु केका नपर्ने लपमोजीमूका पीतलढलो
टेनाका का सरजान जात का माल हरू हाल सर्कार लार्ड अनीषरीड
भै आमाको नपारी नवयालीमूका माल हरू समेत बुझीली — २ — का
आठपहरीया सीलेषानागोस्वारा का — २ — लेषनाईडी मोका
नीम समत साक्षी राषी छुट फीरीष्ट पराग ग सही छाप गरएडन सोमा
लहरू समेड पुर्जी प्रमांगिले षर्च गर्नु पन्यो भन्या — २ — का आठपह
रियासाक्षी राषी सोली फीरीष्ट मा षर्च लेषीषर्च गर्नु अडली वडली
हुडापनी सोफीरीलसरामडपुर्जीवाको माल समेत बुझार भरपा
इली नुअंगीषजनाका माल नहुनाले अंगीषजनाका अै नव
मजीमूकाकोताप मा आम्दानी षर्च गर्नु पर्दैन भै त्यापुर्जी गरी



रियासाक्षी राषी सोली फीरीष्ट मा षर्च लेषीषर्च गर्नु अडली वडली
हुडापनी सोफीरीलसरामडपुर्जीवाको माल समेत बुझार भरपा
इली नुअंगीषजनाका माल नहुनाले अंगीषजनाका अै नव
मजीमूकाकोताप मा आम्दानी षर्च गर्नु पर्दैन भै त्यापुर्जी गरी
वक्सेका मचल्दो हो भनी — २ — मार्फत छाडनी सीलेषानाका
डीठ पृथ्वीवहादुर षत्री छेत्री वीहाग्राहरू साथी नी पार्दा आहे
रभयो नसर्व सर्कार लार्ड अनी षरीड गरी वक्सेका नपसील बमोजी
मूका माल र नेस भडामा नगेरा हेका नप सील बमोजीं काम
ल समेत नै गीषजनाको माल नहुनाले अै नवमोजीमका की
नाप मा आम्दानी षर्च गर्नु पर्दैन — २ — का आठ पहरीया
सीलेषानागोस्वाराका — २ — काम नीस साक्षी राषी छुट्टै फीरीष्ट
डा गरी साक्षीको सही छाप गराई हजुर मर्जी सनद प्रमांगीले
षर्च गर्नु पर्यो भन्या — २ — का आठपहरीया साक्षी राषी सोली फी
रीष्ट मा षर्च लेषी दीनु अडली वडली हुडा सोफीरील समेत
वाको माल समेत बुझाई भर्पाई लीनु अै नवमोजीमको कीताप मा
आम्दानी षर्च नगरे मातीसीलाई पक्काउ हुने छैन सो माल हरू
टुटेफुटेको र सार्थ नगरीमीलाई सजनु हुने समेत हजीन मारग
री सिफाजत साथ राष्न्या काम गर

गपसिल

सर्कार लार्ड अनी षरीड भै आयाको ढलौट जमा माल थान	८८
रके र देका सानाठुला गरी पान सथान	३६
कमलका फुलका कोपिला छ गजुर भयाको झुला नलागने दीयो भयाको	१२
देवल छ फागजुर झुला डीयो ४ भयाको	१
झुला नलागने साधा	२
झुला लागने	५
मैसक माथी का चार १ नभयाको	१
अरु	८
झुला छा भयाको झुला नभयाको	१
देवदेवता का मुर्ती भयाको	२०
छत्र प्रमान भयाको झुला भयाको	१
नलागे मा छत्र नभयाको	२
झुला घरपाता भयाको	२
ऐ — नभयाको	१
झुला पाता नलागे	१
ऐ — ३ नभयाको	१
ऐ — सावुड भयाको	१२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ऐ —— २ नभयाको —————— १
ऐं —— साबुद भयाको —————— १२
ऐ —— भयाको बैथक बर्की फुतेको —— १
देवताका मुर्ती मारूपीला गोल्थि लागेको —— १

नीनपुने —————— २

डीपाछान्को साना हुलागरीभै पानस —————— ९
देवदेवताका मुर्ती भयाको —————— ८
झलरपाता भयाको छत्र लाउनेमा छत्र नभयाको १
गजुर नभयाको झलालाग्ने झलरपाता १ नभयाको १
झलालाग्ने झलरपाता २ नभयाको —— १
मनीकोको ढुफुटी रत्नपेको तलबैठक था
चीनुकाग याको गजुर नभयाको —— १
झलर नलाग्ने —————— ४

साधा —————— १

सानाकुलागरी सीहमु —————— ६
भाचीरसायको —————— २
मरे —————— ४

लपीचा —————— १
देवदेवताका मुर्ती भयाको सानाभुलागरीलुफैडा —— ६
सुनीना खेटको —————— १
सुनीनानभयाको —————— ५

सानाभुलागरीको पोला —————— ५
नागफती भयाको —————— १
ऐ —— नभयाको —————— ४

अर्घजस्तो सानु आगडलु —————— १
गद्ददकाजीका मुर्ती भयाको ४ तर्फ आरती लाग
को गजुर नभयाको पछाडी चरानभयाको आरती —— १
एकीएकीका साना थुला पाडलु —————— ९
४ तर्फ ननीवालने डीया भयाको देवलछाइको ४
झलर भयाको सिन्को १ समेतको —————— १
झलरपाना भयाको सिन्को नभयाको —— २
या १ नभयाको —————— १
झलरपाना १ नभयाको —————— १

झलरपाना लाग्ने मा झलरपाता १ भयाको १

साधा —————— ५
झलरपातालाग्ने —————— ४

साधा —————— ५
झलरपातालाग्ने —————— ४
झलरपाता लाग्ने झलर नभयाको —— १

सानाथुलाड्यालान्हांके —————— ५
ऐं —— अंती —————— ४
ऐं —— थाला —————— २
थोपो —————— १
फर्मीडलु जस्तो —————— १

छाडनी सिलेषानामा डोगारहेका ज्मा मालथान —— ४४
ढलौटे आमषोरा —————— २
सानाथुलागरी पीतलेथाल —————— ३
ऐ —— ऐ —— छाप्री —————— २
पीतले —————— १
नानाको —————— १

नानाकोगाग्री —————— २
ऐं —— षडकुडा —————— १

ईतीसम्वत् १९५५ साल्मीती आषाडवदी १० रोज ३ शुभम्
श्री

छाडनीसीलषानाका हकीम काहिन्दाले पुर्जी हेरी अवड प्रानप
ल्टले तारो हान्दा बीग्रेकोव ९ दुक जुन पल्टनले तारो हान्याको
होइस पल्टनका अफिसरले नषु मेगजीनमा लगीवनाई सा
बुझाइ जुन जुन अडावात लग्याको हो इस अडामा बुझार
डीनु भन्या पल्टनलाइ डर्ी भयाको हुनाले मो जीम पल्टन
लाई तारो हान्न दिदा बेसाबुड भयाको बंदुक पल्टनवाट नषुमे
गजीनमा बनाई ल्याया को साबुड गरी बुझी राषन्या काम गरोस अ
डानार ल्याकाबेसाबुड ९ दुक अघी जुन पल्टनले तारो हानील्या
डडाबेसाबुड भयाको हो इन पल्टनका पेपनो भयाका सिपाही को
अफीसा सैग गमासाहीले डरबंदीबमो जीम को रुपै या बुझीली
साडामा ९ दुक समेत नषु मेगजीनमा पथाई बनाई साबुड गरी रा
षन्या काम गर इतीसम्वत १९५५ साल्मीती श्रावन सुदी ८ रोज ३ शुभम्
श्री

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

श्री कम्पनी ईई नवि फनार

छाउनी सिलषानाका हाकीम कारीन्दाहरूले पुर्जी हेरी गननपार
गर्ने अड्डालाई अफीसरहरूलाई बख्सालाई -२- लेली तप छाय
का मानीम हेलनाल हेका मैच मध्य मैच गोला ४ डी लेका मगा
पछी बुझा दलल्या थाका वेला मा पुर्जी लीनु इती सम्बत १९५५
साल मीती प्र आश्वीन सुदी ८ रोज ६ शुभम्

श्री

स्वस्ति श्री महाराज कुमार कुमारात्मज श्री जनरल गेहेन्द्र सम्सेर जङ्ग
राणा बहादुर कस्य छाउनी सील षानाका हाकीम कारीन्दाके प
र्गीड प्राना नपुगेका जी नंबर कल्ला मा ह्योका ८ पनी वंदुक सी
रुयायाको सबै पुर्जीली अरु फोहीम मा मीलेन उनी मीलाइ
पनु अरुफोहीम मा नमीलने षाना पाल भयाको जती कुवर
मरमत गरी हिफाजत हीगर पल्या काम आ इती सम्वत १९
५५ साल मीती भाद्र सुदी १५ रोज ४ शुभम्

श्री

छाउनी सिलेषानाका दीठा पृथ्वी बाहादुर पन्त छेत्री ले पुर्जी हे
री छाउनी सीलेषानामा गोरख डाल हेन्का पल्टन ईलाई दीय
कोकंपनी वदुक मा लषीक वालाले बुझायाको वसाबुड नाल
११,६ मध्ये सजी तयार हुने ११,४ खेर्क वानाल २ मध्ये सा
वालामा सजि साबुड तयार भयाको नाल ४०५ दस्तुर माफीक
हिफाजत सथ पल्टे पल्टमा मिलाई राषेका रोज रोज आन
वार सजीतयार भयाका वंदुक हरू पनी उचाइले काम बाको
ठ जबाई सदरबै आयापछी पल्टे पल्टमा मिलाई राषेने काम गर्दै
अब कुंडा भानी यकार कुंडा चोई टोप्वाल पनि केही म गीन गाज सं
गले अड्का ड पनि वेसाबुड भयाको नाल ५१५ तयार भयाको छन
सोंवंदुक नाल ५१५ तयार गर्नालाई जो चाहीने गज सीगिन ठो
त हीकाई आया मम्मे का परवाना पुगि दीयाको र कुंदा बनाउ
लाइ जो चाहीने दीम्या पनी नपुगाइ बकस्याको ठ कुंडा कुंदा ड नाल
ई सिंकर्मि मात्र मदत नबकस्याको हुनाले सिकर्मि मड न लाई जा
हीरपोन बढ़ायाको हुपोर सडर गरी बकस्या पछी सीकर्मि मद
नली नपुगेको गजा सगिन सीन नपुगाउ आयापछी सो नाल तया

सोंवंदुक नाल ५१५ तयार गर्नालाई जो चाहीने गज सीगिन ठो
त हीकाई आया मम्मे का परवाना पुगि दीयाको र कुंदा बनाउ
लाइ जो चाहीने दीम्या पनी नपुगाइ बकस्याको ठ कुंडा कुंदा ड नाल
ई सिंकर्मि मात्र मदत नबकस्याको हुनाले सिकर्मि मड न लाई जा
हीरपोन बढ़ायाको हुपोर सडर गरी बकस्या पछी सीकर्मि मद
नली नपुगेको गजा सगिन सीन नपुगाउ आयापछी सो नाल तया
ह्लेड नालो सोवंदुक ५१५ नाल तयार नभै पल्टे ९ लाई डीयेको थ
पनि वंदुक सबै अपुरो अड्कल च भै हेको कुंडा सो पल्टे पल्टको थ
पुरो भयाको वंदुक हाले साबुड पुरो गरी तयार गर्ना लाई हाल तोस अ
उसा नपुगाइ उ यो पुलीस बाट आयाको ८ पनी वंदुक बाट सो पल्ट
नपल्टको वेसाबुड ४ वंदुक मा सद्दा गर्ना डी पल्टे ९ को ८ पनी वंदुक ड
सु माफीक तयार गर्नु नपुगाइ उ यो पुलीस बाट आयाको ८ पनी
४ वंदुक ले पनी सोली ९ पल्टे का वेसाबुड क पनी वंदुक लाई सद्दा ग
र्ना पुग्न नन्ना न्याज नपल्टे मा छै वेसाबुड भयाको डौ पल्टे
का सावुड ८ पनी वंदुक बाट भयापनी पल्टे ८ का वेसाबुड ८
पनी वंदुक मा सद्दा गर्ना डी पल्टे ८ को ८ पनी वंदुक साबुड
या गरी राषनु कुंडा फेर्ने काम लाइ जो चाहीने सिकर्मी मदत प
कस्या नपुगा र्फत जो चाहीन्या पुर्जी थो सेपार आयापछी सो सद्दा भ
र्ना गियाको ८ पनी वंदुक हरू जो छ दस्तुर माफीक सावुड तयार ग
री राषनु भन्या मेरा गाडु मा सावुड गरी बकस्याका मचलो हो भनी नाए
ले हाम्रा हजुरमा बीन्तीपाती जाहेर भयाको सबै सोमा चीलषी या
वेहोरा पसो जीम गर्न्या काम गर इती सम्वत १९५५ साल मीती का
तीक सुदी ५ रोज ३ शुभम्

श्री

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



छाडनी सिलेषानाका डीठ्ठा पृथ्वीबाहादुर पन्त क्षेत्रीले पुर्जी हेरी [illegible]
[illegible] लेषाना मा रहेका बेसाबुद ४ दुइ हरु षनाउने आएका [illegible]
मलाई बक्सेको छाडनी दपौत पही का नहर १ भन्याको [illegible]
नाले सो नहरामा टाल टुल गरी बना दुना लाई [illegible]
हुँदाली थोकनाके डलीन गोटा १० मात्र छुटेडेल पाट लाग[illegible]
न गरीदी अरु मुरी वीरपन मुठल स्मेत केही काठ का स्मेत ल[illegible]
[illegible] गरी नदी याको हुनाले लागत बमोजीम टाल टुल गरी [illegible]
नाउना पाना टाल टुल गर्नु पर्ने भै सर्कार को नोक्सानी हुने [illegible]
नाले सो आएन मजगुती बलीयो गरी बना दुनालाई सो नहर १
मा आएन चलाई काम गर्न लाई चाहीने मात्र थामी अरु [illegible]
[illegible] लागेको नहर जती भन्काई याको रेहेका नहरमा [illegible]
भन्काई आयाको हुन्छ भनी मुरी वीरपन मुठल हरु पार
लगाई सोहील गत गरी [illegible] गरी कामा लगाउ[illegible]
लाम जुरीपाट [illegible] माल षरीद गर्नु पर्ला गरी [illegible]
हीने [illegible] मजगुती बलीयो गरी बनाउने का
मा इति सम्वत १९५५ साल मीती मार्ग सुदी [illegible] रोज ३ शुभम्
श्री

छाडनी सीलेषानाका हाकीम [illegible] पुर्जी हेरी तपसील
बमोजीम का बेहोरामा तपसील बमोजीम गरी दीनु भन्या [illegible]
[illegible] का नाउमा पुर्जी गरी बक्सनु पर्ला ठहराउँछु भनी छाडनी
सीलेषानाका डीठ्ठा पृथ्वीबाहादुर पन्त क्षेत्रीले हाम्रा ह
जुरमा बीन्ती पार्दा जाहेर भयो न सर्व सो ठहरायाकोमा
हामीबाट हुकुम मर्जी बक्स्या बमोजीम गर्न्या काम गर



हामीबाट हुकुम मर्जी बक्स्या बमोजीम गर्न्या काम गर

तपसील

चीनालेठहरायाको — हामीबाट हुकुम मर्जी बक्स्याको

छाडनीमा नारायहानी बेर्कबान याको सीसाकागो
ली हरु जाडन ल्याउन [illegible] भन्या
बाट मर्जी भयाको हुनाले [illegible]
डलबाहादुर [illegible] क्षेत्री नीनबाट [illegible]
हुन्या २ पल्टन [illegible] थापा क्षे
त्रीले सही छाप गर्याको [illegible] बमोजीम
छाडनीमा नारायहानी बेर्कबान याको भनी नार
हाले अफिसर हरुले [illegible] ल्यायाको
[illegible] गीली हरु [illegible]
डन ल्याउन [illegible] गरी [illegible] नारा
यहानी बेर्कबान याको हुनाले [illegible]
[illegible] गर्न पर्डैन [illegible]
लीनु भन्या पुर्जी गरी बक्सनु पर्ला ठहराउँ

इति सम्वत १९५५ साल मीती पौष सुदी १२ रोज २ शुभम्
श्री

छाडनी सीलेषानाका हाकीम [illegible] पुर्जी हेरी तपसील
[illegible] बेहोरामा तपसील बमोजीम गरी दीनु भन्या [illegible]
नाउमा पुर्जी गरी बक्सनु पर्ला ठहराउँछु भनी छाडनी सीले
षानाका डीठ्ठा पृथ्वीबाहादुर पन्त क्षेत्रीले हाम्रा हजुर
मा बीन्ती पार्दा जाहेर भयो न सर्व सो ठहरायाकोमा हामीबा
ट हुकुम मर्जी बक्स्या बमोजीम गर्न्या काम गर

तपसील

चीनाले ठहरायाको — हामीबाट हुकुम मर्जी बक्स्याको

[illegible] | [illegible]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

डीनु भन्या सनद बमोजीम जो भयाका हुनी रोज ५ शुभम्
यार हरु धुकी ली खोरतोपार — २ — का हगु
र माल गी मजरगराउदा असल जती भली
भलायेन गरी हीफाजत राखनु अरु का
म नलाग्ने हतीयार लीलाम गराइ डीक्री
न्या मर्जी बक्से मोताबीक असल जती हुन्
ई मलीम ला पकारी हीफाजत राषी बाकी
लीलाम गर्ने जती हुन्याई राषेको हुनाले
लीलाम गर्ने तपसील बमोजीम का माल
हरु लीलाम गर्ना लाई औ ब्बा अडालत
का हकीम कारीन्दा जम्मा कोतार मा पच
लेषी बुझाइ डीनु भन्या यस सडाको नाउ
मा पुर्जी गरी बक्सनु पर्‍यो भहरा भयो
कीरीचा —————— २८
तरवार —————— ११

इती सम्वत १९५६ साल मीती आषाड वदी ६ रोज ५ शुभम्
श्री

कजीरी षानाका डीठा पृथ्वी बाहादुर षात क्षेत्रीके पुर्जी ह
री छाउनी लेषानाका डुना लइका छाना मा भुसी बीरष
इ हरु नीफन रहेको हुनाले सो भुसी बीरषा हरु फेरी षना
उनलाई र अरु गर्ना उ भत्के बीग्रेको सर सामान गर्नाई स्मत
अघी हीलेषाना पलेडल गर्नालाई बक्सेको मोहरु १००
६०।७० षर्च भै बाकी मोहरु ३०।४० मात्र बाकी हुनाले सो रुपैया
लेन पुग्ने हुदा जाहेर गर्‍याको हुनाले बीबीले हाम्राह जुरमा
षीनी पार्दा जाहेर भयाको सर्थ सीमा चीले जीयाका छाउना
बनाउनालाई जो चाहीने काठ मार्फत जती हमे लजीत सीगे
डाम बाट ली नुर जो चाहीने ज्याला मजुरी देनालाई र चाहीने
माल वजार बाट षरीद गर्नालाई समेत मोहरु १००।१०० को पा
कारी बासील बाकी बुझ्न्या गरी कोठी तोषाषाना बाट ली कपर्त
नबढ्ने मान सीबइयात हुन साहो राषी मजबुत बनी को गरी
बनाउनु बनाइ सीधी या पछी अर्को मोहरु १०० को परकली
म गरा राख न्याका मजार इती सम्वत १९५७ साल मीती जेष्ठ व
दी ११ रोज ६ शुभम्

डी मा रोज ६ शुभम्
श्री
श्री ३ माहाराजदाज्यूज्यू

स्वस्ति श्री मदति प्रचण्ड भुजदण्डेत्यादी श्री श्री श्री महाराज दे
व समेत जङ्ग राणा बहादुर प्राईम मीनीस्टर याण्ड कमान्डर इ
न चीफ कहलइका ——
आगे छाउनी सीलेषाना का हकीम कारीन्दा के यथो चीत उप्रान्त
— २ — आज ५७ साल फागुन सुदी १५ रोज ३ मा ३ घडी दीन
चढ्दा स्वर्गे भयाको हुनाले अब उप्रान्त हाम्रा — २ — का
सनद पुर्जी बमोजीम तेस सडामा रहेका मालहरु उठान दी
मांहेर गर्नु सो बाहेक अरु कसैका सनद पुर्जी ले केही माल नदी
राषनु भनी येको ठहर्‍यो भन्या हाम्रा तज बीज मा ठहर्‍याको भारी स
जाय होला इती सम्वत १९५७ साल मीती फाल्गुन सुदी १५ रोज ३
शुभम् ——

स्वर्गवासी श्री ३ माहाराज वीर सम्सेर ज
ङ्ग राणा बहादुर ——

छाउनी सीलेषाना का हकीम कारीन्दा ले पुर्जी हेरी तेस सडाको
काम काज गर्नालाई — २ — का पाला मा डेढ पेहरा को सवा
ल सनद भयाको छ अब उप्रान्त पनी अर्को सवाल सनद नभै
बक्सा पाससम्म सोही अघी भयाका सवाल सनद बमोजी
म कोर्ट बन्दुन्याई काम काज गर इती सम्वत १९५७ साल मीती
चैत्र वदी ८ रोज ४ शुभम् ——
श्री

छाउनी सीलेषाना का हकीम कारीन्दा ले पुर्जी हेरी तेस सडामा
मौजदात रहेका तपसील बमोजीम का माल थान ३ डोनसवा
का पल्टन पार अस्पताल का हाकीम कारीन्दा जीम्मा दीन
पनाषर्च लेषी डीन्या काम गर ——

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



पमाफिक लेषीडोल्याकामगर

तपसील

ज्याहा जाचने ... पाई — १

भुवल — २

ईतीसम्वत १९५७ साल मीती वैसाष वदी २ रोज ७ शुभम्

श्री श्री ३ महाराज

दाडगी शीलेषानाका हकीम कारीन्दाले पुर्जी हेरी तेरा सीलेषानामा रहेका ताम पुरज हामी — २ — का तालीम षानासार हो हुनाले डीट्टा श्री कृष्ण रहे औ तमसीलको रीतपुर्‍याई पर्चले षीडियाकाम गर ईती सम्वत १९५८ साल मीती वैसाष वदी १० रोज १ शुभम्

श्री

दाडगी शीलेषानाका हकीम कारीन्दाले पुर्जी हेरी तेस अडाको कामका आगर्नालाई अर्को सवाल सनद भै नआयासम्म अव उप्रान्त कामकाज गर्दा पनी साबीक सवाल सनद औ तबमोजीमको रीत पुर्‍याई कामकाज गर्न्या काम गर ईती सम्वत १९५८ साल मीती आषाड सुदी १२ रोज ६ शुभम्

हीजहैनेस श्री महाराजकुमार कमाण्डरिनचीफ जनरल श्री दक्षीण तर्फका कम्पीडी डिजनरल मुख्तीयार सम्सेरजङ्ग राणा बहादुरकस्य पत्रम्

आगे दाडगी शीलेषानाका हकीम कारीन्दाके पेश्की चीठ उप्रान्त डीट्टा सर्जु लाल मुलेषाल गीरीलीयाको कीरीज पानलं वक्सीस तहसील अडाका डीट्टाई कप्रसाद कानाडमा बाल गीरी जीम्मा रीलेषी दीने काम गर ईती सम्वत १९५८ साल मीती पौष सुदी १३ रोज ४ शुभम्

श्री



रोज ४ शुभम्

श्री

श्री ३ महाराज

२

श्री पश्चिम महाराज देव सम्सेर जङ्ग राणा बहादुर

श्री कम्पी डाईरेक्टरीफ बाट

दाडगी शीलेषानाका हकीम कारीन्दाके पुर्जी उप्रान्त — २ — कम्पी डाईरेक्टरीफ बाट ... जाबाला को फरार जमनको आडाहरू ... डाईरेक्टरीफ ... तेस अडाको जीम्मा आ... कोकुनकुन कारीको कती कती आडाहरू ... हरूमन त लगाई साफ गराई — २ — का हजुर लगीन जरगराउने काम गार ईती सम्वत १९५८ साल मीती माघ सुदी १३ रोज ५ शुभम्

श्री

श्री कम्पी डाईरेक्टरीफ बाट

दाडगी शीलेषानाका डीठ पृथ्वी बाहादुर षत क्षेत्री के पुर्जी उप्रान्त ताहा शीलेषाना दिजाउ मालाइनासु थापुन्या जडपा ... गोदका नामा हरू लाई मीलाउने छन जो भयाको हालहरी पार हरू देषाउदी नेकाम गर ईती सम्वत १९५८ साल मीती फाल्गुन सुदी ११ रोज ५ शुभम्

श्री

श्री पश्चिम ... महाराज

दाडगी शीलेषानाका हकीम कारीन्दाके पुर्जी हेरी — २ — का दस्तुर रहेका तपसील बमोजीम का पीतलले ८ लोटे भाडा बर्तन थान ५८ ... तेस अडाका भाडा बर्तनका फीरीस्त मा आम्दानी बाधी राषने काम गर

तपसील

देवदेवताका मुर्ती भयाको ... भयाको ... — २

देवदेवताका मुर्ती भयाको सुनी चाल्नेत को सुकुंडा — १

डीकी सेतको ... — १

अँगी — १

ईतीसम्वत १९५८ साल मीती फाल्गुन वदी १३ रोज ८ शुभम्

श्री श्री ३ महाराज

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



इतीसम्वत १९५८ साल मीती फागुन वदी १३ रोज ८ शुभम्

श्री

श्री३ महाराज

तपसील



इतीसम्वत १९५९ साल मीती जेष्ठ वदी ७ रोज ४ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.




गर

तपसील

[illegible]कोकाठगोदा	२३५
[illegible]का तीना	१६०
७।१२।७ हाते	१४३
६।१८।६ हाते	१७
अगाथको काम	२१
८।१०।५ हाते	४
७।१।४ हाते	१७
[illegible]को डलीन	५४
५।७।६ हाते	४६
५।६।८ हाते	८

इति सम्वत १९५८ साल मीती श्रावण सुदी ११ रोज १ शुभम्

तपसील

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



माल मडन पायाहा माल मडना ली सावी
थेको गाउमा टाल हुल गरि पूर्व लंडुमाके
नु पर्ला भुसी सेत फेरी ही फाजन राषडा
कैप्रनु जो मर्जी हुकुम भनी यस्तो डगी
सील भाका वाट रपोट चढायाको मायेसह
डगी सील भाका भित्रै को सदना के चाहीने
न चाहीने सजा को ल्याउनु भनी इन्ती मोपठ
आफीस सदावाट मेरा गाउमा लेषी आज्ञा
कोमा जाचडा मनासीब चाहीने ले षीया
कोर हद जो मर्जी हुकुम भनी पछ साल आ
षाढ सुदी ८ रोज १ मा सीकमी नाईके जोग
वीर ले लेषी नठी गरी पठायाको र यस्माही
कमी नाईके जोगवीर ले जाची मनासीव ठह
राई ल्यायाको मा यह सदाबाट सरजमी
न जाचडा लेषी याको माल मडन मनाही
[illegible] ले ८ षी माले लषी याका नगडीजी
मी [illegible] लाई चाहीने वे होरा को
सनद गराई ली ले षीयाव मो जीन व नाउ
नुन मी या तोक सदर भया पछि श्री पृथ्वी
वाहादुर पत हरेन हेडपठाउनु पर्ला कोर्षे
त्याचीनामा लाउ जोमर्जी हुकुम भनी
माफ [illegible] मा यस आफीस अडावाट
वोलेको तोक मा लेषी या वमो जीम आहा
आ हालाई ओजे सनद गर्नु पर्छ सनद ले
षी ल्याउनु भनी रपोट का पीठ मा [illegible]
[illegible] लगाई [illegible] सोले
[illegible] जी म वनाउने काम लाई चाहि
ने नगडी मोहरु ३१।२० कोशी मोसा [illegible]
वार श्री [illegible] जी जी सी ६।१।१२ [illegible]
का डली रगमा ६ ठमेल्ल ओमी गोडानवार
हल्ल श्री [illegible] वनाउनु चाहीने माल षरीदा



का डली रगमा ६ ठमेल्ल ओमी गोडानवार
हल्ल श्री [illegible] वनाउनु चाहीने माल षरीदा
[illegible]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पाटन गुस्तलवहीको लिच्छवि चैत्य अभिलेखको परिष्कृत पाठ

- श्यामसुन्दर राजवंशी*

ललितपुर उपमहानगरपालिका वडा नं ८ स्थित गुइत टोलको बेग्लै विशेषता कायम रहँदै आएको छ। गुइतको नामले नौ संयोजन भएको प्राचीन बस्ती थियो भनेर विश्वास गर्दै आएको पाइन्छ। काठमाडौंमा नौवटा चीज संयोजन गरी बसाइएको गोपालकालीन बस्ती भएर पशुपति क्षेत्रलाई ग्वल भनिए झैं पाटनको प्राचीन लिच्छविकालीन बस्तीको रुपमा गुइत टोललाई मानिआएको छ। भनिन्छ कि यहाँ नौवटा पोखरी बनाउन नौवटा नाग साधना गरिएको विश्वास गरिन्छ भने बुद्ध चैत्य थापना गर्दा नौवटा नै , ढुंगेधारा पनि नौवटा नै, इनार पनि नौवटा नै र विहार वही पनि नौवटा नै रहेको विश्वास गर्दै आएको छ। तापनि तीन वटा वही हालसम्म पनि विद्यमान रहे भने अर्को ६ वटा कुन कुन हुन ती कहाँ छन् भन्ने ज्ञात भैसकेको छैन। विद्यमान तीन वटा वहीमा एउटा तधं वही अर्को चिधं वही र बीचको मूल वही कहलिएको पाइन्छ भने तधं वहीको नाम प्रथमश्री महाविहार, चिधं वहीको नाम वसुच्चशील महाविहार र मूल वहीको नाम गुस्तल महाविहारको नामले पनि प्रख्यात छ। गुस्तल शब्दको पर्यायमा कतिले गुसतल, गुस, गुयितल गुइत,गुस्तु आदि शव्दको पनि प्रयोग गर्दै आएका छन्। यस गुस्तल वहीलाई सर्वानन्द संस्कारित गुइत वही पनि भन्ने गरिएको पाइन्छ। यस गुस्तल विहारको मूल ढोका उत्तर तर्फ रहेको र मूल ढोका अगाडि ढुंगे खुड्किलो बनाइएको छ। यस खुड्किलो चढेर गए पछि खुल्ला फराकिलो ठाउँ देखापर्छ। यही ठाउँलाई गुस्तल महाविहार भनी आएको छ। यस मूल वहीको मूल मन्दिर साधारण देखिने दुई तला भवन छ। यस भवनको भुईतलामा गन्धुरी देवताको रुपमा भविष्य व्याकरण मुद्रामा उभिएको बुद्ध मूर्ति राखिएको छ। साथै एउटा लिच्छविकालीन चैत्य पनि छ। लिच्छविकालीन चैत्य किन भनिएको भन्दा चैत्यमा एक पंक्तिको अभिलेख लिच्छवि लिपिमा अंकित गरिएको हुनाले हो भन्ने पुष्टि हुन्छ। उक्त चैत्यको मध्य भागमा रहेको शिलाफलकमा एक पक्तिको अभिलेख अंकित रहेछ। अभिलेख पाठले शुरुको भाग र अन्तको भाग पनि हुनु पर्ने संकेत गर्दछ। यसको मतलव स्पष्ट भन्न सकिन्छ कि यो शिला फलक कुनै अन्य ठाउँबाट ल्याइ जडान भएको हो। जेहोस् अभिलेखको छापा उतार मित्र ज्ञानेन्द्र शाक्यजीले उपलव्ध गराइ दिनु भयो र हेराकाजी बज्राचार्यद्वारा लेखिएको गुइतःया बहि विहारसंघ छ्गु अध्ययन नामक पुस्तक पनि उपलव्ध गराइ दिनु भएको हो।

उक्त पुस्तकमा चैत्याभिलेखको पाठ यसरी दिइएको छ। जस्तैः

*प्रमुख पुरातत्त्व अधिकृत, पुरातत्त्व विभाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ते विनयाचार च वानभक्टं भ्रातेनुध्वानजिनदीपाः (?) नवणशल प्रतिमाम चंक्रम्न्ये

१ ११११११ १ ११११ ११११११ ११११ (१) ११११११ ११११ १११

३ ये पूजात ।

१ १ १११ ।

उक्त एक पंक्तिको अभिलेखमा ३८ वटा अक्षर रहेको ठम्याइएको छ । त्यसरी पढिएको पाठसित छापा उतारसँग दाँजेर हेर्दा केही फरक परेकोले यहाँ अक्षर हरूको विवेचनात्मक विश्लेषण गरिन्छ :-

१) **ते**ः–चैत्यको शिला फलकमा अंकित पहिलो अक्षर भनेर **ते** पढिएको छ तर छापा उतारमा शुरुमा अलि अस्पष्ट भएकोले **ते** भनेर पढि हाल्ने अवस्था देखिएन । वास्तवमा शुरुको अक्षर अस्पष्ट नै छ र त्यसपछि **श्रुत** पढ्नु पर्ने देखिन्छ । यहाँ अगाडिको **श्रु**लाई उपेक्षा गर्दै **त** लाई लिएर **ते** पढिएको देखिन्छ । यसरी एकै चोटी **त** अक्षरमा मात्र ध्यान दिइएबाट यो भन्दा अगाडि देखिने दुई अक्षरको बान्कीलाई छोडेको देखिन्छ ।

२) विः– ते पछि **विनयाचार** भनी पढियो र विनयाचारको पहिलो अक्षर **वि** स्पष्ट छ । नेपाली वर्णमालाका य,र,ल,व वर्गको व मा बाइमात्रा इकार दिइएको छ । इकारको बनोट र अक्षरको शैलीबाट तुलना गरी हेर्दा लिच्छविवंशी राजा मानदेव प्रथम भन्दा पछिको लिपि हो भन्न सकिन्छ किनभने इकार वाइमात्रा तलसम्म झारिएको छ ।

३) नः–**विनयाचार** शव्दको दोश्रो अक्षर **न** स्पष्ट छ । यसलाई **न** भनेर पढेको स्वाभाविक नै छ ।

४) याः–**विनयाचार** शव्दको तेश्रो अक्षर **या** पनि स्पष्ट नै छ । यो य अक्षरलाई लिएर तुलना गरी हेर्दा मानदेव प्रथमको पालाको समकालीनता देखिन्छ । अतः यस एक हरफको चैत्याभिलेखको लिपिलाई मानदेव प्रथम भन्दा पछि र अंशुवर्मा भन्दा अघिको लिपिको समकालीन मानेर कालनिर्धारण हुनु पर्ने देखिन्छ ।

५) चाः– पंक्तिको पाचौं अक्षर **चा** भनेर पढिएको छ र यसलाई चा भनेर पढिएको स्वाभाविक नै छ ।

६) रः– पंक्तिको छैठौं अक्षर **र** भनेर पढिएको छ । यसलाई र भनेर पढिएको पनि स्वाभाविक नै छ ।

७) चः– पंक्तिको सातौं अक्षर च भनेर पढिएको अलि मिलेन छापा उतारमा क अक्षरमा तल रकार दिइएको प्रष्ट देखिने भएकोले क्र पढ्नु पर्ने हुन्छ ।

८) वाः– पंक्तिको आठौं अक्षर वा भनेर पढिएको विल्कुल मिल्दैन । छापा उतारमा सा प्रष्ट छ । अघिल्लो अक्षर क्र र त्यसपछिको अक्षर सा प्रष्ट बुझिने भएकोले क्रसा पढ्नु पर्ने हुन्छ ।

९) नः– पंक्तिको नवौं अक्षर न भनेर पढिएको पनि विल्कुल मिल्दैन । छापा उतारमा क अक्षरमा माथि शिरविन्दु दिएर कं बनाइएको प्रष्ट छ । अतः अघिल्लो अक्षर समेत लिएर भन्नु पर्दा क्रसाकं हुन आउंछ । माथि पढिएको पाठमा वानभक्टं भनी जुन पढियो त्यो कुनै पनि दृष्टिले मिल्दो देखिएन ।

१०) भः– पक्तिको दशौं अक्षर वानभक्टं को भ भनेर पढिएको हो । क्रसाकं पछि भ्रा अक्षर प्रष्ट छ ।

११) क्टः–पंक्तिको एघारौं अक्षर वानभक्टको क्ट भनेर पढिएको पनि विल्कुल गलत छ । किनकि अघिल्लो अक्षर भ्रा पछि ता प्रष्ट रुपले पढ्न सकिन्छ । अतः क्रसाकं पछि भ्राता भनेर पढ्नु पर्ने हुन्छ ।

१२) भ्राः– पंक्तिको बाह्रौ अक्षर फेरि भ्रा पढेको छ । वानभक्ट पछि भ्रातेनुध्वान भनेर जुन पढ्न कोशिस गरिएको छ । यसले लिपि पढ्नमा निक्कै कठिन भएको बुझ्न सकिन्छ । वास्तवमा क्रसाकं पछि भ्रातानुजेन पढ्नु उचित हुने हुँदा बाह्रौं अक्षर नु पढ्नु पर्ने हुन्छ ।

१३) तेः–पंक्तिको तेह्रौं अक्षर ते पढियो । वास्तवमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भ्रातानुजेन को जे तेह्रौ अक्षर पर्न आउनु पर्ने हो।

१४) नुः–पंक्तिको चौधौं अक्षर फेरि नु पढियो। वास्तवमा भ्रातानुजेन हुनु पर्नेमा भ्रातेनुध्वान पढिन पुग्दा अक्षरको गन्तीमा समेत अन्तसन्त हुनपुगेको देखिन्छ र चौधौं अक्षर न पर्न आउंछ।

१५) ध्वाः–पंक्तिको पन्ध्रौं अक्षर ध्वा पढिएको स्वाभाविक भएन।

१६) नः–पंक्तिको सोह्रौं अक्षर न पढिएको पनि वास्तविक मा चौधौं अक्षर न हो।

१७) जिः–पंक्तिको सत्रौं अक्षर भनेर जि पढियो खासमा पन्ध्रौं हो। छापा उतार अनुसार भ्रातानुजेन पछि को शव्द जिनदीपा पढिएको छ। सो जि अक्षर स्वाभााविक छ।

१८) नः–पंक्तिको अठारौंअक्षर न पढियो। यसमा न पढिएको स्वाभाविक छ।

१९) दीः–पक्तिको उन्नाइसौं अक्षर दी पढियो। यसमा दी पढिएको स्वाभाविक नै छ।

२०) पाः–पंक्तिको बीसौं अक्षर पा पढियो। तर प को अक्षरमा आकार कान्दानी हुन डिकोबाट सानो धर्सो तल झर्नु पर्नेमा त्यो नभएबाट पा को सट्टा प मात्र पढ्नु उचित देखिन्छ।

२१) (?):–पंक्तिको एक्काइसौं अक्षर अस्पष्ट भएकोले कोष्ठ भित्र प्रश्न चिन्ह मात्र दिइएको छ। यहाँनिर दुईवटा अक्षर रहेका छन्। ती दुई अक्षर क्षेत्रा भनेर पढ्नु उचित देखिन्छ।

२२) नः–पंक्तिको बाइसौं अक्षर न पढिएको छ। यहाँ नवणशल भनेर शब्द खुट्याउन खोजेको छ। यसले खासै अर्थ खुल्ला जस्तो देखिंदैन। अगाडिको क्षेत्रा र त्यसपछि नुचर प्रष्ट देखिने भएकोले नवण को न पढ्नु उचित होइन।

२३) वः–पंक्तिको तेइसौं अक्षर व पढियो। वास्तवमा व होइन च पढ्नु पर्ने हुन्छ।

२४) णः–पंक्तिको चौबीसौं अक्षर **ण** पढियो। वास्तवमा **ण** होइन **र** प्रष्ट पढ्न सकिन्छ।

२५) शः–पंक्तिको पच्चीसौं अक्षर श पढियो। वास्तवमा श होइन शे प्रष्ट पढ्न सकिन्छ।

२६) लः–पंक्तिको छव्वीसौं अक्षर ल पढियो। यसमा ल पढेको स्वाभाविक छ।

२७) प्रः–पंक्तिको सत्ताइसौं अक्षर प्र पढियो। यसमा प्र पढेको स्वाभाविक छ।

२८) तिः–पंक्तिको अठ्ठाइसौं अक्षर ति पढियो। यसमा ति पढेको स्वाभाविक छ।

२९) माः– पंक्तिको उनान्तीसौं अक्षर मा पढियो। यसमा मा पढेको स्वाभाविक छ।

३०) मः–पंक्तिको तीसौं अक्षर म पढियो। यसमा म पढेको स्वाभाविक छ।

३१) चंः–पंक्तिको एकतीसौं अक्षर चं पढियो। वास्तवमा चं होइन ची प्रष्ट पढ्न सकिन्छ।

३२) क्रः–पंक्तिको बत्तीसौं अक्षर क्र पढियो। वास्तवमा क्र होइन क मात्र प्रष्ट पढ्न सकिन्छ।

३३) म्न्येः– पंक्तिको तेत्तीसौं अक्षर म्न्ये पढियो। वास्तवमा म्न्ये होइन रन्मुप्रष्ट पढ्न सकिन्छ।

३४) ३ः–पंक्तिको चौंतीसौं अक्षर ३ पढियो। वास्तवमा ३ होइन क्त प्रष्ट पढ्न सकिन्छ।

३५) येः–पंक्तिको पैंतीसौं अक्षर ये पढियो। वास्तवमा ये पढेको स्वाभाविक छ।

३६) पूः–पंक्तिको छत्तीसौं अक्षर पू पढियो। वास्तवमा पू होइन प्र पढ्न सकिन्छ।

३७) जाः–पंक्तिको सैंतीसौं अक्षर जा पढियो। वास्तवमा जा होइन सा प्रष्ट पढ्न सकिन्छ।

३८) तः–पंक्तिको अठतीसौं अक्षर त पढियो। वास्तवमा त होइन द प्रष्ट पढ्न सकिन्छ।

यस प्रकार **गुइतःया बहि विहार संघ छगु अध्ययन** नामक पुस्तकमा अभिलेखको पाठ जुन किसिमले पढिएको छ यसले अर्थ खुट्याउन संभव देखिंदैन। लिपि पाठको लिप्यन्तर पनि ठीक दुरुस्त आउने देखिएन। अतः यसको सट्टामा पढिएको पाठ यस प्रकार छ :–

.......श्रुत विनयाचार क्रसाकं भ्रातानुजेन जिन दीप (क्षे)त्रानुचर शेल प्रतिमामचीकरन्मुक्त (....) प्रसाद.........

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्वयः–

श्रुत=सुनीजान्ने, विनयाचार= नम्र बोल्ने विनय आचरण भएका, कसाकं=?,भ्रातानुजेन=दाजुभाईले, जिन दीप=जिनदीप नामक स्थान , क्षेत्रानुचर=आफ्नो हकभोगको क्षेत्र जगामा ,शेल प्रतिमा= शिखरकूट चैत्य प्रतिमा , मची = ?, करन्मुक्त = करमुक्त भएको , प्रसाद=निगाह गरियो ।

चैत्याभिलेखको पाठको शब्दादिशब्द अनुवाद हुन गाह्रो छ किनकि शुरुको भाग र अन्तको भाग छैन । त्यसकारण खण्डित अभिलेख को हूवहू अर्थ निस्कनु संभव भएन । तथापि प्रकारान्तरले भन्नु पर्दा यो पाठको अर्थ यसरीसम्मगर्न सकिन्छ ।

.....कुनै विनय आचरण भएका दाता दाजुभाइले शिलाले निर्मित शिखरकूट चैत्य प्रतिमा स्थापना गर्न लागेकोमा असूल गर्दै आएको कर मिन्हा गर्ने निगाह वक्सेको ......व्यहोरा झल्किन्छ ।

पाठ प्रतिकृयाः

त्यतिबेलाको दाता दाजुभाइहरु को थिए, कहाँका थिए, र असुल गर्दै आएको करको सन्दर्भ के थियो यी कुरा पुष्टि हुने श्रोत अरु भेटिए पछि हुनसक्ला । अभिलेखमा शैलचैत्य प्रतिमा शब्दको उल्लेख स्पष्ट छ र चैत्य स्वयं पनि शिखरकूट शैलीको रहेको हुनाले अन्यत्रको शिलाखण्ड यहाँ जडिन आइपुगेको तर्क गर्न मिल्दैन । यो कुरो विशेष महत्त्वको विषय मान्न सकिन्छ ।

अभिलेखको लिपिको सन्दर्भमा प्रतिकृया दिनु पर्दा प्रथमपुर श्री महाविहारको मूल क्वापाद्यछेंको मूल देवता दीपंकर बुद्धको प्रतिमाको पादपीठमा लिच्छवि संवत् ४६४ को राजा रामदेवको अभिलेख भेटिएको र यो अभिलेख प्रकाशित पनि गरी सकेको हुँदा संवत् ४६४ को अभिलेखको लिपि र यस शिखरकूट चैत्यको शिलाखण्डमा अंकित रहेको लिपिमा समकालीनता देखिएको हुँदा १०/२० वर्षमात्र अघिपछि हुनसक्ने देखिन्छ । यस भनाइको अर्थ चैत्यको अभिलेख र राजा रामदेवको अभिलेख बीच शताब्दीको अन्तर छैन तसर्थ यो अभिलेखको समय ईशाको छैठौं शदीको मध्य तिरको हो भन्ने कुरा लिपिशैलीलाई मान्न सकिन्छ ।







CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राष्ट्रिय अभिलेखालयको संकलनमा संवत् १८६७ को सरकारी पुस्तकको सूचीपत्र

- सौभाग्य प्रधानाङ्ग*

नेपालमा अभिलेख तथा रेकर्ड व्यवस्थापन गर्ने कार्य धेरै अघिदेखि शुरू भएको पाइन्छ । तर त्यसको माध्यम र तरिका भने समय र काल खण्ड अनुसार फरक फरक थियो । आजसम्म नेपालमा प्राप्त पहिलो अभिलेख निग्लीहवाको स्तम्भलेख र लुम्बिनीको बुद्ध जन्म सम्बन्धी स्तम्भलेखले अशोकको लुम्बिनी भ्रमणको रेकर्डमात्र राखेन निग्लीहवामा कनकमुनि बुद्धको स्तुपको संरक्षणको विषयमा र भगवान शाक्यमुनि बुद्ध लुम्बिनीमा जन्मेको अत्यन्त महत्त्वपूर्ण प्रमाण पनि बनेको छ । त्यसपछि लिच्छविकालका बिभिन्न विषयसँग सम्बन्धित दुई सय भन्दा बढी शिलालेखहरू प्राप्त भएको छ । ती अभिलेखहरूमा लेख्य[1], लेख्यदान[2], लिखित[3], तालपत्र[4], ताम्रशासने लिखिताभूत्तयैव पत्र लिखते[5] यथोचितप्रदानाय शासनोपनिबन्ध......लिखितो[6] आदि शब्दहरूको उल्लेख पाइन्छ । यी शब्दहरू तत्कालीन अभिलेख र रेकर्डसँग सम्बन्धित शब्दहरू हुन् भने यिनले त्यसबेलाको अभिलेख व्यवस्थापनको बारेमा पनि संकेत गर्दछ । लिच्छविकालको अन्तिम समयतिरका केही कागज तथा ताडपत्रका धार्मिक ग्रन्थहरू राष्ट्रिय अभिलेखालयमा आज पनि सुरक्षित छन् ।

पूर्व मध्यकालदेखि नै पुस्तक संकलन अध्ययनको क्रम पनि बढ्दै गएको देखिन्छ । मल्लकालमा महत्त्वपूर्ण ग्रन्थहरू संकलन गरी पूजा गर्ने, अध्ययन गर्ने गराउने, प्रतिलिपि तयार गर्ने, गराउने एवं सुरक्षित तरिकाले राख्ने परम्पराले थुप्रै हस्तलिखित ग्रन्थहरू संकलन हुँदै गए । राजा जयस्थिति मल्लको समयमा रीति-थिति सुधार्ने कार्यका निमित्त विभिन्न देशबाट स्मृति, पुराण, धर्मशास्त्र, समाज शास्त्रहरूको खोजी सञ्चय गरिएका थिए ।[7] वाङ्मय शताब्दी पुरूष वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशीज्यूले राष्ट्रिय अभिलेखालयको सूत्रपात राजा जयस्थिति मल्लको समयमा भएको संभावना देखाउनु भएको छ । त्यस पछिका धेरै जसो मल्ल राजाहरूको साहित्यमा विशेष रूचि देखिन्छ । भक्तपुरका राजा रणजित मल्ल, कान्तिपुरका राजा जयप्रकाश मल्ल र ललितपुरका राजा विष्णु मल्लको समयसम्म पनि पुस्तक संकलन गर्ने कामले निरन्तरता पाएको

१ वज्राचार्य,धनवज्र,२०३०: पृ. १४७
२ ऐजन: पृ. २४९, २५३
३ ऐजन: पृ. ५६४
४ ऐजन: पृ. ५२०
५ ऐजन: पृ. ४७५
६ ऐजन: पृ. ३०१,३०२

*प्रमुख, राष्ट्रिय अभिलेखालय

७ जोशी,सत्यमोहन,२०१९: पृ. ३७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

थियो ।[८] भक्तपुरमा पुस्तक संकलन व्यवस्थापनका लागि सफूकोठा (पुस्तकालय) नै रहेको थियो, उक्त सफूकोठाबाट नै भक्तपुर दरवार क्षेत्रको एक ठाउँको नाम साक्वथा रहन गएको भन्ने देखिन्छ। शंखमूलको विष्णुमल्लको संवत् ८५२ को अभिलेखमा पुस्तक हेरचाह गर्ने ब्राम्हणको उल्लेख परेको छ ।[९] यसबाट त्यसबेला नै संग्रहित पुस्तक व्यवस्थापन गर्न र हेरचाह गर्न छुट्टै ब्राम्हणको व्यवस्था गरिएको प्रष्ट हुन्छ ।

हाल राष्ट्रिय अभिलेखालयको संकलनमा विभिन्न ठाउँ र विभिन्न समयका पुस्तकका सूचीहरू रहेका छन् । राष्ट्रिय अभिलेखालयका अभिलेख ग्रन्थहरूको छविचित्र(माइक्रोफिल्म)हरूको अध्ययन गरी डा. जनकलाल वैद्यले नेपालभाषामा लेखिएका हस्तलिखित अभिलेख ग्रन्थहरूको वर्णनात्मक सूची पत्रमा ९६० अभिलेख ग्रन्थहरूको सूची तयार गर्नु भएको थियो ।[१०] सो सूचीपत्रमा ४ वटा थ्यासफू, एक नेपाली कागजमा र एक देशी कागजको १६ वटा कापी भरिएको पुस्तकको सूचीहरूको बारेमा उल्लेख गरिएको छ । ती मध्ये संवत् ८१६ मा भुपतीन्द्र मल्लको समयमा तयार गरिएको पुस्तक संग्रहमा संवत् ८१६ र ८२७ मा थपिएका समेत गरी करिब ८८४ वटा पुस्तकको नाम संलग्न गरिएको छ[११] । त्यसैगरी ने.सं. ८२९ देखि ८३६ सम्ममा तयार गरिएको एक थ्यासफूमा २८ विषयका ११५० वटा अभिलेख ग्रन्थको नाम उल्लेख भएको छ ।[१२] उक्त थ्यासफूमा उल्लेख भएका धेरै पुस्तकहरू हालसम्म राष्ट्रिय अभिलेखालयको संग्रहमा सुरक्षित रहेको छ । त्यसैको आधारमा संस्कृतिविद् काशीनाथ तमोटले भक्तपुर दरबारबाट ११५० पुस्तक राष्ट्रिय अभिलेखालयको संग्रहमा ल्याइएको उल्लेख गर्नु भएको छ ।[१३]

पृथ्वीनारायण शाहको नेपाल एकीकरण पछि भक्तपुर, कान्तिपुर, ललितपुर एवं गोर्खा लगायत विभिन्न राज्यमा भएका महत्त्वपूर्ण अभिलेखहरू (ग्रन्थ, पुस्तक, तथा अन्य कागजातहरू) हनुमानढोका दरबारमा संकलन गरिएको बुझिन्छ। यसरी दरबारमा संकलन भएका पुस्तकहरूको संरक्षण एवं विशेष व्यवस्थाका लागि विशेष व्यक्ति नियुक्ति गरिएको हुन्छ । राष्ट्रिय अभिलेखालयको संकलनमा रहेको एक लालमोहर अनुसार राजा गीर्वाणयुद्ध वीरविक्रम शाहबाट संवत् १८६९ भाद्र वदी ६ पण्डित केदारनाथ झाको नाममा चिताई तहविलको जिम्मा लगाई लालमोहर जारी गरिएको थियो ।[१४] उक्त लालमोहरमा सम्पूर्ण पुस्तकको सम्भार गर्ने, विना हुकुम कसैलाई पुस्तक नदिने, दरबारमा कामलाग्ने पुस्तकको काम चलाउने, पुस्तकहरू आफ्नो जिम्मामा राख्नु, अशुद्ध पुस्तकलाई शुद्ध गर्ने, टुटेको फाटेका लेखाउनु, मुसा, किरा, पानी तथा अन्य बिगारबाट बचावट गर्ने, दरबारमा भए नभएको पुस्तक हेरी आवश्यकता अनुसार लेखाउने, खरिद गर्ने, वासा फेर्ने, पुस्तक कोठाको विशेष हेरविचार गर्ने आदि कार्यका लागि पण्डित केदारनाथलाई जिम्मा लगाई निजका मातहतमा लेखक र टहलुवाको व्यवस्था गरिएको बारेमा उल्लेख गरिएको छ[१५] । यसै अभिलेखलाई आधार मानेर नेपालमा यस दिनलाई पुस्तकालय दिवसको रूपमा मान्ने गरिएको छ ।

अभिलेख व्यवस्थापनको क्रममा यस लालमोहरसँग सम्बन्धित अर्को अत्यन्त महत्त्वपूर्ण कागजात फेला परेको छ जस्मा केदारनाथ पंडितलाई जिम्मा लगाउनु भन्दा अगाडि यी पुस्तकहरू धर्मध्वजको जिम्मामा थियो र संवत्

८ वैद्य, जनकलाल,२०४१: पृ.७-१३
९ वज्राचार्य,धनवज्र,२०५६: पृ.४३७
१० वैद्य, जनकलाल २०५८, पृ. १–२०४
११ ऐजन, २०५८, पृ. ९१
१२ ऐजन, २०५८, पृ. १८८
१३ तमोट, काशीनाथ, २०६८: पृ. ३७-३९
१४ डंगोल, वलरामदास, २०४० : पृ. २-३
१५ ऐजन, लालमोहर १८६९, राष्ट्रिय अभिलेखालय, लगत नं, ५०३ :

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१८६७ मा रूजु गरी केदारनाथ वोझा पंडितलाई जिम्मा लगाएको स्पष्ट उल्लेख गरिएको छ[१६]।

यस सूचीपत्रमाको शिरभागमा "श्री" लेखिएको छ र पुस्तकको सूची शुरू गर्नु भन्दा अगाडि "सम्वत् १८६७ साल मिति फागुन शुदि ९ रोज १ सर्कारीया पुस्तक धर्मध्वज मार्फत् रह्याका केदारनाथ वोझा पंडित्का जिम्मा" उल्लेख गरिएको छ । यस पंक्तिमा सर्कारीया पुस्तक भन्ने शब्द परेको छ जसवाट यसमा उल्लेखित पुस्तकहरू व्यक्तिगत संकलनमा नरही तत्कालीन नेपाल सरकारको नाममा रहेको पुस्तक भन्ने स्पष्ट हुन्छ। धर्मध्वजको जिम्मामा रहेको सरकारी पुस्तकहरूको संवत् १८६७ साल मिति फागुन शुदि ९ रोज १ मा रूजु गरी पछि पण्डित केदारनाथको नाममा चिताई तहविलको जिम्मा लगाई संवत् १८६९ भाद्र वदी ६ का दिन लालमोहर जारी गरिएको थियो ।

यस सूचीमा जम्मा १८८३ पुस्तकको सूची रहेको छ जस्मा लिपि, पुस्तकको संख्या प्राय सबैमा स्पष्ट लेखिएको छ भने केहीमा पुस्तकको अवस्था, पत्रसंख्या, पर्दाथ, मसी र आकारको बारेमा पनि उल्लेख गरिएको छ । केही केहीमा भाषा, रचनाकारको नाम र पुस्तकको पदार्थको बारेमा समेत उल्लेख गर्ने प्रयास गरिएको छ ।

यस सूचीमा रहेका पुस्तकहरूमा प्रचलित नेपाल लिपिमा लेखिएको पुस्तकमा अगाडि "ने." लेखिएको छ । जुन मध्यकालमा प्रचलित नेपाल लिपि भन्ने बुझिन्छ। यस्ता नेपाल लिपिमा लेखिएका १०४७ पुस्तक रहेको छ । देवनागरी/नागरी लिपिमा लेखिएको पुस्तकमा "ना." लेखिएको छ यस्ता पुस्तकहरू ६७१ वटा पुस्तकको नामको उल्लेख गरिएको छ । त्यसै गरी मैथिली लिपिमा लेखिएका ९० वटा र गौडा लिपिमा लेखिएका १४ वटा, लिपि उल्लेख नभएका ६६ वटा अन्य ४ वटा लिपिको ४ वटा ग्रन्थको नाम समेत गरी करिब ८ वटा लिपिमा लेखिएका पुस्तकको नाम उल्लेख गरिएको छ । केही पुस्तकहरूमा भाषाको पनि उल्लेख गरिएको छ । जसमा ने.भा., नेवारी भाषा, संस्कृत भाषा, संस्कृत भाका मिस्याको, अभठ भाषा आदि उल्लेख गरिएको गरिएको छ । त्यसैगरी "वासा स्मेत्को पोका ३३, चाँदिका अक्षेर पीतल्या गाता भयाको पत्रा २५ ठेलि" को पनि उल्लेख गरिएको छ, जस्मा कति ग्रन्थ छ भन्ने खुलेको छैन ।

यस सूचीमा रहेका पहिलो पुस्तक 'भारत् मोक्षधर्म' र दोश्रो पुस्तकमा 'राजधर्म' रहेको छ भने अन्तिम पुस्तकको रूपमा 'प्राकृत भाषा' को उल्लेख गरिएको छ । यसको साथै यस सूचीमा उल्लेख भएका प्रमुख ग्रन्थहरूमध्ये केही ग्रन्थहरू यस प्रकार छन:- "रिगिवेद, यजुर्वेद, सामवेद, अस्वायुर्वेद, मनुस्मृति, मोक्षधर्म, मानवधर्म, दानधर्म, राजधर्म, आपदधर्म, विष्नुधर्म, नेपाल महात्म्य, मंसीर महात्म्य, माघमहात्म्य, वैसाष महात्म्य, पुष्प महात्म्य, येकादसी महात्म्य, केदार महात्म्य, कार्त्तिक महात्म्य, देविपूराण, स्कंदपुराण, अग्निपुराण, मारकंडेय पुराण, मत्स्यपुराण, भविष्य पुराण, नरसिंहपुराण, वराहपुराण, वायुपुराण, वाग्मति प्रसंसा पशुपति पुराण, पद्मपुराण, विष्णुपुराण, लिंगपुराण, हिमवत् षण्ड पुरान, शिव पुराण, कुर्म पुराण, कालिकापूरान् गडुल् पुरान, सभापर्व, सौतिकपर्व, शांति पर्व, सल्यपर्व, द्रोणपर्व, अैसिक्पर्व, आरण्यपर्व, आश्रमवास्पर्व, आदिपर्व, अश्वमेधिक्पर्व, मौसलपर्व, विरातपर्व, भीष्मपर्व, वनपर्व, ऐषिंक पर्व, उद्योग पर्व, कर्ण पर्व, गदांपर्व, छन्दोपनिषत, अथर्व गुह्योपनिषत, अथर्वसिसोपनिषत, नारायणोपनिषत्, काठको पनिषत्, कालाग्नी रूद्रोपनिषत, दत्तात्रेय संहिता, महाकाल संहिता, वाराहमिहीरकृत वाराही संहिता, वामदेवसंहिता, निर्वार्ण संहिता, रस मंजरी, रसतरंगीनि, रघूवंस, वाल्मिकी रामायण,

१६ राष्ट्रिय अभिलेखालयको संकलनमा रहेको पुस्तक सूची, १८६७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राजराजेश्वरी कवज, रागमाला, स्वरोदयटिका, स्वासको प्रमान, सूर्यसिद्धांत, संवत्सर कृत्य, सारस्वति, सारदातिलक, सौदर्यलहरि, सांष्यसुत्र, सालिहोत्रको भाषा ओषधी, सप्तसति, रूद्रयामल, श्री दंत्तकृत माहादान पद्धति, ज्ञानार्णव, टोडरानन्द होरा सौष्य राजाभिषेक, दासरथीयत्तंत्र, दफे पत्रा, दुर्गाकवच, अंत्येष्टि पद्धति, अद्भुत दर्पण, अमरकोस, विस्वकोस्, अमृतलहरि गणितसास्त्र, औषधि विधान, आनन्दलहरी, आत्मनात्म विवेक, आत्मवोध, अनेकार्थ ध्वनि मंजरि, अष्टाध्याई व्याकर्ण, अश्वपरिक्षा, मृत्युंजय स्तोत्र, माल श्री गीत्, मध्यकौमुदि, महाभारतको नाटक, भृगुसिद्धांत, भाषागीत्, भगवत्गीता, नागार्जुनको ईन्द्रजाल विधान, नकुल चिकित्सा, जैमुनीभारत, ज्योतिष रत्नमाला, वौद्धपद्धति, पाकसास्त्र, सिद्धांत्त सिरोमणि, दिव्यतत्व, निस्वासाष्य तंत्र, किरात काव्य, लग्नचन्दिका, तिथिनिर्णय, ईतिहास समुच्चय, योगानुसासन, चंडि, चमत्कार चिंतामणि, चानके सारसंग्रह, कक्रपाणिकृत ग्रहणगणित, गायत्री कवज, हस्तमुक्तावली, शक्तिसंगम तंत्र" आदि । यी पुस्तकहरू कुनै एकवटा मात्र छन् भने अधिकांश पुस्तक एकभन्दा बढी संख्यामा रहेको छ । जुन पूर्ण, अपूर्ण, सारिएको प्रति एवं एउटै पुस्तकको विभिन्न पर्व, सर्ग, अध्याय, खण्ड छुट्टाछुट्टै रहेको देखिन्छ ।

यस सूचीमा केही ग्रन्थमा ग्रन्थकारको नाम पनि उल्लेख गरिएको छ । ती मध्ये रघुनाथ, रामवानपेयी, शंकराचार्य, सश्र, श्री दत्तक, बर्स, देवनाथ, दामोदर, आदिनाथ, माधवकर, मल्लिनाथ, भरतकृत, भैरवाचार्य, भट्टोजि दीक्षित, भव, भर्तृहरि, नरसिंह, नागार्जन, जयराम, वस्त्रभदेव, वर्सकृत्य, वाराहमिहीर, परासर, पिंगलाचार्य, लक्ष्मीनाथ, कासिनाथ, तंत्रराज, कक्रपाणि, धर्मराजदिक्षित्, हनुमत्, गोपीचन्द्र आदि ग्रन्थकारको नाम उल्लेख भएको छ । जस मध्ये शंकाराचार्य, रघुनाथ, भैरवाचार्य, भट्टोजि दीक्षित, नागार्जुन, वाराहमिहीर, परासर, पिंगलाचार्य, लक्ष्मीनाथ, कासिनाथ, गोपीचन्द्र आदि मध्येकालका प्रख्यात धर्मगुरु एवं रचनाकारहरू हुन् । यस सरकारी पुस्तक सूचीमा शंकराचार्यद्वारा रचित "मानसिपूजा, विरवितावज्रतिका, वेदांत ग्रन्थ २, बज्रसूचि २, तारा रहस्य र पादादीकेशपर्यन्त शंकराचार्यकृत ष्तोत्र " ९ वटा ग्रन्थको नाम यस सूचीमा समावेश छन् ।

पुस्तकहरुको विवरण दिने क्रममा केही पुस्तकको नामसँगै पुस्तकको आकार पनि दिएको छ जस्तै सानापत्र लेखिएका करिब १५४ वटा छ भने केही ठूला लेखिएका पुस्तकहरूको उल्लेख पाइन्छ, केही पुस्तकमा पुस्तकको पदार्थको उल्लेख गरिएको छ जसमध्ये १२ वटा पुस्तक ताडपत्रमा लेखिएको छ । त्यसैगरी "सुनको अक्षेर हस्ति हाडको गाता भयाको पत्रा १९५ तेस्मा पांच सात फाट्याको" एक वटा ग्रन्थ छ जुन ग्रन्थ हाल पनि राष्ट्रिय अभिलेखालयमा सुरक्षित अवस्थामा रहेको छ। नेवारी लिपि संस्कृतभाषामा नीलपत्रमा सुनको मसीले लेखिएको स्तोत्रसंग्रह प्रतापमल्लले पाठ गर्ने प्रयोजनको लागि लेखाएको यस ग्रन्थमा हाल १७० पृष्ठ रहेको छ। पित्तलको गाता भएको सुन र चाँदिको मसीले लेखिएको ग्रन्थहरूमा "पितल्या गाता तारपत्र हरमेषला, चाँदिका अक्षेर पीतल्या गाता भयाको पत्रा २५ ठेलि" को उल्लेख पाइन्छ । त्यसैगरी करिब ४९१ वटा पुस्तकमा पुस्तकको नामको साथै पृष्ठसंख्या उल्लेख गरिएको छ । जसमध्ये सबभन्दा बढी पृष्ठ भएको ग्रन्थमा "स्तोत्रावलि" मा ५९१ पृष्ठ र "हरिवंश" मा ५१० पृष्ठ रहेको छ। यसको साथै कुनैमा खण्डित पृष्ठको संख्या र कतै अपुग पृष्ठको संख्या पनि उल्लेख गरिएको छ ।

१२ त्यसैगरी पुस्तकको नामको पछाडि सम्पूर्ण र समाप्त भनी जनाएको छ कतिपयमा भने अध्याय, सर्ग, संख्या उल्लेख गरिएको छ । टीकासहित भएको पुस्तकको पछाडि सटीक र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पुस्तकको टीका मात्र छ भने टीका भनी उल्लेख गरिएको छ । जस्ले गर्दा पुस्तकको प्रकृति बुझ्न सकिन्छ । त्यसैगरी यस सूचीमा पुस्तकको अवस्था बारेमा पनि उल्लेख गरिएको छ । जस्मा पुस्तकको नाम पछि षंडित, किराले खाएको, मुसाले खाएको, उपर षंडित, आदि अन्त्य नभएको जीर्ण, पत्र अलमलिएको, फाट्याको आदि उल्लेख भएको छ । कतिपय पुस्तकमा बीचमा कति पृष्ठ षंडित र कति पृष्ठ नभएको समेत उल्लेख गरिएको छ । जस्तै उदाहरणको लागि "रत्नमालाको टिका वीचमा पत्रा ११ षंडित, रत्नमालाकाटिका विचका पत्र ५१ छैन, राजधर्म ७ पत्रादेखि १३३ सम्म षंडीत्" यी कुराहरू पनि कतै स्पष्ट रूपमा लेखिएको छ भने कतै छोटकरीमा लेखिएको छ । जस्तै "स्वरोदयाटिका पत्रा ११ उपर षंडित्, काव्यप्रकासको टिका पत्रा १२४ उ.षंडित्, पुष्पचिन्तामणि पत्रा ६० उ.षं." "कुलार्नव मुसाले षायाको, त्रिपुरासारसमुच्चयको सानापत्रा मुसाले षा, किराट्को टिका मु.षा" आदि । यस सूचीमा भएका पुस्तकहरूमा २९ वटा सम्पूर्ण, १३ वटा समाप्त लेखिएको र करिब २५९ वटा खण्डित्, जीर्ण मुसाले खाएको, किराले खाएको, फाटेको, पत्रहरू नपुगेको, अलमलिएको पुस्तकहरू रहेको देखिन्छ । यही सरकारी पुस्तकहरूको सूचीमा उल्लेखित विषय बस्तुलाई ध्यानमा राखी वि.सं. १८६९ को लालमोहरमा "दर्वारमा कामलाग्या पुस्तकको काम चलाऊनु, पुस्तकको तहविल आफना जीम्मा गरी राषनु. असुद्ध भयाको पुस्तक सुद्ध गर्नु, टुट्या फाट्याको लीषाऊनु. मुसा. कीरा. पानी. अरू बिगारन्यासीत बचाऊनु. दर्वारमा नभयाको पुस्तक काम लागन्या छ भन्या. दर्वारवाट दामली हुकुम वमोजीम लीषाउनु. कीन्नु. काम लाग्यामा पुस्तक हेर्नु " भन्ने उल्लेख गरी चिताई तहविलमा रहेका सरकारी पुस्तकको उचित संरक्षण गरी चुस्त दुरूस्त अवस्था राख्न विशेष जोड दिएको छ । सोही लालमोहरको उल्लेखित आदेश अनुसार पछि समय समयमा विभिन्न विषयका पुस्तक तथा अभिलेखहरू थपिन्दै गए ई.सं. १९१५ सम्ममा वीर पुस्तकालयमा १६००० ग्रन्थ संकलन भइसकेको थियो[१७] ।

यस सूचीमा लेखनशैली र भाषा व्याकरणको दृष्टिकोणले पनि एकरूपता छैन उदाहरणको लागि "सान्तिपर्व – शांतिपर्व, अमरकोस – अमरकोस् – अमरकोष, अष्टाध्याई – अष्टाध्यायी, कुलार्णव – कुलार्नव, जैमुनीभारत – जैमिनि भारत – जैमिनि भारत, ज्योत्तिष – ज्योतिस – ज्योतिष – ज्योतिष् – जोतिस्, पवित्रारोहण – पवित्रारोहन, षंडीत् – षंडित् – षंडित, जिर्ण – जीर्ण – जिर्न" आदि । कतै पूर्ण रूपमा विवरण सहित स्पष्ट उल्लेख गरिएको छ भने कतै छोटकरीमा र कतै संकेत मात्र गरिएको पनि पाइन्छ । लेखनशैली, प्रस्तुति, अक्षरको आधारमा तुलनात्मक अध्ययन गर्ने हो भने माथिदेखि तलसम्मको लेखाइ एकै व्यक्तिको नभएर ४ जनाको ४ किसिमको फरक फरक प्रस्तुति देखिन्छ । १८ मिटर भन्दा लामो यस सूचीमा केरमेट गरिएको एकदम न्यून रहेको छ । छुटपुट भएका १२ वटा ग्रन्थको नाम सम्बन्धित ग्रन्थको सूचीको दायाँ पट्टि किनारामा लेखिएको छ । सूचीमा उल्लेखित विवरणको आधारमा ग्रन्थहरूको सूची तयार गर्ने समयमा प्रत्येक ग्रन्थको अवस्था, क्षति हुनाको कारण, पत्रसंख्या, पूर्ण अपूर्ण आदि विस्तृत रूपमा जाँच गरी रूजु गरिएको देखिन्छ ।

१८०७ से.मि. लामो र २० से.मि. चौडाइ भएको उक्त सूची ४० वटा लामो छोटो नेपाली कागज जोडिएको छ । प्रायः जसो कागजहरू ४६ से.मि. देखि ४९ से.मि. सम्म लामो रहेको छ र सवभन्दा लामो जोडिएको कागज ५०.२ से.मि छ भने छोटोमा २२.५ से.मि. सम्म रहको छ । उक्त सूचीको शीर्ष भागमा ११.५ से.मि. खालि छोडिएको छ । बायाँ भागमा २.३ से.मि. र दायाँ भागमा ४.५ से.मि. किनारा (मार्जिन) राखिएको छ

१७ Hara Prasad Shastri sttps en.m.wikipedia.org

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भने तल्लो भागमा ३३ से.मी खाली छोडिएको छ ।

यो सूची एकै व्यक्तिबाट तयार नगरी विभिन्न व्यक्तिहरूबाट तयार गरिएको देखिन्छ । लेखाइको ढाँचा, अक्षर, प्रयोग गरिएको मसीको आधारमा हेर्ने हो भने ४ जना व्यक्तिले यो सूची तयार गरेको बुझिन्छ। यस सूचीमा भएका पुस्तक रहे नरहेको र यसको अवस्थाको बारेमा समय समयमा रूजु गरेको देखिन्छ । रूजु गर्ने क्रममा ४०० वटा पुस्तकमा तेर्सो धर्का १९९ वटामा गोलो थोप्ला र ६ वटामा सानो धर्का र ३५ वटामा थोप्लो र तेर्सो धर्का संकेतको लागि प्रयोग गरिएको छ ।

यस पुस्तक सूची प्राप्त हुँदा अति जीर्ण अवस्थामा पानीले धाडिएको, केही भागहरू मकिएको, च्यातिएको थियो भने धेरै भाग किराले प्वालप्वाल पारेको छ जस्ले गर्दा कतिपय अक्षरहरू लोप भई सकेको छ भने केही अक्षर चिन्न नसकिने अवस्थामा पुगेको छ । यस सूचीलाई आवश्यक रसायन संरक्षण गर्नुको साथै च्यातिएको र ठूलो प्वाल भएको भागमा नयाँ नेपाली कागजले टालेर सम्पूर्ण कागजलाई पछाडिबाट Back support दिएर भौतिक संरक्षण गरी सुरक्षित अवस्थामा राखिएको छ ।

यस सूची पत्रमा उल्लिखित धर्मध्वजको बारेमा खोजी गर्ने क्रममा चाँगु नारायणको संवत् ८१४ को ऋद्धिलक्ष्मी र भुपालेन्द्र मल्लको एक अभिलेखमा अभिलेखको लेखक तथा राजज्योतिषको रूपमा धर्मध्वज नाम उल्लेख भएको छ[१८] । संवत् ८१४ को चाँगुको अभिलेख र यस सूचीपत्रमा उल्लेखित मितिमा झण्डै ११८ वर्षको फरक छ । तर यस सूचीपत्रको पहिलो पंक्तिलाई केलाउने हो भने धर्मध्वज मार्फत केदारनाथ वोझालाई पुस्तक हस्तान्तरण गरेको नभएर धर्मध्वज मार्फत रह्याको पुस्तकहरू केदारनाथ वोझालाई पुस्तक जिम्मा लगाएको उल्लेख गरेको देखिन्छ । कान्तिपुरका राजा भुपालेन्द्र मल्लको समयमा यी पुस्तकहरू धर्मध्वजको जिम्मामा रहेको र त्यसपछि पुस्तकको जिम्मा कसैलाई नदिएको हुन सक्दछ। मल्लकालमा पुस्तकहरू हेरचा गर्न छुट्टै व्यक्ति नियुक्त गर्ने परम्परा रहेको कुरा शंखमूलको विष्णु मल्लको अभिलेखबाट पनि पुष्टि हुन्छ । त्यसैगरी संवत् ८१६ र ८२९ को भक्तपुरका राजा भुपतिन्द्र मल्लको समयमा तयार गरिएको दुई सूचीपत्रमा रहेको ग्रन्थको नाम सूची यस सूचीमा पनि पनि उल्लेख पाइन्छ । जस्तैः उदाहरणको लागि पार्थिव पूजा, अश्वशास्त्र, विराटपर्व, उद्योगपर्व, शल्यपर्व, रामायण, मुसल पर्व, कुलार्णव लगायत केही ग्रन्थहरू यस सूचीमा पनि उल्लेख पाइन्छ। तर धेरै पुस्तकको नाम र सूचीक्रमहरूमा भने फरक देखिन्छ। यस सूचीपत्रमा धर्मध्वज मार्फत रह्याको उल्लेख हुनु, गुह्यकाली, पशुपति, वाग्मती सम्बन्धी पुस्तकहरूको उल्लेख हुनु, विभिन्न आठ लिपिमा लेखिएका ग्रन्थहरूको संकलन हुनुको साथै "सुनको अक्षेर हस्ति हाडको गाता भयाको पत्रा १९५ तेस्मा पांच सात फाट्याको" ग्रन्थ राष्ट्रिय अभिलेखालयमा रहेको प्रताप मल्लले पाठ गर्ने प्रयोजनको लागि लेखाएको हस्तिहाडको गाता भएको स्तोत्रसंग्रहको उल्लेख हुनु आदिले यो सूचीमा भएका पुस्तकहरू मल्ल कालमा नै हनुमानढोका दरबारमा रहेका पुस्तकको सूची हुन सक्ने धेरै सम्भावना देखिएको छ। यसको पुष्टि गर्न थप अध्ययन तथा अनुसन्धानको आवश्यक रहन्छ।

यस सूचीपत्रमा भएका १८८३ र भक्तपुरबाट ल्याइएका ११५० गरी जम्मा ३०३३ पुस्तक संकलनमा रहेको देखिन्छ । संस्कृतिविद् काशीनाथ तमोटज्यूले पनि भक्तपुर दरबार र अन्य विजित राज्यबाट ल्याइएका केही पुस्तकहरू सहित संवत् १८६९ सम्ममा ३००० अभिलेख ग्रन्थहरू संकलित भएको अनुमान गर्नु भएको थियो[१९] ।

यस ग्रन्थसूचीको प्राप्तिले केदारनाथ पंडितलाई जिम्मा लगाउनु पूर्व यी पुस्तकहरू सरकारी

१८ खनाल, मोहनप्रसाद, २०४०: पृ. ३१९-३२२

१९ तमोट, काशीनाथ, २०६८: पृ. ३७-३९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पुस्तकको रूपमा धर्मध्वजको जिम्मामा रहेको नयाँ जानकारी प्राप्त भएको छ । त्यसैगरी वीर पुस्तकालयको स्थापना पूर्व केदारनाथ पंडितको जिम्मा लगाउँदासम्म नेपाल सरकारको चिताई तहविलमा कुन कुन ग्रन्थहरू कस्ता अवस्थामा थिए भने प्रष्ट भएको छ भने सं. १८६९ मा गीर्वाणयुद्धले केदारनाथ वोझा पंडितलाई चिताई तहविल जिम्मा लगाइएको लालमोहरको अझ महत्त्व बढेको छ भने राष्ट्रिय अभिलेखालयका ग्रन्थ तथा संकलनको इतिहासमा एक नयाँ आयाम थपिएको छ ।

सर्न्दभ सामग्रीहरू :

- खनाल, मोहनप्रसाद, (२०४०), **चाँगुनारायणका ऐतिहासिक सामग्री**, काठमाडौं, नेपाल र एशियाली अनुसन्धान केन्द
- जोशी, सत्यमोहन, (२०१९), पुरातत्त्व **एक रोचक कथा,** काठमाडौं, जगदम्बा प्रकाशन
- डंगोल, बलरामदास, (२०४०), राष्ट्रिय अभिलेखालय एउटा छोटो चिनारी, **अभिलेख**, अंक १, राष्ट्रिय अभिलेखालय, पृ. १-१५
- डंगोल, बलरामदास, (२०४४), **अभिलेख बन्दोबस्तको सिद्धान्त र राष्ट्रिय अभिलेखालय**, काठमाडौं, रमादेवी
- तमोट, काशीनाथ, (२०६८), भक्तपुर दरवार **"साफुलया ल्याख"** राष्ट्रिय अभिलेखालयको शुरूबाट **अभिलेख**, अंक २९, राष्ट्रिय अभिलेखालय, पृ. ३७-३९
- वैद्य, जनकलाल, (२०४१), **राष्ट्रिय अभिलेखालय स्थित नेपाल भाषा/नेवारी अभिलेख ग्रन्थ,** (लघु अनुसन्धान परियोजनाको शोध प्रतिवेदन), त्रिभुवन विश्व विद्यालय, मानविकी र सामाजिक शास्त्र अध्ययन संस्थान
- वैद्य, जनकलाल, (२०५८), **नेपाल भाषामा लेखिएका हस्तलिखित अभिलेख ग्रन्थहरूको वर्णनात्मक सूचीपत्र,** काठमाडौं, राष्ट्रिय अभिलेखालय
- वज्राचार्य, धनवज्र, (२०३०), **लिच्छविकालका अभिलेख**, काठमाडौं, नेपाल र एशियाली अनुसन्धान केन्द्र
- वज्राचार्य, धनवज्र, (२०५६), **मध्यकालका अभिलेख**, काठमाडौं, नेपाल र एशियाली अनुसन्धान केन्द्र
- राजबंशी, शंकरमान, (२०४०), **भूमिसम्बन्धी तमसूक ताडपत्र,** भाग १ काठमाडौं, राष्ट्रिय अभिलेखालय
- लालमोहर, १८६९ लगत नं. ५०३, राष्ट्रिय अभिलेखालय,
- सूची पत्र, (१८६७), राष्ट्रिय अभिलेखालय
- वीर पुस्तकालयबाट प्राप्त हस्तलिखित ग्रन्थहरूको प्रथम लगत
- Wezler, Albrecht, (1989), **Grunendhl / Sastri Concordance Catalogue,** Stuttgart, Franz Steiner Verlag Wiesbaden GMBH, P. 119- 391
- Hara Prasad Shastri https//en.m.wikipedia.org

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



संवत् १८६७ मा तयार गरिएको सूचीपत्रको माथिल्लो अंश



संवत् १८६९ मा गीर्वाणयुद्ध वीरविक्रमले केदारनाथ पण्डितलाई दिएको लालमोहर



संवत् १८६७ मा धर्मध्वज मार्फत रह्याको सरकारी पुस्तक केदारनाथ पंडितलाई जिम्मा लगाउन तयार गरिएको ग्रन्थको सूचीपत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu



सूचीपत्रमा ४ लेखकका ४ किसिमको लेखन शैली र अक्षर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कालिकाकुलपञ्चशतक

- माधवप्रसाद लामिछाने*

परिचय

राष्ट्रिय अभिलेखालय, काठमाडौँमा रहेको कालिकाकुलपञ्चशतक नामक ग्रन्थका तीनवटा मातृका फेला परेका छन्। तीमध्ये एउटा प्रचलित नेवारी लिपिमा, एउटा गौड लिपिमा तथा एउटा देवनागरी लिपिमा सारिएका छन्। उक्त ग्रन्थका केही श्लोकहरू अभिनव गुप्तद्वारा विरचित तन्त्रालोकमाथिको आफ्नो विवेक नामक व्याख्यामा आचार्य जयरथले उद्धृत गरेका छन्। ती श्लोकहरू केही देवीपञ्चशतिक वा पञ्चशतिक नाम दिएर र केही श्लोकहरू ग्रन्थको उल्लेखविना नै उद्धृत गरिएका छन्। हालसम्म अप्रकाशित रहेको उक्त ग्रन्थ कालिकाकुलपरम्पराको ज्यादै महत्त्वपूर्ण ग्रन्थ हो त्यसैले यस लेखमा नेपालमा उपलब्ध उक्त ग्रन्थका मातृका तथा सम्वद्ध ग्रन्थका विषयमा चर्चा गरिएको छ।

मातृका परिचय

मातृका 'क' को सामान्य परिचय

केसर पुस्तकालयमा पुस्तकसङ्ख्या ५२४ मा सूचीकृत कालिकाक्रम शीर्षकको मातृका 'क' नेपाल–जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजनाद्वारा रिल नं सी-४९/३ अन्तर्गत माइक्रोफिल्म गरिएको छ। उक्त मातृका गौडलिपिमा लेखिएको छ। एलेक्सिस स्यान्डर्सनको मतमा उक्त मातृका लक्ष्मणसेन संवत् १२२ अर्थात् वि.सं. १२८७–१२९९ का बीचमा सारिएको हो[1]। ताडपत्रमा कालो पाको मसीले गौडलिपिमा सारिएको उक्त मातृका २९ से.मी. लम्बाइ र ५ से.मी. चौडाइ परिमाणको रहेको छ। हरेक पत्रको तलमाथि र दायाँबायाँ करिब ३ से.मी.खाली राखिएको छ। उक्त मातृकामा जम्मा उनन्तीसवटा पत्र रहेका छन्।

उक्त मातृकामा हरेक पत्रमा पाँच हरफ रहेका छन् र प्रति हरफ सरदर ५६ अक्षर रहेका छन्। हरेक पत्रको बीच भागभन्दा करिब ५ से.मी. दायाँपट्टि करिब ४ से. मी. खाली ठाउँ राखी उक्त खाली ठाउँको बीच भागमा पर्ने गरी एउटा प्वाल बनाइएको छ। उक्त प्वाल ग्रन्थलाई बाँध्न प्रयोग गरिने धागो छिराउने प्रयोजनका लागि बनाइएको हो। चिसोले ढुँढी आएर हरेक पानाको दायाँ र बायाँ छेउका भागहरू टुक्रिएका छन् र यसरी टुक्रिँदा कुनै पानामा बढीमा पाँच अक्षरसम्म टुटेका छन् भने कुनै पानामा चाहिँ अक्षरमा कुनै क्षति भएको छैन। पत्रसङ्ख्या ३ख मा तेस्रो, चौथो र पाँचौँ हरफको दायाँ र बायाँ भागका केही अक्षरहरू खुइलिएर नबुझिने भएका छन्। पत्रसङ्ख्या १७ खमा दायाँ र बायाँ भागका

*उप-प्राध्यापक, पूर्वमीमांसा तथा तन्त्र विभाग, वाल्मीकि विद्यापीठ

१ Dominic Goodall & Andre Padoux (Ed), Tantric Studies in Memory of Helene Brunner, Pondichery : Instute de Francais, 2007 A.D., P. 436.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

केही अक्षरहरू खुइलिएर नबुझिने भएका छन् । पत्रसङ्ख्या १९खका अक्षरहरू पनि खुइलिएका छन् तर आइग्लासको प्रयोगले ती अक्षरहरू पढ्न सकिने खालका रहेका छन् ।

मातृका 'ख' को सामान्य परिचय

विद्वच्छिरोमणि पं. हेमराज पाण्डेको व्यक्तिगत सङ्ग्रहमा रहेको तथा राष्ट्रिय अभिलेखालयमा पुस्तक सङ्ख्या ५–३५८ मा सूचीकृत कालिकाकुलपञ्चशतकम् शीर्षकको मातृका नेपाल–जर्मन हस्तलिखित ग्रन्थसंरक्षण परियोजनाद्वारा रिल नं बी–३०/२६ अन्तर्गत माइक्रोफिल्म गरिएको छ । उक्त मातृका ने.सं. ७६५ (वि.सं. १७०१)मा सारिएको भनी तात्कालिक वीर पुस्तकालयबाट प्रकाशित बृहत्सूचीपत्रमा उल्लेख गरिएको छ[२] तर उक्त मातृकाको फ्याक्सिमिलिमा संवत्सूचक कुनै सङ्केत पाइदैन त्यसैले यो विषय थप अनुसन्धेय रहेको छ । नेपाली कागजमा कालो मसीले नेवारी लिपिमा सारिएको उक्त मातृका २०.५ से.मी लम्बाइ र ५ से.मी. चौडाइ परिमाणको रहेको छ । उक्त मातृकामा जम्मा १२४ पत्र रहेका छन् र हरेक पत्रमा दुईवटा भाग रहेका छन् । पत्रको माथिल्लो भागलाई ख र तल्लो भागलाई क नामकरण गरी प्रस्तुत आलेखमा १क, १ख, २क, २ख आदि सङ्केत दिइएको छ । हरेक पत्रको तलमाथि र दायाँबायाँ करिब ४ से.मी. खाली राखिएको छ । पत्रसङ्ख्या २४ देखि ७० सम्म प्रस्तुत ग्रन्थ उपलब्ध छ । प्रस्तुत मातृकामा पत्रसङ्ख्या ३५ र पत्रसङ्ख्या ५० देखि पत्रसङ्ख्या ५७ सम्म जम्मा नौवटा पत्र उपलब्ध छैनन् । उक्त मातृकामा हरेक पत्रमा पाँच हरफ रहेका छन् भने पहिलो र पाँचौं हरफमा सरदर ३५ अक्षर र दोस्रो, तेस्रो र चौथो हरफमा सरदर ३२ अक्षर रहेका छन् । प्रत्येक पत्रको बीच भागबाट करिब १.५ से.मी. दायाँपट्टि पर्ने गरी पहिलो र पाँचौं हरफको बीचमा करिब ३ से.मी. खाली ठाउँ राखिएको छ । उक्त खाली ठाउँको बीचमा पर्ने गरी एउटा प्वाल बनाइएको छ । उक्त प्वाल ग्रन्थलाई बाँध्न प्रयोग गरिने धागो छिराउने प्रयोजनका लागि बनाइएको हो । पत्रसङ्ख्या २४कको पहिलो र दोस्रो हरफ तथा पत्रसङ्ख्या २४खको चौथौ र पाँचौं हरफ, पत्रसङ्ख्या २६कको पहिलो हरफका केही अक्षरहरू कीराले काटेकाले उपलब्ध छैनन् । त्यसैगरी पत्रसङ्ख्या ४२कको पहिलो र दोस्रो हरफका बायाँ भागका केही अक्षरहरू मसी उडेकाले नबुझिने भएका छन् । पत्रसङ्ख्या ४५कका धेरै अक्षरहरू एवं पत्रसङ्ख्या ४५खको दायाँ भागको तेस्रो, चौथो र पाँचौं हरफका अक्षरहरू मसी उडेकाले नबुझिने भएका छन् । मातृकामा उपलब्ध अन्य पत्र र पाठको स्थिति राम्रो छ ।

मातृका 'ग' को सामान्य परिचय

विद्वच्छिरोमणि पं. हेमराज पाण्डेको व्यक्तिगत सङ्ग्रहमा रहेको तथा राष्ट्रिय अभिलेखालय, काठमाडौँमा ग्रन्थसङ्ख्या ५-५१८३ मा सूचीकृत कालिकाकुलपञ्चशतकम् शीर्षकको मातृका नेपाल-जर्मन हस्तलिखित ग्रन्थसंरक्षण परियोजनाद्वारा रिल नं ए-१५०/६ अन्तर्गत माइक्रोफिल्म गरिएको छ । नेपाली सादा कागजमा कालो मसीले देवनागरी लिपिमा सारिएको उक्त मातृका ३२.५ से.मी. लम्बाइ र १२.५ से.मी. चौडाइ परिमाणको रहेको छ । यसमा जम्मा चौधवटा पत्र रहेका छन् जसमध्ये सुरुका सातवटा पत्र पत्रसङ्ख्या १ देखि पत्रसङ्ख्या ७ सम्म लगातार अङ्कित छन्, त्यसपछि क८, ख८ र ग८ अङ्कित तीनवटा पत्र रहेका छन् भने त्यसपछि पुनः पत्रसङ्ख्या ९ देखि पत्रसङ्ख्या १२ सम्म लगातार अङ्कित चारवटा पत्र रहेका छन् । पत्रसङ्ख्या ग८कमा चौध हरफ रहेका छन् भने पत्रसङ्ख्या १२कमा नै ग्रन्थ समाप्त भएकाले पत्रसङ्ख्या १२खमा श्रीखपञ्चकस्तोत्रम्बाहेक केही लेखिएको छैन । मातृकाका अन्य पत्रका हरेक भागमा एघार हरफ रहेका छन् । पत्रसङ्ख्या ४क

२ बुद्धिसागर पराजुली(सम्पा.), वृहत्सूचीपत्र, काठमाडौं : राष्ट्रिय अभिलेखालय, वि.सं.२०२०, पृ. ३८ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

को पाँचौँदेखि आठौँ हरफ र पत्रसङ्ख्या ग८खको आठौँदेखि एघारौँ हरफसम्म सरदर अठतीस अक्षर एवं पत्रसङ्ख्या ग८कको बाह्रौँदेखि चौधौँ हरफसम्म सरदर छयहत्तर अक्षर रहेका छन् भने अन्य पत्रका हरेक हरफमा सरदर चौवन्न अक्षर रहेका छन् । प्रस्तुत मातृका अन्य मातृकाका तुलनामा निकै अर्वाचीन देखिन्छ अतः यस मातृकाको स्थिति राम्रो छ, कतै पत्र टुटेको वा अक्षरहरू खुइलिएका छैनन् ।

मातृकाको बाह्य समीक्षा

पत्रसङ्ख्याङ्कन

मातृका 'क'मा पत्रहरूको सङ्ख्याङ्कन हरेक पत्रको माथिल्लो पानाको बायाँ भागमा करिब ३ से.मी. खाली छोडिएको स्थानमा सकेसम्म बीचमा पर्ने गरी गरिएको छ ।

मातृका 'ख'मा पत्रसङ्ख्याको उल्लेख हरेक पत्रको माथिल्लो पानाको दायाँ र बायाँ दुवै भागमा करिब चार से.मी. खाली छोडिएको स्थानमा पानाको एकदम बीचमा पर्ने गरी गरिएको छ । दायाँ भागमा पत्रसङ्ख्या अक्षरमा लेखिएको छ भने बायाँ भागमा अङ्कमा लेखिएको छ ।

मातृका 'ग'मा पत्रसङ्ख्याको उल्लेख हरेक पत्रको माथिल्लो पानाको दायाँ र बायाँ दुवै भागमा छोडिएको खाली ठाउँमा गरिएको छ । दायाँ भागमा दोस्रो हरफको सीधा पर्ने गरी उक्त खाली स्थानमा अङ्कमा पत्रसङ्ख्या उल्लेख गरिएको छ भने बायाँ भागमा चाहिँ अन्तिम हरफको सीधा पर्ने गरी अङ्कमा नै पत्रसङ्ख्या उल्लेख गरिएको छ र त्यसको माथिल्लो हरफको सीधा पर्ने गरी पत्रसङ्ख्याको माथि 'राम' लेखिएको छ । सातौँ पत्रसम्म यही क्रम देखिन्छ । त्यसपछि चाहिँ क८, ख८ र ग८ उल्लिखित तीनवटा पत्र रहेका छन् । उपर्युक्त पत्रहरूमा पनि पत्रसङ्ख्याको उल्लेख माथि गरेअनुरूप नै गरिएको छ । त्यसपछि पुनः पत्रसङ्ख्या ९ देखि पत्रसङ्ख्या १२ सम्म क्रमैले माथि उल्लेख गरेअनुरूप नै पत्रसङ्ख्याको उल्लेख गरिएको छ ।

चिह्नप्रयोग

मातृका 'क'मा "ॐ नमः श्रीमङ्गलायै" भन्ने मङ्गलाचरण वाक्यपछि दुईवटा दण्डको प्रयोग गरिएको छ । मातृका 'क' मा प्रयुक्त उक्त दण्डको स्वरूप यस्तो छ- ॥ अर्थात् पहिलो दण्ड पछिल्लो दण्डको आधा परिमाणको छ । मातृका 'ख' मा पनि उक्त मङ्गलाचरण वाक्यपछि दुईवटा दण्डको प्रयोग भएको छ जुन वर्तमानमा प्रचलित स्वरूपको नै छ अर्थात् दुवै दण्ड समान परिमाणका छन् । त्यसैगरी मातृका 'ग' मा पनि उक्त मङ्गलाचरण वाक्यपछि दुईवटा समान परिमाणका दण्डको प्रयोग देखिन्छ । मातृका 'ग' मा उक्त दुईवटा दण्डपछि करिब १ से.मी. खाली ठाउँ राखेर पुनः दुईवटा दण्डको प्रयोग गरी ग्रन्थको आरम्भ गरिएको छ । कुनै श्लोक पूरा भएपछि श्लोकसमाप्तिसूचक दुईवटा दण्डको प्रयोग गर्ने परम्परा भए तापनि मातृका 'क' मा उक्त परम्पराको पूर्ण निर्वाह भएको छैन । कतै श्लोक पूरा भएपछि दुईवटा दण्डको प्रयोग देखिन्छ भने कतैचाहिँ एउटा मात्रै दण्डको प्रयोग देखिन्छ । मातृका 'क'मा पहिलो मङ्गलाचरण श्लोकको अन्तिम पादमा मात्रै दुईवटा दण्डको प्रयोग गरिएको छ, अन्य पादमा दण्डको प्रयोग गरिएको छैन । उक्त सन्दर्भमा मातृका 'ख' र 'ग'मा भने दोस्रो पादमा एउटा दण्ड र अन्तिम अर्थात् चौथो पादमा दुईवटा दण्डको प्रयोग गरिएको छ । मातृका 'क'मा 'श्रीभैरव उवाच' वा 'श्रीभैरव्युवाच' भन्ने वाक्यको अगाडि र पछाडि दुवै स्थानमा दुईवटा दण्डको प्रयोग देखिन्छ । उक्त वाक्यभन्दा अगाडिको श्लोक अर्धश्लोक भएको अवस्थामा पनि सो अर्धश्लोकको समाप्तिमा दुईवटा दण्डको प्रयोग गरिएको छ । यस सन्दर्भमा मातृका 'ख' र 'ग'मा पनि सोही परम्पराको निर्वाह गरेको देखिन्छ । यसैगरी मातृका 'क'मा पटलको अन्तिम श्लोकको पछाडि दुईवटा दण्डको प्रयोग गरी आधा से.मी.जति खाली ठाउँ राखेर पुनः दुईवटा दण्डको प्रयोग गरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पुष्पिकावाक्य लेखिएको छ। यस सन्दर्भमा मातृका 'ग'मा पनि मातृका 'क'कै परम्पराको अनुसरण गरिएको छ तर दण्डको स्वरूपचाहिँ भिन्न छ। यस सन्दर्भमा मातृका 'ख'मा भने पटलको समाप्तिमा दुईवटा दण्डको प्रयोगपछि यस्तो चिह्नको प्रयोग गरिएको छ– ० । त्यसपछि पुनः दुईवटा दण्डको प्रयोग गरी पुष्पिकावाक्य लेखिएको छ । त्यसैगरी पुष्पिकावाक्यको समाप्तिमा पनि दुईवटा दण्डको प्रयोग तीनवटै मातृकामा समानरूपले गरिएको छ।

मातृका 'ग'मा एउटा दण्ड वा दुईवटा दण्ड प्रयोग गर्नुपर्ने अवस्था छ तर पत्रको बायाँ भागमा पर्याप्त स्थान छैन भने यस्तो चिह्नको प्रयोग गरिएको छ– ▬ । उक्त मातृकामा पत्रसङ्ख्या १ख मा चौथो र आठौँ हरफमा दुईपटक , पत्रसङ्ख्या ४खमा आठौँ हरफमा एकपटक, पत्रसङ्ख्या ७ख मा सातौँ हरफमा एकपटक, पत्रसङ्ख्या क८कमा दोस्रो हरफमा एकपटक, पत्रसङ्ख्या ख८कमा छैठौँ हरफमा एकपटक, पत्रसङ्ख्या ख८खमा दोस्रो,चौथो र आठौँ हरफमा तीनपटक, पत्रसङ्ख्या ग८क मा पहिलो र दोस्रो हरफमा दुईपटक, पत्रसङ्ख्या ग८ख मा एघारौँ हरफमा एकपटक, पत्रसङ्ख्या १०कमा पहिलो हरफमा एकपटक गरी जम्मा तेह्रपटक उपर्युक्त चिह्नको प्रयोग भएको छ ।

मातृका 'क'मा पत्रहरू बाँध्न धागो छिराउने प्रयोजनका लागि जुन स्थानमा प्वाल बनाइएको छ त्यस स्थानको दाहिनेपट्टि एवं पत्रको बायाँ भागमा अक्षर लेख्दै जाँदा स्थान शेष रहन गएमा हरफलाई समान क्रमले मिलाउनका लागि उक्त शेष रहन गएको स्थानमा यस्तो चिह्नको प्रयोग गरेको देखिन्छ– ▲ । उक्त चिह्न मातृका 'क'मा एकसय पन्ध्रपटक प्रयोग भएको छ । उक्त प्रयोजनका लागि मातृका 'ख'मा कतै यस्तो चिह्न – ꣼, कतै यस्तो चिह्न– ¦ र कतै चाहिँ दुईवटा दण्डको प्रयोग भएको देखिन्छ। त्यस्तो अवस्थामा दुईवटा दण्डको प्रयोग मातृका 'ख'मा तीनपटक भएको छ (पत्रसङ्ख्या २४, पत्रसङ्ख्या ३९ र पत्रसङ्ख्या ६५) माथिकै सन्दर्भमा ꣼ यस्तो चिह्नको प्रयोग मातृका 'ख'मा एकसय बीसपटक भएको छ भने ¦ यस्तो चिह्नको प्रयोग एकासीपटक भएको छ । मातृका 'ग'मा उक्त प्रयोजनका लागि यस्तो चिह्नको प्रयोग भएको छ– ᒐ । उक्त चिह्न मातृका 'ग'मा बत्तीसपटक प्रयोग भएको छ।

मातृका 'क'मा पत्रहरू बाँध्नका लागि धागो छिराउने प्रयोजनका लागि प्वाल राख्न छोडिएको खाली स्थानको दाहिनेपट्टिको भागमा अक्षर लेख्दै जाँदा कुनै अक्षरको आकार नअटाउने भएमा आकार बुझाउनका लागि उक्त अक्षरको शिरोभागको देब्रेपट्टि यस्तो चिह्न प्रयोग गरिएको छ– ↖ । उक्त चिह्न मातृका 'क' मा उनन्तीसपटक प्रयोग भएको छ।

बुट्टा

मातृका 'क' मा दुई प्रकारका बुट्टाहरूको प्रयोग देखिन्छ । तिनीहरू यस्ता छन् -१. ❋ २. ✿ । पहिलो बुट्टा ग्रन्थको अन्तिम अर्थात् सातौँ पटलबाहेक अन्यत्र पटलको समाप्तिमा पुष्पिकावाक्यपछि एक जोडी युग्मदण्डका बीचमा प्रयोग गरिएको छ। सातौँ पटलमा चाहिँ श्लोकको समाप्तिपछि एक जोडी युग्मदण्डका बीचमा उक्त बुट्टाको प्रयोग गरी पुष्पिकावाक्य लेखिएको छ । दोस्रो बुट्टा ग्रन्थको समाप्तिमा पुष्पिकावाक्य पछि समाप्तमिदं श्रीकालिकाक्रमम् लेखेर एक जोडी युग्मदण्डका बीचमा प्रयोग गरिएको छ।

मातृका 'ख'मा पनि दुई प्रकारका बुट्टाहरूको प्रयोग देखिन्छ । तिनीहरू यस्ता छन् -१. ❋ २. ○ । पहिलो प्रकारको बुट्टा भैरव उवाच वा भैरव्युवाच भन्ने वाक्य लेख्नुभन्दा पहिले युग्मदण्डको अगाडि प्रयोग गरिएको छ तर उपर्युक्त वाक्य कुनै पटलको प्रारम्भमा छ भने द्वितीय पटलको प्रारम्भमा बाहेक अन्यत्र दोस्रो प्रकारको बुट्टाको प्रयोग गरिएको छ । दोस्रो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रकारको बुट्टाको प्रयोग प्रथम र द्वितीय पटलको समाप्तिमा बाहेक अन्य पटलको समाप्तिमा पुष्पिकावाक्य भन्दा अगाडि गरिएको छ । सप्तम पटलमा पुष्पिकावाक्यपछि यो बुट्टाको प्रयोग गरी समाप्तमिदं श्रीकालिकाक्रमम् लेखेर पुनः एक जोडी युग्मदण्डका बीचमा यो बुट्टाको प्रयोग गरिएको छ । यस प्रकार मातृका 'ख'मा दोस्रो प्रकारको बुट्टाको प्रयोग दशपटक भएको छ ।

शुद्धिप्रक्रिया

मातृका 'ग'मा शुद्धिका लागि पाँचवटा प्रक्रिया अपनाएको पाइन्छ ।

१. अशुद्ध वर्णलाई नै पुनः सच्याउने : यो प्रक्रिया दुई ठाउँमा (पत्रसङ्ख्या १क : १ र पत्रसङ्ख्या ३ख : ७ र ८) अपनाइएको छ ।

२. अशुद्ध वर्ण रहेको हरफको सीधा नजिक पर्ने पत्रको खाली भाग (दायाँ वा बायाँ) मा कोष्ठकभित्र वा कोष्ठक विना नै शुद्ध वर्ण लेख्ने र अशुद्ध वर्णको मुनि सङ्केतस्वरूप बिन्दु दिने : यो प्रक्रिया पाँच ठाउँमा (पत्रसङ्ख्या ७क : ६ दुईपटक, पत्रसङ्ख्या ७क : ९, पत्रसङ्ख्या ७क : ११, पत्रसङ्ख्या ग८क : ४) अपनाइएको छ ।

३. अशुद्ध वर्णको ठीक माथि शुद्ध वर्ण लेख्ने : यो प्रक्रिया दुई ठाउँमा (पत्रसङ्ख्या ख८ख : १० र पत्रसङ्ख्या १०क : ४) अपनाइएको छ । पत्रसङ्ख्या ख८ख : १० मा अशुद्ध वर्णहरूको माथि कोष्ठकमा शुद्ध वर्ण लेखिएको छ भने पत्रसङ्ख्या १०कः ४ मा अशुद्ध वर्णको ठीक माथि शुद्ध वर्ण लेखी अशुद्ध वर्णको मुनि सङ्केतस्वरूप बिन्दु दिइएको छ ।

४. अशुद्ध वर्ण वा अशुद्ध शब्दलाई केही नगरी पुनः कोष्ठकमा शुद्ध वर्ण वा शुद्ध शब्द लेख्ने : यो प्रक्रिया तीन ठाउँमा (पत्रसङ्ख्या ख८ख : ३, ख८क : ५ र ख८ख : ७) अपनाइएको छ ।

मातृका 'क' र 'ख'मा कतै पनि शुद्धिप्रक्रियाका लागि अतिरिक्त प्रयास गर्नु परेको देखिँदैन । यसबाट ती दुवै मातृकामा लिपिकर हरूको पूर्ण सचेतता र लगनशीलताको बोध हुन्छ ।

अक्षर वा शब्द थप्ने प्रक्रिया

मातृका 'ख'मा एक ठाउँमा (पत्रसङ्ख्या ४३ख : १) लेख्न छुटेको शब्द थप्ने प्रक्रिया अपनाइएको छ । उक्त स्थानमा जहाँ शब्द छुटेको छ त्यहाँ डिकोमाथि यस्तो चिह्न प्रयोग गरी छुटेको शब्द लेखिएको छ– ∨ । उक्त शब्दको अगाडि यस्तो चिह्न– ✗ र पछाडि यस्तो चिह्न दिइएको छ– ⌒ । थप गरिएको शब्द देवनागरीलिपिमा लेखिएको देखिएकाले शब्द थप्ने यो प्रक्रिया ग्रन्थ सार्ने बखतमा नभई धेरै कालपछि अपनाइएको बुझिन्छ ।

मातृका 'ग'मा तीन ठाउँमा (पत्रसङ्ख्या १क : १, ग८क : १२, ग८ख : १) छुटेको अक्षर वा शब्द थप्ने प्रक्रिया अपनाइएको छ । पत्रसङ्ख्या १क : १ मा जहाँ अक्षर छुटेको हो त्यहाँ हुनुपर्ने अक्षरको ठीक मुनि यस्तो चिह्न दिएर माथिपट्टि छुटेको अक्षर थपिएको छ– ⌒ । पत्रसङ्ख्या ग८क : १२-१४ मा तीनवटा हरफ थपिएको छ । यसरी थप्दा पत्रको तल्लो भागमा छोडिएको खाली ठाउँमा साना अक्षरमा ती थपिएका हरफहरू लेखिएका छन् । पत्रसङ्ख्या ग८ख : १ मा जहाँ अक्षरहरू छुटेका छन् त्यहाँ यस्तो चिह्न दिएर डिकोमाथि छुटेका अक्षरहरू लेखिएका छन्– ✿ ।

वर्णविन्यास

अवग्रहचिह्न (खण्डाकार)

विसर्गान्त शब्द र अकार आदिमा हुने शब्द, आकारान्त शब्द र अकार आदिमा हुने शब्द एवं एकारान्त शब्द र अकार आदिमा हुने शब्दका बीच सन्धि हुँदा अकार आदिमा हुने शब्दको अकार लोप भई त्यसका स्थानमा अवग्रहचिह्नको प्रयोग गर्ने आधुनिक संस्कृत लेखनशैली रहेको छ । विसर्गान्त शब्द र अवर्णाद्य शब्दका बीच सन्धि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भएको अवस्थामा विसर्गान्त शब्दको विसर्गको उत्व हुने र अवर्णाद्य शब्दको अकार लोप भई उक्त अकारका स्थानमा अवग्रहचिह्नको प्रयोग गर्ने प्रचलन रहेको छ । आकारान्त शब्द र अवर्णाद्य शब्दका बीच सन्धि हुँदा अवर्णाद्य शब्दको अकार लोप भई त्यसको स्थानमा अवग्रहचिह्नको प्रयोग गर्ने प्रचलन रहेको छ। त्यसैगरी एकारान्त शब्द र अवर्णाद्य शब्दका बीच सन्धि हुँदा अवर्णाद्य शब्दको अकार लोप भई त्यसका स्थानमा अवग्रहचिह्नको प्रयोग गर्ने परम्परा रहेको छ । प्रस्तुत ग्रन्थमा जम्मा साठीवटा शब्दहरू अवग्रहचिह्न प्रयोग गर्नुपर्ने खालका छन् । तीमध्ये विसर्गान्त शब्द र अवर्णाद्य शब्दका बीच सन्धि भई अवग्रहचिह्नको प्रयोग गर्नुपर्ने शब्दहरू बाईसवटा रहेका छन् भने आकारान्त शब्द र अवर्णाद्य शब्दका बीच सन्धि भई उक्त चिह्नको प्रयोग गर्नुपर्ने शब्दहरू उन्नाईसवटा रहेका छन्। त्यसैगरी एकारान्त शब्द र अवर्णाद्य शब्दका बीच सन्धि भई अवग्रहचिह्नको प्रयोग गर्नुपर्ने शब्दहरू उन्नाईसवटा रहेका छन् । मातृका 'क' र 'ख'मा कतै पनि अवग्रह चिह्नको प्रयोग देखिँदैन तथापि ती मातृकामा अवग्रहचिह्नको प्रयोग गर्नेबाहेक अन्य सबै नियमहरूको अनुसरण गरिएको छ। मातृका 'ग'मा भने केवल एक स्थानमा (पत्रसङ्ख्या ४ख : २) अवग्रहचिह्नको प्रयोग गरिएको छ, अन्यत्र उक्त चिह्नको प्रयोग देखिँदैन तर माथि उल्लिखित नियमहरूको भने अनुसरण गरिएको छ।

द्वित्व

मातृका 'क' र 'ख'मा रेफभन्दा पछाडि आउने क, ग, च, ज, ण, त, द, ध, न, प, ब, भ, म, ल अनि व गरी पन्ध्रवटा वर्णलाई द्वित्व गरेको देखिन्छ । मातृका 'क'मा रेफपछि आउने कवर्णको द्वित्व लगभग पचास प्रतिशत देखिन्छ भने मातृका 'ख'मा पनि रेफपछि आउने कवर्णको द्वित्व लगभग पचास प्रतिशत नै देखिन्छ। मातृका 'क'मा रेफपछि आउने गवर्णको द्वित्व लगभग त्रियान्नब्बे प्रतिशत देखिन्छ भने मातृका 'ख'मा लगभग एकासी प्रतिशत देखिन्छ। प्रस्तुत ग्रन्थमा रेफपछि चवर्ण आउने शब्द एउटा रहेको छ[3] । उक्त शब्दको चवर्ण मातृका 'क'मा द्वित्व भएको छ भने मातृका 'ख'मा उक्त शब्द मसी उडेकाले नबुझिने भएको छ त्यसैले उक्त सन्दर्भमा केही भन्न सकिने स्थिति छैन । मातृका 'क'मा रेफपछि आउने जवर्णको द्वित्व लगभग एकानब्बे प्रतिशत रहेको छ भने मातृका 'ख'मा उक्त अनुपात शत प्रतिशत रहेको देखिन्छ । मातृका 'क'मा रेफपछि आउने णवर्णको द्वित्व लगभग शून्य छ भने मातृका 'ख'मा चाहिँ यो अनुपात लगभग त्रिहत्तर प्रतिशत रहेको छ । मातृका 'क'मा रेफपछि आउने तवर्णको द्वित्व करिब बयालीस प्रतिशत देखिन्छ भने मातृका 'ख'मा सो अनुपात करिब पैंतीस प्रतिशत देखिन्छ । मातृका 'क'मा रेफपछि आउने दवर्णको द्वित्व करिब चौवालीस प्रतिशत देखिन्छ भने मातृका 'ख'मा सो अनुपात छपन्न प्रतिशत देखिन्छ। मातृका 'क'मा रेफपछि आउने धवर्णको द्वित्व करिब एकतीस प्रतिशत रहेको छ भने मातृका 'ख'मा सो अनुपात करिब साठी प्रतिशत रहेको छ। मातृका 'क' एवं 'ख'मा रेफपछि आउने नवर्णको द्वित्व शत प्रतिशत रहेको देखिन्छ। मातृका 'क'मा रेफपछि आउने पवर्णको द्वित्व करिब तेत्तीस प्रतिशत छ भने मातृका 'ख'मा सो अनुपात सतसठ्ठी प्रतिशत रहेको छ। मातृका 'क'मा रेफपछि आउने बवर्णको द्वित्व सतसठ्ठी प्रतिशत रहेको छ भने मातृका 'ख'मा सो अनुपात शत प्रतिशत रहेको छ। मातृका 'क'मा रेफपछि आउने भवर्णको द्वित्व लगभग सात प्रतिशत रहेको छ भने मातृका 'ख'मा चाहिँ सो सन्दर्भमा भवर्णको द्वित्व करिब तेत्तीस प्रतिशत रहेको छ। मातृका ' क'मा रेफपछि आउने मवर्णको द्वित्व करिब पैंतीस प्रतिशत रहेको छ भने मातृका 'ख'मा चाहिँ सो

---

३ महानर्चिः कृतान्तकः (४ पटल, ४ श्लोकको २ पाउ) = मातृका 'क'-१४क : १, मातृका 'ख'-४५ख :१, मातृका 'ग'-३८क : ६ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सन्दर्भमा मवर्णको द्वित्व करिब पैँसठ्ठी प्रतिशत रहेको छ। मातृका 'क'मा रेफपछि आउने लवर्णको द्वित्व अनुपात ६:१ रहेको छ भने मातृका 'ख'मा सो अनुपात ६:२ रहेको छ । मातृका 'क'मा रेफपछि आउने ववर्णको द्वित्व लगभग चौरासी प्रतिशत रहेको छ भने मातृका 'ख'मा उक्त सन्दर्भमा ववर्णको द्वित्व लगभग छपन्न प्रतिशत रहेको छ।

अद्वित्व

मातृका 'क' र 'ख' मा तत्त्व एवं सत्त्व शब्दमा वकारभन्दा अगाडिको तवर्ण द्वित्व हुनुपर्नेमा द्वित्व भएको छैन तर मातृका 'ग' मा भने उक्त शब्दहरूमा तवर्णको द्वित्व भएको छ । त्यसैगरी क, ख र ग तीनवटै मातृकामा ऋतूज्ज्वला, तेजोज्ज्वला र महोज्ज्वला शब्दमा रहेको जवर्णको द्वित्व हुनुपर्नेमा भएको देखिँदैन ।

अनुनासिक वर्ण

अघिल्लो वर्ण अनुस्वारले युक्त छ र पछिल्लो वर्ण स्पर्शवर्ण (कदेखि मसम्मका वर्णहरू) छ भने त्यस्तो अवस्थामा अनुस्वार परिवर्तन नभई अनुस्वार नै रहने वा अनुस्वारपछिको वर्ण जुन वर्गको छ सोही वर्गको अनुनासिक वर्णमा परिवर्तन हुने वैकल्पिक प्रयोग संस्कृतभाषाको लेख्यपरम्परामा पाइन्छ । जसअनुसार उपर्युक्त सन्दर्भमा मातृका 'क'मा चौवन्न प्रतिशत शब्दहरूमा अनुनासिक वर्णको प्रयोग भएको छ भने मातृका 'ख'मा छयालीस प्रतिशत र मातृका 'ग'मा सत्तरी प्रतिशत अनुनासिक वर्णको प्रयोग भएको छ।

अघिल्लो वर्ण अनुस्वारले युक्त छ र पछिल्लो वर्ण 'च' वा 'तु' निपात छ भने त्यस्तो अवस्थामा पनि पछिल्लो वर्ण 'च' निपात भए अनुस्वार चवर्गको अनुनासिक वर्ण 'ञ्' मा परिवर्तन हुने, पछिल्लो वर्ण 'तु' निपात भए तवर्गको अनुनासिक वर्ण 'न्' मा परिवर्तन हुने वा अनुस्वार नै रहने वैकल्पिक प्रयोग संस्कृत भाषाको लेख्यपरम्परामा पाइन्छ । जसअनुसार उपर्युक्त सन्दर्भमा मातृका 'क'मा करिब पैँसठ्ठी प्रतिशत शब्दहरूमा अनुनासिक वर्णको प्रयोग पाइन्छ भने मातृका 'ख'मा करिब बयालीस प्रतिशत शब्दहरूमा अनुनासिक वर्णको प्रयोग पाइन्छ। त्यसैगरी मातृका 'ग'मा उपर्युक्त सन्दर्भमा अनुनासिक वर्णको प्रयोग ज्यादै न्यून रहेको छ । यसलाई तथ्याङ्कमा हेर्ने हो भने उक्त प्रयोग करिब चार प्रतिशत मात्र हुन आउँछ ।

हलन्त 'म्'को सट्यमा अनुस्वारको प्रयोग

संस्कृत भाषाको स्तरीय लेख्यपरम्परामा वाक्य, श्लोक वा अर्धश्लोकको अन्तिम शब्द अन्त्यमा हलन्त 'म्' ध्वनिले युक्त छ भने त्यस्तो अवस्थामा अनुस्वारको सट्टामा हलन्त 'म्' नै लेख्ने प्रचलन रहेको छ । प्रस्तुत ग्रन्थको मातृका 'क' र 'ख'मा भने उक्त परम्पराको पटक्कै निर्वाह भएको छैन । मातृका 'ग'मा चाहिँ केही अपवादलाई[४] छोडेर उपर्युक्त सन्दर्भमा हलन्त 'म्' कै प्रयोग भएको दखिन्छ ।

अनुस्वारको सट्यमा हलन्त 'न्' वा हलन्त 'म्' को अनुचित प्रयोग

अनुस्वारयुक्त वर्णका पछाडि य, र, ल, व, श, ष, स, ह वर्ण छ भने अनुस्वार नै लेख्ने परम्पराका विपरीत प्रस्तुत ग्रन्थको मातृका 'क', 'ख' र 'ग'मा केही ठाउँमा उक्त अनुस्वारलाई हलन्त 'म्' वर्णका रूपमा अनुचित प्रयोग गरिएको छ । त्यसैगरी अनुस्वारयुक्त वर्णका पछाडि तवर्ण छ

---

४. मातृका 'ग'मा हलन्त 'म्'को सट्टामा अनुस्वारको प्रयोग गरिएका केही उदाहरणहरू :

भावां (ग्रन्थ = १ पटल, १ श्लोक, पत्रसङ्ख्या १क : १)
कलां (ग्रन्थ = १ पटल, २ श्लोकको पाउ, पत्रसङ्ख्या १क : २)
ब्रह्मसत्परं (ग्रन्थ = ३ पटल २९श्लोकको १ पाउ, पत्रसङ्ख्या ६क :८)
परं (ग्रन्थ= ४ पटल ८ श्लोकको १ पाउ, पत्रसङ्ख्या ७क : ६)
शुभां (ग्रन्थ= ४ पटल १५श्लोकको १ पाउ, पत्रसङ्ख्या ७क : १०)
भावनापरिवर्जितं (ग्रन्थ = ५ पटल ६श्लोकको १ पाउ, पत्रसङ्ख्या ख८ख : २)
वीजमनुत्तमं (ग्रन्थ = ५ पटल ७५ श्लोकको १ पाउ ९क : १)
कालिक्रमाकुलं (ग्रन्थ = ७ पटल ५८श्लोकको १ पाउ, पत्रसङ्ख्या १२क : १०)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भने अनुस्वार नै लेख्ने वा उक्त अनुस्वारलाई हलन्त 'न्'मा परिवर्तन गर्ने परम्पराका विपरीत अनुस्वारलाई हलन्त 'म्'का रूपमा अनुचित प्रयोग गरिएको छ । उदाहरण :

१. सम्वित्तिविषयं (ग्रन्थ = २ पटल ३९ श्लोकको १ पाउ, मा.ख. पत्रसङ्ख्या ३३क : २, मा.ग. ३ख : ४)
२. नपुम्सकाद्यौ (ग्रन्थ =२ पटल ९४ श्लोक, मा.क. पत्रसंख्या १०क : २) ।
३. तदन्तम्वामतो (ग्रन्थ=२पटल ९४ श्लोक, मा.ख. पत्रसंख्या ३८ख : १)
५. नपुम्सकान्तौ (ग्रन्थ=२ पटल ९५ श्लोक, मा.क. १०क : ३, मा.ख.३८ख : २) ।
६. माम्सानि (ग्रन्थ = २ पटल ९८ श्लोक, मा.क. १०क : ५) ।
८. सारम्विचिन्तयेत् (ग्रन्थ = ३ पटल ३० श्लोकको १ पाउ, मा.ख.४२क : ३) ।
९. माम्सानि (ग्रन्थ = ३ पटल ४६ श्लोकको १ पाउ, मा.क. १३क : ४)
१०. सम्वित्तिलक्षणं (ग्रन्थ=५ पटल ८ श्लोक, मा.क. १९क : २)
११. काल्यंशम्तु (ग्रन्थ = ५ पटल १२ श्लोकको १ पाउ, मा.क. १९क : ४)

मातृकाहरूको आपसी सम्बन्ध

यी तीनवटा मातृकाहरूमध्ये मातृका 'क' गौडलिपिमा लेखिएको सबैभन्दा पुरानो मातृका हो । उक्त मातृका लक्ष्मणसेन संवत् १२२ (वि.सं. १२८७ –१२९९)का बीचमा सारिएको हो भन्ने मानिएको छ[५] । यद्यपि मातृका 'ख' कहिले सारियो त्यसको उल्लेख मातृकामा गरिएको छैन तर उक्त मातृका नेवारी लिपिमा लेखिएकाले मातृका 'क' भन्दा केही अर्वाचीन देखापर्दछ । मातृका 'ग' देवनागरी लिपिमा लेखिएकाले उक्त मातृका सबैभन्दा अर्वाचीन ठहर्दछ ।

यी तीनवटा मातृकाहरूको आपसी सम्बन्ध छ वा छैन, कुनकुन मातृकाबीच सम्बन्ध छ त्यो विषय निर्क्योल गर्नका लागि मैले यहाँ तीनवटा प्रक्रिया अपनाएको छु ।

पहिलो प्रक्रियाअनुसार तीनवटै मातृकामा उपलब्ध पाठहरूमध्ये केहीलाई उदाहरणका लागि तल प्रस्तुत गरिएको छ :

मातृका क	मातृका ख	मातृका ग	ग्रन्थ
परमात्मना (१क : ३)	परमात्मने (२४क : ४)	परमात्मने (१क : ३)	१।३घ
बुद्धिकौशल्यभाविता (पत्रसङ्ख्याको उल्लेख छैन तर हुनुपर्ने २ख : ४)	बुद्धिकौशल्यभावता (२७ क : १)	बुद्धिकौशल्यभावता (१ख :८)	१।३०क

५ Dominic Goodall & Andre Padoux (Ed), Tantric Studies in Memory of Helene Brunner, Pondichery : Instute de Francais, 2007 A.D., P. 436.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३.ज्योतिर्भानोस्तु (६क : १)	ज्योतिभानोस्तु (३२क : १)	ज्योतिभानोस्तु (३क : ८)	२।२७घ
पानगोष्ठ्यां (९क : ५)	पानगोष्ठ्या (३७क : ५)	पानगोष्ठ्या (४ख : १०)	२।८३घ
निष्क्रियानन्दनाथस्तु(११ख : १)	निष्क्रियानन्दनाथश्च (४०ख : ४)	निष्क्रियानन्दनाथश्च (५ख : १०)	३।१५ग
ब्रह्मान्त्तं(१२क : ४)	ब्रह्माण्डं(४२क : २)	ब्रह्माण्डं(६क : ८)	३।२९क
वशीकरोति(१२ख : ४)	वशीकारोति(४२ख : ५)	वशीकारोति(६ख : १)	३।३७क
पूजकेन च(१३क : ४)	पूजकेन चेत्(४३खक : ४)	पूजकेन चेत्(६ख : ७)	३।४६ख
कन्दलस्थान्तु(१३क : ५)	कन्दलस्था तु(४४क : १)	कन्दलस्था तु(६ख : ९)	३।४९ख
विग्रहं मन्येद्(१३ख : १)	विग्रहं मन्यद्(४४क : २)	विग्रहं मन्यद्(६ख : १०)	३।५०क
ध्यायेत परमेशानीं(१३ख : २)	ध्यायेत्परमेशानीं(४४क : ४)	ध्यायेत्परमेशानीं(६ख : १०)	३।५१ग
श्रृणुष्वि मे(साविक १५ख : ३ तर हुनुपर्ने १४ख : ३)	श्रृणुष्व मे (४९क : २)	श्रृणुष्व मे (७क : ११)	४।१६ख
योगेश्वरि(१५क : ३)	योगेश्वरे (४७क : १)	योगेश्वरे(७ख : ६)	४।२६ग
संयुता(१५क : ४)	संयुतां(४७क : २)	संयुता (७ख : ७)	४।२७ग

उदाहरणका रूपमा माथि उल्लेख गरिएका शब्दहरूलाई हेर्दा मातृका 'क'सँग मातृका 'ख' र 'ग'को कुनै सम्बन्ध नरहेको र मातृका 'ख'बाट मातृका 'ग' सारिएको हो भन्ने कुरा स्पष्ट बुझिन्छ। मातृका 'ख'मा अनुपलब्ध पत्रहरू उक्त मातृकाबाट मातृका 'ग'मा सार्नुभन्दा पहिले नै हराएको देखिन्छ। मातृका 'ग'को पत्रसङ्ख्या क८कमा इतः परं मूलपुस्तके ८ पत्र त्रुटितः= लेखी त्यसलाई बीचमा सीधा तेर्सो धर्कोले काटिएको छ (मातृका 'क' : पत्रसङ्ख्या क८क)

। मातृका 'ख'को पत्रसङ्ख्या ४९ को तल्लो पानादेखि पत्रसङ्ख्या ५७ को माथिल्लो पानासम्म ८ पत्र अनुपलब्ध रहेको तथ्यले मातृका 'ख'बाटै मातृका 'ग' सारिएको हो भन्ने कुरा स्पष्ट हुन्छ। अब मातृका 'क'सँग मातृका 'ख' र 'ग'को कुनै सम्बन्ध नरहेको कुरा अझ स्पष्ट पार्नका लागि मातृका 'ख' मा अनुपलब्ध पाठमध्येबाट केही शब्दलाई उदाहरणका लागि तल प्रस्तुत गरिन्छ।

मातृका क	मातृका ख	मातृका ग	ग्रन्थ
महा (साविक १५ख : ४ तर हुनुपर्ने १६ख : ४)	अनुपलब्ध	तथा (क८क : ११)	४।५२घ
महा (साविक १५ख : ४ तर हुनुपर्ने १६ख : ४	अनुपलब्ध	तथा (क८ख : १)	४।५४घ
भक्षभक्षणी (साविक १५ख : ५ तर हुनुपर्ने १६ख : ५)	अनुपलब्ध	अभक्षभक्षिणी (क८ख : १)	४।५५क
तत्रान्ते (साविक १५ख : ५ तर हुनुपर्ने १६ख : ५)	अनुपलब्ध	चान्ते (क८ख : १)	४।५५क
चण्डकर्म(१७क : १)	अनुपलब्ध	चण्डेकर्म (क८ख : २)	४।५६घ
संयुतं(१७क : २)	अनुपलब्ध	संयुता (क८ख : ३)	४।५७घ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पदं(१७क : २)	अनुपलब्ध	पलं (क८ख : ४)	४।५९क
एष त्रिधाक्षरः(१७क : ४)	अनुपलब्ध	राष त्रिधाक्षर (क८ख : ६)	४।६३
अथान्यामुद्धरिष्यामि(१७क : ५)	अनुपलब्ध	अथाभ्यामुद्धरिष्यामि (क८ ख : ६)	४।६३क
प्रोद्धरेदादौ(१७क : ५)	अनुपलब्ध	तूद्धरेदादौ (क८ख : ७)	४।६३ग
वामकर्णमथोद्धरेत्(१७ख : १)	अनुपलब्ध	नामकर्णमथोद्धरेत् (क८ख : ८)	४।६६ख
मन्त्रान्तं(१७ख : २)	अनुपलब्ध	मन्त्रार्णं (क८ख : ९)	४।६७ख
एषा विद्या(१७ख : ३)	अनुपलब्ध	राधाविद्या (क८ख : १०)	४।६९क
धर्मः(१८क : ३)	अनुपलब्ध	धर्म्यः (ख८क : ४)	४।७७क
निःकलुषं(१८ख : ५)	अनुपलब्ध	निकूलं च(ख८ख : १)	५।४ग
हानादानपदैर्मुक्तं(१९क : १)	अनुपलब्ध	दानादानपदैर्युक्तं (ख८ख : २)	५।६ग
शब्दात्परतरं(१९क : २)	अनुपलब्ध	श्रद्धात्परतरं(ख८ख : ३)	५।९ख
कमलनोद्भूताः(१९क : ४)	अनुपलब्ध	कवलनोद्भूता(ख८ख : ५)	५।१२क
शान्तिमर्च्छति(१९क : ५)	अनुपलब्ध	शान्तिमृच्छति(ख८ख : ६)	५।१३घ

माथिको उदाहरणबाट पनि मातृका 'क' सँग मातृका 'ग'को कुनै सम्बन्ध नरहेको र मातृका 'ख'मा अनुपलब्ध पाठ अर्को कुनै मातृकाबाट सारिएको हुन सक्ने सम्भावना देखिन्छ।

कालिकाकुलपञ्चशतक ग्रन्थको स्वरूप

प्रस्तुत कालिकाकुलपञ्चशतक नामक ग्रन्थ जम्मा सात पटलमा विभक्त छ। प्रथम पटलमा पचपन्न श्लोकहरू रहेका छन् जसमध्ये उनन्तीसौँ श्लोक अर्धश्लोक रहेको छ। द्वितीय पटलमा एक सय दुई श्लोकहरू रहेका छन्। तृतीय पटलमा त्रिपन्न श्लोकहरू रहेका छन्। चतुर्थ पटलमा मातृका 'क'को पुष्पिकावाक्यमा श्लोकसङ्ख्या उल्लेख गर्ने क्रममा बयान्नब्बे श्लोक उल्लेख गरिए तापनि उपलब्ध श्लोकसङ्ख्या चौरासी रहेको छ जसमध्ये चौरासीऔँ श्लोक अर्धश्लोक रहेको छ। कतै पाठ टुटेको वा पत्र हराएको सङ्केत भेटिँदैन त्यसैले लिपिकरको गल्तीले त्यस्तो भएको हुन सक्छ भन्ने मेरो अनुमान छ। मातृका 'ख'मा चतुर्थ पटलको श्लोकसङ्ख्या ५१ग देखि पञ्चम पटलको श्लोकसङ्ख्या ५० सम्मको पाठ उपलब्ध नभएकाले चतुर्थ पटलको पुष्पिकावाक्यमा कति श्लोकसङ्ख्या उल्लेख गरिएको थियो भन्न सकिने अवस्था छैन। मातृका 'ग'मा चतुर्थ पटलको पुष्पिकावाक्यमा श्लोकसङ्ख्या उल्लेख गरिएको छैन। पञ्चम पटलमा मातृका 'क'को पुष्पिकावाक्यमा एकसय एकतीस श्लोकसङ्ख्या लेखिएको छ भने मातृका 'ख' र 'ग'को पुष्पिकावाक्यमा एकसय तीन श्लोकसङ्ख्या गरिएको छ तर उपलब्ध श्लोकसङ्ख्या सतासी मात्र रहेको छ जसमध्ये सतासीऔँ श्लोक अर्धश्लोक रहेको छ। कतै पत्र हराएको वा पाठ टुटेको सङ्केत भेटिँदैन त्यसैले यहाँ पनि लिपिकरकै दोष हो कि भन्नुपर्ने स्थिति रहेको छ। षष्ठ पटलमा तीनवटै मातृकामा चालीस श्लोक उल्लेख गरिएको छ तर एकचालीस श्लोक रहेको छ जसमध्ये तेस्रो श्लोक अर्धश्लोक रहेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

छ। सप्तम पटलमा तीनवटै मातृकामा सन्ताउन्न श्लोक उल्लेख गरिएको छ तर उपलब्ध पाठ अनुसार उक्त पटलमा अन्ठाउन्न श्लोक रहेको छ जसमध्ये आठौं श्लोक अर्धश्लोक रहेको छ। पनि त्यति नै रहेको छ। यसप्रकार प्रस्तुत ग्रन्थमा जम्मा श्लोकसङ्ख्या चारसय असी देखिन्छ।

कालिकाकुलपञ्चशतक ग्रन्थको रचनाशैली

प्रस्तुत ग्रन्थ भैरव र भैरवीको संवादका रूपमा अवतीर्ण भएको छ। यस ग्रन्थमा भैरवीले गुरुभावमा रहेर शिष्यभावमा रहेका भैरवलाई कालीपरम्परामा निहित कौलज्ञानको उपदेश गरेकी छिन्। ग्रन्थको रचनाशैलीलाई हेर्दा यो ग्रन्थ आगमकोटीको ग्रन्थजस्तो देखिए तापनि प्रस्तुत ग्रन्थको पुष्पिकावाक्यले यस ग्रन्थका रचनाकार श्रीनाथ भएको साक्ष्य प्रस्तुत गर्दछ। यदाकदा ग्रन्थकारहरूले आफूले प्रतिपादन गर्न खोजेको विषयलाई ज्यादै महत्त्व प्रदान गर्दै त्यसलाई अनादि सिद्ध गर्नका लागि यस्तो शैली अवलम्बन गर्ने गरेका प्रमाणहरू पाइन्छन्। उदाहरणका लागि महाकालसंहिता नामक ग्रन्थलाई लिन सकिन्छ जहाँ ग्रन्थकार आदिनाथले महाकाल र देवीको संवादका रूपमा उक्त ग्रन्थको रचना गरेका छन्।

ग्रन्थकार श्रीनाथ र उनको समय

पाश्चात्य विद्वान् मार्कडिच्कोभ्स्कीले कालिकाकुलपञ्चशतक नामक ग्रन्थलाई क्रम दर्शनका प्रथम आचार्यका रूपमा सर्वमान्य शिवानन्द प्रथमको रचना हुन सक्ने सम्भावना व्यक्त गरेका छन्[६] तर प्रस्तुत ग्रन्थका रचनाकार श्रीनाथ हुन् भन्ने कुरा यस ग्रन्थको पुष्पिकावाक्यमा उद्धृत **इति श्रीमदुत्तरपीठोद्भूते श्रीश्रीनाथावतारिते श्रीकालिकाकुले पञ्चशते००** भन्ने पदावलीबाट स्पष्ट हुन्छ। नेपालमा मात्र उपलब्ध कालीकुल परम्पराको अर्को ग्रन्थ कालिकाकुलक्रमसद्भाव पनि आचार्य श्रीनाथकै रचना भएको उल्लेख एलेक्सिस स्यान्डर्सनले गरेका छन्[७]। कुलार्णवतन्त्र, श्रीतन्त्रालोक, शिवसूत्रविमर्शिनी र शितिकण्ठले रचना गरेको महानयप्रकाशमा पनि श्रीनाथको उल्लेख पाइन्छ। कुलार्णवतन्त्रमा पादुकाभक्तिलक्षणका प्रसङ्गमा भनिएको छ –

श्रीनाथचरणाम्भोजं यस्यां दिशि विराजते।
तस्यां दिशि नमस्कुर्याद् भक्त्या प्रतिदिनं प्रिये ॥[८]

अर्थात् श्रीनाथको चरणकमल जुन दिशामा विराजमान रहन्छ त्यस दिशामा प्रतिदिन भक्तिपूर्वक नमस्कार गर्नुपर्दछ। तन्त्रालोकमा पर्याप्त धनसम्पत्ति नभएका तथा देश, काल आदि दोषका कारण यथोक्त विधिअनुसार कुलपरम्परामा दीक्षित हुन असमर्थ तर साँच्चिकै शरणागत, भोगेच्छु एवं मुमुक्षु साधकका लागि सन्तत्यागममा वर्णित तथा पातालका अधिपति हाटकेश्वरद्वारा निर्दिष्ट दीक्षाविधिको वर्णनका क्रममा श्रीनाथको पूजाको प्रसङ्ग उल्लेख गरिएको छ। जसअनुसार श्रीनाथ, आर्य र भगवान् यी तीनलाई कन्दचक्र अर्थात् मूलाधारचक्रमा प्रतिष्ठा एवं पूजा गर्नुपर्दछ[९]। यसका साथै तन्त्रालोकमा भेदाभेदवादी शैवागमका प्रवर्तक श्रीनाथको उल्लेख पाइन्छ। वास्तवमा तिनै श्रीनाथ नै द्वयात्मक अद्वयवादी काश्मीरी कालीकुलधाराका प्रवर्तक हुन्। शिवसूत्रविमर्शिनीमा आचार्य क्षेमराजले श्रीनाथको कथनका रूपमा निम्नलिखित अर्धश्लोक उद्धृत गरेका छन् -

श्रयेत् स्वातन्त्र्यशक्तिं स्वां सा श्रीकाली परा कला।[१०] अर्थात् आफ्नै स्वातन्त्र्यशक्तिस्वरूप

---

६ नवजीवन रस्तोगी, **काश्मीर की शैव संस्कृति मे कुल और क्रम मत**, दिल्ली : डि.के. प्रिन्ट वर्ल्ड, ई.सं.२०११।

७ Dominic Goodall & Andre Padoux (Ed), Tantric Studies in Memory of Helene Brunner, Pondichery : Instute de Francais, 2007 A.D.,P. 264.

८ कुलार्णवतन्त्र, १२ उल्लास, ११ श्लोक

९ श्रीतन्त्रालोक : ३० आह्निक १००–१०२ श्लोक।

१० शिवसूत्र, ३ उन्मेष १३ सूत्रको विमर्शिनीव्याख्या, पृ. १५९।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

परा कला श्रीकालीको आश्रय ग्रहण गर्नू । । प्रस्तुत कालिकाकुलपञ्चशतक ग्रन्थको पुष्पिकावाक्यमा उल्लिखित **इति श्रीमदुत्तरपीठोद्भूते श्रीश्रीनाथावतारिते श्रीकालिकाकुले पञ्चशते**[१०] पदावलीबाट आचार्य श्रीनाथ श्रीकालिकाकुल नामक ग्रन्थका प्रणेता वा कालिकाकुल वा कालीकुल परम्पराका अवतारक भएको जानकारी प्राप्त हुन्छ। आचार्य क्षेमराजले शिवसूत्रविमर्शिनीमा श्रीनाथको कथनका रूपमा उद्धृत गरेको अर्धश्लोक कालीपरक रचना देखिएकाले यी श्रीनाथ कालीकुल परम्पराका प्रवर्तक श्रीनाथ नै हुन सक्ने सम्भावना देखिन्छ। अतः माथि उल्लिखित श्रीनाथ एकै व्यक्ति हुन सक्ने मैले अनुमान गरेको छु।

प्रस्तुत कालिकाकुलपञ्चशतक ग्रन्थमा शिवानन्द र उनकी पत्नी समयाको उल्लेख पाइन्छ –

शिवानन्दस्तथा ज्ञेया समया तच्चतुर्थकम् ।[११]

क्रमदर्शनका प्रथम आचार्यका रूपमा सर्वमान्य शिवानन्दको समय ई.सं. ८०० देखि ८५० सम्म अर्थात् वि.सं. ८५७ देखि ९०७ सम्म निर्धारित गरिएको छ[१२] । अतः श्रीनाथ शिवानन्दभन्दा पछिका देखा पर्दछन् । आचार्य जयरथले तन्त्रालोकको विवेक व्याख्यामा उद्धृत देवीपञ्चशतिक वा पञ्चशतिक नामक ग्रन्थ प्रस्तुत कालिकाकुलपञ्चशतक ग्रन्थकै नामान्तर हो भन्ने ठम्याइ यस पङ्क्तिकारको रहेको छ । यस विषयमा तल छुट्टै शीर्षकमा चर्चा गरिएको छ। देवीपञ्चशतिक वा कालिकाकुलपञ्चशतकको अस्तित्व शिवदृष्टिका रचयिता एवं त्रिकपरम्परा र कालिकाकुल परम्परामा अभिनवगुप्तका परमेष्ठी गुरु सोमानन्दको समयमा थियो भन्ने जानकारी तन्त्रालोकको विवेकव्याख्याबाट प्राप्त हुन्छ[१३] । शिवानन्द र सोमानन्दका बीच तीन पुस्ताको अर्थात् ७५ वर्षको अन्तराल देखापर्दछ[१४] । अतः शिवानन्द र सोमानन्दको बीचको कुनै समयमा श्रीनाथको अस्तित्व सिद्ध हुन्छ।

प्रस्तुत ग्रन्थको मातृका 'क' र 'ख'मा उल्लिखित विमलप्रबोध

प्रस्तुत ग्रन्थको मातृका 'क' र 'ख'मा ग्रन्थको अन्तिम पुष्पिकावाक्यमा विमलप्रबोध नामक व्यक्तिको उल्लेख गरिएको छ – **परमहंसपरिव्राजकषडन्वयाचार्यश्री विमलप्रबोधपादानामिति**[१५] । शैव तथा शाक्त तन्त्रपरम्पराको रहस्य जान्ने शैवाचार्य विमलप्रबोधले नेपालका प्रथम मल्ल राजा अरि मल्लको राज्याभिषेक गराएको जानकारी पाइन्छ[१६] । अतः विमलप्रबोध सोही समयमा नेपालमा रहेका र कालिकाकुपञ्चशतक नामक ग्रन्थ उनको स्वामित्वमा रहेको देखिन्छ। त्यसका साथै यिनले कालिकाकुलक्रमार्चन नामक ग्रन्थ लेखेको जानकारी प्राप्त हुन्छ[१७] ।

कालिकाकुलपञ्चशतक र कालिकाकुल

तन्त्रालोकको सत्ताइसौँ, अठ्ठाइसौँ र उनन्तीसौँ आह्निकमा अभिनवगुप्तले श्रीकालीकुल नामक ग्रन्थको सङ्केत गरेका छन् । तन्त्रालोकको सत्ताइसौँ आह्निकमा पूजाको आधार कुन वस्तुलाई बनाउने भन्ने सन्दर्भमा अभिनवगुप्तले श्रीमत्कालीमुख ग्रन्थमा बताएझैँ खड्ग, छुरी, कैँची, निर्मल ऐनालाई पूजाको आधार बनाउनुपर्छ भनेर लेखेका छन्[१८] । यहाँ प्रयुक्त श्रीमत्कालीमुख शब्दले श्रीकालीकुल नामक ग्रन्थलाई नै सङ्केत

११ कालिकाकुलपञ्चशतक, ३ पटल १७ श्लोक ।

१२ Navajivan Rastogi, The krama Tantricism of Kashmir, Delhi: Motilal Banarasidas, 1979, P. 104.

१३ श्रीदेवीपञ्चशतिकेऽपि अस्य श्रीसोमानन्दभट्टपादेभ्यः प्रभृति त्रिकदर्शनवदेव गुरवः– तन्त्रालोक, ४आह्निक, ७३ श्लोकको विवेकव्याख्या ।

१४ Navajivan Rastogi, The krama Tantricism of Kashmir, Delhi: Motilal Banarasidas, 1979, P. 128 .

१५ हेर्नुहोस्, कालिकाकुलपञ्चशतक ग्रन्थको मातृका क र ख। रिल नं क्रमशः सी ४९/३ र बी ३०/२६ ।

१६ ज्ञानमणि नेपाल, नेपालको माध्यमिक कालको इतिहास, काठमाडौँ: मकालु बुक्स एण्ड स्टेशनर्स, वि.सं. २०६२, पृ. १३६ ।

१७ पूर्ववत् ।

१८ तन्त्रालोक, २७ आह्निक ४४ श्लोक ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गर्न खोजेको देखिन्छ । व्रजवल्लभ द्विवेदीको पनि यही धारणा रहेको छ[१९] । तन्त्रालोकमा अभिनवगुप्तले श्रीमत्कालीमुख अर्थात् श्रीकालीकुल नामक ग्रन्थलाई आधार मान्दै पूजाका लागि जुन वस्तुहरूलाई आधार मानेका छन् ती वस्तुहरू प्रस्तुत कालिकाकुलपञ्चशतक ग्रन्थमा सोही सन्दर्भमा निर्देश गरिएका वस्तुहरूसँग तुलनीय छन् –

अथवा छुरिकां स्थाप्य कर्तरीं वा सुदारुणाम् ।
महामुकुटपृष्ठे तु पूज्या संहारभैरवी ॥[२०]

नेत्रतन्त्रको उद्योतव्याख्यामा आचार्य क्षेमराजले श्रीकालीकुल नामक ग्रन्थबाट निम्नलिखित श्लोक उद्धृत गरेका छन् -

तस्य देवाधिदेवस्य परबोधस्वरूपिणः ।
विमर्शः परमा शक्तिः सर्वज्ञा बोधशालिनी ॥[२१]

उपर्युक्त श्लोक स्वच्छन्दतन्त्रको उद्योत-व्याख्यामा आचार्य क्षेमराजले श्रीकालिकाकुल नामक ग्रन्थबाट भनी उद्धृत गरेका छन्[२२]। त्यसैगरी नेत्रतन्त्र र स्वच्छन्दतन्त्रको उद्योतव्याख्यामा श्रीकालीकुल र श्रीकालिकाकुल नामक ग्रन्थबाट भनी उद्धृत उपर्युक्त श्लोक आचार्य क्षेमराजले नै शिवसूत्रको विमर्शिनीव्याख्यामा कालिकाक्रम नामक ग्रन्थबाट भनी उद्धृत गरेका छन्[२३] त्यसैले कालीकुल, कालिकाकुल र कालिकाक्रम एउटै ग्रन्थका नामान्तर मात्र हुन् भन्ने स्पष्ट हुन्छ ।

प्रस्तुत ग्रन्थको पुष्पिकावाक्यमा पनि °°**श्रीकालिकाकुले पञ्चशते**°° भन्ने पदावलीको प्रयोग देखिएकाले प्रस्तुत ग्रन्थ उपर्युक्त कालिकाकुल ग्रन्थकै अभिन्न ग्रन्थ हुनसक्ने सम्भावना देखिएको छ। प्रस्तुत ग्रन्थको अन्तिम पुष्पिकावाक्यमा आएको समाप्तमिदं श्रीकालिकाक्रमम् भन्ने पदावलीले यो सम्भावनालाई अझ बलियो बनाएको छ । प्रस्तुत ग्रन्थको सप्तम पटलको अन्तिम श्लोकमा जसको हातमा यो कालिकाक्रम–कुलशास्त्र रहन्छ त्यो भैरवझैँ सदा पूजित हुन्छ भन्ने भावको श्लोक रहेको छ[२४] । उक्त श्लोकले पनि प्रस्तुत ग्रन्थ कालीकुल, कालिकाकुल वा कालिकाक्रम नामले प्रसिद्ध ग्रन्थकै अभिन्न ग्रन्थ हुन सक्ने सम्भावना देखिन्छ ।

यति हुँदाहुँदै पनि आचार्य क्षेमराजले नेत्रतन्त्र र स्वच्छन्दतन्त्रको उद्योतव्याख्यामा कालीकुल र कालिकाकुल नामक ग्रन्थबाट उद्धृत गरेको श्लोक एवं शिवसूत्रको विमर्शिनीव्याख्यामा कालिकाक्रम नामक ग्रन्थबाट उद्धृत गरेका श्लोकहरू प्रस्तुत ग्रन्थमा नभेटिनुले उपर्युक्त तर्कको विपक्षमा एउटा गम्भीर संशय पनि उत्पन्न गरिदिएको छ ।

कालिकाकुलपञ्चशतक र देवीपञ्चशतिक

तन्त्रालोकको विवेकव्याख्यामा आचार्य जयरथले देवीपञ्चशतिक वा पञ्चशतिक नामक ग्रन्थबाट भनी उद्धृत गरेका केही श्लोकहरू प्रस्तुत कालिकाकुलपञ्चशतक ग्रन्थका श्लोकहरूसँग केही जस्ताको तस्तै र केही सामान्य पाठान्तरका साथ मिलेका देखिन्छन् । तन्त्रालोकको चतुर्थ आह्निकको विवेकव्याख्यामा आचार्य जयरथले त्रयोदश कालीको सन्दर्भमा देवीपञ्चशतिक वा पञ्चशतिकबाट भनी ४४ पङ्क्ति अर्थात् २२ श्लोक उद्धृत गरेका छन्[२५] । ती सम्पूर्ण श्लोकहरू प्रस्तुत कालिकाकुलपञ्चशतक ग्रन्थको पञ्चम पटलको तेईसौँ श्लोकदेखि अठचालीसौँ श्लोकसम्मका श्लोकहरूसँग प्रायः जस्ताको तस्तै मिल्दछन् । त्यसैगरी आचार्य जयरथले तन्त्रालोकको उनन्तीसौँ पटलको विवेकव्याख्यामा देवीपञ्चशतिकबाट भनी आठ पङ्क्ति अर्थात् ४ श्लोक उद्धृत गरेका छन्[२६] ।

१९ व्रजवल्लभ द्विवेदी(सम्पा.), लुप्तागम सङ्ग्रह (भाग-२), वाराणसीः सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, ई.सं. १९८३, पृ. २६ ।

२० कालिकाकुलपञ्चशतक, ४ पटल, ७२ श्लोक ।

२१ नेत्रतन्त्र, १ अधिकार, ३० श्लोकको उद्योतव्याख्या ।

२२ स्वच्छन्दतन्त्र, ११ पटल, ४ श्लोकको उद्योतव्याख्या ।

२३ शिवसूत्र, ३ उन्मेष, ४४ सूत्रको विमर्शिनीव्याख्या ।

२४ कालिकाकुलपञ्चशतक, ७ पटल, ५७ श्लोक ।

२५ तन्त्रालोक, ४ आह्निक, १४८–१७३क श्लोक ।

२६ तन्त्रालोक,२९ आह्निक, ४२ श्लोक र २९आह्निक,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ती श्लोकहरू प्रस्तुत कालिकाकुलपञ्चशतकको दोस्रो पटलको श्लोकसङ्ख्या पन्ध्रदेखि सत्रसम्मका श्लोकहरूसँग मिल्दछन् । त्यसैगरी आचार्य जयरथले तन्त्रालोकको विवेकव्याख्यामा ग्रन्थको नामोल्लेख विना नौवटा पङ्क्ति अर्थात् साढे चार श्लोक उद्धृत गरेका छन्[२७] । ती श्लोकहरू प्रस्तुत कालिकाकुलपञ्चशतक ग्रन्थको चतुर्थ पटलका श्लोकसंख्या तीनदेखि सातसम्मका श्लोकहरूसँग मिल्दछन् । त्यसैगरी उनन्तीसौं आह्निकको विवेकव्याख्यामा छ पङ्क्ति अर्थात् तीन श्लोक नामोल्लेख विना उद्धृत गरिएको छ[२८] । ती श्लोकहरू पनि प्रस्तुत कालिकाकुलपञ्चशतक ग्रन्थको पञ्चम पटलका श्लोकसङ्ख्या पचासदेखि एकाउन्न तथा श्लोकसङ्ख्या एकासीदेखि बयासीसम्म मिल्दछन् । ग्रन्थको नामोल्लेख विना उद्धृत ती श्लोकहरूको विषयमा जयरथ अनभिज्ञ रहेका देखिन्छन् ।

यसप्रकार आचार्य जयरथले तन्त्रालोकको विवेकव्याख्यामा देवीपञ्चशतिक वा पञ्चशतिक नामबाट उद्धृत गरेका छब्बीस श्लोकहरू र नामोल्लेख विना नै उद्धृत गरेका साढे सात श्लोकहरू गरी जम्मा साढे तेत्तीस श्लोकहरू प्रस्तुत कालिकाकुलपञ्चशतक ग्रन्थसँग मिल्दछन् । यति धेरै श्लोकहरू मिल्नुलाई सामान्य संयोग मात्र भन्न सकिँदैन ।

कालिकाकुलपञ्चशतकलाई नै देवीपञ्चशतिक वा पञ्चशतिक भन्ने अर्को नामले व्यवहार गरिन्थ्यो भन्ने देखिन्छ । आचार्य क्षेमराजले शिवसूत्रको विमर्शिनीव्याख्यामा तथा नेत्रतन्त्रको उद्योत व्याख्यामा कालिकाक्रम नामक ग्रन्थबाट भनी उद्धृत गरेको निम्नलिखित श्लोकलाई महेश्वरानन्दले महार्थमञ्जरी नामक ग्रन्थमा देविकाक्रम नामक ग्रन्थबाट भनी उद्धृत गरेका छन्-

नहि ज्ञानादृते भावाः केनचिद्विषयीकृताः ।
ज्ञानं तदात्मतां यातमेतस्मादवसीयते ॥[२९]

उपर्युक्त श्लोकलाई आचार्य जयरथले पनि कालिकाक्रम नामक ग्रन्थबाट भनी तन्त्रालोकको विवेकव्याख्यामा उद्धृत गरेका छन्[३०] । कालीनयलाई देवीनय भनिएझैँ कालिकाक्रमलाई देविकाक्रम र कालिकाकुलपञ्चशतकलाई देवीपञ्चशतिक वा पञ्चशतिक भन्ने गरेको देखिन्छ । अतः आचार्य जयरथले तन्त्रालोकको विवेकव्याख्यामा देवीपञ्चशतिक वा पञ्चशतिक नामक जुन ग्रन्थको उल्लेख गरेका छन् त्यो कालिकाकुलपञ्चशतककै नामान्तर हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

कालिकाकुलपञ्चशतक ग्रन्थको सङ्क्षिप्त सार

प्रथम पटल

यस पटलको प्रारम्भ भगवतीकालीको मङ्गलाचरण श्लोकबाट भएको छ । कालाग्निचक्रबाट उदाएकी, करोडौं सूर्य समान तेजले युक्त भएकी, सोम, सूर्य र अग्निस्वरूप इडा, पिङ्गला र सुषुम्णा नाडीरूप त्रिपथको मध्यगह्वरमा निवास गर्ने, चित्, चेत्य, चित्त, विषय र इन्द्रियलाई आफैँमा लय गर्ने, मातृसद्भावरूपले रहेकी यस्ती संवित्स्वरूप कालीलाई सर्वप्रथम नमस्कार गरिएको छ । दोस्रो श्लोकमा पनि भगवती कालीलाई नमस्कार गरिएको छ । त्यसपछि उत्तरपीठमा अवस्थित करवीर नामक श्मशानको वर्णन गरिएको छ जुन स्वयं भगवान् शिवबाट पनि पूजित एवं महाचैतन्यस्वरूप अग्निले सन्तप्त रहेको छ । योगी एवं मातृशक्तिहरूद्वारा सेवित उक्त श्मशान महान् सिद्धिप्रदायक स्थल रहेको छ जुन घोरभन्दा पनि घोर स्वरूप भएका भैरवहरूले घेरिएको छ । उक्त करवीर नामक श्मशानमा पीठेश्वरीहरू एवं सिद्धहरूले घेरिएकी, महान्

६४क श्लोक ।
२७ तन्त्रालोक, ३ आह्निक, ६७ श्लोकको विवेकव्याख्या ।
२८ तन्त्रालोक,२९ आह्निक, १७ श्लोक र २९ आह्निक, २५–२६ श्लोकको विवेकव्याख्या ।

२९ व्रजवल्लभ द्विवेदी(सम्पा.), महार्थमञ्जरी, वाराणसीः सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, ई.सं. १९९२, पृ. १० ।
३० तन्त्रालोक, ५ आह्निक, ८० श्लोकको विवेकव्याख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आनन्दमा एकाकार भएकी, अत्यन्त तेजले युक्त भएकी, भैरवाष्टकले युक्त भैरवी निवास गर्दछिन् । त्यस्ती भैरवीको पाउमा परेर स्तुतिपूर्वक भैरवले कालिकाकुलशास्त्रको विषयमा जिज्ञासा प्रकट गरेका छन् । जिज्ञासा प्रकट गर्ने क्रममा भैरव भन्दछन् - "हे भैरवी ! योगिनीहरूको विश्वास प्राप्त गर्ने उपायका रूपमा रहेको अत्यन्त रहस्यमय एवं योगिनीहरूको वक्त्रपरम्पराबाट प्रवाहित ज्ञानधाराको रूपमा रहेको कुलाचारका विषयमा मलाई बताउनुहोस् । त्यसैगरी दुःखत्रयबाट मुक्ति दिलाउने र पुनः संसारचक्रमा फस्नु नपर्ने त्यस्तो दिव्य ज्ञानले युक्त कुलशास्त्रका विषयमा पनि मलाई उपदेश गर्नुहोस्" । त्यसपछि भैरवी भन्दछिन् - "हे महारुद्र ! आजसम्म कसैले पनि कालिकाक्रम (कालिकाकुलशास्त्रको अर्को पर्याय) का विषयमा जिज्ञासा प्रकट गरेको थिएन । यो कालिकाक्रम सिद्धहरूका लागि पनि परम दुर्बोध्य रहेको छ । यसको यथार्थ ज्ञान देवता, गन्धर्व, किन्नर, असुर, मुनि कसैलाई पनि भएको छैन । यो कालिकाक्रम मैले परम कारणस्वरूप शिवबाट प्राप्त गरेको हुँ । परम गोपनीय यो कुलशास्त्र मैले ब्रह्मा, विष्णु, महेश्वर आदिलाई समेत गोप्य राखेको छु । यदि तिमी यो परम दुर्लभ गुप्त ज्ञान प्राप्त गर्न चाहन्छौ भने कुलागममा दीक्षा ग्रहण गर । योगिनीहरूको वक्त्रपरम्पराबाट प्रवाहित ज्ञानधाराका रूपमा रहेको यस कौलज्ञानले पिण्डस्थैर्यरूप सिद्धि[३१] प्राप्त हुन्छ जुन सिद्धि पाएपछि साधक दिव्य शरीरले युक्त हुन्छ । पिण्डस्थैर्यरूप सिद्धिले धैर्यभावको प्राप्ति भई कालिकाज्ञान प्राप्त हुन्छ त्यसैले सम्पूर्ण प्रयत्नले कौलवीर्य पदमा आरूढ बन" । भैरवीको यसै उपदेशका साथ प्रथम पटल समाप्त भएको छ।

३१ पिण्डस्थैर्यसिद्धिको उल्लेख तन्त्रालोकको विवेकव्याख्या (२९।१२७)मा गरिएको छ । तन्त्रालोकमाथि परमहंस मिश्रकृत नीरक्षीरविवेक हिन्दी टीकामा शरीरलाई वज्रवत् सुरक्षित राख्ने वा बलियो बनाउने उपायभूत सिद्धिका रूपमा उक्त सिद्धिलाई परिभाषित गरिएको छ।

द्वितीय पटल

भैरवले धैर्यभाव एवं कौलज्ञानका विषयमा जिज्ञासा प्रकट गरेपछि भैरवी धैर्यभावका विषयमा बताउँछिन् । परं शुद्ध, व्यापक, शाश्वत, अज, हानादानविनिर्मुक्त, अव्यक्त, द्वैताद्वैतविवर्जित, सर्ववाङ्मयवर्जित, शून्याशून्यतर भावलाई नै यहाँ धैर्यभावको संज्ञा दिइएको छ । अतः पिण्ड वा शरीरमा स्थिरता ल्याउने वा आफूमा धैर्यभावको विकास गर्ने कुरामा यहाँ विशेष जोड दिइएको छ । भैरवले स्वरूपविज्ञानका विषयमा बताउन भैरवीलाई आग्रह गरेपछि भैरवी कौलज्ञानको सारभूत रहस्य बताउने प्रतिज्ञा गर्दछिन् । यो समग्र चराचर जगत् शून्य, निरालम्ब, निराधार, सनातन ब्रह्म वा परम शिवले ओतप्रोत छ। समग्र चराचर जगत् जसबाट प्रकट हुन्छ र जसमा नै पुनः लीन हुन्छ त्यही परम शिवको क्रियाशक्तिरूप अपरा शक्ति नै क्रमपद्धति हो त्यसैले कौलज्ञान वाणीको विषय हुन सक्दैन । योगिनीवक्त्रगम्य कौलज्ञान अकथ्य एवं अप्रमेय रहेको छ । परम शिवको स्वातन्त्र्यशक्ति नै जगत्का रूपमा आभासित हुन्छ । सूर्यको रश्मि सूर्यदेखि अभिन्न भए तापनि तथा अग्निको ज्वाला अग्निदेखि अभिन्न भए तापनि सूर्यको रश्मि वा अग्निको ज्वाला भनेर भिन्नवत् व्यवहार गरेझैं परम शिवको स्वातन्त्र्यशक्ति शिवदेखि अभिन्न छ तर सोही स्वातन्त्र्यशक्ति नै स्वेच्छावश बाह्य जगत्का रूपमा उल्लसित हुन्छ र भेदका रूपमा अवभासित हुन्छ। अन्धकारस्वरूप रात्रिशक्ति र प्रकाशस्वरूप दिवाकरी शक्ति क्रमशः सृष्टि र संहारको रूपले रहेको छ । सृष्टिरूप सोम र संहाररूप सूर्यधामको मध्यमा वह्निरूप कुलपिण्डको अवस्थिति रहेको छ। त्यही कुलपिण्ड नै कौण्डलिनी परा कला हो। सो कुण्डलिनीशक्तिको माझमा सृष्टि, स्थिति र संहाररूप कृत्य सम्पन्न गर्ने, समग्र तत्त्वलाई आफूमा लीन गर्ने परम शक्ति रहेको छ । सोही परम शक्तिलाई कुलशास्त्रमा कुल भनिन्छ । कुलको उत्पत्तिस्थान निराधार, शून्याशून्यतर भाव एवं अभावले रहित रहेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

छ । यो परम रहस्यमय कुल सम्पूर्ण शास्त्रहरूको सारका रूपमा रहेको छ । जसरी फूलमा गन्ध, तिलमा तेल सारभूत तत्त्वका रूपमा रहन्छ त्यसरी नै कुल सम्पूर्ण शास्त्रहरूको सारका रूपमा रहन्छ । यो कुलात्मक महाज्ञान स्वानुभूतिगम्य विषय हो । यो परम दुर्लभ ज्ञान जो पुण्यकर्मा छन् उनीहरूले नै प्राप्त गर्न सक्तछन् । संसारप्रति जसको वासना सम्पूर्णतया गलित भएको छ त्यस्तो साधकले नै कौलज्ञानलाई बुझ्दछ । साक्षात् शिव वा भैरवीको अनुग्रह नभएसम्म कौलज्ञानको प्राप्ति सम्भव छैन त्यसैले कुलशक्तिको आश्रय ग्रहण गर भनी भैरवीले भैरवलाई उपदेश दिएकी छिन् । त्यसपछि भैरवले कुलशास्त्रको गुरुपरम्परा, सृष्टि आदि चार वटा क्रम, मन्त्रोद्धार, पूजाक्रम आदि विषयमाथि प्रकाश पार्न भैरवीलाई आग्रह गरेका छन् र भैरवीले सृष्टि, स्थिति, संहाररूप तीनवटा क्रमको बीजरूप अनाख्याक्रम वा कालिकाक्रमको विषयमा सङ्क्षेपमा प्रकाश पारेकी छिन् । त्यसपछि सृष्टिक्रममा पूजित कौलिकी शक्तिको स्थूल एवं सूक्ष्म पूजाक्रम, संहारवर्णन्यास, पूजाद्रव्य, गुरुपङ्क्ति तथा योगिनीपूजाको सङ्केत गर्दै दोस्रो पटल समाप्त भएको छ ।

तृतीय पटल

तृतीय पटलको प्रारम्भमा सत्य आदि युगक्रमले अवतीर्ण चार जना सिद्धहरू एवं सिद्धपत्नीहरूको वर्णन गरिएको छ । जसअनुसार सत्ययुगमा खगेन्द्रनाथ तथा उनकी पत्नी विज्ञाम्बा, त्रेतायुगमा कूर्मनाथ तथा उनकी पत्नी मङ्गलाम्बा, द्वापरयुगमा मेषनाथ तथा उनकी पत्नी काममङ्गला र कलियुगमा मत्स्येन्द्रनाथ र उनकी पत्नी कोङ्कणाम्बा अवतीर्ण भएको जानकारी प्राप्त हुन्छ । त्यसपछि कलियुगमा अवतीर्ण मत्स्येन्द्रनाथका बाह्र जना पुत्रहरूको उल्लेख गरिएको छ । जसअनुसार भट्ट, महेन्द्र, वल्कल, अहीन्द्र, गजेन्द्र र महीधर निरधिकार (ऊर्ध्वरेता) वर्गमा पर्दछन् भने अमर, वरदेव, चित्र, अलि, विन्ध्य र गुडिकनाथ साधिकार वर्गमा पर्दछन् । त्यसपछि निष्क्रियानन्दनाथ आदि चार जना सिद्ध एवं तिनका पत्नीहरूको उल्लेख गरिएको छ । जसअनुसार निष्क्रियानन्दनाथ एवं उनकी पत्नी ज्ञानदीप्ति, विद्यानन्द एवं उनकी पत्नी रक्ता, शक्त्यानन्द एवं उनकी पत्नी महानन्दा र शिवानन्द एवं उनकी पत्नी समया पर्दछन् । त्यसपछि विश्वयोनि आदि गुरुपञ्चक तथा रेतयोनि आदि तिनका शक्तिहरूको उल्लेख गरिएको छ । जसअनुसार विश्वयोनि, जगद्योनि, भावयोनि, प्रजापतियोनि र कुलयोनि गुरुपञ्चकमा पर्दछन् भने तिनका पञ्चशक्तिमा रेतयोनि, बीजयोनि, सर्गयोनि, सृष्टियोनि र क्षोभयोनि पर्दछन् । त्यसपछि वटुक, गणेश, कुलेश्वर, कुलेश्वरी आदिको पूजाक्रमको वर्णन गर्दै सङ्कर्षिणी महाविद्या (मातृसद्भाव मन्त्र)को उद्धार गरिएको छ । उक्त महाविद्याको माहात्म्य कथन, सृष्टिक्रमले पूजित कालीको ध्यान र पूजाक्रमको वर्णन गर्दै उक्त सृष्टिक्रम अत्यन्त गोपनीय रहेको मन्तव्यका साथ तृतीय पटल समाप्त भएको छ ।

चतुर्थ पटल

चतुर्थ पटलको प्रारम्भमा अवतारक्रमको निरूपण गर्ने प्रतिज्ञा गरिएको छ । त्यसपछि सृष्टि, अवतार (स्थिति) र संहार तत्त्वको निरूपण गरिएको छ । त्यस क्रममा एउटै परम तत्त्व बाह्र भेदले जगत्मा व्याप्त रहेको बताउँदै पञ्चमहाभूत, पञ्चज्ञानेन्द्रिय, मन र बुद्धि तत्त्वलाई द्वादश सिद्ध एवं पञ्चतन्मात्रा, पञ्चकर्मेन्द्रिय, अहङ्कार र प्रकृतिलाई सिद्धपत्नीका रूपमा उल्लेख गरिएको छ । यिनै चौबीस तत्त्वका रूपमा एउटै पराशक्तिको विस्तारलाई नै यहाँ अवतारको संज्ञा दिइएको छ । त्यसपछि सप्तदशाक्षरी कुलविद्याको उद्धार गर्दै उक्त विद्याको माहात्म्य र गोपनीयताको उल्लेख गरिएको छ । त्यसपछि संहारक्रमको निरूपण गर्ने प्रतिज्ञा गर्दै संहाररूप वीरेश्वरीको स्वरूपमाथि प्रकाश पारिएको छ । त्यसपछि एकादश वीर एवं एकादश चक्रनायिकाको उल्लेख गरिएको छ । त्यसपछि त्र्यक्षरी एवं एकादशाक्षरी संहारभैरवीविद्याको उद्धार गर्दै संहारभैरवीको पूजन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

एवं संहारक्रमको गोपनीयताको उल्लेख गरी चतुर्थ पटल समाप्त भएको छ ।

पञ्चम पटल

यस पटलको प्रारम्भमा अनाख्याक्रमको निरूपण गर्ने प्रतिज्ञा गर्दै ब्रह्मस्वरूपिणी महाकालीको स्वरूपको चर्चा गरिएको छ। त्यसैगरी परमार्कस्वरूपिणी महाकालीको बाह्रवटा भेदको निरूपण गरिएको छ । ती बाह्रवटा भेद यसप्रकार छन् - सृष्टिकाली, स्थितिकाली, संहारकाली, रक्तकाली, सुकाली, यमकाली, मृत्युकाली, भद्रकाली, परमार्ककाली, मार्तण्डीकाली, कालाग्निरुद्रकाली र कालकाली । यसबाहेक माथि वर्णित सम्पूर्ण स्वरूपलाई आफैंभित्र लय गर्ने भगवती महाकालीको मूलस्वरूप महाभैरवचण्डोग्रघोरकालीको पनि वर्णन गरिएको छ । तिनै कालसङ्कर्षिणी महाकालीको पूजाक्रम र सप्तदशाक्षरी महाविद्याको उद्धार गर्दै द्वादशकालीको मन्त्रोद्धार एवं तिनको पूजाक्रमको वर्णन यस पटलमा गरिएको छ ।

षष्ठ पटल

यस पटलको प्रारम्भमा भैरवले भैरवीलाई समयपूरणीविद्याको उद्धार गर्न तथा कुलाचारको विषयमा बताउन र क्षेत्रपालको मन्त्र बताउन आग्रह गरेका छन् । भैरवको आग्रहबमोजिम भैरवीले कुलाचारको उपदेश गर्नुका साथै उक्त आचारको माहात्म्यमाथि प्रकाश पार्दै उक्त आचारलाई अत्यन्त गोप्य राख्न निर्देशन दिएकी छिन् । त्यसपछि समयपूरणीविद्याको उद्धार गरी त्यसको माहात्म्य बताएपछि क्षेत्रपालको मन्त्रको पनि उद्धार गरिएको छ र उक्त मन्त्रको माहात्म्यमाथि प्रकाश पारिएको छ ।

सप्तम पटल

प्रस्तुत ग्रन्थको अन्तिम पटलका रूपमा रहेको यस सप्तम पटलको प्रारम्भमा भैरवले भैरवीलाई समग्र कालिकाकुलशास्त्रको सारभूत विषय बताउन आग्रह गरेका छन् । भैरवको आग्रहबमोजिम भैरवीले कुलज्ञानको सार बताउने प्रतिज्ञा गर्दै सर्वप्रथम परम कारणस्वरूप शिवको स्वरूपमाथि प्रकाश पारेकी छिन् । त्यसपछि परम कारणस्वरूप शिवकी समवायिनी कालिकाशक्तिको स्वरूपमाथि प्रकाश पारिएको छ । त्यसपछि अवतारक्रम अर्थात् स्थितिक्रमको सारमाथि प्रकाश पार्दै कालिकाक्रमको रहस्य एवं त्यसको गोपनीयताको वर्णन गरिएको छ । अन्त्यमा यस कालिकाकुल वा कालिकाक्रमशास्त्रको माहात्म्यमाथि प्रकाश पार्दै सप्तम पटलको समाप्तिका साथ यस ग्रन्थको समापन भएको छ ।

उपसंहार

यसप्रकार प्रस्तुत कालिकाकुलपञ्चशतक नामक ग्रन्थमा कालिकाकुल परम्पराकी मुख्य आराध्या भगवती कालसङ्कर्षिणीको सृष्टि, अवतार(स्थिति), संहार र अनाख्याक्रमको वर्णन गरिएको छ। प्रस्तुत ग्रन्थमा कुलमतले अवलम्बन गरेको सर्वं सर्वात्मकम् अर्थात् संसारका सबै नामरूपात्मक पदार्थ पूर्ण छन् भन्ने वैश्विक दृष्टिकोण वा शाम्भवज्ञानको सापेक्षमा भगवती कालसङ्कर्षिणी कालीको उपासनाक्रमको निरूपण गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कालिकाकुलपञ्चशतकका उपलब्ध मातृका



मातृका क-पत्रसङ्ख्या १ख



मातृका क-पत्रसङ्ख्या २क



मातृका ख-पत्रसङ्ख्या २४ख



मातृका ख-पत्रसङ्ख्या २५क



मातृका ग-पत्रसङ्ख्या १ख



मातृका ग-पत्रसङ्ख्या २क

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सन्दर्भसामग्री

ऋग्वेदसंहिता, सायणभाष्यसहिता (भाग ९), प्रथम संस्करण, ई.सं.१९९१, वाराणसी : चौखम्बा विद्याभवन ।

कौल, मधुसूदन (सं.) (ई.सं.१९२९), **स्वच्छन्दतन्त्र** (उद्योतव्याख्या) श्रीनगर : काश्मीर संस्कृत ग्रन्थमाला ।

अभिनव गुप्त, **तन्त्रालोक** (विवेकव्याख्यासहित), सम्पादक राधेश्याम चतुर्वेदी वाराणसी : चौखम्बा विद्याभवन, ई.सं.२००२ ।

द्विवेदी, व्रजवल्लभ (सं.) (ई.सं.१९८३), **लुप्तागमसङ्ग्रह** (भाग २), वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

द्विवेदी, व्रजवल्लभ (सं.) (ई.सं.१९८४), **विज्ञानभैरव**, द्वितीय संस्करण, वाराणसी : मोतीलाल बनारसीदास वाराणसी ।

द्विवेदी, व्रजवल्लभ (सं.) (ई.सं.१९८८), **योगिनीहृदय** (दीपिकाव्याख्यासहित), वाराणसी: मोतीलाल वनारसीदास ।

द्विवेदी, व्रजवल्लभ (सं.) (ई.सं.१९९२), **महार्थमञ्जरी**, वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

द्विवेदी, व्रजवल्लभ (सं.) (ई.सं.२००४), **नेत्रतन्त्र** (उद्योतव्याख्यासहित), दिल्ली : परिमल पब्लिकेशन्स ।

नेपाल, ज्ञानमणि (वि.सं.२०६२), **नेपालको माध्यमिक कालको इतिहास**, काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।

पणशीकर, वासुदेव (सं.) (ई.सं १९९०), **ईशाद्यष्टोत्तरशतोपनिषदः**, वाराणसी : चौखम्बा विद्याभवन ।

मिश्र, नारायण (सं.)(ई.सं.१९९८), **पातञ्जलयोगदर्शन**, दिल्ली : भारतीय विद्याप्रकाशन ।

मिश्र, परमहंस (सं.) (ई.सं.२००२), **कुलार्णवतन्त्र**, दिल्ली : चौखम्बा विद्याभवन ।

रस्तोगी, नवजीवन (ई.सं.२०११), **काश्मीर की शैव संस्कृति मे कुल और क्रम मत**, दिल्ली : डि.के. प्रिन्ट वर्ल्ड ।

शास्त्री, मुकुन्दराम (सं.)(ई.सं.१९३७), **महानयप्रकाश**, श्रीनगर : काश्मीर संस्कृत ग्रन्थमाला ।

सिंह, जयदेव (सं.) (ई.सं.१९७९), **शिवसूत्र** (विमर्शिनीव्याख्यासहित), दिल्ली : मोतीलाल बनारसीदास ।

Goodall, Dominic & Padoux, Andre(Ed.) (2007). **Tantric Studies in Memory of Helene Brunner,** Pondichery : Instute de Francais.

Rastogi, Navajivan (1979). **The Krama Tantricism of Kashmir,** Delhi : Motilal Banarasidas.

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राष्ट्रिय अभिलेखालयको तिब्बती शाखाको सर्वेक्षण

- पुण्यप्रसाद पराजुली*

नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय अभिलेखालयमा संस्कृत, नेपाली, नेवारी, मैथिली, तिब्बती, पाली, फारसी आदि भाषामा लेखिएका ताडपत्रसहितका हस्तलिखित ग्रन्थहरूको विशाल भण्डार रहेको छ । यो अथाह भण्डारमा तिब्बती भाषामा लेखिएको हस्तलिखित तथा काठे छापाका अठार हजार भन्दा वढी ग्रन्थहरू रहेका छन् । राष्ट्रिय अभिलेखालय स्थापना हुनु भन्दा पहिलेको वीर पुस्तकालयको भोटे फाँटका ग्रन्थहरूको अलावा पछि विभिन्न श्रोतबाट प्राप्त उपलब्ध ग्रन्थहरू हाल अलग कोठामा राखिएका छन् । तिब्बती ग्रन्थहरूमा मिति लेख्ने चलन ज्यादै कम भएको र लेखिएका पनि साठी वर्षको चक्र हुने तिब्बती पद्धतिमा लेख्ने चलन भएकाले कुन शताब्दीमा लेखिएको भनी किटान गर्न सकिन्न । ऐतिहासिक दस्तावेजहरू तथा लेखिएको कागजको रासायनिक परीक्षणवाट चौधौं शताब्दीसम्ममा लेखिएका बीस वटा जति ग्रन्थहरू पाइएका छन् ।

वर्तमान वस्तुस्थिति

हाल कपडाको खोल हालेर नामाङ्कन गरिएका ११५२ पोकाहरू छन् भने गत वर्षमात्र राष्ट्रिय सङ्ग्रहालयबाट प्राप्त थप ग्रन्थहरू खोल विहीन अवस्थामा छन् । यी सबै ग्रन्थहरूलाई खोलसहितको पोकाहरूमा राखी सकेपछि मात्र ग्रन्थहरूको यकिन संख्या निकाल्न सकिन्छ । कुनै ग्रन्थ एक पेज भन्दा कमका एक श्लोकी (चार हरफ) पनि छन् भने केही ग्रन्थ ६४४२ पन्ना सम्मका छन् । शुरुमा संकलित पुस्तकहरूलाई क्रमशः पोका नम्बरसहित व्यवस्थित गरिएको हुनाले काङ्ग्यूर, तेन्यूर जस्ता ग्रन्थहरू एक साथ रहेको पाइन्छ । एकै लेखकले लेखेका ग्रन्थहरू प्रायः सँगसँगै राखिएको छ भने केही ठाउँमा क्रमबद्धता पनि देखिन्छ । पोका नम्बर ६०९ सम्म प्रायः काठे छापाका ग्रन्थहरू छन् भने त्यसपछिका पोकामा दुवै खाले ग्रन्थहरू रहेकाले पोकाको रूप नै वेढङ्गको देखिन्छ । एक माथि अर्को पोका थुपार्दा सन्तुलन बिग्रेको देखिन्छ ।

राष्ट्रिय सङ्ग्रहालय छाउनीबाट प्राप्त पोका नम्बर ६५९ पछिका ९६८ सम्मका ३०९ पोकाहरू भने अंग्रेजी भाषामा लेखिएका कार्डहरू पनि पोकाभित्र राखिएका छन् । पछिल्लो चरणको माइक्रोफिल्म बनाउने क्रममा बनाइएका यी कार्डहरू माइक्रोफिल्म शाखाको दराजमा पनि अंग्रेजी वर्णानुक्रमअनुसार राखिएका छन् भने पहिले माइक्रोफिल्म खिचिएका ग्रन्थहरूमा कुनैमा पनि काड राखिएको छैन । पोका ९६९ पछि १०२३ सम्मका ग्रन्थहरू प्रायः अपूर्ण र अव्यवस्थित छन् ।

अन्तिम दराजमा अलग्गै राखिएका १२९ ग्रन्थहरू मध्ये १०४ वटा देर्गे काङ्ग्यूरका सूचीपत्र सहितका पाल ग्याल्वा कर्मापाद्वारा दिल्लीमा अफसेट प्रिन्टमा छापिएका रातो मसी प्रयोग भएका ग्रन्थहरू छन् । यिनीहरूको एक छेउमा अंग्रेजी पेज संख्या पनि दिएको छ । १२९ पोकामा भएका ग्रन्थहरू आधुनिक कम्प्युटर टाइपिङ गरी मुद्रण गरिएका छन् । पोका १०५ मा गान्तोकमा छापिएको द्वैभाषिक कोश पनि

*सोवा रिग्पा इन्टरनेशनल कलेजमा आबद्ध हुनुहुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यहीँ राखिएको छ । १०६ देखि १२९ पोकासम्ममा लोङसाल र दुदुल लेखिएका मुद्रित ग्रन्थहरू छन् । यसरी हस्तलिखित, काठे छापामा खोपेर छापिएका तथा आधुनिक मुद्रण विधि प्रयोग गरी छापिएका ग्रन्थको भण्डार राष्ट्रिय अभिलेखालयको तिब्बती शाखामा रहेको देखिन्छ ।

काङ्ग्यूर ग्रन्थमाला

तिब्बतमा विभिन्न ठाउँमा विभिन्न समयमा लेखिएका र काठेछापामा खोपेर छापिएका आधारमा ग्रन्थमालाको नाम नै स्थान विशेषसँग जोडिएका पाइन्छन् । नार्थाङ, ल्हासा, पेकिङ, चोने, देगे जस्ता स्थानहरूको आधारमा नार्थाङ काङ्ग्यूर, देगे काङ्ग्यूर जस्त नामहरू दिएको छ । भगवान् बुद्धका वचनहरूलाई तिब्बती भाषामा "का" भनिन्छ भने अनुवादलाई "ग्यूर" भनिन्छ । यी दुईको संयुक्त रूप नै कागयुर हो जसलाई कथ्य भाषामा काङ्ग्युर पनि भनिन्छ । श्री ३ चन्द्र शम्सेरको पालामा जापानी वौद्ध भिक्षु एकाई कावागुचीवाट उपहारको रूपमा प्राप्त १०० पोका ग्रन्थहरू राष्ट्रिय अभिलेखालयका प्रथम पुस्तकमाला भएको देखिन्छ । सन् १७३१ म काठे छापा बनाएको यो ग्रन्थमालाको परिशिष्ट खण्ड चाहिँ बीसौं शताब्दीमा छापेको पाइन्छ । पोका नम्वर ३४० मा यी ग्रन्थहरूको सूची र छपाईको इतिहास विस्तृत रूपमा बताइएको छ । ग्रन्थमालामा थुप्रै लामा छोटा ग्रन्थहरू भए पनि पहिलेका सूची वनाउने कर्मचारीहरूले सबैभन्दा पहिलेको ग्रन्थको मात्र उल्लेख गरेको पाइयो । मूल १०० पोका भित्र ७६१ वटा ग्रन्थहरू छन् भने परिशिष्टमा २७ थप ग्रन्थहरू राखी ७८८ शीर्षकका अनुदित रचनाहरू नार्थाङ काङ्ग्युमा रहेका छन् । यो ग्रन्थमालामा विनय (दुल्वा), प्रज्ञापारमिता(शेर्छिन्), रत्नकुट,(कोन्चेग्), अवतंशक(फाल्छेन्), निर्वाण (ङ्यान्दे), वहुसुत्र (मोमाङ) र तन्त्र(ग्यु)को क्रम छ । सबै उपशीर्षक "का" अक्षरवाट सुरू भएका छन् । यसले गर्दा ग्रन्थको पहिचान गर्दा उपशीर्षकको अंकित अक्षरको आधारमा गर्नुपर्छ ।

अठारौं शताब्दीमा पूर्वी तिब्बतको देर्गे भन्ने स्थानमा काठ खोपेर छापिएका ग्रन्थमालालाई देर्गे/देगे काङ्ग्यूर भनिन्छ । यसमा १०१ मूल ग्रन्थहरूको अलावा २ पोका धारणीसंग्रह अलग्गै छन् । जम्मा ११०८ अनुदित रचनाहरू रहेको यी संग्रहलाई ग्याल्वाङ कर्मापाले सन् १९७६-१९७९ मा आधुनिक छपाई प्रविधि प्रयोग गरी छपाएको देखिन्छ । यसमा विनय, प्रज्ञापारमिता, अवतंशक, रत्नकुट, सूत्र, तन्त्रको अलवा प्रतन्त्र(न्यिङ्ग्यु), कालचक्र(दुखोर) र धारणी संग्रह(सुङ्दु)को क्रम छ ।

देगेका दुई सेट गरी २२१६ र नार्थाङका ७८८ गरी ३००४ ग्रन्थहरू काङग्युर ग्रन्थमाला अन्तर्गत पर्दछन् । यो ग्रन्थमालामा समावेश गरिएका थुप्रै फुटकर ग्रन्थहरू पनि हस्तलिखित रूपमा संग्रहित छन् । विशेष गरी धारणी संग्रहका ग्रन्थहरू पुरै वा फुटकर रुपमा धेरै नै दोहोरिएका देखिन्छ ।

तेन्युर ग्रन्थमाला

बुद्ध वचनको व्याख्या गरी लेखिएका ग्रन्थहरूलाई शास्त्र भन्निछ । यस्ता शास्त्रहरूलाई तिव्वती भाषामा तेन्च्यो भनिन्छ जसलाई छोटकरीमा "तेन" मात्र पनि भनिन्छ । "ग्यूर" भन्नाले अनुवाद हुने भएकाले तेन्युरले भारतीय, नेपाली र तिब्बती विद्वान्हरूका रचनाहरूको अनुवादलाई बुझिन्छ । देगे तेङ्ग्युरमा विभिन्न लेखकका २२४ ठेली ग्रन्थहरूमा ३४५८ रचनाहरू सङ्कलित छन् भने सन् १७४६ मा छापिएका नार्थाङ तेन्युरमा ३९१३ ग्रन्थहरू छन् । नार्थाङ र देगे दुवै ठाउँमा छापिएका गरी ७३७१ ग्रन्थहरू राष्ट्रिय अभिलेखालयमा छन् । यसरी काङ्ग्युर र तेन्युरका १०३७५ भन्दा बढी छापा ग्रन्थहरू सुरक्षित छन् ।

शतसाहस्रिका प्रज्ञापारमिता ग्रन्थ

महायान बौद्ध वाङ्मयमा सबैभन्दा लामो मानिएको एक लाख श्लोक बराबरको गद्य ग्रन्थ शतसाहस्रिका प्रज्ञापारमिता हो । संस्कृत भाषामा ४ ठेलीहरूमा उपलब्ध यो ग्रन्थ भोट भाषामा अनुवाद गर्दा १२ ठेलीहरू हुन पुगेको देखिन्छ । भोट भाषामा औपचारिक नाम "शेरावक्यी फारोल्तु छिन्पा तोङ्ठाग् ग्येपा" भएको यो ग्रन्थलाई संक्षेपमा "वुम" भन्ने गरिन्छ । राष्ट्रिय अभिलेखालयमा रहेका तीन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सेट काङ्ग्युर अन्तर्गत यो ग्रन्थ हुनु स्वभाविकै हो तर अलग्गै ३ सेट शतसाहस्रिका प्रज्ञापारमिता यहाँ उपलब्ध छन् । का देखि ना अक्षरहरू अंकित यो ग्रन्थ पहिलो सेट नारथाङ काङ्ग्युर सकिने बित्तिकै पोका संख्या १०२ देखि ११३ सम्म छ ।

रिन्छेन तेर्जो

भारतीय बौद्ध ग्रन्थहरूका अनुवाद पछि सबैभन्दा ठूलो परिमाणमा तेर्मा (निधि) ग्रन्थमाला राष्ट्रिय अभिलेखालयमा छन् । ६३ पोथी (पोका) हरुमा २४२५ ग्रन्थहरू भएको यो ग्रन्थमाला तिब्बतको छुर्फुमा पन्ध्रौं कर्मपा खाख्याब दोर्जेका पालामा छापेर श्री ३ जुद्ध शम्शेरका पालामा नेपाल पठाएको देखिन्छ । पोका नं. ५२५ मा यसको अलग सूचीपत्र छ । यसमा गुरु पद्मसंभवका प्रसिद्ध जीवनी ग्रन्थहरू पनि समावेश गरिएको छ । का अक्षरबाट शुरु भएका ६० वटा पोकाहरुमा भएका ग्रन्थमालामा इ अक्षरसम्म लगातार अंकित छन् भने अन्तिम ३ ग्रन्थमा ओं, आः र हुँ अंकित छन् ।

न्यीङ्मा ग्युबुम संग्रह

आठौं शताब्दीमा अनुवाद भएका कैयौं तान्त्रिक ग्रन्थहरूलाई एघारौं शताब्दी पछिका अनुवादकहरूले आधिकारिक नमाने पछि धेरै तन्त्र ग्रन्थहरू काङ्ग्युरमा समेटिन सकेनन् । नारथाङ काङ्ग्युरमा यस्ता तन्त्रहरू समाविष्ट नभए पनि देर्गे काङ्ग्युरमा प्रातन्त्र (न्यीङ्ग्युद) शीर्षकमा २४ ग्रन्थहरू तीन ठेलीमा पाइन्छन् । रत्न लिङ्पा (१४०३-१४७८) ले पन्ध्रौं शताब्दीमा पूर्वानुदित संस्करणहरूको सम्पादन गरेर प्राचीन अनुदित तन्त्रका ग्रन्थहरु ल्हुन्डुव फोडाङमा न्यीङ्मा ग्युवुम् नामाकरण गरी अलग्गै संस्करण निकाले । यसलाई मूल प्रति मानी धेरै ठाउँमा लेख्ने र छाप्ने गरेको पाइन्छ । यस्ता हस्तलिखित र मुद्रित ग्रन्थहरुका दुवै संस्करणहरु राष्ट्रिय अभिलेखालयमा छन् । पोका नं. ३४२ देखि ३६७ सम्ममा २६ पोकामा छापा ग्रन्थहरू रहेका छन् । का देखि शुरु भएर रा अक्षर अंकित पुस्तकहरूमा तन्त्र विषयक ग्रन्थहरू छन् भने २६ औं पोका ३६७ मा सबै ग्रन्थहरूको विस्तृत सूचीपत्र रहेको छ । ४२४ ग्रन्थहरू रहेको यो पूर्वी तिब्बतको देर्गेमा छापिएको पाइन्छ । यहाँ हस्तलिखित न्यीङ्मा ग्युवुमका ३६ पोकाहरुमा ५६१ ग्रन्थहरू समाविष्ट छन् । पोका संख्या ६८७ देखि ७२२ रहेका यी ग्रन्थ मालाका केही पुस्तकहरू कीरा लागेर नष्ट हुन लागेका छन् । १३७ थप ग्रन्थहरू यो संग्रहमा छन् ।

सुङ्वुम ग्रन्थमाला

राष्ट्रिय अभिलेखालयमालामा लोङ्छेन्पा, तारानाथ, ङुल्छु धर्मभद्र र याङ्चेन डुव्पे दोर्जेका सम्पूर्ण रचनाहरू समाविष्ट छापा ग्रन्थहरू छन् । लोङ्छेन्पाका सात ठेली जोदुन् (सप्त कोश) ग्रन्थहरु छन् । तारानाथ का देखि चा सम्म अंकित १७, आत्मजीवनी र विषयसूची गरी १९ पोथी ग्रन्थहरू छन् भने धर्मभद्रका का देखि धा सम्मका ६ पोथी ग्रन्थहरू छन् । त्यस्तै याङचेन डुव्पे दोर्जेका ३ पोथी ग्रन्थहरू छन् ।

उपसंहार

संस्कृत भाषाबाट उल्था भएका र तिब्वती लेखकहरुले आफ्नै भाषामा लेखेका ४६०० भन्दा बढी हस्तलिखित ग्रन्थहरु यहाँ रहेको पाइन्छ । यी मध्ये ४५०० ग्रन्थहरुको विस्तृत सूचीपत्र पाँच भागमा राष्ट्रिय अभिलेखालयबाट प्रकाशित भइसकेका छन् । नयाँ थपिएका ग्रन्थहरु धेरै जसो हस्तलिखित रुपमा पाइएका छन् । केही फुटकर छापा ग्रन्थहरुको पनि सूचीपत्र छापिएको छ । यहाँ रहेका तिब्वती भाषाका काङ्ग्युर, तेन्ग्युर जस्ता निश्चित ग्रन्थमालाहरुको सूचीपत्र छाप्न सकेमा उपयोगी हुने देखिन्छ । यसलाई अझ व्यवस्थित बनाउन एकै ग्रन्थमालाका ग्रन्थहरूलाई एकै दराजमा क्रमवद्ध राखेर नामसहित अंकित गर्दा अनुसन्धानकर्ताहरुका लागि अझ उपयोगी हुन सक्छ । सकेसम्म एकै रङ्गको खोल प्रयोग गरेर, फुटकर रचनाहरू संकलित पोकाहरूका छापा र हस्तलिखित ग्रन्थ छुट्याएर अलग पोकामा राखेमा अन्तर्राष्ट्रियस्तरको अनुसन्धान केन्द्र बन्न सक्ने संभावना छ । विभिन्न कालखण्डका विविध विषयका सामग्रीहरुको अतुलनीय भण्डार राष्ट्रकै गौरव हो यसलाई व्यापक रुपमा प्रचार प्रसार गरेर यहाँका ग्रन्थहरुको उपयोगिता बढाउन सकिन्छ ।

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भातभान्छासम्बन्धी अप्रकाशित दुई पत्र

- निर्मल श्रेष्ठ*

इतिहास, इतिहास बोधको लागि हो । मानव विकासका सुदूर अतीतलाई फर्केर हेर्‍यौं भने मानिसले आफ्नो अनुभवलाई आफू बस्ने ओडारको भित्ता वा ओडारको छतमा कोरेर अभिव्यक्त गर्ने गर्दथे । मानिस जब शिकार खेलेर फर्कन्थ्यो, शिकारको क्रममा जंगली जनावर हरूसँग भएको आमने सामने, ती जंगली जनावर हरूको स्वरूप र उनीहरूसँग जुध्दाको क्षणलाई चित्रमा आफू बस्ने ओडारका भित्ता र छतमा कोरेर अभिव्यक्त गर्ने गर्दथे । आफ्नो अनुभवको अभिव्यक्तिले भोलिका दिनहरूमा शिकार खेल्न जाँदा के कस्तो तयारी गर्नु पर्छ र आफू जंगली जनावरहरूवाट कसरी सुरक्षित हुन सकिन्छ भन्ने कुरा तिनै चित्रहरूबाट सिको गर्ने गर्दथे । मानिसले अभिव्यक्त गर्ने साधनको रूपमा ओडारको भित्ता र छतदेखि अहिले फेसबुक, ट्यूटर लगायत विभिन्न विद्युतीय संञ्चार माध्यमसम्म आइ पुगिसकेको छ ।

मानिसले आफ्नो अनुभवलाई अभिव्यक्त गर्ने साधनको विकास क्रममा शिलालेख, स्तम्भलेख, तामप्रत्र, मृण्मय, ताडपत्र, भोजपत्र, कपडा हुँदै कागत जस्ता साधनको प्रयोग गरेको पाइन्छ । समग्रमा हेर्दा लिप्यासन (लेखन माध्यम) कोमल र कठोर गरी दुई प्रकारका रहेका छन् । कोमल माध्यमको प्रयोग लेखनमा हुने गर्दछ भने कठोर माध्यमको प्रयोगमा उत्कीर्ण गर्ने गरिन्छ । लेखनको निमित्त कोमल लिप्यासनमा ताडपत्र, भोजपत्र, पात, पटीय (वस्त्र), चर्म, कागत र काष्ठ आउने गर्दछ भने उत्कीर्णको लागि कठोर लिप्यासनमा पाषणीय, मृण्मय, सीप-दांति, ताम्रपत्र, स्वर्ण-पत्र, रजत-पत्र र अन्य धातुहरू आउने गर्दछ (सत्येन्द्र, १९८९:८३, १३०) ।

नेपालमा कागतको आविष्कार र त्यसको प्रयोग हुनुभन्दा पहिले लेखनको माध्यम शिलापत्र, ताम्रपत्र, ताडपत्र, भोजपत्र, वस्त्र आदि थिए । कागतको आविष्कार र त्यसको प्रयोग हुन थाले पछि सरकारी लेखपढी लगायत घरायसी लेखापढी र व्यक्तिगत चिठ्ठीपत्रहरू कागतमा लेखिन थालिएको थियो । तर कागतको प्रयोग सँगसँगै शिलापत्र, ताम्रपत्र, वस्त्र आदिको प्रयोगमा पनि कुनै कमी आएन । अहिलेसम्म पनि शिलापत्र, ताम्रपत्र, वस्त्र आदिमा लेखन कार्य हुँदै आएको छ । यसप्रकारको लेखन सेनकालीन र शाहकालीन शिलालेखहरूमा पाइन्छन् भने सेनकालीन स्याहामोहर र शाहकालीन लालमोहरहरू नेपाली कागत (पहाडी कागत) मा लेखिएको पाइन्छ । यसरी नै राणाकालका रूक्का, इस्तिहार जस्ता सरकारी कागतपत्रहरूको लेखन माध्यम पनि नेपाली कागत थियो । यसको साथै व्यक्तिगत घरायसी लिखत लगायत चिठ्ठीपत्रहरूमा पनि नेपाली कागत प्रयोग भएको पाइन्छ। उच्च पहाडी प्रदेशमा पाइने रूखको लोक्ताबाट बनेको नेपाली कागत (पहाडिया कागत) मा निगालोको कलम

---
*स्वतन्त्र अनुसन्धानकर्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बनाई खयरको पात, काफलको बोक्रा, लाहा, सुहागा र ध्वासो आदि बस्तुहरूलाई पकाई तयार गरिएको कालो पक्का रंगको मसीले लेख्ने नेपाली प्रचलन रहेको छ । आधुनिक उत्पादनले अहिले हाम्रो सामु लेखन माध्यमको रूपमा विभिन्न थरिका कागतहरूको आविष्कार गरेको छ । कागतमा तेजाबको उपस्थिति हुने भएकोले कागतबाट निर्मित किताब र अन्य कागजी सामग्रीहरू सयवर्ष नाघे पछि पट्पट्टी च्यातिने समस्या देखिने गरेको छ । अहिले भर्खरै भर्खरै 'एसिड फ्रि' कागतको पनि आविष्कार भएको छ । यसले महत्त्वपूर्ण कागजातहरूलाई कत्तिको सुरक्षित राख्ला, समयले नै बताउने छ। तर धेरै वर्ष अघिदेखि हाम्रो चलन चल्तीमा रहेको नेपाली कागतको लेखनमा भने यो समस्या देखिएको छैन ।

लेखनकलाको विकासलाई फर्केर हेर्दा शताब्दीयौंदेखि चली आएको लेखनलाई पुरालेखन भनिन्छ । 'पुरा' र 'लेखन' शब्दहरूको सहमेलबाट बनेको 'पुरालेखन' शब्द हो । अंग्रेजी भाषामा प्रयोग हुने 'प्यालियोग्राफी' शब्द यूनानी भाषाको 'प्यालियोस' (पुरानो) र 'ग्राफिएन' (लेखन) गरी दुई शब्दहरूको सहमेलबाट बनेको छ । पुरानो लेखनको सबै पक्षहरूको अध्ययन, वर्णन आदि यस विधा भित्र आउने गर्दछ (रेग्मी,२०६० :३) । पुरालेखनको शुरूवात मेसोपोटानिया, मिश्र र त्यसको सेरोफेरोमा भएको हुनाले यसले सुदूर अतीतसम्म लिएर जाने गर्छ। समय सीमालाई केही साँगुराएर हेर्‍यौं भने नेपालका ताडपत्र, भोजपत्र, नेपाली कागतमा लेखिएका अभिलेख लगायत सेनकालीन स्याहामोहर, मल्लकालीन ठ्यासफू र शाहकालीन लालमोहरहरूलाई पुरालेखनबाट टाढा राख्न सकिदैन ।

वि.सं. १९०२ साल जेष्ठ वदि १० रोज ६ मा भक्तपुर थिमि वाछु टोलका दाजुभाइहरूले तानसेनमा बसोबास गर्दै आएका आफ्ना भाइ भतिजा र मान्यजनहरूलाई सम्बोधन गरी भात भान्छा सम्बन्धी लेखिएको हस्तलिखित दुई अप्रकाशित पत्रहरूलाई यस पंक्तिमा समावेश गरिएको छ । त्यसताकाको सामाजिक संरचना, सामाजिक रीति–रिवाज एवम् सामाजिक बन्धन कस्तो थियो ? ऐन कानूनभन्दा माथि सामाजिक समर्थन कति जरूरी थियो भन्ने कुराको फेरि हस्तको रूपमा रहेका यी दुई पत्रहरू जिज्ञासु, अनुसन्धानकर्ता र पाठकहरूलाई रूचिकर होला भनि ती पत्रहरूको दुरूस्त उतारलाई पस्कन खोजिएको छ । पत्रहरूको पाण्डुलिपिलाई पनि समावेश गरिएको छ।

मूलपाठ-१

श्री राम्

१) स्वस्ति श्री सर्वोपमाजोग्येत्यादि सकल गुनगरिष्ट रा
२) जभारा सामर्थ श्री श्री श्री भाजु ढन भाजु देजवि
३) र नरसिं जयनरसिं विरमनि गुनविर के श्री देवि सं
४) षर साहु विलवंत साहु ढनविर साहु लनविर सा
५) हु सुरूज नारांन् साहु निम चंद्रथसी.
६) साहु हामि आथघरको सेवा आसिष उप्रांत
७) हांम्रा भाई गुनवंतले भात को कुरा गरदा हा
८) मीले सोढन्या सोढि वुझन्या वुझि हामिले भा
९) त भानंसा चलाई आथ(घ)र को नउ घर भई
१०) हामि सामि(ल) भयेञु ताहा अरू वात व्येहोरा
११) कि छ भन्या हामिलाई पनि व्येहोरा लेषि पथा
१२) उन होला संम्वत १९०२ साल मिति जेथ वदि
१३) १० रोज ६ मुकांम थिमि वाछु टोल शुभ्म्.......

फट्केमा 'हामि आथघर समेत देवि संष को सहि' लेखिएको तेह्र हरफको मिति वि.सं. १९०२ साल जेष्ठ वदि १० रोज ६ मुकाम थिमि वाछु टोल उल्लेखित उक्त पत्र सकलको नकल उतार जस्तो देखिन्छ । नेपाली कागतमा पक्का कालो मसीले १७२ वर्ष अघि लेखिएको सो पत्रको शिरमा 'श्री राम' लेखी शुरू गरिएको छ । उक्त पत्रको लेखोट र भाषा सरल भएता पनि लेखोट सुन्दर छैन । अक्षरको डिको त्यति मिलेको छैन् । पत्रको धेरै जसो अक्षरहरू स्वतन्त्र छन् । अक्षर लेख्दा जति भाग अक्षरले माग्ने गर्छ, त्यसमा त्यति

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ध्यान दिएको देखिदैन । 'च' र 'उ' अक्षर अहिले लेखिने 'च' र 'उ' भन्दा फरक छन् । अक्षरको ढाँचा अलिक अमिल्दो र त्यति सुन्दर नभएता पनि त्यसबखतको लेखनकला कस्तो थियो भन्ने बोध यस पत्रले गराउँदछ । पाल्पा तानसेन बस्ने आफ्ना भाइ गुनवन्त साहुले भातभान्छा सम्बन्धी भक्तपुर थिमि बाछु टोलका आफ्ना आठघर दाजु भाइहरू श्री देवीशंकर साहु, विलवन्त साहु, धनवीर साहु, लनवीर साहु, सुरजनारायण साहु, भवानी भीम साहु, चन्द्रमथसिं साहुहरूलाई सोधनी गरेकोमा ती आठघरले पत्रको उत्तरमा 'स्वस्ति श्री सर्वोपमाजोग्यत्यदि सकल गुनगरिष्ट राजभारा सामर्थ्य श्री श्री श्री' भनि सम्वोधन गरी तानसेनका भला मानिसहरू देउ न्हाताहा, वीर नरसिं, जय नरसिं, वीरमनि, गुनवीरलाई लेखिएको यो पत्र हो । भातभान्छा संम्वन्धमा उठेको कुरालाई सरसल्लाह गरी अबदेखि आठघरको ठाउँमा नौघर भयौं भन्ने कुरा पत्रमा परेको छ ।

मूलपत्र-२

श्री

१) स्वस्ति श्री सर्वोपाजोग्ये ईत्यादि.सकल गु
नगरिष्ट राजभारा सा

२) मर्थ श्री श्री श्री तानस्येन का भलामानिस्.
भाजु देउ न्हाताहा.वि

३) नरसिं तगो. जयनरसिं गईराः (गैडा) गुनविर
मगः विर मग भाजु धन् पा

४) षावुः सबके वाकोछे तोलको वाहा ननिको
वीष्नुदतः धनव

५) तः भाजु धन्ः मयि नरसिं हामरो. सेवा
आसिक उप्राप्त हामरा वो

६) हारि हिज जोचि वुझि हामि भाई. वसि
गोतिमा चलाई राख्याको हो

७) भात् भांसामा पनि चलाइ राष्या को हो आज
याहा पनि चलाया

८) को छन् याहा सद छ ताहां केहि कालो मईलो
भया हामि लाई प

९) नि लेषि पथाउनु हो ला प त्र मा क्या लेषुं जा
न्या आ फु सर्व ग्या

१०) नि छउ संम्वत १९०२ साल मि(ति) जेत्त व
दि १० रोज ६ सुभ्म्....

दश हरफमा रहेको उक्त पत्र पनि भातभान्छाको विषयसँग सम्बन्धित छ । भातभान्छा सम्बन्धी केही बुझ्नु पर्ने र निर्क्यौल गर्नु पर्ने भएकोले पाल्पा तानसेनमा बसोबास गर्दै आएका भाइले भक्तपुर थिमि वाछु टोलका आफ्ना दाजूभाइहरूलाई यस विषयमा समाधान गर्न पटक पटक पत्र लेखेको र ती दाजूभाइहरू वाको छे टोल वाहाननिका विष्नुदत्त, धनवन्त, भाजु धनमयी नरसिंहरूले 'तानसेनका भला मानिस' भनि संम्वोधन सहित भाजु देउ 'न्हाताहा', वीर नरसिं 'तगो', जय नरसिं 'गैडा', गुनवीर 'मग', वीर 'मग', भाजु धन 'पाषावु', लाई मान मनिताका साथ उनीहरूको थर समेत उल्लेख यरी समाधानको रूपमा उक्त पत्र लेखिएको देखिन्छ । नेपाली कागतमा पक्का मसीले लेखिएको उक्त पत्र पहिलो पत्र जस्तै लेखोट सुन्दर र मिलेको छैन् । अक्षरको डिको दिँदा नमिलेकोले धेरै जसो अक्षरहरू स्वतन्त्र छन् । अक्षरले मागेको जति भागलाई ध्यान नदिँदा लेखोटमा अङ्ग पुगेको देखिदैन । यस पत्रमा पनि 'च' र 'उ' अक्षरको बान्की अहिले प्रचलनमा रहेको 'च' र 'उ' जस्तो छैन् । फरक खाले छन् ।

दुवै पत्रको व्यहोरालाई अध्ययन गर्दा एउटै प्रकृतिको देखिन्छ । दुवै पत्रहरूमा भातभान्छामा अलमल हुँदा आफ्ना भक्तपुर थिमिमा रहेका अग्रज दाजु भाइहरूलाई के गरूँ भनी लेखिएको पत्रको उत्तरमा लेखिएको पत्रहरू हुन् । समग्रमा हेर्दा एउटै उद्देश्य र सामाजिक महत्त्व राख्ने विषय भएको हुँदा पत्रहरूलाई सम्बन्धित सरोकारवाला व्यक्तिहरूलाई दसीको खातिर उनीहरू बीच धेरै प्रति नकल उतार गरी राखिएको देखिन्छ । पत्रहरूलाई अध्ययन गर्दा त्यसताका सामाजिक बन्धन कति कसिलो हुँदो रहेछ भन्ने बुझिन्छ । त्यसताका कानुनभन्दा समाज कति माथि हुँदो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

रहेछ भन्ने कुरा छर्लङ्ग हुन आउँछ । नियम कानून नभएको ता होइन तर समाजमा सामाजिक रीति-रिवाज, विर्ति व्यवहारको कुरामा सामाजिक समर्थनको आवश्यकता कत्तिको हुँदो रहेछ भन्ने कुरा यस पत्र बोलेको छ । राजा जयस्थिति मल्लले भक्तपुरमा नेपाल सम्वत् ५०० देखि ५१६ सम्म राज्य गरेका थिए । यिनी राजा हुनासाथ यिनले उपत्यकाको सारा राज्यहरूलाई आफ्नो अधिनमा राखेका थिए । उनले सामाजिक सुधार, भूमि, नाप, तौल र आर्थिक लगायत धार्मिक र साहित्यिक सुधारहरू गरेका थिए । राजा जयस्थिति मल्लले ने.सं. ५१५ माघ सुदी १०, रोहिणी नक्षत्र, बृद्धि योग, विहानको १० घडी चढ्दा कलश स्थापना गरी कोट्याहुति यज्ञ गरी जातिको व्यवस्था धोषित गरी सानो-ठूलो जातअनुसार व्यवसाय गरी जीविका चलाउने व्यवस्था गरेका थिए । साथै जात जातिको कामअनुसार जातको विभाजन, घर-व्यवहार गर्ने स्थिति र दण्ड एवम् विहावारीको दण्ड-सजायको व्यवस्था गरेका थिए (मुनकर्मी,२०४१:२०५) । मल्लकालमा बाँधिएको स्थिति बन्देजमा विहेवारी, भातभान्छा, छोई छिटो सम्बन्धी विभिन्न नियम कानूनहरूको व्यवस्था थियो । वि.सं. १९०३ मा नेपालको राजनीति आकाशमा जंगबहादुरको उदय भए पछि प्रशासनिक फाँटले कोल्टे फेऱ्यो । श्री ३ जंगबहादुर राणाले बेलायत यात्रा गरेर फर्के पछि नेपोलियन कोडको केही कुरा समावेश गर्नुका साथै मनुस्मृतिलाई मुख्य आधार बनाइ वि.सं. १९१० मा 'मुलुकी ऐन' जारी गरेका थिए । श्री ३ जंगबहादुर राणाले जारी गरेको मुलुकी ऐनमा नेवार जातिको परम्परा र प्रथाजनीत कानूनको रूपमा नेवार जातिलाई मौलिक कानून (टिपिकल ल्) 'नेवार जातको अैन' भनी छुटै ऐनको व्यवस्था गरिएको थियो । उक्त ऐनको संशोधन एवम् श्रृंखलालाई निरन्तरता दिँदै श्री ३ जुद्ध शम्शेरको पालामा जारी गरिएको 'ऐन पाँचौं भाग' को नम्वर ३३ मा 'नेवार जातको अैन' भनी व्यवस्था गरिएको छ (ऐन, १९९२:पाँचौं भाग) । 'आज यहाँ पनि चलाएका छन्' भन्ने उल्लेख भएको हरफले श्री ३ जंगबहादुरले मुलुकी ऐन जारी गर्नु अगावै विहेवारी र भातभान्छा सम्बन्धमा केही खुकुलोपन आइसकेको देखिन्छ ।

यी दुवै पत्रहरूको महत्त्वपूर्ण पक्ष भनेको रूप पक्ष हो । पहिलो पत्रको शिरमा 'श्री राम' लेखिएको छ भने दुवै पत्रमा 'राजभारा सामर्थ्य' (राज्यको भार थाम्ने सामर्थ्य भएका) जस्तो सम्मानजनक वाक्यहरूको प्रयोग भएको छ । यस प्रकारको 'राजभारा सामर्थ्य' भन्ने सम्वोधन शाहकालीन पत्रहरूमा देखिदैन । सेनहरूको केही स्याहामोहर र सेनकालीन चिठ्ठीपत्रहरूमा राजभारा सामर्थ्य भन्ने वाक्य प्रयोग भएको पाइन्छ । वि.सं.१८१७ पौषवदि ९ र वि.सं. १८१८ जेष्ठशुदि १५को देवान सिरीकान्तरायको स्याहामोहरमा 'राजभारा सामर्थ्य'को प्रयोग भएको पाइन्छ भने वि.सं.१८२१ वैशाखशुदि ९ र वि.सं. १८२२ माघवदि ९को देवान जसकर्णरायको स्याहामोहर साथै वि.सं.१८२४ माघ शुदिको र वि.सं.१८२९ फागुनवदि ९को देवान बुद्धिकर्णरायको स्याहामोहरमा 'श्री राम' र 'राजभारा सामर्थ्य' दुवै वाक्यको प्रयोग भएको छ (राजवंशी, २०१८:११, १२, १४, १६, १७, १८) । यस सन्दर्भलाई विश्लेषण गर्दा यी 'साहु' थरका नेवारहरू सेनकालमा नै काठमाडौं खाल्डोबाट पाल्पा आएको संभावनालाई नकार्न सकिदैन । नेवारहरू सेनराजा मुनिमकुन्दसेन प्रथमको पालामा पाल्पामा आएका थिए । पत्रको लेखोटमा सम्बोधन गर्दा प्रयोग भएको वाक्यलाई हेर्दा सेनकालमा पत्राचार हुँदा मानार्थ जुन वाक्यलाई सम्बोधन स्वरूप प्रयोग गर्ने गरिन्थ्यो तिनै वाक्य यी पत्रहरूमा अवलम्वन गरिएको देखिन्छ । सेनकालदेखि नै पाल्पामा बसोबास गर्दै आएका यी 'साहु' थरका नेवारहरूले आफ्ना भक्तपुरमा रहेका दाजुभाइहरूलाई लेखिने चिठ्ठीपत्रमा सम्बोधन स्वरूप जसरी सेनकालमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शिरमा 'श्री राम' र सम्बोधनमा 'राजभारा सामर्थ्य' लेख्ने गरिन्थ्यो सोही अनुरूप वि.सं.१८६३ मा पाल्पाराज्य नेपालमा विलय भएपछि पनि ती नेवार हरूले आपस्तहरूलाई चिठ्ठीपत्र आदान प्रदान गर्दा सोही प्रकारको सम्बोधनलाई निरन्तरता दिएको देखिन्छ। यस निरन्तरताले यी 'साहु' थरका नेवार हरूको पाल्पामा आगमन सेनकालमा नै भएको देखिन्छ।

सन्दर्भ सामग्रीहरू :

१) ऐन, मुद्रक 'गोरखापत्र' छापाखाना, संवत् १९९२, पाँचौं भाग

२) मुनकर्मी लीलाभक्त, (वि.सं. २०४१) नेपालको साँस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन, प्र. श्रीमती भवानी केशरी मुनंकर्मी भक्तपुर-१३।

३) राजवंशी शङ्करमान (सं), (वि.सं. २०१८) पुरातत्त्व-पत्रसंग्रह, २ भाग, प्र. श्री ५ को सरकार पुरातत्त्व र संस्कृति विभाग, नेपाल।

४) रेग्मी दिनेशचन्द्र, (वि.सं. २०६०) पुरालेखन र अभिलेख, हिमालय बुक स्टल, काठमाडौं।

५) सत्येन्द्र, (सन् १९८९) पाण्डुलिपि विज्ञान, राजस्थान हिन्दी ग्रन्थ अकादमी, जयपुर।

***





CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेखसहित प्राचीन भालेश्वरको खोजी

- प्रकाश खड्का*

काठमाडौं उपत्यकाको अग्लो शिखर चन्द्रगिरिमा केवलकार सेवा सञ्चालन भएपछि तहाँस्थित रैथाने तीर्थ **भालेश्वर**को नामबाट अत्यधिक चल्तीमा छ। पर्चा र चर्चामा आए जस्तो यो प्राचीन भालेश्वर भने होइन । ६४ लिङ्ग अन्तर्गत शास्त्रमा वर्णित **भालेश्वर** भने इन्द्रेश्वर र गुप्तेश्वरको बीचमा अवस्थित छ । यस लेखमा अभिलेख अर्थात् तथ्य प्रमाणको आधारमा प्राचीन भालेश्वर सम्बन्धमा देखिएका भ्रम र यथार्थ विवरण प्रकाश पार्ने अभ्यास गरिएको छ ।

१. चन्द्रागिरिबारे

जनश्रुति बाहेक चन्द्रागिरिको धार्मिक महत्त्व दर्शाउने अभिलेख सामग्री कुनै पनि भेटिएका छैनन् । नेपाल एकीकरणको सूत्रपात गर्ने गोर्खाका राजा पृथ्वीनारायण शाहले चन्द्रागिरिबाट नेपाल खाल्डोमाथि राजा हुने इच्छा प्रकट गरेको कुरा दिव्योपदेशमा पाइन्छ ।[1] तर दिव्योपदेशमा पृथ्वीनारायण शाहले चन्द्रागिरिमा देवता भाकल गरेको, पूजेको कुनै वर्णन पाइँदैन। यसबाट चन्द्रागिरि धार्मिक रूपमा भन्दा पनि काठमाडौँ-मकवानपुर जोड्ने एउटा प्राचीन मार्ग थियो भनी भन्न सकिन्छ। स्थानीय जनश्रुति अनुसार चन्द्रागिरिको धार्मिक तीर्थलाई भालेश्वर भनिँदै आएकोमा यसबारे केही भ्रम र यथार्थ बारे प्रकाश पार्नु परेको छ ।

१.१ चन्द्रागिरितीर्थका सम्बन्धमा

महादेवस्थान, फाःखेल, थानकोट र चित्लाङका मानिसहरूको लागि चन्द्रागिरि स्थानीय तीर्थस्थलको रूपमा रहँदै आएको छ । यो तीर्थस्थललाई यस भेकका नेवार, तामाङ, मगर, आर्य-खस आदिले पुज्दै आएका छन् । थानकोटको शिरान चन्द्रागिरि प्राकृतिक शिलाका प्रतीकात्मक लोक देवताहरू स्थापत्य थिए । यस भेकका रैथाने जनसमुदायले यी प्राकृतिक शिलाहरुका भालेश्वर, वनदेवी र भैरवहरू आदि नाम दिएका छन् । स्थानीयका अनुसार यो स्थान भालेश्वर तीर्थका नामले चलनचल्तीमा छ। शिवलाई दुध चढाइन्थ्यो । देवी र भैरवहरू बलि खान्थे । कुखुरा, बोकाको बलि दिने परम्परा छ ।

मानवबस्तीभन्दा टाढा रहेको चन्द्रागिरि धार्मिक स्थलमा स्थानीयका अनुसार वर्षको दुईवटा विशेष तिथिमा मात्र विशेष पूजा तथा मेला लाग्दछ। यस स्थानमा फागुपूर्णिमा र वैशाखपूर्णिमा मेला लाग्दछ। विशेषतः फागु पूर्णिमाको मेलामा स्थानीयहरूले

---

१ चन्डागिरिमा आइपुग्यापछि नेपाल कुन हो भनी सुध्याञा र त्यो भादगाउँ हो. त्यो पाटन हो त्यो काठमाडौं हो भनी देषा र मेरा मनमा इ तिनै शहरका राजा हुन पाया त हुँदो हो भन्ने मनमा यस्तो परिरहन्थ्यो (दिव्य उपदेश, पुरातत्त्व विभाग, २०५४, १३ पृष्ठ)।

*पुरातत्त्व अधिकृत, पुरातत्त्व विभाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विशेष पूजा गरी यहाँ स्थापत्य देवतासँग पानी माग्छन् । विशेषतः पर्वतका टाकुराहरूमा देवता थापना गरी पूज्ने परम्परा नेपालका अधिकांश स्थानमा भएकै संस्कृति अनुरूपको संस्कृति यहाँ पनि छ ।

तामाङ भाषामाचन्द्रागिरि तीर्थलाई **घोङर ज्यौः** भनिन्छ । यी दुई तामाङ शब्द **घोङर** भनेको भाले र **ज्यौः** भनेको ईश्वर (देवता) हुन्छ । नेवार समुदायका मानिसहरू **गोगंचु द्यः** अर्थात् **भालेको जुरो देवता** भन्छन् । यसर्थ यहाँ तामाङ र नेवार भाषामा घरपालुवा पन्छी 'भाले' विशेष अर्थ लाग्ने यी शब्दावलीले यसको सम्बन्ध शास्त्रमा अभिव्यक्त हुँदै आएको भालेश्वरसँग कुनै सम्बद्ध रहेको देखिँदैन । पछि बोलीचालीमा भाषान्तर भई ६४ लिङ्गको एक भालेश्वर तीर्थसँग सामञ्जस्य हुँदै गएको देखिन्छ । तर यसबारे सुक्ष्म जातिय, भाषिक अध्ययन हुन अपरिहार्य छ ।

१.२ पुरातात्विक अध्ययन

यो अध्ययन चन्द्रागिरिको भालेश्वर मन्दिर स्थापना गरिएको क्षेत्रसँग मात्र सम्बद्ध छ । चन्द्रागिरि पर्वतको शिरानमा भालेश्वरसहित विभिन्न देवीदेवताका प्रतीकात्मक प्राकृतिक लिङ्ग शिला स्थापत्य छन् । यी प्रतिकात्मक शिलाहरू खुला मूर्तिको रूपमा थिए । मन्दिरका कुनै भौतिक अवेशष छैनन् । यी शिलाहरूसँग यहाँका स्थानीयहरूको लौकिक विश्वास एवं आस्थाको सम्बन्ध गासिँदै आएको छ । यहाँका प्रतीकात्मक शिलाहरूमा कलाकारको कला, सीप र पौरख प्रदर्शन भएको देखिँदैन । यस स्थानमा लोक आस्था र विश्वास जोडिएका प्रतीकात्मक शिलाहरू बाहेक ईटा, माटाका भाडा/टुक्राटाक्री, मूर्ति, शिलापत्र मानिसको सीप कला र प्रविधि प्रयोग भएका कुनै पनि भौतिक अवशेष तथा वस्तुहरू अहिलेसम्म भेटिएका छैनन् । यहाँ विधिसम्मत् उत्खनन भने भएको छैन ।

१.३ चन्द्रगिरिमा पूजा परम्परा

नयाँ मन्दिर स्थापना पूर्व यो स्थानमा वर्षको दुई पटक फागुपूर्णिमा र वैशाख पूर्णिमामा मात्र पूजा तथा मेला लाग्ने गर्दथ्यो । यस स्थानको पूजा व्यवस्थासम्बन्धी प्राचीन गुठीको स्थापना भएको कुरा कहिँकतैबाट खुल्दैन । स्थानीयहरूका अनुसार यस स्थानमा आ-आफ्नो जात/मान्यता अनुरूप पूजा हुन्थ्यो । यस स्थानका लागि भनेर तोकिएको/जिम्मा दिएका रैथाने पुजारी को थिए ? चन्द्रागिरी भालेश्वर महादेव फाउण्डेशन र स्थानीयसँग सोधपुछ गर्दा यस सम्बन्धमा कुनै पनि विवरण प्राप्त गर्न सकिएन ।

१.४ चन्दागिरिमा भालेश्वरको सम्बद्धता

नयाँ मन्दिरको स्थापना पूर्व चन्द्रागिरि तीर्थ विभिन्न जातजातिका स्थानीयहरूले पुज्दै आएका विभिन्न प्रतीकात्मक देवतापुज्दै आएकोमा वि.सं. २०७२ सालमा भालेश्वर मन्दिरको नाउँ दिई नयाँ आधुनिक मन्दिर स्थापना गरिएको छ । यो मन्दिरको गर्भगृहमा नयाँ शिवलिङ्ग स्थापना गरिएको छ भने भालेश्वर मानिएको प्रतीकात्मक शिलालाई मन्दिरको दक्षिण गारोका खोपामा राखिएको छ । यस आधुनिकमन्दिरका पुजारीले श्रीस्वस्थानी व्रतकथाको नामोच्चारण गर्दै सतीदेवीको भाल (निधार) भएको स्थान भएको भनेको कुरामा सत्यता छैन । सतीदेवीको अङ्ग पतन भएको भए त शक्तिपीठको रूपमा प्रचलित हुन्थ्यो होला । चन्द्रागिरिमा भालेश्वरको सम्बद्धता के छ भन्ने जिज्ञासाका सम्बन्धमा आधुनिक मन्दिरको संरक्षणका लागि स्थापित चन्दागिरि भालेश्वर महादेव फाउण्डेशनले यो पंक्तिकारलाई अनुत्तरित बनाइदिएको छ ।

२. प्राचीन भालेश्वरको खोजी

२.१ धार्मिक ग्रन्थ साहित्य

हिमवत्खण्डका ६४ लिङ्ग मध्येको एक **भालेश्वर**सम्बन्धी प्राचीनतम् विवरण **हिमवत्खण्ड**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

र **तीर्थजात्रा**मा पाइन्छ । **हिमवत्खण्डको ९८ अध्याय**को नाम **भालेश्वरगन्धर्वतीर्थमहात्म्य** दिइएको छ ।[२]**प्रताप मल्लको तीर्थजात्रा**[३] (२०-२८ पृष्ठ)मा **गन्धर्वतीर्थ आस्याभार**मा भालेश्वर र (२०-२८ पृष्ठ) मा **आस्याबाहार**मा भालेश्वर भनिएको छ ।[४]

हिमवत्खण्डका ९७ अध्यायमा **शचीतीर्थेन्द्रेश्वरमहात्म्य,** ९८ अध्यायमा **भालेश्वरगन्धर्वतीर्थमहात्म्य** र ९९ अध्यायमा **सिद्धतीर्थगुप्तेश्वरायमहात्म्य** छन् । इन्द्रेश्वरबाट पश्चिम निकुञ्जशिखरको तल्लो भागमा भालेश्वर महादेव छन् ।[५]भालेश्वरबाट दुई कोश दक्षिणमा गुप्तेश्वर महादेव छन् ।[६]

२.२ हिमवत्खण्डमा भालेश्वरको धार्मिक आख्यान

स्वामी कार्तिकजीले अगस्त्यमुनिलाई भन्नुभयो- विरूपाक्ष निकुञ्जाञ्चल गए । त्यसपछि शची तीर्थमा नुहाएर धनी र धर्मात्मा भए । त्यसपछि फेरि गन्धर्वतीर्थमा विधिपूर्वक नुहाएर निकुञ्ज पर्वतका शिखरमा भालेश्वरको पूजा गरे । उनले माघ कृष्ण नवमीका पूजा गरी राती जागरण गरे ।[७]

> **नेमुनिले भन्नुभयो-दक्षप्रजापतिका कारण रिसाएकी सतीदेवी परमधाम हुनुभयो । सतीदेवीको मृत शरीर लिएर अघि महादेव पृथ्वी घुमे ।।६।। तिनका शरीरबाट यहाँ टाकुरामा निधार खस्यो, त्यहीँ लिङ्ग उत्पत्ति भयो, यसकारण भालेश्वर नाम भयो ।।७।। भोग र मोक्ष दिने लिङ्ग गन्धर्वहरूले पूजेको प्रत्यक्ष महादेव हुनुहुन्छ । हे ब्राह्मण विरूपाक्ष ! लिङ्गलाई छुनाले मानिस देवता हुन्छ ।।८।।**[८]

स्वर्गबाट रम्भाको श्रापले खसेको सुमुख नामको गन्धर्वले लीलावती र सुखश्रवा नदीको संगममा स्नान गरेर भालेश्वरको भक्तिपूर्वक पूजा गरी रम्भासँग हजार वर्ष सुख भोग गर्ने प्राप्त गरेको कथन हिमवत्खण्डमा छ ।

सुमुख नामक गन्धर्वले नै यस लीलावती र सुखश्रवामा स्नान गरी तपस्या गरेको हुनाले नै यस तीर्थको नाउँ गन्धर्वतीर्थ रहन गएको देखिन्छ ।

२.३ प्राचीन भालेश्वरको मन्दिर

काभ्रे जिल्ला पनौती नगरपालिका वडा नं. १२ (साविक कलाती भूमिडाँडा गा.वि.स. वडा नं. १) मा प्राचीन भालेश्वरको मन्दिर (वि.सं. २०५७/५८ मा पुनर्निर्माण गरिएको) अवस्थित छ । दक्षिणाभिमुख शिखरशैलीको एक तले मन्दिरको गर्भगृहमा शिवलिङ्ग/भालेश्वर (तामाको कवचसहित) छ । प्रस्तरको तोरण भएको हुँदा यो मन्दिर पनि पुरानो बनोट पनि प्रस्तरकै थियो भन्ने आभास हुन्छ । मन्दिरका भित्री भित्तामा भैरव र विष्णुका साना प्रस्तरका मूर्ति छन् । तोरणसँगै जोडिएको पूर्वीका भैरवको प्रस्तर मुखमूखाकृति छ । मन्दिरको अघिल्तिर दुइटा दाता परिवार (एउटा जयन्तसिंह खत्री दम्पत्ति)का मूर्ति छन् । यहाँ उत्तरमध्यकालिकदेखि पछिल्लो समयसम्मका कलावस्तुहरू देखिन्छन् । भालेश्वरमा माघेसंक्रान्ति, शिवरात्री र श्रावण संक्रान्तिमा विशेष पूजा आराधना तथा भक्तजनहरूको ठूलो भीड लागदछ ।[९]

२.४ भालेश्वर मन्दिर गुठी सम्बद्ध अभिलेख

भालेश्वर मन्दिरसम्बद्ध गुठी राखिएका एक थान ताम्रपत्र र रुक्का पत्र पाइएका छन् । प्राप्त गुठी

---

२ **हिमवत्खण्ड,** (सम्पादक- योगी नरहरि सहित), २०७१ (द्वि.सं.), नई प्रकाशन, ४००-४०२ पृष्ठ ।

३ राष्ट्रिय कला सङ्ग्रहालयमा रहेको राजा प्रतापमल्लको ई.सं. १६६९ को **तीर्थजात्रा** नाउँको ठयासफू ।

४ **पूर्णिमा**मा छापिएको महेशराज पन्तको **प्रतापमल्लको तीर्थजात्रा,** २०६९, १-८६ पृष्ठ ।

५ **हिमवत्खण्ड,** ९७ अध्याय, **शचीतीर्थेन्द्रेश्वरमहात्म्य,** ३९९ पृष्ठ ।

६ **हिमवत्खण्ड,** ९८ अध्याय, **भालेश्वरगन्धर्वतीर्थमहात्म्य** ४०२ पृष्ठ । ९९ अध्याय, **सिद्धतीर्थगुप्तेश्वरायमहात्म्य** ४०३ पृष्ठ ।

७ **हिमवत्खण्ड,** ९८ अध्याय,**भालेश्वरगन्धर्वतीर्थमहात्म्य ४०० पृष्ठ ।**

८ **हिमवत्खण्ड,** ९८ अध्याय, **भालेश्वरगन्धर्वतीर्थमहात्म्य** ४०० पृष्ठ ।

९ भालेश्वरको मन्दिरका पूजारी श्री माधवप्रसाद जंगम (७२) का अनुसार ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेखहरू वि.सं. १८७० को ताम्रपत्र, वि.सं. १८७० भाद्र वदी १२ रोज२, विं सं. १८७९ पौषसुदि १० रोज २ र वि.सं. वि.सं. १९२३ जेष्ठशुक्लद्वितीयका दिन प्रसारण भएका थिए ।[१०] यस मन्दिरका प्रमुख गुठीयार जयन्तसिंह खत्रीको परिवार थियो । यद्यपि उपर्युक्त अभिलेखहरुको स्पष्टछाँयाप्रति (फोटोकपी) प्राप्त हुन नसकेकोले अभिलेखको पूर्णपाठ दिन सकिएन ।

२.५ घण्ट अभिलेख

यस मन्दिरमा दुई थान राणाराज्यकालमा स्थापना गरिएका दुइटा घण्ट छन् । दुवै घण्ट जीर्ण भएको हुँदा हाल भण्डारकक्षमा राखिएका छन् ।

संवत् १९०३ को घण्ट अभिलेख

१. स्वस्ति श्री संवत १९०३ साल मिति वैशाख शुदि ३ रोज ३ मा श्री भालेश्वर प्रिति गरि घण्ट ---- केटकबहादुर षत्री पत्नी नरिन्द्रलक्ष्मी पुत्र जयबहादुर षत्री यो घण्ट ----

२. गालि पाप नि लागला ---- महापातक शुभ्म[११]

नेपाली अनुवाद

स्वस्ति श्री विक्रम संवत् १९०३ वैशाख ३ रोज ३ मा श्री भालेश्वरलाई प्रिति गरी केटकबहादुर खत्री पत्नी नरिन्द्रलक्ष्मी पुत्र जयबहादुर खत्रीले यो घण्ट चढाऔँ । यो घण्ट कसैले गालिमा पाप, महापाताक लाग्ला । शुभम् ।

संवत् १९९० को घण्ट अभिलेख

१. स्वस्ति श्री संवत् १९९० साल वैशाख १५ गते रोज ५ मा ---- दोवाहान् वध्येजंकात्व्रजैतितु परिवार सहित भै विस्नुमाया पत्नी छोरा भवनाथः जैः

२. सिं चुडामनि श्रीकान्त जैसि स्मेत हामिहरू सबै कुलको उधार गरुन भनी श्री गन्धर्वतीर्थ सामपे श्री श्री श्री भालेश्वर शिवजीलाई काश्वको घण्ट चढाञौ सततं ।।

३. रक्षा रक्षत मिति सदर सुभ्म् ।[१२]

नेपाली अनुवाद

स्वस्ति श्री संवत् १९९० साल वैशाख २५ गते रोज ५ मा ---- सहित भई विस्नुमाया पत्नी छोरा भवनाथ जैसिं, चुडामनि श्रीकान्त जैसिं समेत हामीहरू सबले कुलको कुलको उद्धार गरुन भनी गन्धर्वतीर्थ समीपका श्रीश्रीश्री भालेश्वर शिवजीलाई कासाको घण्ट चढायौँ ।

हिमवत्खण्ड, प्रतापमल्लको तीर्थजात्रा आदि तीर्थयात्रासाहित्यका अनुसार वर्णित ६४ शिवलिङ्गमध्येको एक भालेश्वर पनौति इन्द्रेश्वर र गुप्तेश्वर (काभ्रे र ललितपुरको सीमाक्षेत्र) बीच रहेको लीलावती, रोसमती र कलावती नदीको संगमस्थलमा पदर्छ । यस मन्दिरका पूजारी माधव जंगम (७२) हुन् । मन्दिरका पुजारीका अनुसार राजा गीर्वाण युद्धको पालाको गुठी अद्यापि छँदैछ । यसका गुठीयार खत्री थरका हुन् ।

३. ऐतिहासिकता र वास्तविकता

काठमाडौ उपत्यकामा पाल्पाका राजा मुकुन्द सेनको आक्रमण (वि.सं. १५८१-८२) को दोस्रो दिन चन्द्रागिरिमा मुकुन्द सेनका फौजसँग भिडन्त भएको र उनको फौज चन्द्रागिरिबाट काठमाडौँ हमला गर्न ओर्लेका थियो । पृथ्वीनारायण शाहले पनि चन्द्रागिरिबाट नै पहिलोपटक नेपाल खाल्डोमाथि आक्रमणको रणनीति बुनेर विजयको सपना देखेका थिए । उपर्युक्त यी दुई दृष्टान्तबाट चन्द्रागिरि स्थान कुनै न कुनै रूपमा प्रसिद्ध रहेको विवरण थाहा हुन जान्छ । यसबाट कम्तीमा पनि काठमाडौँ उपत्यका जोड्ने मार्गका एउटा माध्यम चन्द्रागिरि थियो भन्न सकिन्छ। यद्यपि यस समयसम्म चन्द्रागिरिमा कुनै धार्मिक आख्यानको प्राचीन लेखोट भने फेला पर्न सकेको छैन् । यो स्थान समुद्री सतहबाट २५५१ मिटरको उचाइमा

१० १२ नं. वडा, पनौती नगरपालिकाका अध्यक्ष श्री ईश्वर प्रसाद जंगमवाट उपर्युक्त अभिलेखका प्रतिलिपिहरु प्राप्त भएका हुन् ।

११ यस कलात्मक घण्टको नापो ७० से.मी. उचाइ, ९० से.मी गोलाई रहेको छ ।यो घण्ट चर्किएको छ ।

१२ यस कलात्मक घण्टको नापो ७७ से.मी. उचाइ, ९९ से.मी गोलाई रहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अवस्थित छ । नेपाल एकीकरणको प्रारम्भबिन्दु चन्द्रागिरिबाटै शुरु भएको र यो इच्छा भालेश्वर महादेवले नै पूरा गरिदिएको जनविश्वास अहिलेसम्म छ (दिनेशराज पन्तको अध्ययनमा आधारित)।[१३] तापनि चन्द्रागिरिको यस तीर्थको सम्वद्ध शास्त्रीय भालेश्वरसँग देखिँदैन । बरू यसलाई स्थानीयले आफ्नो लोकविश्वास, लोकधर्म तथा लोकआस्था अनुसार मानेको देवस्थल भएको र तत् अनुरूप नै यसको सम्बन्ध भालेश्वरसँग गासिँदै गएको पाइन्छ ।

चन्द्रागिरिमा रहेका प्रतीकात्मक शिलालाई भालेश्वर भनी पुष्टि गर्ने कुनै विवरण/लिखित फेला परेका छैनन् । एक त यस तीर्थसँग सम्बद्ध कुनै गुठी पनि स्थापना भएका प्रमाण पनि पाइँदैनन् । हिमवत्खण्ड, प्रतापमल्लको तीर्थजात्रा आदि तीर्थयात्रासाहित्यका अनुसार वर्णित ६४ शिवलिङ्गमध्येको एक भालेश्वर पनौति इन्द्रेश्वर र गुप्तेश्वर (काभ्रे र ललितपुरको सीमाक्षेत्र) बीच रहेको लीलावती, रोसमती (रोशी) र कलावती (सुखावती) नदीको संगमस्थलमा पदर्छ ।

भालेश्वर नाम दिइएको प्रतीकात्मक शिला रहेकै स्थान अर्थात् चन्द्रागिरिको शिरमा भूकम्प प्रतिरोधात्मक आधुनिक (हेर्दा परम्परागत शैलीको लाग्ने) दुई तले मन्दिर बनाइएको छ । गर्भगृहमा नयाँ शिवलिङ्ग स्थापत्य छ । स्थानीयले भालेश्वर मानिएको प्रतीकात्मक शिलालाई मन्दिरको दक्षिणकोणको गारोमा संरक्षित गरिएको छ। यद्यपि नयाँ मन्दिरको निर्माणपश्चात् भालेश्वर शिला बाहेक सबै प्रतीकात्मक शिलाहरू उत्तरकोण (नयाँ मन्दिरको परिसरभन्दा बाहिर) र तत्पश्चात् दक्षिणनेर स्थानान्तरण गरिएका छन् ।

केवलकारको सुविधापश्चात् भालेश्वरलाई ६४ शिवलिङ्गमध्येको एक भनी चन्द्रागिरिको प्रसिद्धि बढाउन खोजिएको भए तापनि यस भालेश्वर प्रतीकात्मक शिला एवं तीर्थको सम्बन्ध चन्द्रागिरि सेरोफरोका जाति/समुदायसँग मात्र सम्वद्ध देखिन्छ । तथ्यलाई हृदयङ्गम गरी चन्द्रागिरि तीर्थलाई चन्द्रागिरि सेरोफेरोका रैथाने जाति तथा समुदायको लोकभावना, लोकआस्था र लोकविश्वास जे छ, जस्तो छ तत्अनुरूप मात्र राखिनुपर्छ न कि जीवन्त भालेश्वरको अस्तित्व तथा ऐतिहासिकता नास्ने गरी । नदी पनि पुज्ने शिखर पनि पुज्ने हाम्रो प्राचीन मूल्य र मान्यता अनुसार चन्द्रगिरिको मौलिक अस्तित्व रैथाने रुपमै रहनुपर्छ र मात्र शास्त्रमा वर्णित ६४ लिङ्गमध्येको एक भालेश्वरको प्रसिद्धि रहन जान्छ । यस लेखबाट भालेश्वर नामका मन्दिर विभिन्न स्थानमा स्थापना गरिए तापनि मूल भालेश्वर कुन हो भन्ने सन्देहको निवारण भए जस्तो लाग्छ ।

***

१३ चन्द्रगिरी भालेश्वर महादेव फाउण्डेशनका अनुसार ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तारिणीदेवीमन्दिरका थप अभिलेख*

- रोशनी श्रेष्ठ*•

१. तारिणीदेवीमन्दिरसम्बन्धी, मेरा २ वटा लेख यही अभिलेख पत्रिकामा छापिइसकेका छन् (रोशनी श्रेष्ठ २०७१, २०७२) । यसपछि पनि मैले यो अनुसन्धान जारी नै राखेँ । फलस्वरूप, तारिणीदेवीमन्दिरमा रहेका अरू अभिलेख समेटेर यस पालि यो लेख तयार गरेकी छु ।

अघिल्ला २ वटा अभिलेख छोडेर बाँकी ५ वटा शाहकालका हुन् । ५ वटा अभिलेख शाहकालकै भए पनि ३ सङ्ख्याको अभिलेख छोडेर अरूचाहिँ नेवारी लिपि र भाषामा छ । यहाँ सबभन्दा पछाडि राखिएको अभिलेखचाहिँ तारिणीदेवीको विषयमा अर्वाचीन कालमा कागतमा लेखिएको विवरण भएकोले यसलाई अरू अभिलेखसरह यहाँ गनिएको छैन र त्यसमा अभिलेखसङ्ख्या पनि राखिएको छैन ।

१ सङ्ख्या

२. कालक्रमअनुसार यिनमध्ये सबभन्दा पुरानो अभिलेख ने.सं. ८६६ तदनुसार वि.सं. १८०२ फाल्गुनकृष्णचतुर्दशीको हो । यो अभिलेख पीतलको झारीमा कुँदिएको छ । यसको टुटीसहितको कुल नापो ११.७ × ८ इन्च छ । झारी अड्याउने भागमा अक्षर कुँदिएको छ । यसको बीच भागमा फूलबुट्टा र झारीको घाँटीभन्दा केही तल पनि बुट्टा कुँदिएका छन् । यसको टुटी साधारण नभएर कलात्मक छ । अभिलेखमा यसलाई कलश भनिए पनि चलनचल्तीमा यसलाई झारी भनिन्छ । यस अभिलेखअनुसार तओभो भन्ने ठाउँकी यशिश्वरी (?)को नाममा आगंमा तानादेवीलाई लक्ष्मीनारायणले कलश चढाएको हो ।

२.१. मूलपाठ

९ स ८६६ फागुनकृष्ण १४ तओभोया यशिु[१]श्वरिया नाम ध्व करस ៱៱ आग श्री ३ तनजुदेवी प्रतीन ៱៱ रक्ष्मीनारद्यू दुन्ता शुभ ॥

---

*नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयका अन्वेषक हुनुहुन्छ ।

•डा. महेशराज पन्तको देशिकत्वमा यो अन्वेषणकार्य मैले सम्पन्न गरेकीले उहाँप्रति म कृतज्ञ छु । यहाँ रहेका सामग्रीका उत्कीर्ण लेख र मूर्तिको फोटो खिचिदिनुभएकोमा श्रीभरत गिरिलाई धन्यवाद दिन्छु । मलाई यस मन्दिरमा अनुसन्धान गर्ने प्रबन्ध मिलाई सहयोग गर्नुहुने र मूल प्रति नभेट्टाइएका केही अभिलेखको प्रतिलिपि जुटाइदिनुभएकोमा तारिणीभवानीसंरक्षणसमितिका का.मु. अध्यक्ष श्रीभुवनलाल श्रेष्ठलाई धन्यवाद छ ।

१. **यशिुश्वरी**का शमा दाहिने र तर्कुल्ले दुवै प्रयोग भएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२.२. उल्था

संवत् ८६६ फाल्गुनकृष्ण १४ तओभोकी यशिश्वरीको नाममा यो कलश आगंमा श्री ३ तनजुदेवीलाई खुशी पार्न लक्ष्मीनारायणद्युले चढाए । शुभ ।

२ सङ्ख्या

३. दोस्रो अभिलेख ने.सं. ८७८ तदनुसार वि.सं. १८१५ को हो । यसमा खालि संवत् मात्र दिइएको छ, अरू तिथिमिति दिइएको छैन । यो अभिलेख ढुङ्गाको पुरुषमूर्तिको पादपीठमा कुँदिएको छ । यस पुरुषमूर्तिको शिर र शरीर अहिले छुट्टिएको अवस्थामा छ । मूर्तिको शरीरको कुल नापो ११.५ × ३ इन्च छ । शिरको लम्बाइ ३.५ इन्च छ । मुजा परेको चकटीमाथि यो मूर्ति नमस्कारमुद्रामा घुँडा टेकी बसेको छ । शिरमाथि बत्ती बाल्नको लागि पानसको माथिल्लो भाग राखी शिरमै जोडिएर राखिएको छ । कपाल सीधा र छोटो छ । कान लामो छ, त्यहाँ कुनै गहना लगाइएको छैन । आँखा ठूला छन् । आँखीभौँ लामा र मसिना छन् । नाक लामो छ । ओठ साना छन् । मुहार सौम्य छ । घाँटीमा छोटो बिचकन्नी जस्तो देखिने हार लगाइएको छ । हातमा बाला छन् । पहिरन मुगल शैलीको छ । त्यस पहिरनमा पात र फूलबुट्टा कुँदिएका छन् । कमरबन्दबाट मुजा झरेको छ । मूर्तिको पादपीठमा ३ जना भक्तिनी नमस्कारमुद्रामा बसेका छन् । ती मूर्तिको ठीकमुनि तिनीहरूको नाम कुँदिएको छ । यस अभिलेखअनुसार परमेश्वरीका भक्त नरसिंहले राखेको हो भनी यस अभिलेखमा लेखिएकोले मूल मूर्ति नरसिंह भन्नेको रहेछ भन्ने अनुमान हुन्छ । नाउँ काढिएका ती ३ जना स्त्री नरसिंहकै परिवारका हुनुपर्छ ।

३.१. मूलपाठ

मूर्तिको अघिल्लो भागको अभिलेख

१ ग्यानेश्वरि । विस्णुमति शू-

तेर्सो भागको अभिलेख

भ[२]रछिमि

मूर्तिको पछिल्लो भागको अभिलेख

१. **१ सवत ८७८ श्रीश्री[३]प-**

२. **रमेश्वलिया भगतज-**

३. **न भाजु नरसिहं तया**

४. **जुरो ।। शुभ ।।**

३.२. उल्था

ज्ञानेश्वरी, विष्णुमती, शुभलक्ष्मी

संवत् ८७८ मा श्रीश्रीपरमेश्वरीको भक्तजन श्रीनरसिंहले राखिएको भयो । शुभ ।

३ सङ्ख्या

४. तेस्रो अभिलेख वि.सं. १८५१ भाद्रशुक्लप्रतिपदाको लालमोहरको नकल हो । गूठीअड्डाबाट प्रमाणित यस नकलमा लालमोहरको पूरै पाठ उत्रिएको छैन । यस समयमा नेपालको राजगद्दीमा रणबहादुर शाह (वि.सं. १८३२-१८६३, राज्यकाल वि.सं. १८३४-१८५५) थिए ।

यस लालमोहरमा ७ थरी चाडपर्वमा पूजा गर्नको लागि पौने ८४ रोपनी जग्गा गूठी राखिएको कुरा छ । यसमा पिशाचचतुर्दशीमा गरिने कुमारीपूजा, रामनवमीको पूजा, चैत्रचतुर्दशी[४]को पूजा, आषाढशुक्लपञ्चमीको

२. **भ** अक्षरबाट तेर्सो पारी बाँकी अभिलेख उत्कीर्ण छ ।

३. **श्रीश्रीश्री** कुँदिनुपर्नेमा भ्रमवश **श्रीश्री** कुँदिएको छ ।

४. मूलमा पक्ष खुलाइएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पूजा, घण्टाकर्णचतुर्दशी अर्थात् गठेमङ्गलमा हुने कुमारीपूजा, भाद्रशुक्लपञ्चमीको पूजा र दशमीपूजा (दिसिपूजा ?)को निमित्त यो गूठी राखिएको हो । यस गूठीमा कुल ३३ ठाउँमा जग्गा राखिएको छ । २ ठाउँमा २ भिन्नाभिन्नै चाकला राखिएकोले ३५ चाकला भए पनि ठाउँ भने ३३ वटा मात्र हुन् । खुलाएर भन्दा, इचङ्गुमा एक ठाउँमा ६ रोपनीको एउटा चाकला र अर्को ठाउँमा ५ रोपनीको अर्को चाकला जग्गा राखिएको छ । त्यसै गरी, गाको भन्ने ठाउँमा एक ठाउँमा ३ रोपनीको एउटा चाकला र अर्को ठाउँमा २ रोपनीको अर्को चाकला जग्गा राखिएको छ । यहाँ किटिएका ३३ ठाउँमध्ये खालि ९ ठाउँ मात्र हामीले पहिचान गर्न सकेका छौँ ।

४.१. मूलपाठ

१. आगे सहर काठमाडौंका को गुठी पिसाचर्तुदसी कुमारी-

२. पुजा रामनौमीके पुजाको गुठी चैत्रचर्तुदशी पुजाको गुठी

३. आषाढसुकलपंचमी पुजाको गुठी घन्यकर्णचर्तुदशी कुमारी-

४. पुजाको गुठी भाद्रसुकलपंचमी पुजाको गुठी दशमीपुजाको

५. गुठी येती गुठीको पोता रोपनी ८३।।। तपशिलमाफी-

६. क ...[५] माफ गरी चढायूँ नेपालका रितसंग गुठी चलावस

७. पुजा गर

९. तपशिल

१०. ईचंगु रोपनी	६	माकडोल जवा	।।।
११. दफे इचंगु रोपनी	५	टोषा	१।।।
१२. बगाल रोपनी	३	झाकल	१।।
१३. जगडोल रोपनी	४	नौलग	१
१४. बषी रोपनी	४	चोबूह	१
१५. नकती रोपनी	१।।	पोनेपा	२
१६. आदेश्वर रोपनी	१।।	कादोल	१।।।
१७. गाको रोपनी	३	चल	।।।
१८. गाको रोपनी	२	सहल	१।।।
१९. टुप्याक रोपनी	२	मोपता	।।।
२०. कोलात रोपनी	४	राजंपात	१।।

---

५. मूलमा यस्तो ... दिइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२१. चपलीगा रोपनी ३
२२. नखु रोपनी ४।
२३. चमुठ रोपनी ७
२४. सलंधु रोपनी ६
२५. घैमसुडोल १।।।
२६. चोगाँव ५।
२७. चलषु १

संषादोल १
दीदीपुषुल।।
व्रतडोल १
दोसो १
संषाहीटी ।।
लुपा १

२८. इति सम्वत १८५१ साल भाद्रसुदी १ रोज

४ सङ्ख्या

५. चौथो अभिलेख ने.सं. ९१६ तदनुसार वि.सं. १८५३ भाद्रशुक्लअष्टमीको हो। यो अभिलेख सह्मय् राखिने पीतलको बाटामा कुँदिएको छ। यस बाटाको कुल नापोमा लम्बाइ ७.५ इन्च छ र गोलाइ ३१.५ इन्च छ। यसमा एक लहरमा अक्षर कुँदिएको छ। बाटा साधारण देखिन्छ, तर यसको तल्लो भागमा बुट्टा कुँदिएका छन्। बाटाको भित्री भागमा पनि लामा धर्का कुँदिएका छन्। यस अभिलेखअनुसार तानादेवीलाई यचुमयीले यो बाटा चढाएकी हुन्।

५.१. मूलपाठ

१ सं ९१६ भादवशुदि ८ श्रीतानादेवि प्रतीन यचूमईन दून्ता शुभः ।।

५.२. उल्था

संवत् ९१६ भाद्रशुदि ८ मा श्रीतानादेवीलाई खुशी पार्न [यो बाटा] यचुमयीले चढाइन्। शुभ।

५ सङ्ख्या

६. पाँचौँ अभिलेख ने.सं. ९३३ तदनुसार वि.सं. १८७० आषाढशुक्लद्वितीया बुधवारको हो। मन्दिरको छतमा टाँसिएको तामाको पातामा यो अभिलेख कुँदिएको छ। अहिले मन्दिरको जीर्णोद्धार गरिँदा यो पाता झिकिएको छ। यस पाताको कुल नापो २५.७ × ५.३ इन्च छ। अभिलेखले ओगटेको भाग २.८ × २५.५ इन्च छ। यस अभिलेखअनुसार गीर्वाणयुद्धविक्रम शाह (वि.सं. १८५४-१८७३, राज्यकाल वि.सं. १८५५-१८७३)को पालामा यो पाता चढाइएको हो। बलभद्रसिंह थकुजुको पालो पर्दा मखनटोल तेलाछेका ३ जना दाजुभाइ मणिनारायण, सिंजु र नीरले थुप्रो तामा चढाएर प्रतिष्ठापूजा गरेको कुरा यस अभिलेखमा लेखिएको छ। यस समयमा बलभद्रले तारिणीदेवीमन्दिरको थकालीको रूपमा काम गरिरहेको यताबाट देखिन्छ।

६.१. मूलपाठ

१. **श्री ३ तादे अजिमा प्रितिन**

२. **श्रीश्रीश्रीगीवाणयुद्रविक्रम साहदेवया पालास तया ।।**

१. **१ शुभ ।। संम्वत ९३३ मिति आखाडसुदि २ रोज ४ थूकुह्य ˎˎ मषंतोल ˎˎ तेलाछेया ˎˎ मनिनारायन ˎˎ सिंजु ˎˎ निर ˎˎ स्वह्म फूकिजन ˎˎ श्रीबलभद्रसिंह थकुजुया पालास ह्मापाया भंगि-**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२. लया सिजल धार्नि १० द्र[६] ४ बाकि मचागु सिजल धार्नि १८ प्र ९।। द्र[६] ६।। पुलांगुया ज्यालासमेत बियाओ ⸌⸌ प्रतिष्ठापुजा याङाओ दुन्ता जुल ⸌⸌ सुनान लोभ यातसा प्रम्यस्वरिया कु[७]दि-

३. ष्टि लायी ⸌⸌ षष्टी ५ व्रर्षसहस्रानि विष्टायां जायते किमि ⸌⸌ साछि जावत चन्द्र सुर्ज दिने ⸌⸌ शुभमं ।।

६.२. उल्था

श्री ३ तानादेवी अजिमालाई खुशी पार्न श्रीश्रीश्रीगीर्वाणयुद्धविक्रम शाहदेवको पालामा राखियो ।

शुभ । संवत् ९३३ मिति आषाढशुदि २ रोज ४ यस दिन मखनटेल तेलाछेका मणिनारायण, सिंजु, नीर ३ जना दाजुभाइले श्रीबलभद्रसिंह थकुजुको पालामा पहिलेको भंगिलको तामा धार्नी १० पाउ ४ बाँकी नखोलिएको तामा धार्नी १८ पाउ ९।। पाउ ६।। पहिलेको ज्यालासमेत दिएर प्रतिष्ठा पूजा गरेर चढाइएको भयो । कसैले लोभ गऱ्यो भने परमेश्वरीको कुदृष्टि लाग्छ । साठी हजार वर्ष गुहुमा कीरा हुन्छ । साक्षी जबसम्म सूर्य चन्द्र रहन्छन् । शुभ ।

६ सङ्ख्या

७. छैटौँ अभिलेख ने.सं. ९३४ तदनुसार वि.सं. १८७० माघकृष्णचतुर्दशी शुक्रवारको हो । यो अभिलेख एउटा साधारण झारीमा कुँदिएको छ । यसमा कुनै बुट्टा छैन । यसको टुटी भाँचिएको छ । झारी अड्याउने भागमा अक्षर कुँदिएका छन् । अक्षर २ लहरमा कुँदिएको छ । अभिलेखअनुसार चस्वांदो[८]का विष्णुनारायण, मैजु धन, छोरा भानारायण र सिंहनारायणले कलश चढाएका हुन् ।

७.१. मूलपाठ

१. ९ शुभ ।। सं ९३४ -म माघवदि १४ रो ६ थ्वखूनू श्री ३ तानांदे माजु प्रितिन चस्वांदोया विस्नारां[९] ⸌⸌

२. मयजु धन पुत्र भानारा सिनारा पेह्म ⸌ सेन दूता शुभः ।।

७.२. उल्था

शुभ । संवत् ९३४ माघवदि १४ रोज ६, यस दिन श्री ३ तानांदे माईलाई खुशी पार्न चस्वांदोका विष्णुनारायण, मैजु धन, छोरा भानारायण, सिंहनारायण ४ जनाले [यो कलश] चढाइयो । शुभ ।

७ सङ्ख्या

८. सातौँ अभिलेख ने.सं. ९–[१०]१ आषाढशुदि १० उत्तराषाढानक्षत्र बुधवारको हो । यो अभिलेख तारिणीदेवीमन्दिरको मूलद्वारमा तामाको पाताद्वारा मोडिएको माथिल्लो चौकोसको तलपट्टिको बायाँ भागमा ३ लहरमा कुँदिएको छ । यस अभिलेख अनुसार थकुजु बलभद्रसिंह थकुजुको पालो पर्दा तानादेवी आगंलाई मखनमुगलका भिख्वालको छोरा अजबनारायणसमेतले मूलद्वारको ललन (?) बनाएर चढाएको हो ।

---

६. प्र हुनुपर्ने ?

७. ⸌ चिह्न हाली या र दिको ठीक बीचमा माथि कु अक्षर थपिएको छ ।

८. प्याफलको मूल सडकबाट बायाँपट्टि बाटो काटेपछि आउने ओरालेको बस्ती चस्वान्दो कहिन्छ ।

९. विस्नारांको रांको ठीक तलबाट अर्को पङ्क्ति शुरू भएको छ ।

१०. संवत्मा दशस्थानी अङ्क स्पष्ट छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

८.१. मूलपाठ

१. **८ शुभ ।। सम्वत् ९–१ मिति आखादशुदि १० उत्रास्था बुधवार ध्वखुनु श्री ३ तानांदे आग-**

२. **म प्रीति श्रीबलभद्र सिंह थकुजुया पारास ।। मखंमुगरया भिख्वाल ।। पुत्र अजब, नारांन**

३. **दल तदु, समुचयन, मुलद्वारया ललन दयकाव दुन्ता जुल शुभमस्तु ।। ष ।। मु ।। ।। ।। ।।**

८.२. उल्था

संवत् ९–१ मिति आषाढशुदि १० उत्तराषाढानक्षत्र बुधवार यस दिन श्री ३ तानांदे आगमलाई खुशी पार्न श्रीबलभद्रसिंह थकुजुको पालामा मखनमुगलका भिख्वाल, छोरा अजबनारायण त्यस समूहले मूलद्वारको ललन बनाएर चढाइएको भयो । शुभ होओस् ।

९. तानादेवीसम्बन्धी यो अर्वाचीन लेख हो । तानादेवीको प्राचीनता देखाउने क्रममा यसमा अनुश्रुतिले पनि धेरै भूमिका खेलेको छ । उदाहरणको लागि तानादेवीको संस्थापकको रूपमा शङ्करदेवलाई देखाइएको कुरा गरूँ । मैले तानादेवीसम्बन्धी पहिलो लेखमा लेखे जस्तै, कलिगत वर्ष ३९२७ मा शङ्करदेव नाउँ भएका राजाको अस्तित्व नै छैन । किनभने कलिगत ३९२७ भनेको वि.सं. ८८३ हुन्छ (रोशनी श्रेष्ठ २०७१:११२) । वि.सं. ८८३ मा त लक्ष्मीकामदेवको राज्य यहाँ चलिरहेको थियो भन्ने कुरा तत्कालिक प्रमाणद्वारा सिद्ध हुन्छ । रत्न मल्लले (वि.सं. १५७७ मा मृत्यु, राज्यकाल वि.सं. १५४१-१५७७) वि.सं. १५४१ मा काठमाडौँ कब्जा गर्नुभन्दा अगाडि यहाँ थकु जुजुहरू स्थानीय शासक थिए । तीमध्ये मखनटोलका थकु जुजुहरूको इष्टदेवता तानादेवी भएको हुनाले दरबारको वरपर ती देवीको प्रतिष्ठा यस ठाउँमा भएको हुनुपर्छ । तर रत्न मल्लको उदय भएपछि भक्तपुरे मल्लहरूको इष्टदेवता तलेजुको महत्त्व स्वभावतः बढ्यो । महेन्द्र मल्ल (वि.सं. १६३१ मा मृत्यु, राज्यकाल वि.सं. १६१८-१६३१)ले काठमाडौँमा दरबारनजीकै तलेजुको विशाल मन्दिरको स्थापना वि.सं. १६२० मा गरे ।[११] यही कुरालाई लिएर तलेजुमन्दिरका सिँढी (पेटी) नै तानादेवीको गजूरभन्दा अग्ला भएकाले तलेजुमन्दिरमा दिनभरी सिँढी लगाउँदै जाँदा रातभरिमा ढल्यो र यस्तो प्रक्रिया धेरै दिनसम्म चल्यो भन्ने अनुश्रुति प्रचारमा आयो । अस्ताउँदै गएको थकु जुजुको शासन र उदाउँदै गएको मल्ल राजाको शासनको बीचमा चलेको प्रतिस्पर्धालाई पौराणिक रूप दिइएको हुन सक्छ ।

थकु जुजुहरूको आधिपत्य यस इलाकामा भएको कुराको प्रमाण महेन्द्र मल्लका खनाति पार्थिवेन्द्र मल्ल (वि.सं. ? -१७४४, राज्यकाल वि.सं. १७३७-१७४४)का नाति भास्कर मल्ल (वि.सं. १७५३-१७७९, राज्यकाल वि.सं. १७५७-१७७९)को पालामा थकु जुजु वंशका झगल ठाकुर शक्तिशाली चौतारा भएकोबाट पनि प्रमाणित हुन्छ ।[१२]

तानादेवीका भक्तलाई सन्तुष्ट राखी तलेजुको मन्दिर बनाउने काम अगाडि बढाउन महेन्द्र मल्लले तानादेवीमन्दिरमा पनि दसैँमा बर्सेनि एक वटा राँगोको बलिको व्यवस्था गरिदिएको र २१ वटा सुनको गजूर चढाउने ठाउँ नभएकाले

११. गौतमवज्र वज्राचार्य २०३३:११६ ।

१२. रोशनी श्रेष्ठ २०७२:९२-९६ इत्यादि ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सुनका ५ वटा ठूला गजूर चढाएको भनी यस यहाँ लेखिएको छ ।

यस प्रसङ्गमा भन्नुपर्ने अर्को कुरा के छ भने, अनुश्रुतिलाई लिपिबन्ध गरिएको यस लेखको उठानमै मखनटोलमा विहार बनाई तारिणीदेवीको स्थापना गरेको कुरा लेखिएको छ । बुद्धधर्मभन्दा अलग धर्मको मन्दिरमा पनि बहाल शब्दको प्रयोग भएको विषयमा मैले तानादेवीसम्बन्धी पहिलो लेखमा लेखेकी थिएँ (२०७१:१११) । तारिणी शब्द मूलतः बौद्ध देवीमा रूढ भए पनि बौद्धेतर धर्ममा पनि तारिणी शब्दको प्रयोग थुप्रै भएको पाइन्छ ।[१३]

९.१. मूलपाठ

श्रीः

श्रीदुर्गाज्यू

१. कलिगत वर्ष ३९२७ मा राजा शंकरदेवले आफ्ना कुलदेवता आवाहन गरी आ-

२. आफ्नो गतविधी कर्म पुऱ्याइ मखन्मा विहार बनाइ स्थापना गरिदी इन् दिन्दे-

३. खि इ देवालय गजुरभंदा सो देवताका वरीपरी उचा घर नबनाउनु भंन्या किताप्-

४. स्मेत् दरिदियाका थिए तेसपछी सूर्यवंसि राजा महिन्द्र मल्ल नित्य भक्तपुर-

५. मा गै श्रीतुलजाभवानी दर्सन गरि आउदथ्ये यस्तै तरहले दिन्हु भक्त-

६. पुर धाउने गर्दा भवानी प्रशन्न भै स्वप्नमा हे राजा तिमि याहा आउनुपर्दैन

७. अघी राजा रत्न मल्लका पालादेखि कांतिपूरमा आइ बसिरहेछु तेरो चित्त

८. नबुझे रत्न मल्लले मलाइ स्थापना गरेका ठाउमा भक्तपूर देखिने गरी बडो

९. उच्चा यंत्राकार देवालये बनाउनु र मलाइ आवाहन गर म आउछु भंन्या

१०. इश्वरीबाट आज्ञा हुँदा यत्राकार[१४] देवालय कसो गरी बनाउ भनी राजा कालि-

११. गढ्हरु अल्लमल्ल भैरहेका बखत् अकस्मात् १ जना संन्यासि दर्बारभीत्र आइ

१२. यस् हिब[१५]संग बनाउनु भनी राम्रो गरी समूझाइ बुझाइ संन्यासि ताहीबाट अल-

१३. प् भए ताहापछी माफीक देवालये मंडीर बनाउने सुरु गरेमा देवालयेका

१४. सिढी नै तानादेवीका गजुरभंन्दा उच्चा भयेकोले दिन्भरी बनायाको राती

१५. ज्मै भत्कने भै धेरे दिन् यस्तै हुदा कालीगढ् थकीत् भए ताहापछी राजाले वि-

१६. चार गर्दा श्रीतानादेवीबाट यस्तो भयाको भने थाहा पाइ श्रीतानादेवी-

१७. का देवालयेमा सुन्को २१ गजुर र ३६० महिस् दसैमा चढांउला भनी

१८. भाकल गरेपछी देवालये पुर्ण भयो ताहापछी राजा महिन्द्र मल्ल संतोस्

१९. भै २१ गजुर चढाउने ठाउ नै नहुदा सुन्को ठुलो गजुर पाचगोटा चढाई दसैमा तुल-

---

१३. विकास कुमार भट्टाचार्य २०६०:८२ ।

१४. यंत्राकार हुनुपर्ने ।

१५. हिसाब हुनुपर्ने ।

१६. अरु हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२०. जा भवानीको पूजालाइ ल्यायाका ३६० महीस १ दीं अगावै तांदेबाहाल ल्याई

२१. १ रात राखि भोलिपल्ट १ यौटा महिस् ताही राखि अरु तुलजाको पूजालाइ

२२. लैजाने गरेको र नेपाले सम्वत् ६८४ माघकृष्णदसमी सोमबार अनु-

२३. राधानक्षत्रमा कोटिहोमस्मेत् गरी प्रतिष्ठा गरी धेरै जगाज्मीन् पूजा

२४. गुठी राखिदीयेको श्रीतानादेवीको पूजा बडा दसैमा दिने महिस् १

२५. वी.सं १९३७ सालसंम ३६० ज्मै महिस् बाहालमा राखि भोलीपल्ट १ यौटा

२६. ताहा छाडी अ[१६] सबै तुलजा भवानीका पूजालाई लैजाने गरे ताहापछी-

२७. लाई कौरि[१७] तोसाषाना यौटा महीस् र पुजाषर्च अड्यावत् दिदैछन्

यो लेख लेख्दा काम लिइएका साधनको तालिका

गौतमवज्र वज्राचार्य २०३३

= वि.सं. २०३३ मा काठमाडौँबाट त्रिभुवन विश्वविद्यालयको नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्यको हनूमान्ढोका राजदरबार ।

रोशनी श्रेष्ठ २०७१

= वि.सं. २०७१ मा काठमाडौँबाट नेपालसरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयबाट प्रकाशित अभिलेख ३२ पूर्णाङ्कका १११-१२३ पृष्ठमा छापिएको, रोशनी श्रेष्ठको स्ट्रट्स् फ्रम् द तारिणी देवी टेम्प्ल् (तारिणीदेवीमन्दिरका टुँडाल) ।

रोशनी श्रेष्ठ २०७२

= वि.सं. २०७२ मा काठमाडौँबाट नेपालसरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयबाट प्रकाशित अभिलेख ३३ पूर्णाङ्कका ८७-१०० पृष्ठमा छापिएको, रोशनी श्रेष्ठको तारिणीदेवीमन्दिरका ७ अभिलेख ।

विकास कुमार भट्टाचार्य २०६०

= ई.सं. २००३ (वि.सं. २०६०) मा दिल्लीबाट इस्टर्न बुक लिङ्कर्ज़द्वारा प्रकाशित, विकास कुमार भट्टाचार्यको तारा इन् हिन्डूइज़म् (हिन्दू धर्ममा तारा) ।

---

१७. **कौसि** हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१ सङ्ख्या



१ क



१ ख

१ ग



१ घ

१ ङ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

२ सङ्ख्या



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३ सङ्ख्या



तपसिल

इति सम्वत १८५१ साल आषाढ सुदी १ रोज

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४ सङ्ख्या



५ सङ्ख्या



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

६ सङ्ख्या

६ क

६ ख

६ ग



६ घ

६ ङ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

७ सङ्ख्या



तारणीदेवीको विषयमा लेखिएको अर्वाचीन कागत



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मूर्तिकलाको जीवन्त सङ्ग्रहालय : सैनामैना

- उषा किरण के.सी*

मूर्तिकलामा भावनाको मौन दर्शन हुन्छ । स्थापत्यकलाले सभ्यतालाई जीवन्त बनाएको हुन्छ । शिलालेखमा उत्कीर्ण भएका अक्षरहरूमा इतिहास बोलिरहेका हुन्छ । प्रस्तरबाट निर्मित सून्दर मूर्ति, मनोरम स्थापत्य, शिलालेख र शिलापट्टमा उत्कीर्ण भएका हरफको संगमले एकातिर शिल्पकारहरूको सुन्दर कारीगरी अर्कोतिर वीतरात परिवेशले आध्यात्मिक वातावरणमा कला पारखीहरूलाई अलौकिक सौन्दर्य र शान्त-रसमा चुर्लुम्म डुबाएर नयनलाई आध्यात्मिक रूपागार खोली दिन्छ। सदियौं पहिले विकास भएका मूर्तिकला, स्थापत्यकला र शिलालेखहरू समय समयमा हुने प्राकृतिक प्रकोप, मानव अतिक्रमण, विजित शासकहरूबाट पराजित राज्य र वंशहरूको सांस्कृतिक, ऐतिहासिक र धार्मिक धरोहरहरलाई हुने संहारले इतिहास खण्डहर बन्न गएको पाइन्छ । ग्रीकहरूले ईगियन सभ्यताको अन्त गरे, ती ग्रीकहरू आर्यहरूको एउटा हाँगासँग नजिक थिए, जसले इलावर्तबाट भारतमा प्रविष्ट गरी आर्य सभ्यताको स्थापना गर्नुका साथै सिन्धु सभ्यताको अन्त गरेका थिए (चतुरसेन, १९९५:६) । राज्यविस्तार अभियानको क्रममा बख्तियार खिजलीको आक्रमणमा परेर वैभव, विश्वविश्रुत शिक्षा-केन्द्र तथा संस्कृति-तीर्थ नालन्दाको अन्त्य हुन गयो (सहाय, १९९९:२०६) । नेपाल पनि यस्तै नियतिबाट अछुतो रहन सकेन । वि.सं. १३८१ मा दिल्लीका सुल्तान गयासुद्दीन तुगलकले सिम्रौनगढमा आक्रमण गरी ध्वस्त पारिदिएको थियो (लंसाल,२०२३:३०) । जुन गढ भग्नावशेषको रूपमा अद्यापि छ । यसैगरी वि.सं. १४०६मा बङ्गालका सुलतान शमसुद्दीनले ठूलो फौजका साथ नेपाल खाल्डोमा आक्रमण गरी आगो लगाएका थिए । पशुपतिनाथलाई तीन टुक्रा पार्नुका साथै स्वयम्भू चैत्यलाई भत्काइ त्यहाँको सबै धन लुटेर लगेका थिए (लंसाल,२०२३:२७) ।

यसरी विभिन्न समयमा नेपालका विभिन्न स्थानहरूमा सदियौं पहिलेदेखि सांस्कृतिक, धार्मिक र ऐतिहासिक धरोहरको रूपमा रहेका मूर्तिकला, स्थापत्यकला, शिलालेख, शिलापट्टहरू बाहिरी आक्रमण एवम् विविध कारणले खण्डहर बन्न पुगेका छन् । ती धरोहरहरू कहिले र कसरी खण्डहर भए शोधको विषय बनेको छ । घामपनी, झंझावात, प्रकृति प्रकोप र मानव अतिक्रमणलाई खेप्दै आफ्नो सुदूर अतीतको वैभवलाई जीवन्त राख्दै आएको काक्रे विहारदेखि सैनामैनाका खण्डहर रहेका छन्। सैनामैना एउटा मूर्तिकला, स्थापत्यकला र शिलापट्टहरूको खुला आकाश मुनिको खुला सङ्ग्रहालय हो । यहाँ असरल्लै छरिएका धरोहरलाई नियाल्दा सुदूर अतीतमा यो नगर कति सुन्दर थियो होला अनुमान लगाउन गाह्रो पर्दैन । नयाँ राज्य संरचना अन्तर्गत सैनामैना कै नामबाट पर्रोहा र दुधराक्ष गाविसलाई समायोजन गरी सैनामैना नगरपालिका नामकरण गरिएको छ। पूर्वमा साविकको बुटवल नगरपालिका वडा नं.१४ मा पर्ने बौराहा खोला, पश्चिममा सालझण्डी, दक्षिणमा ख. वनगाई, सूर्यपुरा र गजेडी र उत्तरमा चुरे श्रृंखला यति चार किल्ला भित्र सैनामैना नगरपालिका समेटिएको छ ।

*लुम्बिनी बुद्धिस्ट युनिभर्सिटिमा आबद्ध हुनुहुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बुद्धकालमा सैनामैना कपिलवस्तुको पुरानो राजधानी थियो । इतिहासलाई फर्केर हेऱ्यौ भने यस सैनामैना नगरपालिका बुद्धकालमा प्रसिद्ध नगरको रूपमा विकास भई सकेको थियो । शाक्य गणराज्यको राजधानीको रूपमा रहेको कपिलवस्तु अन्तर्गत सगरहवा, निग्लिहवा, तौलिहवा, गोटिहवा, सिसानीहवा, कुवा, हात्तीहवा, छोटी तौलिहवा, सौरहवा, बिकुली, श्रीनगर, सैनामैना (कपिलवस्तुको पुरानो राजधानी), धबाहा, डहरगाँउ, केदली, पदरिया, लुम्विनी, प्रसिद्ध बटौली जस्ता प्रख्यात नगर तथा गाउँहरू समेटिएको थियो । सैनामैना, धबाहा, डहरगाउँ, केदली, पदरिया, लुम्बिनी, प्रसिद्ध बटौली जस्ता नगर तथा गाउँहरू पुरानो राजधानीको रूपमा रहेको सैनामैना अन्तर्गत थिए (Joshi, Joshi,1996:61,62) । यस सैनामैनामा रहेका विभिन्न देवी देवताका मूर्तिहरू खण्डहरको रूपमा रहेका मन्दिर र स्मारकका बास्तुकला, शिलापट्ट, पाका ईटहरूलाई नियाँल्दा यस सैनामैनाको सांस्कृतिक र धार्मिक फाँटमा विकास एकैपटक भएको नभई समयको अन्तराल वर्ष वर्षमा होइन शताब्दी शताब्दीको अन्तरालमा भएको देखिन्छ । मातृका, ब्रह्मा र लोकेश्वरका मूर्तिहरूको उपस्थितिले यस नगरको विकासक्रमले सदियौंको लर्कन तय गरेको देखिन्छ । सदियौदेखि हावाहुरी, घामपानी र झंझावातलाई खेप्दै आएको र यसको महत्त्वबोध सम्वन्धित निकाय र सराकारवालाहरूलाई नहुनुका साथै संभार र संरक्षणको अभावको बावजूद पनि यहाँ छरिएका धरोहरले आफ्नो अस्तित्व जेनतेन जोगाउँदै आएको देखिन्छ । खिइएका मूर्तिहरू कुन देवी देवताका हुन ठम्याउन गाह्रो पर्छ भने मूर्तिमा खामिएको कला कुन शैलीमा बनेका हुन यकिन गर्न गाह्रो पर्दछ । तर केही मूर्तिहरूको संभावित कालक्रम निर्धारण गरी त्यससमयको मूर्तिकला शैलीसँग दाँजेर केही महत्त्वपूर्ण र पुरातात्विक महत्त्व बोकेका मूर्ति एवम् शिलापट्टहरू लगायत केही प्रस्तरकलालाई अगाडि सार्न समीचिन देखिन्छ ।

ब्रह्माको मूर्ति:

त्यहाँ पाइएका पुराना मूर्तिमा पुराणकालीन त्रिमूर्ति ब्रह्मा, विष्णु, महेशमध्ये प्रमुख देवता ब्रह्माको मूर्ति रहेको छ । उचाइ ३० इन्च र चौडाइ १५ इन्च भएको स्थानक रूपमा रहेको प्रस्तरको यस मूर्तिको कलाशैली आकर्षक छ । सुन्दर मुकुट, कानमा कुण्डल, रूद्राक्षको वाजू, वैजन्तिमाला धारण गरेको सो मूर्तिको अनुहारमा चिउँडो मुनि चुच्चो परी तल झरेको दाह्री प्रष्ट देखिन्छ । चार हातमध्ये दायाँ माथिल्लो हात भग्न अवस्थामा छन् । दायाँ तल्लो हात वरद मुद्रामा रहेको छ । माथिल्लो बायाँ हातले पुस्तक (वेद) लिएको छ भने बाँया तल्लो दायाँ हातमा कमण्डलु लिएको धुमिल देखिन्छ । ब्रह्माको पूजा ईसाको पहिलो शताब्दीदेखि भएको उल्लेख छ (Majupuria1987:4) । ब्रह्माको मूर्ति निर्माण ईसापूर्व भएको देखिन्छ । सातौं शताब्दीतिर वैष्णव र शैव सम्प्रदायको विकास भएसँगै पञ्चायन देवताहरूमा शिव, विष्णु, गणेश, सूर्य र देवीहरूको महत्त्व बढ्न थाल्यो । यही समयमा पुराणकालीन प्रसिद्ध देवता ब्रह्माको महत्त्व घट्न गएको थियो (पाण्डेय,१९८८:३८२) । ब्रह्माको मन्दिर भारतको राजस्थान अन्तर्गत उत्तर-पश्चिम अजमेरमा अवस्थित छ, जहाँ ब्रह्माको पूजा हुने गर्दछ । उक्त पुरानो मन्दिरलाई मुगल बादशाह औरन्जेबले नष्ट गरिदिएका थिए । अहिले भएको मन्दिरको निर्माण पहिलेको ग्वालियर राज्यका मन्त्री गोकुलचन्द्र प्रकाशले सन् १८०९मा निर्माण गरेका थिए । थाइल्याण्डको इरावान विहारमा ब्रह्माको मूर्ति रहेको छ । बुद्धिस्टहरूले बुद्धको रूपमा पूजा गर्ने गर्दछन् । हिन्दुहरूले मान्ने र मानी आएको ब्रह्माको मूर्ति कम पाइन्छन् । जुन धार्मिक र मूर्ति कलाशैलीले पनि महत्त्वको छ । नेपालमा ब्रह्माको मन्दिर छैनन् साथै ब्रह्माको मूर्ति कम देखिन्छ । राष्ट्रिय सङ्ग्रहालय काठमाडौंमा सिम्रोनगढबाट ल्याइएको कालो प्रस्तरबाट निर्मित र ढलोटबाट निर्मित दुईवटा ब्रह्माको मूर्तिहरू रहेका छन् (Majupuria 1987:131,133,141) । यसरी बिरलै पाइने र धार्मिक महत्त्व बोकेको ब्रह्माको मूर्ति यस ठाउँमा पाइनुले यस ठाउँको अहम् स्थान रहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मातृकाको मूर्तिः

सैनामैनामा रहेको अर्को महत्त्वपूर्ण मूर्ति मातृकाको हो । उचाइ ८ इन्च र चौडाइ ७.५ इन्चको मातृकाको मूर्ति अर्धकदको छ । कम्मर मुनिको भाग भग्न अवस्थामा छ । शरिर मोटो छ । हातहरू मोटा छन् । मुहार खिइएर चिनिने अवस्थामा छैन । कानमा ठूल-ठूला कुण्डल, नाडीमा चुरा, बाजूमा बाजूबन्द, गलामा माला आदि मूर्ति खिइनुले धुमिल देखिन्छ । मातृकाको मूति{कलाको महत्त्वपूर्ण अवयव पयोधर पुष्ट र प्रष्ट छ । देवीको प्रसिद्ध अवतार मानिने मातृकाको संख्या सात, अठार र बाउन्नसम्म उल्लेख छ । मातृकाको पूजाको सन्दर्भ पहिलो शताब्दीदेखि भएको उल्लेख छ । सिन्धुधाटी-संस्कृतिमा मातृका पूजनको संकेत मिल्दछ । पहिले मातृकाको पूजा आर्येतर संस्कृतिमा थियो, पछि मातृकाको पूजा वैदिक संस्कृतिमा भित्रिएको अनुमान गरिन्छ । मातृकाले शिशुहरूलाई कष्ट दिने गर्छ भन्ने जनश्रुति छ । यसकारण शिशु-जन्म संस्कारमा मातृका-पूजनलाई महत्त्वपूण{ रूपमा लिने गरिन्छ (पर्वतीय,२०१३:७०२)। यस्तो धार्मिक महत्त्व र मूर्तिकलाको विकासमा ठूलो भूमिका राखेको मातृकाको प्रस्तरको सुन्दर मूर्ति प्राप्त हुनुले यस ठाउँको धार्मिक, साँकृतिक र ऐतिहासिक महत्त्व वढाएको छ ।

लोकेश्वरको मूर्तिः

ईसापूर्व प्रथम शताब्दीदेखि विभिन्न खुट्किलाहरू पार गर्दै ईसाको सातौं शताब्दीसम्म आई पुग्दा बौद्ध मूर्तिकलामा महत्त्वपूर्ण स्थान ओगटेको कमलको फूल समाएको गन्धार कलाको विकास भएको थियो (नदीम, ई.सं. २०६६, पेज ५१) । सैनामैनामा कमलको फूल समाएको प्रस्तरको पद्मपाणी लोकेश्वरको मूर्ति पाइएको छ । उचाइ १२ इन्च र चौडाइ ४.५ इन्चको प्रस्तरको सो सुन्दर मूति{को दाहिने हातमा चवर र देब्रे हातले कमलको फूल लिएको देखिन्छ । साधारण खालको यस मूर्तिको शिरमा मुकुट र नदीको तरङ्ग जस्तो देखिने रेशा रेशा परेको पातलो धोती पहिरिएको देखिन्छ । यो लोकेश्वरको मूर्तिको माथिल्लो भागमा झ्वाट्ट हेर्दा दुईवटा छेपुको आकृति देखिन्छ । यसलाई अझ गहिरिएर नियाल्यौं भने दुईवटा सिंहहरू केही वस्तु समात्न उद्यत भए झं देखिन्छ । यस मूर्तिको फलकलाई हेर्दा ढोकाको चौकसका थामहरूमा कुँदिएको देखिन्छ । यस मूर्ति रहेको फलकको चौकोसको चौडाइको अनुपातलाई हेर्दा त्यसताका निर्माण भएको मन्दिरको उचाइ पनि धेरै अग्लो हुनु पर्ने देखिन्छ ।

अति सुन्दर मूर्तिः

सैनामैना झलक्क हेर्दा खुला सङ्ग्रहालय जस्तो देखिन्छ । मौन सुन्दर मूर्तिहरू विचरण गरिरहेको सुन्दर बगैंचा हो जस्तो लाग्छ । सुन्दर बगैंचामा रहेका सुन्दर मूर्तिहरूमध्ये अति सुन्दर मूर्ति सैनामैना नगरपालिका वडा नं. १ ठूलो कुवा, बीच टोलमा रहेको इनारको छेउमा ४१ इन्च उचाइ र चौडाइ १७ इन्च भएको बलौटे ढुङ्गाबाट निर्मित सुन्दर मूर्ति राखिएको छ । यो मूर्ति उत्खनन् गर्दा पाइएकोले यस ठाउँमा ल्याएर स्थापित गरिएको देखिन्छ । खिइएको अवस्थामा रहेको यस मूर्तिलाई कसैले मायादेवीको मूर्ति हो भन्ने गरेका छन् भने कसैले यसलाई पद्मपाणी लोकेश्वरको मूर्ति मानेका छन् । मूर्ति निर्माण कला र शैलीलाई नियाल्दा यो मूर्तिले 'मोहिनी'को मूर्तिसँग सादृश्यता राखेको देखिन्छ । मोहिनीलाई विष्णुको रूपमा लिने गरिन्छ (Ramesan,1999:260) । मोहिनीलाई दक्षिण भारतमा बडो आस्था र विश्वासका साथ मान्ने गर्दछन् । दक्षिण भारतको गोपुरको ई.सं. १२१७ तिरको त्रिमुला मन्दिरको मण्डपमा रहेको मोहिनीको मूर्ति, दक्षिण भारतकै विभिन्न भिमानहरू (मन्दिरहरू) मा स्थापना गरिएका शिव-अर्धनारी, विणाधरादक्षिणमूर्ति, गजरी, अन्धकासुर संहार मूर्ति, किराँत मूर्ति, गंगाधर, हरिहर, उमाप्रसाधना, चन्द्रशेषरा र कलारी साथै त्यसको बगलमा चन्द्र, सूर्य, उमा, जेष्ठा, सप्तमातृका लगायत 'मोहिनी'का मूर्तिहरूको स्थापना गरी पूजा आजा गर्ने प्रचलन भएकोले यस 'मोहिनी' प्रतिको आस्था परापूर्वकालदेखि रहिआएको देखिन्छ (Sastri,2002:421) । त्रिमुलाको 'मोहिनी'को मूर्ति र यस सैनामैनामा रहेको सो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मूर्तिको मूर्ति कलालाई नियाल्दा एकरूपता देखिन्छ। यस सन्दर्भले यस मूर्तिलाई 'मोहिनी'को मूति{सँग समीपमा लिएर आउँछ ।

पूर्णकदको त्रिभंग मुद्रामा द्विभुजी स्थानक यस प्रस्तर मूर्तिको दुबै हातहरू भग्न अवस्थामा रहेका छन् । परिधानलाई हेर्दा लुगा र गरगहनाको प्रयोग आकर्षक छ । शिरमा अलंकृत किरिट, सुन्दर केश विन्याश बीचबाट सिउँदो काटेर दायाँ र बायाँ फर्काइएको केश विन्यासले कलाकारिताको अनुपम नमुना देखिन्छ । कानमा पुष्प कुण्डल, गलामा मुक्तावली, त्यसभन्दा तलसम्म आउने ललन्तिका र घुँडाको अलिक तलसम्म लट्किएको बैजन्ती माला, पाखुरामा केयुर र खुट्टामा नूपुर आदि मण्डित हुँदा मूर्ति कलाको बेजोड नमुनालाई नर्कान सकिदैन । शरीरको तल्लो भागमा पातलो धोती लगाइएको र दुईखुट्टाको बीचबाट तलसम्म लत्रिएको धोतीको फूर्काले मूर्तिको आकर्षणलाई अझ बढाएको छ । कम्मरमा आकर्षण मेखला बाँधिएको छ ।

यस 'मोहिनी'को मूर्ति जस्तो देखिने यस मूर्तिका बायाँ तर्फ कम्मरको उचाइमा दुई दुई वटा दायाँ बायाँ मूर्तिहरू पनि रहेको छ । तल्लो मूर्तिको बायाँ हात कम्मरमा र दायाँ हात माथि पट्टि फर्काएर माथितिर हेरेको छ । सो मूर्तिको पछिल्तिर केहि माथि टाउकोमा जुरो बनाएको, कानमा कुण्डल लगाएको जस्तो अर्को मूर्ति पनि रहेको छ । दायाँ तर्फ पनि कम्मरसम्म नै आउने गरी दुईवटा मूर्तिहरू रहेका छन् । दुई हात जोडी स्थानक अवस्थामा रहेको मूर्ति र त्यसभन्दा माथिल्लो आधा छातीसम्म देखिने अवस्थाको मूर्ति पनि रहेको छ । फलकमा निर्माण गरिएको सो मूर्तिको अगल बगलमा चरा, ड्रायगनहरू कुँदिएका छन् ।

गण र अप्सराका मूर्तिहरूः

विलासपुरको नजिक रहेको पाली अवस्थित दशौं शताब्दीको शिव मन्दिरमा अप्सरा सहितको गण, विलासपुरको पूर्वमा अवस्थित जंगीरको वैष्णव मन्दिरको एघारौं शताब्दीको अप्सरा र गणको मूर्ति साथै रामग्रहमा रहेको दशौं शताब्दीको शिव मन्दिरको मण्डपको भित्री भागको टुँडालमा रहेको अप्सरा र गणका मूर्तिहरू रहेका छन् (Kramrich,1991:387,390) । त्यस्तै माफिकको कलाशैलीका अप्सरा र गण मूर्तिहरू भग्न अवस्थामा सैनामैनामा पाइएका छन् । सैनामैनामा पाइएका गणहरूका मूर्तिहरूमा आयूध लिएको देखिदैन ।

अन्य पुरातात्विक सामग्रीहरूः

सुदूर इतिहाससँग सामीप्य राख्ने सैनामैनामा पुरातात्विक महत्त्व राख्ने पुराना पाको ईंटा, जलद्रोणी, कुँदिएका सुन्दर ढुङ्गाहरू , इनार, रानी कुवा रहेका छन् । त्यहाँ ६० से.मी. चौडाइ र ९० से. मी. उचाइको प्रस्तर आसन रहेको छ । यहाँको भग्न स्थापत्यकलाको खण्डहरलाई नियाल्दा ३० इन्च लामो र १८ इन्च चौडा भएको प्रस्तर प्रयोग भएको देखिन्छ । साथै सैनामैनाको विभिन्न ठाउँमा ईटाहरू पाइनुले खण्डहरमा रूपान्तरित मन्दिर र स्मारकहरूमा ईटाको पनि प्रयोग भएको संभावना रहन्छ। ११ इन्च लम्बाइ, ७ इन्च चौडाइ र २ इन्च मोटाइ भएको पाको ईंटाहरू प्रशस्त पाइन्छन् । ढुङ्गै ढुङ्गाले बनेको कहिले पानी नसुक्ने रानी कुवा, इनारहरू र २० इन्च लामो, १२ इन्च चाक्लो र ११ इन्च उचाइ रहेको प्रस्तरको जलद्रोणी पाइएको छ । उक्त जलद्रोणीको भित्री पानी बग्ने भाग ५ इन्च फराकिलो र ३ इन्च उच्चा रहेको छ । यी कुवा, इनार र जलद्रोणीबाट त्यसबखत सैनामैनामा पानीको समुचित व्यवस्था भएको भन्ने बोध हुन्छ । त्यहाँ ढुङ्गामा कुँदिएका फूलबुट्टाहरू, चक्रहरू, चैत्यको माथिल्लो भागका तेह्र भुवनको भाँचिएका प्रस्तर, भग्न मन्दिरका कार्नेसमा कुँदिएका बुट्टाहरू, ढुङ्गाका थामहरू यत्रतत्र छरिएको अवस्थामा छन् । यी यहाँ प्राप्त सामाग्रीहरूलाई हेर्दा त्यस ठाउँहरूमा विभिन्न कालमा विभिन्न शैलीका थुप्रै मन्दिरहरू निर्माण भएको देखिन्छ ।

शिलापट्टहरूः

सैनामैनामा प्राप्त पुरातात्विक महत्त्व राख्ने सामग्रीहरूमध्ये शिलापट्टहरू पनि हुन । पाण्डुलिपि (लिप्यासन)को आधारमा लिप्यासन कोमल लिप्यासन र कठोर लिप्यासन गरी दुई प्रकारका हुन्छन् । कठोर लिप्यासन कठोर वस्तुमा उत्कीर्ण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गरिन्छ । कठोर लिप्यासनमध्ये शिलापट्ट एक हो । यसले इतिहासमा ठूलो उपस्थिति राख्दछ (सत्येन्द्र, १९८९ : १३०,१३१) । सैनामैनामा भग्न अवस्थाका खण्डहरको रूपमा मन्दिर र स्मारक रहेका छन् भने भग्न अवस्थाका शिलापट्ट पनि रहेका छन् । पाइएका तीनवटा शिलापट्ट तीन थरिका छन् । शिलापट्टहरू सग्ला छैनन् । टुक्रै टुक्रामा जीवन्त छन्, निर्ममताको पराकाष्टा त्यहाँ देखिन्छ । एउटा भग्न अवस्थामा रहेको शिलापट्ट दुई हरफ मात्र रहेको छ । खण्डित हरफमा :

१. ..द्रयं ॥ आजना....

२. ...कार्तिक मासे तिथि...' मात्र पढन सकिन्छ भने अर्को खण्डित शिलापट्ट झनै खिइएर पढन मुस्किल छ । खण्डित पाँच हरफ भएको शिलापट्ट मुस्किलले केही अक्षरहरू पढन सकिन्छ । उक्त शिलापट्टमाः

१. ...यक्षिम ता...

२. ...देचि को....

३. ...षजा रूपा सा...

४. ...पंकंक्षितां मंगल..

५.... यःदा मालते देहि.... यी अक्षरहरू मात्र सकसका साथ पढन सकिन्छ । तेश्रो खण्डित अवस्थामा रहेको शिलापट्टमा अरूभन्दा केही लामा हरफहरू रहेका छन् । खण्डित हरफहरू चार भएता पनि खिइएकोले पढन सजिलो छैन । शिलापट्टमा रहेका हरफहरूमाः

१. ...वस्तल : षि...बु...

२. ....आदि : । वृष : सावल संक्रान्ती.....

३. ...तु । : वड....ग्रामी.....

४. ...सम्वत् ... ' आदि अक्षरहरू पढन सकिन्छ । यी शिलापट्टहरूको गहिरो अध्ययनको खाँचो छ । यसको शोधखोजबाट ओझेलमा परेको सुदूर अतीतलाई उजागर गर्न सकिन्छ ।

सैनामैनामा प्राप्त भएका पुरातात्विक महत्त्व राख्ने वस्तुहरूलाई अनुसन्धानका आँखाले छाम्दा त्यसबखत कला, वास्तुकला र स्थापत्यकलाको कति विकास भएको रहेछ भन्ने कुरा ठम्याउन त्यति गाह्रो पर्दैन । यहाँ पाइएका मूर्ति तथा प्रस्तरमा कुँदिएका बुट्टा, शिलापट्टका अक्षरहरू केवल ढुङ्गाको थुप्रो मात्र नभई तत्कालीन समयको धर्मप्रतिको आस्था, विचार, भावना, कलाकौशल, शिल्पकारिता, समृद्धि, नगर विकास जस्ता कुराहरूको प्रतिनिधित्व गरिरहेको छ ।

सन्दर्भ सामग्रीहरू :

- चतुरसेन आचार्य, (सन् १९९५) वैदिक संस्कृति पौराणिक प्रभाव, प्र. सन्मार्ग प्रकाशन, दिल्ली ।
- नदीम इशान एच., (वि.सं. २०६६) बौद्ध गन्धार, प्र. सांग-इ-मील प्रकाशन, लाहोर ।
- पर्वतीय लीलाधर शर्मा, (सन् २०१३) भारतीय संस्कृति कोश, प्र. राजपाल एण्ड सन्स्, दिल्ली .
- पाण्डेय राजवली, (सन् १९८८) हिन्दू धर्मकोश, प्र. उत्तर प्रदेश हिन्दी संस्थान, लखनऊ .
- लंसाल देवीप्रसाद, (वि.सं.२०२३) भाषा वंशावली द्वितीय भाग, प्र. श्री ५ को सरकार शि.मं. पुरातत्त्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय .
- सत्येन्द्र, (सन् १९८९) पाण्डुलिपि विज्ञान, प्र. राजस्थान हिन्दी ग्रन्थ अकादमी, जयपुर .
- सहाय शिवपूजन (सम्पा.),-वि.सं.१९९९)जयन्ती-स्मारक ग्रन्थ, विद्यापति-हिन्दी-सभा,दरभंग .
- Joshi harihar Raj and Indu Joshi, (1996 A.D.) Antiquities Of Buddha Sakyamuni's Birth-Place In The Nepalese Tarai, pub. The Nepal Studies : Past and Present, Kathmandu.
- Kramrich Stella, (1991A.D.) The Hindu Temple, vol, 2, pub. Motilal banarsidass Publishers Pvt. ltd,Delhi.
- Majupuria Trilok Chandra, (1987 A.D) Erawan Shrine And Brahma worship In Thailand.
- Ramesan N., (1999 A.D) The Tirumala Temple, Tirumala Tirupati Devasthanams, Tirupati.
- A.D.Sastri K.A.Nilakanta, (2002 A. D.) A Hisrory of South India, pub.Oxford University Press,New Delhi.

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

संस्कृत वाङ्मयमा वज्रको स्वरूप

- **कल्पना पराजुली***

परिचय

जनमानसमा वज्र भन्नाले आकाशमा चट्याङ पर्दा पृथ्वीमा झर्ने कडा धातुलाई बुझिन्छ । त्यसैले साह्रो,कठोर, बलियो, अक्षय, अविनाशी र शक्तिशाली वस्तुलाई वज्रसँग तुलना गरिन्छ। हिन्दु शास्त्रहरूमा वज्रलाई देवराज इन्द्रको आयुधको रूपमा लिने गरेको पाइन्छ भने बौद्ध धर्ममा शून्यताको प्रतीकको रूपमा लिने गरेको पाइन्छ । वज्रको विषयमा हिन्दु र बौद्ध शास्त्रहरूमा गरिएका बयानलाई वर्तमान लेखमा चर्चा गरिदैंछ ।

वज्र शब्दको व्युत्पत्ति :

संस्कृत भाषामा वज्र शब्द वज् गतौ धातुमा रन् प्रत्यय लागेर निष्पन्न हुन्छ । वज् गतौ धातु गत्यर्थक अर्थमा हुन्छ । यस अन्तर्गत ज्ञान, गमन, मोक्ष र प्राप्ति पर्दछन् । विशेष व्युत्पत्ति अनुसार वज् भन्नाले सीधा तल खस्नु भन्ने हुन्छ। यसवाट वज्रनु वा वज्रिनु भन्ने शब्द निर्माण भएको पाइन्छ। आकस्मिक रूपमा वेगले कुनै वस्तु वज्रनु नै वज्रपात हो। यसैको आधारमा चट्याङ्को गतिसँग तुलना गरेर चट्याङलाई वज्र भन्ने गरेको पनि पाइन्छ । सांकेतिक रूपमा यो कठोरता अर्थात काठिन्यताको अर्थमा प्रयोग भएको पनि पाइन्छ। पाणिनीको अष्टाध्यायी व्याकरण सूत्र "हलङ्याभ्यो दीर्घात्सुतिस्य पृक्तंहल्" अनुसार वज्रन् को न् लोप भई वज्र शब्द निष्पन्न हुन्छ (पाणिनी:६।१।६८) । त्यसैगरी ज्ञापयति, गमयति,मुञ्चति, प्राप्यति कियापदमा पनि वज्रको अर्थ लाग्दछ । वज्र शब्द नपुंसक लिङ्ग पुलिङ्ग दुबैमा प्रयोग भएको पाइन्छ ।

वज्रका पर्यायवाची शब्दहरू

अमरसिंह विरचित अमरकोश ग्रन्थअनुसार वज्रका दशवटा पर्यायवाची शब्दहरू छन्– ह्लादिनी, वज्र, कुलिश, भिदुर (भिदिर), पवि, शतकोटी, स्वरू, शम्ब (सम्ब), दम्भोलि, अशनि, । (गौतम, २०६५:१४) । त्यसैगरी हीरा,हीरा काट्ने औजार, इस्पातफलाम, अभ्रक, कठोर भाषा, प्राचीनकालीन लडाँइको व्यूहरचना विशेष, कुश, सुगन्धवाल, चट्याङ पर्दा खस्ने पत्थरलाई पनि वज्र भनिन्छ । (पाण्डेय,२०५७:११२३)वज्रलाई अश्म या पणि पनि भनिन्छ ।

वैदिक वाङ्मयमा वज्र

वैदिक धर्मको सर्वप्राचीन ग्रन्थ ऋग्वेदमा वज्रलाई सर्वशक्तिमान देव इन्द्रको आयुध (शस्त्र) को रूपमा उल्लेख गरिएको छ । ऋग्वेदमा अत्याधिक चर्चा गरिएका देवराज इन्द्रको आयुध वज्र हो जसबाट उनले शत्रुहरूलाई पराजित गरेको पाइन्छ । ऋग्वेदको दशौं मण्डलमादेवराज इन्द्र र वृत्रासुरको द्वन्द्वको विस्तृत व्याख्या गरिएको छ । यसको अलावा यो ग्रन्थका अन्य मण्डलहरूमा

---
*तिब्वती भाषा सहायक, राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पनि इन्द्रको स्तुति गर्ने कममा इन्द्रको शक्तिशाली आयुधको रूपमा वज्रको उल्लेख गरिएको छ। यसको चौथो मण्डलका २ मन्त्रहरूमा असुर लगायतका शत्रुहरूलाई मार्ने कममा वजको प्रयोग भएको प्रसङ्ग पाइन्छ (ऋ.वे.४-१७-७)[1] यसै कममा शुष्ण र वृत्र नामक शत्रुहरूलाई वज्र प्रयोग गरी परास्त गरेको कुरा छैठौँ मण्डलमा पाइन्छ। मन्त्रमा यस्तो बताइएको छ –

"हे शत्रुलाई पराजित गर्ने इन्द्र दुष्ट राक्षसहरूको बल तिम्रै अगाडि रहेको छ । उत्पन्न भएको त्यस भयंकर बलका अगाडि तिमी दरिलो भएर बस र तिम्रो मित्रसमान प्राचीन प्रयोग गरिने वज्रद्वारा ती दुष्ट बलहरूलाई हटाऊ ।"[२] (ऋ.६.२१.७)

ऋग्वेदमा फलामले बनेको वज्रले द्युलोक र पृथ्वी लोकमा रहेका दुष्टहरूलाई नष्ट गरेको उल्लेख छ। (१०-११३-५-१०-१११-६) यसरी ऋग्वेद कालमा फलामधातुबाट बनेको वज्र आयुधको साथै दधीचि ऋषिको हाडबाट बनेको वज्रको उल्लेख पाइन्छ। प्रथम मण्डलमा यस्तो बताइएको छ–

"कहिल्यै नहारेका इन्द्रले दधीचि ऋषिका हाडहरूले बनेको वज्रले आठ सय दश शत्रुहरूलाई मारे ।"[३](ऋ.१.८४.१३) त्यसैगरी कुयवलाई मारेको प्रसङ्ग यस्तो छ–

"हे इन्द्र कुत्सका निम्ति तिमीले शोषक शुष्ण नामक असुरलाई माऱ्यौ दिनको सुरूमा हजारौँ सहयोगीका साथ कुयव नामक असुरलाई माऱ्यौ वज्रद्वारा अनेक शत्रुहरूलाई माऱ्यौ र युद्धमा सूर्यको रथको पाङ्ग्रालाई पनि काट्यौ ।"[४] (ऋ.४.१६.१२)

छैटौँ मण्डलमा सारथी कुत्सको बयान गर्दै यस्तो बताइएको छ–

"जब इन्द्रको वज्रको प्रहारबाट त्यो शुष्णलाई खसाइयो त्यस बेला द्रोह गर्नेवाला भयंकर शुष्णको जीवन समाप्त भयो। इन्द्रले सूर्यको समान ख्यातिका निमित्त एउटै रथमा बसेको सारथी कुत्सका लागि विशाल स्थान बनाए ।"[५] (ऋ.६.२०.५) कुत्सलाई पनि कुनै ठाउँमा वज्रीन्को संज्ञा दिएको पाइन्छ । त्यसैगरी घोडाहरूको प्रसङ्ग उल्लेख गर्दै यस्तो भनिएको छ–

"अपराजित ती इन्द्र वृत्रलाई मार्ने वज्र दुवै हातमा लिँदै शत्रुलाई मार्दछन् । ती इन्द्र बाण हान्ने व्यक्ति रथमा चढे झैँ दुई घोडाहरूमा चढ्दछन् । वचनद्वारा नै रथमा जोतिने दुई घोडाहरूले महान इन्द्रलाई बोक्नेछन् ।"[६] (ऋ.६.२०.९)

ऋग्वेदको दशौँ मण्डलमा इन्द्रको शक्ति वज्रमार्फत प्रकट भएका यस्ता दुई प्रसङ्ग छन्–

"शत्रुलाई पराजित गर्ने अत्यन्त श्रेष्ठ इन्द्रले हातमा फलामे वज्र लिए र त्यसपछि द्युलोक र पृथ्वीमा रहेका दुष्टहरूलाई नाश गरे मित्र र वरूणलाई हवि दिनेहरूलाई सुख दिएर बलशाली सेनाहरूमाथि शासन गरे । (ऋ.१०.११३.५)

हे शत्रुलाई पराजित गर्ने इन्द्र ! शत्रुलाई नाश गर्ने तिमीले बढिरहेका दुष्ट राक्षसका शक्तिहरूलाई यसै समयमा घातक वज्रद्वारा नाश गऱ्यौ , वृत्रलाई पनि नाश गऱ्यौ र त्यसपछि तिमी बाहुबली भयौ ।" (ऋ.१०.१११.६)[७]

यसरी ऋग्वेदमा विभिन्न देवदेवीहरूको बयान गर्ने कममा वज्रलाई देवराज इन्द्रको शक्तिशाली अस्त्रको रूपमा उल्लेख गरिएको पाइयो । उनको यो अचुक अस्त्रको प्रतीकात्मक अर्थ भारतवर्षमा प्रचलित पाइन्छ । कुनै अप्रिय घटनालाई पनि वज्रपातको संज्ञा दिएको पाइन्छ ।

पौराणिक वाङ्मयमा वज्र

पौराणिक कालमा थुप्रै पुराणहरूको रचना गरेको पाइन्छ।१८ वटा पुराणहरू र १८ वटा उपपुराणहरू रहेको पाइन्छ । ती मध्ये केही पुराणहरूमा वज्रको बारेमा उल्लेख पाइन्छ। वैदिक वाङ्मयमा संक्षिप्त रूपमा बयान गरिएको वज्रको विषयमा स्कन्द पुराण, श्रीमद्भागवत पुराण र मत्स्य पुराणमा गरिएका विस्तृत वर्णनको सारसंक्षेप यहाँ प्रस्तुत गरिन्छ :-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

स्कन्दपुराण

स्कन्दपुराणमा वज्रलाई विभिन्न रूपमा अर्थ लगाएको पाइन्छ । वज्रलाई हीराको रूपमा लिइएको छ । त्यसैगरी हीरा काट्ने औजारको रूपमा पनि वज्रलाई लिइएको छ । वज्रलाई काञ्जी पनि भनिएको पाइन्छ । ठूलो आवाज र बिजुलीको साथ आकाशबाट खस्ने पत्थर वा चट्याङ पर्दाखेरी खस्ने पत्थरलाई पनि वज्रको रूपमा बताईएको छ । वज्र देवराज इन्द्रको मुख्य आयुधको रूपमा प्रयोग भएको वज्रको उल्लेख यसरी गरिएको छ :-

"वज्र वा सबैभन्दा शक्तिशाली आयुध बनाई कहिल्यै नहारेका इन्द्रले वृत्रासुर जस्तो उग्र राक्षसलाई दमन गर्न चाहन्थे । यस्तो वज्र बनाउनका लागि उनले दधीचि नाम गरेका शक्तिशाली र ठूला तपस्वी ऋषिसँग उनको हाड मागेका थिए । दधीचि जस्तो तपस्वीको हाडबाट बनेको वज्र अति नै शक्तिशाली हुन्छ भन्ने कुरामा इन्द्रलाई कुनै शंङ्का भएको पाँइदैन । यसै अनुसार दधीचि ऋषि इन्द्रलाई सहयोग गर्न तयार भएपछि इन्द्रले दधीचि ऋषिको हाडबाट विश्वकर्मालाई वज्र बनाउन लगाएका थिए । यो वज्र सय हात लामो बीचमा झिनो, अगल-बगल चाक्लो डरलाग्दो छाँटको भएको यो वज्र वृत्रासुरको शिरमा प्रहार गर्दा दश टुका भई वज्र फुटेको र अनेक भागमा बाँडिएको थियो । यति मात्र नभएर लोकमा उत्कृष्ट धन, यश, कीर्ति आदि जुन कुनै बस्तुहरू छन् ती सबै वज्रकै स्वरूप मानिएका छन् । जस्तै- अग्निमा आहुति दिने ब्राह्मणको दाहिने हात वज्र समान हुन्छ । क्षत्रीयको रथ वज्र समान हुन्छ । वैश्यले गरिने दान पनि वज्र समान हुन्छ । त्यसै गरी शूद्रले गरिने सेवा पनि वज्र समान नै हन्छ ।"[८]

श्रीमद्भागवत महापुराण

शुकदेवको वाणी अनुसार शरीरलाई नाशवान् जानी अरूको सुख दुःखमा आफ्ना सुख दुःख मिलाएर यो नाशवान् शरीर कसैको काम आउँछ भने यो भन्दा उत्तम अरू के हुन्छ र ? भन्दै दधीचि ऋषिले आफ्नो मन परमात्मामा लगाएर समाधिस्थ हुनुभयो । वहाँको शरीरबाट प्राण कहिले छुट्यो थाहै भएन । त्यहीँ दधीचि ऋषिको निष्प्राण शरीरको हाडबाट विश्वकर्माले वज्र बनाए र इन्द्रले ऐरावत नाम गरेको हात्तीमाथि चढी तीनै लोकलाई हर्षित पार्दै वृत्रासुरलाई आक्रमण गरे । (श्रीमद्भागवत महापुराण स्क.६.अ.१०.श्लो. ११. १२. १३)[९]

यस्तै प्रसङ्ग लिङ्ग पुराणमा पनि रहेको पाइन्छ ।

मत्स्यपुराण

यस पुराणमा फलामे वज्र र अस्थि वज्रको अलावादेवशिल्पी त्वष्टाले सूर्यको तेजबाट पनि वज्रको निर्माण गरेको कुरा उल्लेख गरिएको छ । पुराणमा विश्वकर्माले भगवान् विवश्वान् (सूर्य) लाई भने "हे दिवाकर ! यदि म हजुरको अनुग्रह योग्य छु भने हजुर म प्रति प्रसन्न हुनुहोस् र एउटा प्रार्थना स्वीकार गर्नुहोस् । म हजुरको मोक्षसह्य वेगलाई पत्रमाथि चढाएर कम गर्ने छु । त्यस्तो गर्नाले हजुरको रूप अन्य प्राणीका लागि आनन्ददायक हुनेछ ।"[१०] (मत्स्यपुराण अ.११ श्लो २६–२९)

सूर्यद्वारा विश्वकर्माको प्रार्थना स्वीकार गरिसकेपछि विश्वकर्माले सूर्यको वेगलाई यन्त्रमा राखी त्यसैबाट सुदर्शनचक्र, शंकरको त्रिशूल र इन्द्रको वज्रको निर्माण गरे । यो पुराणमा तीन प्रकारका वज्रहरूको उल्लेख गरेको पाइन्छ । सूर्यको प्रकाशबाट बनेको वज्रको उल्लेख यो पुराणको विशेषता हो । त्यसैले इन्द्रधनुषलाई पनि वज्र भनिएको हुनसक्छ ।

महाभारतमा वज्रको वर्णन

पूर्वकालमा वृत्रासुरको संहार गर्नका लागि जुन वज्रको निर्माण गरिएको थियो । वृत्रासुरको शिरमा प्रहार हुनासाथ दश ठूला र सय साना टुकाहरू भए । त्यसबेलादेखि अनेक भागमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विभाजित भएपछि त्यो वज्रको प्रत्येक भागहरूलाई देवताहरू उपासना गर्दछन्। जगतमा उत्कृष्ट धन यश आदि जे जति छन् त्यसलाई वज्रको स्वरूप मानिएको छ । अग्निमा आहुति दिने भएकाले ब्राम्हणहरूको दायाँ हात वज्र हो । क्षत्रीहरूको रथ वज्र हो । वैश्यहरूका लागि दान वज्र हो र शुद्रहरूका लागि सेवा वज्र हो ।

ब्रम्हाजीले देवतालाई वज्रको स्वरूपबारे वर्णन गर्दै भन्नु भयो "त्यसको आकृति षट्कोणको समान हुनेछ । त्यो महान् एवं घोर शत्रुनाशक अस्त्र भयंकर गर्जना पैदा गर्ने खालको हुनेछ। त्यस वज्रले इन्द्र निश्चय नै वृत्रासुरको बध गर्नेछन्।"[११] ऋग्वेदमा वज्रलाई दधीचि ऋषिको अस्थिबाट र फलामबाट बनेको वर्णन गरिएको छ र मत्स्यपुराणमा सूर्यको तेजबाट भगवान् विष्णुको सुदर्शन, भगवान शंकरको त्रिशूल र इन्द्रको वज्र बनेको उल्लेख गरिएको छ। यसर्थ वज्रको निर्माण सम्वन्धी वेद र पुराणहरूमा तीन प्रकारका वज्रको उल्लेख गरिएको पाइन्छ ।

लौकिक वाङ्मयमा वज्र

वज्र शब्द व्यक्तिवाचक शब्दको रूपमा पनि प्रयोग गरेको पाइन्छ । पौराणिक पात्र श्रीकृष्णका नाति अनिरूद्ध र रोचनाका छोराको नाम वज्र रहेको पाइन्छ। यादव जातिको गृह कलह हुँदा बचेका थोरै यादव मध्येका वज्रलाई अर्जुनले इन्द्रप्रस्थ नगरमा लगी बचेका यादवहरूका राजा बनाएको प्रसंग पाइन्छ । (शर्मा,२००३:८१२) महाकवि कालिदास रघुवंशमहाकाव्यमा राजा दशरथको उपमा देवराज इन्द्रसँग गर्दै लेख्छन् "मानसिक पीडाबाट रहित पुरूषहरूमा श्रेष्ठ तथा आफ्नो धनुषबाणको भयंकर ठूलो आवाजले सिंहहरूलाई कोधित बनाउने राजा दशरथले डोरीमा चढेको धनुषलाई सम्हाले त्यस बेलामा राजा दशरथ यस्ता लागि रहेका थिए मानौ सुनको रङ्ग जस्तै पँहेलो बिजुलीरूपी डोरीले युक्त इन्द्रधनुषलाई धारण गरेका भाद्रपद मास जस्तै प्रतिविम्वित देखिन्छन् ।"(रघुवंश ९:५४)[१२]

यहाँ त्रिदशायुधम् शब्दले इन्द्रको हातको शस्त्रलाई सूचित गरेको छ। महाकवि कालिदासद्वारा विरचित विक्रमोर्वशीयमा इन्द्रलाई वज्रधारीको रूपमा वर्णन गरिएको छ । "अत्यन्त भयभित भएका सुन्दरीहरू हो ! अब दानवहरूको भय हट्यो किनकि देवराज इन्द्रको महात्म्य तीन लोककै रक्षा गर्न समर्थ छ । अतएव प्रभातकालीन समयमा जसरी रातमा खुम्चिएको कमलको फूललाई विकसित गर्दछ त्यसरी नै तिमी आफ्ना ठूला ठूला आँखाहरूलाई खोल । वज्र धारण गर्ने इन्द्रको पराक्रमले नै गर्दा उनको पक्षमा रहने हामी जस्ता व्यक्ति पनि उनका शत्रुमाथि विजय प्राप्त गर्दछौं किनकि पहाडको गुफामा गुञ्जिने सिंहको गर्जनको प्रतिध्वनि पनि हात्तीको झुण्डलाई भयभीत पारी तितरवितर पार्छ । वस्तुतः जसरी सिंहको गर्जन नै प्रधान हुन्छ ठीक त्यसै प्रकार हामीले युद्धमा विजय प्राप्त गरेता पनि इन्द्रको नै पराक्रमको महत्त्व हुन्छ।"[१३](विक्रमोर्वशीयम् १.६,१७)

शिवसँग वज्रको सम्बन्ध

धार्मिक ग्रन्थहरूमा वज्रलाई इन्द्रको आयुधको रूपमा वर्णन गरेको पाइएता पनि शिवको आयुध पनि वज्र नै भएको उल्लेख पाइन्छ। इन्द्रलाई जस्तै शिवलाई पनि वज्रीको रूपमा मानेका उदाहरणहरू भेटिन्छन्। कुशान सम्राट कनिष्कको एक प्रकारको मुद्रामा शिवले वज्र समातेको देखाइएको छ। उत्तर प्राचीनकालीन संवत् ८३ को ल.पु. गैह्रीधाराको अभिलेखमा भगवान् वज्रेश्वर महादेवको वयान छ । सुप्रभेदागम ग्रन्थअनुसार पञ्चवक्त्र महेशका दश हातमा दश विभिन्न आयुधहरू छन् जसमा वज्र पनि एक रहेको छ। श्री तत्वनिधि ग्रन्थअनुसार महादेवले आफ्नो शरभेशावतारमा वज्र समातेका छन् भने ब्रम्हशिरश्छेत्तृमूर्तिमा पनि शिवको एक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रहरणको रूपमा वज्र भएको कुरा उल्लेख छ । (जोशी,२०७०:८०७)

यसरी शिवका नाममा वज्रले पनि खास स्थान ओगटेको छ भन्न सकिन्छ जसले शिवसित वज्रको विशेष सम्बन्ध भएको कुरा देखिन्छ। यसरी हिन्दु धर्म ग्रन्थहरूमा वज्रको द्रव्यरूपको वयान पाइन्छ । यसलाई आयुध तथा औजारको रूपमा बयान गरेको पाइन्छ ।

संस्कृत बौद्ध वाङ्मयमा वज्र

बौद्ध वाङ्मयमा वज्रको धेरै महत्त्व रहेको पाइन्छ । वज्रलाई द्रव्यको रूपमा मात्र नलिई दार्शनिक प्रयोजनको पनि व्याख्या गरेको पाइन्छ । शून्यताको पर्यायवाची शब्दको रूपमा वज्रको प्रयोग अत्यधिक रूपमा पाइन्छ। वज्रसमान शक्तिशाली र अक्षय भन्ने अर्थमा वज्र शब्द प्रयोग गरेको पाइन्छ। वज्रसत्व, वज्रधर, वज्रपाणी, हेवज्र, वज्रयोगिनी, वज्रभैरव, वज्रवाराही आदि बुद्ध तथा देवदेवीहरूको नाममा वज्र प्रयोग भएको पाइन्छ ।

सिद्धहरूको साधनामा शून्यको पूरक तत्व वज्रलाई नै मानिन्छ । वज्रशेखर तन्त्र अनुसार दृढता, अभेद्यता आदि वज्रका लक्षणहरू रहेका छन् ।

"दृढं सारमसौशीर्यम् अच्छेद्याभेद्यलक्षणम् ।
अदाहि अविनाशि च शून्यता वज्रमुच्यते ॥"
(अद्वयवज्र संग्रह,२३)

अर्थात वज्र दृढ, सार (साह्रो), अपरिवर्तनशील, अच्छेद्य (छेदन गर्न नसकिने), अभेद्य (भेदन गर्न नसकिने), अदाहि (जलाउन नसकिने) र अविनाशी लक्षण युक्त छ । शून्यताका पनि यस्तै लक्षणहरू हुने भएकाले शून्यतालाई वज्र भनिन्छ । महायान र वज्रयान बुद्ध धर्मको मूल सिद्धान्त नै यही हो । यसरी वज्रयान बौद्ध धर्ममा वज्रलाई आयुधको रूपमा नलिकन दार्शनिक प्रतीकको रूपमा लिने गरिन्छ। बौद्ध धर्ममा आधारभूत कुराहरूलाई उपाय र प्रज्ञाको रूपमा समेटिन्छ । त्यसअनुसार वज्र प्रज्ञाको प्रतीक हो भने घण्टा उपायको प्रतीक हो। यी दुईको संयोजन अवस्था नै वज्रधर अवस्था हो जुन वज्रयान बौद्ध धर्म अनुसारको बुद्धत्व अवस्था हो । वज्रधर अवस्था प्राप्ति गर्नु नै सम्यक संवोधि प्राप्ति गर्नु भएकाले प्रतीकात्मक रूपमा वोधिको अभेद्यतालाई अपरिवर्तनशीलताको प्रतीक वज्रसँग तुलना गरेको पाइन्छ ।

हरिराम जोशीका अनुसार बौद्ध ग्रन्थहरूमा कहीं कहीँ वज्रलाई इन्द्रकै वज्रको अनुरूप त्रिदन्त भनिएको छ,, त्रिदन्त हुन्– बुद्ध, धर्म र संघ । (जोशी२०७०:८०७) बौद्ध धर्मका आधारस्तम्भ यी त्रिरत्नको तुलना त्रिदन्तसँग गरिएको उल्लेख अन्यत्र पाइदैन ।

उद्धरण सूची :

१ त्वमधम्रथमंजयमानोमेविश्वाअधिथाइन्द्रकृष्टीः ।
त्वमंप्रतिप्रवतआशयानमहिवर्ज्रेणमघवन्विवृश्चः॥
(ऋ.४.१७.७)

२ अभित्वापाजोरक्षसोवितस्थेमहिजज्ञानमभितत्सुतिष्ठ ।
तवप्रत्नेनयुज्येनसख्यावज्रेण धृष्णो अपदानुखस्व ॥

३ इन्द्रो दधीचो अस्थभिर् वृत्राण्यप्रतिष्कुतः । जघान नवतीर् नव ।

४ कुत्साय शुष्णमशुषं निबर्हीः प्रपित्वेअन्हः कुयवंसहस्रा ।
सद्योदस्यून्प्रमृणकुत्स्येन प्रसूरश्चक्रंवृहतादभीके ॥

५ महोद्रुहोअपविश्वायुधायिवज्रस्ययत्पतनेपादिशुष्णः ।
उरूषसरथंसारथयेकरिन्द्रः कुत्साय सूर्यस्यसातौ ॥

६ वज्रेणहिवृत्रहावृत्रमस्तरदेवस्यशूशुवानस्यमायाः ।
विधृष्णेअत्रधृषता जघन्थास्था भवो मघवन्वाह्वोजाः ॥

७ सईस्पृधोवनते अप्रतीतो बिभ्रद्वज्र वृत्रहणं गभस्तौ ।
तिष्ठद्धरी अध्यस्तेवगर्ते वचो युजावहत इन्द्रमूष्वम् ॥

८ शतहस्त प्रमाणं तत् षडस्त्रि च सुराधिप ।
मध्येक्षामं तु पार्श्वभ्यां स्थूलं रौद्रसमाकृतिः

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विभाजित भएपछि त्यो वज्रको प्रत्येक भागहरूलाई देवताहरू उपासना गर्दछन् । जगतमा उत्कृष्ट धन यश आदि जे जति छन् त्यसलाई वज्रको स्वरूप मानिएको छ । अग्निमा आहुति दिने भएकाले ब्राम्हणहरूको दायाँ हात वज्र हो । क्षत्रीहरूको रथ वज्र हो । वैश्यहरूका लागि दान वज्र हो र शुद्रहरूका लागि सेवा वज्र हो ।

ब्रम्हाजीले देवतालाई वज्रको स्वरूपबारे वर्णन गर्दै भन्नु भयो "त्यसको आकृति षट्कोणको समान हुनेछ । त्यो महान् एवं घोर शत्रुनाशक अस्त्र भयंकर गर्जना पैदा गर्ने खालको हुनेछ। त्यस वज्रले इन्द्र निश्चय नै वृत्रासुरको बध गर्नेछन् ।"[११] ऋग्वेदमा वज्रलाई दधीचि ऋषिको अस्थिबाट र फलामबाट बनेको वर्णन गरिएको छ र मत्स्यपुराणमा सूर्यको तेजबाट भगवान् विष्णुको सुदर्शन, भगवान शंकरको त्रिशूल र इन्द्रको वज्र बनेको उल्लेख गरिएको छ। यसर्थ वज्रको निर्माण सम्बन्धी वेद र पुराणहरूमा तीन प्रकारका वज्रको उल्लेख गरिएको पाइन्छ ।

लौकिक वाङ्मयमा वज्र

वज्र शब्द व्यक्तिवाचक शब्दको रूपमा पनि प्रयोग गरेको पाइन्छ । पौराणिक पात्र श्रीकृष्णका नाति अनिरूद्ध र रोचनाका छोराको नाम वज्र रहेको पाइन्छ। यादव जातिको गृह कलह हुँदा बचेका थोरै यादव मध्येका वज्रलाई अर्जुनले इन्द्रप्रस्थ नगरमा लगी बचेका यादवहरूका राजा बनाएको प्रसंग पाइन्छ । (शर्मा,२००३:८१२) महाकवि कालिदास रघुवंशमहाकाव्यमा राजा दशरथको उपमा देवराज इन्द्रसँग गर्दै लेख्छन् "मानसिक पीडाबाट रहित पुरूषहरूमा श्रेष्ठ तथा आफ्नो धनुषबाणको भयंकर ठूलो आवाजले सिंहहरूलाई क्रोधित बनाउने राजा दशरथले डोरीमा चढेको धनुषलाई सम्हाले त्यस बेलामा राजा दशरथ यस्ता लागि रहेका थिए मानौ सुनको रङ्ग जस्तै पँहेलो बिजुलीरूपी डोरीले युक्त इन्द्रधनुषलाई धारण गरेका भाद्रपद मास जस्तै प्रतिविम्वित देखिन्छन् ।"(रघुवंश ९:५४)[१२]

यहाँ त्रिदशायुधम् शब्दले इन्द्रको हातको शस्त्रलाई सूचित गरेको छ। महाकवि कालिदासद्वारा विरचित विक्रमोर्वशीयमा इन्द्रलाई वज्रधारीको रूपमा वर्णन गरिएको छ। "अत्यन्त भयभित भएका सुन्दरीहरू हो ! अब दानवहरूको भय हट्यो किनकि देवराज इन्द्रको महात्म्य तीन लोककै रक्षा गर्न समर्थ छ। अतएव प्रभातकालीन समयमा जसरी रातमा खुम्चिएको कमलको फूललाई विकसित गर्दछ त्यसरी नै तिमी आफ्ना ठूला ठूला आँखाहरूलाई खोल । वज्र धारण गर्ने इन्द्रको पराक्रमले नै गर्दा उनको पक्षमा रहने हामी जस्ता व्यक्ति पनि उनका शत्रुमाथि विजय प्राप्त गर्दछौं किनकि पहाडको गुफामा गुञ्जिने सिंहको गर्जनको प्रतिध्वनि पनि हात्तीको झुण्डलाई भयभीत पारी तितरवितर पार्छ । वस्तुतः जसरी सिंहको गर्जन नै प्रधान हुन्छ ठीक त्यसै प्रकार हामीले युद्धमा विजय प्राप्त गरेता पनि इन्द्रको नै पराक्रमको महत्त्व हुन्छ ।"[१३](विक्रमोर्वशीयम् १.६,१७)

शिवसँग वज्रको सम्बन्ध

धार्मिक ग्रन्थहरूमा वज्रलाई इन्द्रको आयुधको रूपमा वर्णन गरेको पाइएता पनि शिवको आयुध पनि वज्र नै भएको उल्लेख पाइन्छ। इन्द्रलाई जस्तै शिवलाई पनि वज्रीको रूपमा मानेका उदाहरणहरू भेटिन्छन्। कुशान सम्राट कनिष्कको एक प्रकारको मुद्रामा शिवले वज्र समातेको देखाइएको छ। उत्तर प्राचीनकालीन संवत् ८३ को ल.पु. गैह्रीधाराको अभिलेखमा भगवान् वज्रेश्वर महादेवको बयान छ । सुप्रभेदागम ग्रन्थअनुसार पञ्चवक्त्र महेशका दश हातमा दश विभिन्न आयुधहरू छन् जसमा वज्र पनि एक रहेको छ। श्री तत्वनिधि ग्रन्थअनुसार महादेवले आफ्नो शरभेशावतारमा वज्र समातेका छन् भने ब्रम्हशिरश्छेत्तृमूर्तिमा पनि शिवको एक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सन्दर्भ : राष्ट्रिय अभिलेखालय स्वर्णजयन्ती

राष्ट्रिय अभिलेखालय : विगतदेखि वर्तमानसम्म

- शिवराम सापकोटा*

राष्ट्रिय अभिलेखालय परिचय :

राष्ट्रिय अभिलेखालय नेपालको इतिहास तथा धर्म-संस्कृतिका प्रमाणित स्रोतका रूपमा रहेका अभिलेखहरू तथा दुर्लभ हस्तलिखित ग्रन्थहरूको संकलन, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारीका साथ स्थापना भएको सरकारी निकाय हो । यो नेपाल सरकारको दैनिक कार्य सञ्चालनका क्रममा सिर्जना हुने २५ वर्ष पुराना राष्ट्रिय दृष्टिकोणले महत्त्वपूर्ण कागजातको प्राप्ति, संरक्षण तथा व्यवस्थापन गरी सेवाग्राहीलाई सेवा उपलब्ध गराउने प्रयोजनले अभिलेख संरक्षण ऐन, २०४६ को कानूनी आधारमा खडा भएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्त्व विभाग मातहतको कार्यालय हो । प्राचीन तथा आधुनिक दुवै प्रकृतिका अभिलेख सम्पदाहरूको संकलन, संरक्षण तथा व्यवस्थापनको जिम्मा लिएर बसेको यो संस्था कार्य प्रकृतिका हिसाबले केन्द्रीय स्तरको कार्य गरिरहेको भएता पनि हालसम्म यो सांगठनिक स्वरूपका दृष्टिले जिल्ला स्तरीय कार्यालय जस्तो छ । [१]

स्थापनाको ऐतिहासिक पृष्ठभूमि:

मल्लकाल तथा शाहकालका राजा तथा भारदारहरूका संकलनमा रहेका हस्तलिखित ग्रन्थहरूको सुरक्षा दिने तथा त्यसको व्यवस्थापन गर्ने पृष्ठभूमिमा राष्ट्रिय अभिलेखालयको आधार भूमि खडा भएको देखिन्छ । मल्लकालदेखि नै कुनै न कुनै रूपमा संरक्षित हुँदै आएका हस्तलिखित ग्रन्थहरूको संरक्षणका लागि सर्वप्रथम तत्कालीन राजा गीर्वाणयुद्ध वीरविक्रम शाहले वि.सं. १८६९ पण्डित केदारनाथको नाममा एउटा लालमोहर जारी गरेपछि पुस्तकालयको इतिहासमा प्रथम कानूनी दस्तावेज बन्न पुगेको यही लालमोहरसँगै नेपालमा ग्रन्थ संरक्षणको अध्याय आरम्भ भएको देखिन्छ । आरम्भमा वसन्तपुर दरबारमा संकलित हस्तलिखित ग्रन्थहरूलाई वि.सं. १९०४ मा तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाको आज्ञाबाट वसन्तपुर दरबारबाट थापाथली दरबारमा सारिएको थियो भन्ने इतिहास छ। वि.सं. १९१० मा दरबार हाईस्कुलको निर्माण भएपछि ती ग्रन्थहरूलाई फेरि थापाथली दरबारबाट दरबार हाईस्कुलको बुइगलमा सारियो । वि.सं. १९५७ मा राणा प्र.म. वीरशम्सेरले घण्टाघरको वीर पुस्तकालय बनाएपछि ती ग्रन्थहरूलाई वीर पुस्तकालयमा राखियो । वि.सं. १९६२ मा पं. हरप्रसाद शास्त्रीले एशियाटिक सोसाइटी अफ

१ षष्ठ लगतमा दर्ता गरिएका हस्तलिखित ग्रन्थहरुको सूची २०७२/७३ पृष्ठभूमि, पृष्ठ i

*अनुसन्धान सहायक, राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बंगालको तत्वावधानमा वीर पुस्तकालयमा रहेका महत्त्वपूर्ण ग्रन्थहरूको सूचीपत्र छपाए । सो सूचीपत्र अनुसारका ग्रन्थहरू छन् कि छैनन् भनी जाँच्नका लागि वि.सं. १९७९ मा प्रधानमन्त्री चन्द्रशम्सेरको आज्ञाबाट एउटा लगत तयार समिति खडा गरियो । यही लगत तयार समितिले खडा गरेका ग्रन्थहरू र पछि संकलित ऐतिहासिक कागजात वीर पुस्तकालयमा राखियो । वि.सं. १९८९ मा राणा प्रधानमन्त्री भीमशम्सेरको आदेशबाट वीर पुस्तकालयमा तिब्बती फाँट पनि थपियो । वि.सं. २००९ सालमा पुरातत्त्व विभागको स्थापना भएपछि वीर पुस्तकालयलाई यसै विभाग अन्तर्गत राखियो । नेपालका प्राच्य संस्कृतिको संरक्षणका लागि भारतीय सरकारको सहयोगमा वि.सं. २०१८ सालमा राष्ट्रिय अभिलेखालयको वर्तमान भवन निर्माण भएपछि वि.सं. २०२४ साल असोज १७ गतेका दिन नेपालमा विधिवत् रूपमा राष्ट्रिय अभिलेखालयको स्थापना भयो ।

राष्ट्रिय अभिलेखालयको उद्देश्य :

राष्ट्रिय अभिलेखालयको स्थापनाले ऐतिहासिक अभिलेख तथा हस्तलिखित ग्रन्थहरूको संरक्षण, संवर्द्धन र व्यवस्थापनमा नयाँ युगको अभ्यूदय भयो । यस कार्यालयको स्थापनासँगै यसले आफ्नो उद्देश्यलाई कार्यरूप दिन थाल्यो । स्थापनाकालदेखि नै राष्ट्रिय अभिलेखालयले अभिलेख तथा हस्तलिखित ग्रन्थहरूको संरक्षणका सन्दर्भमा लिएका उद्देश्यहरू देहायबमोजिम छन् : [२]

- देशको विभिन्न भागमा छरिएका प्राचीन हस्तलिखित ग्रन्थहरूको संकलन गर्ने,
- ऐतिहासिक कागजात, ताडपत्र, भोजपत्र, तामपत्र, स्वर्णपत्र आदिको संकलन गर्ने,
- विभिन्न सरकारी कार्यालयहरूमा रहेका २५ वर्ष पुराना राष्ट्रिय महत्त्वका कागजातहरूको संकलन गर्ने,
- विभिन्न सरकारी कार्यालयहरूलाई प्राचीन लिपिमा लेखिएका अभिलेखहरूको देवनागरीमा लिप्यन्तर गरी दिने,
- प्राचीन शिलालेखको संकलन गर्ने,
- अध्ययन अनुसन्धानका लागि स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरूलाई सहयोग पुऱ्याउने, आदि ।

राष्ट्रिय अभिलेखालयको काम, कर्तव्य र अधिकार :

राष्ट्रिय अभिलेखालय स्थापनाको धेरै काल बितिसक्दा पनि अभिलेख संरक्षण सम्वन्धी ऐन कानून नबन्दा कानूनी रूपमा यस संस्थाले धेरै नै जटिल समस्याहरूको सामना गर्नु पऱ्यो । तर २०४६ सालमा अभिलेख संरक्षण ऐन तथा २०६३ सालमा अभिलेख संरक्षण नियमावली आएपछि भने अभिलेख संकलन, संरक्षण र व्यवस्थापनका क्षेत्रमा खासै जटिलताको अनुभव गर्नु परेन । अभिलेख संरक्षण ऐन, २०४६ र नियमावली २०६३ ले यसको काम, कर्तव्य र अधिकार तोकिदिएपछि सोही कानूनको आधारमा आफ्नो काम कारबाहीलाई मूर्तरूप दिन सहज भएको छ । अभिलेख संरक्षण नियमावली २०६३ को दफा ३ बमोजिम राष्ट्रिय अभिलेखालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने उल्लेख छ :

क) अभिलेख आवश्यक अनुसार प्रकाशन गर्ने, गराउने,

ख) राष्ट्रिय अभिलेखालयको लागि उपयोगी हुने कुनै कागजात प्राप्त गर्ने वा प्रचलित कानून बमोजिम खरिद गर्ने,

ग) अभिलेखको माइक्रोफिल्म बनाउने,

घ) अभिलेख प्रकाशन गर्न कसैले माग गरेमा शर्त तोकी स्वीकृति दिने,

ङ) कागजात संरक्षण गर्ने सम्बन्धमा कुनै निकायलाई आवश्यक राय सुझाव दिने,

च) कागजात संकलन तथा संरक्षण गर्ने सम्बन्धमा

---

२ डंगोल, वलरामदास, अभिलेख अंक १, २०४० पृष्ठ १-२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

जनचेतना अभिवृद्धि गराउने,

छ) कागजात संरक्षण गर्ने सम्बन्धमा आवश्यक अन्य कार्य गर्ने,

राष्ट्रिय अभिलेखालयमा संकलित सम्पदाहरूको सामान्य जानकारी :

नेपालको इतिहास, धर्मसंस्कृति, कला तथा प्राचीन लिपिका अनेक विधाहरूसँग सम्बन्धित अनेकन सम्पदाहरूको खानी हो - राष्ट्रिय अभिलेखालय। यहाँ सातौं - आठौं शताब्दीदेखि बीसौं शताब्दीसम्मका प्राकृत, पाली, संस्कृत, मैथिली, नेवारी, तिब्वती लगायत विभिन्न भाषामा लेखिएका ग्रन्थहरू यहाँ संरक्षित छन्। प्राचीन देवनागरी, मैथली, नेवारी, बंगाली, उत्तर लिच्छवि आदि लिपिको प्रयोग गरी ज्यौतिष, आयुर्वेद योग, धर्मशास्त्र, पुराण, दर्शन, तन्त्र, कर्मकाण्ड, साहित्य, व्याकरण इतिहास आदि विषयसँग सम्बन्धित ग्रन्थहरू ताडपत्र, भोजपत्र, नीलपत्र, नेपाली कागज, थ्यासफू आदि सामग्रीमा लेखिएका छन्।[३]

राष्ट्रिय अभिलेखालयको संकलनमा करिब ३० हजार हस्तलिखित ग्रन्थहरू छन्। एघारौं-बाह्रौं शताब्दीदेखि उन्नाइसौं शताव्दीसम्मका इतिहास धर्म संस्कृतिसँग सम्बन्धित तिब्वती लिपि एवं भाषाका लगभग ८ हजार हस्तलिखित एवं ब्लक प्रिन्ट ग्रन्थहरू पनि यसको संकलनमा रहेका छन्। राष्ट्रिय अभिलेखालय, केशर पुस्तकालय, देशका विभिन्न भूभागमा अवस्थित मठमन्दिर, गुम्बाहरू त्था विभिन्न व्यक्तिहरूको निजी संग्रहमा संरक्षित मूल ग्रन्थहरूको माइक्रोफिल्म गरी संग्रह गरिएको छ। यस्ता माइक्रोफिल्महरूमा करिब १ लाख ८१ हजार ग्रन्थहरू छवीकृत गरिएका छन्।[४]

राष्ट्रिय अभिलेखालयको संकलनमा रहेका सवैजसो अभिलेखहरूको आ-आफ्नै विशिष्टता छ, कुनै अभिलेख लिपिका दृष्टिले महत्त्वपूर्ण छ भने कुनै विषयका दृष्टिले त कुनै भाषा, लेख्य सामग्री, इतिहास, धर्म तथा दर्शनको अध्ययनका दृष्टिले महत्त्वपूर्ण देखिन्छ। सबै अभिलेखहरू अद्वितीय भएकाले कुन भन्दा कुन महत्त्वपूर्ण छ भन्न कठिन छ, तर पनि ८१० ईस्वीको उत्तरलिच्छवि लिपिमा लेखिएको **स्कन्दपुराण**, ८ औं शताब्दीकै ताडपत्रमा लेखिएको उत्तरलिच्छवि लिपिको बौद्धदर्शनको **सद्धर्मपुण्डरिकसूत्र,** ११ औं शताव्दीतिरको पाली भाषामा ताडपत्रमा लेखिएको **विनयपिटक**, यस्तै १२ औं शताब्दीमा शारदा लिपिमा लेखिएको **कारण्यव्यूहसूत्र** (जुन नेपालमा प्राप्त कागजमा लेखिएको सबैभन्दा पुरानो हस्तलिखित ग्रन्थको रूपमा प्रसिद्ध छ), सन् १३८० को जयस्थिति मल्लको वैधानिक कानून **न्यायविकासिनी** (मानवधर्म न्यायशास्त्र, जसलाई संसारकै प्राचीन लिखित कानून मध्ये एक मानिन्छ), नेपाल सम्वत् २८ को ग्रन्थ **लंकावतार**, नवौं शताब्दीको शैवतन्त्र सम्बन्धी ग्रन्थ **निश्वासतत्व संहिता** (जसलाई युनेस्कोले मेमोरी अफ वर्ल्ड रजिष्टरमा सूचीकृत समेत गरेको छ), आदि ग्रन्थहरू विश्वमै प्रसिद्धि कमाएका, संसारले नै गौरव गरेका र विश्वकै अमूल्य सम्पतिका रूपमा रहेका छन्।[५]

यसैगरी यसको संकलनमा पृथ्वीनारायण शाहको दिव्य उपदेशको हस्तलिखित प्रति, ऐतिहासिक कागजपत्रहरू जस्तै : लालमोहर, सन्धिसम्झौता, ऐतिहासिक चिठ्ठीपत्रहरू, स्याहामोहर, खड्ग निशाना, सनद, सवाल, चिठ्ठीपत्र, सन्धिपत्र, इच्छापत्र, द्विछापे, रूक्का, इस्तिहार आदि रहेका छन्। यसका अतिरिक्त लगभग ३ हजार शिलापत्रका रविङ्गहरू, भूमि सम्बन्धी कागजपत्रहरू, निजामती कितावखानाका सिटरोलहरू (१९०५ सालदेखि २००२ सालसम्मका) प्रकाशनकै समयदेखिका गोरखापत्रहरू र हुलाक टिकटहरू रहेका छन्। वि.सं. २०७२ साल असोज ३ गते संविधान सभाबाट जारी भएको नेपालको संविधानको प्रमाणित

३ षष्ठ लगतमा दर्ता गरिएका हस्तलिखित ग्रन्थहरुको सूची, २०७२/७३ पृष्ठभूमि, पृष्ठ ii

४ पूर्ववत्, ऐजन

५ पूर्ववत्, ऐजन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राष्ट्रिय अभिलेखालयको वर्तमान सांगठनिक संरचना :

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय

प्रमुख
शिक्षा सेवा, पुरातत्त्व समूह रा.प.द्वि. (प्रा.)

अभिलेख शाखा
प्रमुख अभिलेख अधिकृत १
शिक्षा सेवा, पुरातत्त्व समूह रा.प. द्वि. (प्रा.)

अभिलेख उपशाखा
अभिलेख अधिकृत १
शिक्षा सेवा, पुरातत्त्व समूह, पुरातत्त्व उपसमूह रा.प. तृ. (प्रा.)
लिपि विषेशज्ञ १
शिक्षा सेवा, पुरातत्त्व समूह, पुरातत्त्व उपसमूह रा.प.तृ. (प्रा.)
तिब्बती भाषा सहायक १
शिक्षा सेवा, पुरातत्त्व समूह, पुरातत्त्व उपसमूह रा.प.अनं. प्र. (प्रा.)
लेखक १
शिक्षा सेवा, पुरातत्त्व समूह, पुरातत्त्व उपसमूह रा.प.अनं. द्वि. (प्रा.)

रसायन उपशाखा
रसायनविद् १
विविध सेवा, रा.प.तृ. (प्रा.)
ई. इन्जिनियर १
इन्जिनियर सेवा, ईलेक्ट्रिक समूह (रा. प.तृ. (प्रा.)
सहायक रसायनविद १
इन्जिनियर सेवा, केमेष्ट्रि समूह, रा. प. अनं. प्र.(प्रा.)
सि. बुक वाइण्डर १
शिक्षा सेवा, मुद्रण व्य.समूह, मु. व्य. उपसमूह रा.प.अनं. द्वि. (प्रा.)
ल्याव असिष्टेण्ट १
इन्जिनियर सेवा, केमेष्ट्रि समूह, रा. प. अनं. द्वि.(प्रा.)

हस्तलिखित उपशाखा
अनुसन्धान अधिकृत २
शिक्षा सेवा शिक्षा प्रशासन समूह, संस्कृत उप समूह, रा.प.तृ. (प्रा.)
अनुसन्धान सहायक............१
शिक्षा सेवा, पुरातत्त्व समूह, पुरातत्त्व उप समूह, रा.प.अनं. प्र. (प्रा.)
लेखक २
शिक्षा सेवा, पुरातत्त्व समूह, पुरातत्त्व उपसमूह, रा.प.अनं. द्वि. (प्रा.)

पुस्तकालय उपशाखा
पुस्तकालय अधिकृत १
शिक्षा सेवा पुस्तकालय विज्ञान समूह, रा.प.तृ. (प्रा.)
लेखक समूह १
शिक्षा सेवा, पुरातत्त्व समूह, पुरातत्त्व उपसमूह, रा.प.अनं. द्वि. (प्रा.)

प्रशासन उपशाखा
नायव सुब्बा २
प्रशासन सेवा, सा. प्रशासन समूह, रा.प.अनं. प्र.(प्रा.)
स्टोर किपर १
प्रशासन सेवा, सा. प्रशासन समूह, रा.प.अनं. प्र.(प्रा.)
टाईपिष्ट १
प्रशासन सेवा, सा. प्रशासन समूह, श्रेणी वेग अनुसार
हलुका सवारी चालक............१
प्रशासन सेवा, सा. प्रशासन समूह, श्रेणी विहीन
पियन, पुस्तके, माली, स्वीपर ...६
प्रशासन सेवा, सा. प्रशासन समूह, श्रेणी विहीन

माईक्रोफिल्म शाखा
प्रमुख छविकार १
शिक्षा सेवा, कला समूह, छविकला उप समूह रा.प.द्वि. (प्रा.)
रिप्रोग्राफर १
सेवा सेवा, कला, समूह, छविकला उप समूह, रा.प.तृ. (प्रा.)
छविकार १
शिक्षा सेवा, कला समूह, छविकला उप समूह रा.प.तृ. (प्रा.)
माइक्रोफिल्मिष्ट १
शिक्षा सेवा, कला समूह, छविकला उप समूह, रा.प.अनं. प्र.(प्रा.)
ल्याव असिष्टेण्ट २
शिक्षा सेवा, कला समूह, छविकला उप समूह, रा.प.अनं. द्वि. (प्रा.)

आर्थिक प्रशासन उपशाखा
लेखा अधिकृत १
प्रशासन सेवा, लेखा समूह, रा.प.तृ. (प्र.)
लेखापाल १
प्रशासन सेवा, लेखा समूह, रा.प.अनं.प्र.(प्र.)

(स्रोत: राष्ट्रिय अभिलेखालय, प्रशासन)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रतिसमेत संरक्षणका लागि राष्ट्रिय अभिलेखालय सुरक्षित छ । त्यस्तै मुन्सीखाना जैशीकोठा हुँदै परराष्ट्र मन्त्रालयमा रहेका लगभग १२०० पोकामा रहेका ऐतिहासिक कागजपत्रहरू वि.सं. २०६७ सालमा राष्ट्रिय अभिलेखालयमा स्थानान्तरण गरिएका छन् ।[६] र हाल ती कागजातको वर्गीकरण गरी अभिलेख संरक्षण ऐन अनुसार व्यवस्थापन गर्न परराष्ट्र मन्त्रालय र राष्ट्रिय अभिलेख बीच सम्झौता भई कागजात रूजु एवं वर्गीकरण गर्ने कार्यसमेत सम्पन्न भइसकेको छ ।

राष्ट्रिय अभिलेखालयका शाखा -उपशाखाहरूको सामान्य जानकारी :

राष्ट्रिय अभिलेखालयमा हाल अभिलेख शाखा र माइक्रोफिल्म शाखा गरी २ महत्त्वपूर्ण प्राविधिक शाखाहरू रहेका छन् । यी शाखाहरू मध्ये पनि अभिलेख शाखाको क्षेत्राधिकार व्यापक देखिन्छ । प्रमुख अभिलेख अधिकृतको मातहतमा रहेको यस शाखा अन्तर्गत देहायबमोजिमका उपशाखाहरू रहेका छन् :

१) अभिलेख उपशाखा

२) हस्तलिखित उपशाखा

३) रसायन उपशाखा

४) पुस्तकालय उपशाखा

१) अभिलेख उपशाखा :

विशेषतः नेपालमा प्राप्त भएका अभिलेख तथा ऐतिहासिक कागजपत्रहरूको संकलन, संरक्षण, सवर्द्धन तथा व्यवस्थापन गर्ने उद्देश्य बोकेको यस उपशाखाले प्राचीन तथा अर्वाचीन अभिलेखहरूको संरक्षण एवं व्यवस्थापनको कार्य गर्दै आएको छ । एकजना अभिलेख अधिकृतले जिम्मेवारीमा रहेको यस उपशाखामा राष्ट्रिय अभिलेखालयको स्ट्याकहलमा रहेका ८ वटा फाँटहरू मध्ये -

क) अभिलेख फाँट

ख) कुमारीचोक फाँट - १

ग) कुमारीचोक फाँट - २ को जिम्मेवारी रहेको छ ।

स्ट्याकहलको अभिलेख उपशाखा ३ वटै फाँटहरू विशेषतः निम्नलिखित अभिलेखहरू रहेका छन् :[७]

१) विभिन्न कालका शिलालेखहरूको उतार,

२) विभिन्न मितिका तामपत्रहरू,

३) ताडपत्रमा लेखिएका तमसूकहरू,

४) ऐतिहासिक चिठ्ठीपत्रहरू,

५) निजामती कितावखानाका रेकर्डहरू,

६) गोरखापत्र तथा राइजिङ्ग नेपालका प्रतिहरू,

७) प्रथम जनमत संग्रह सम्बन्धी कागजात,

८) कुमारी चोकबाट ल्याइएका भूमि सम्बन्धी कागजात,

९) लालमोहर, रूक्का, सनदसवाल आदि ।

यस उपशाखा अन्तर्गत तिब्बती सहायकको जिम्मेवारीका एउटा तिब्बती फाँट पनि रहेको छ । यस तिब्वती फाँटमा विभिन्न कालखण्डमा संकलित भएका करिब ८ हजार भन्दा बढी तिब्वती भाषा र लिपिमा लेखिएका ग्रन्थहरू छन् । यी ग्रन्थहरू तिब्वती धर्म संस्कृति र कलाका अमूल्य निधिहरू हुन् ।

यस अभिलेख उपशाखा अन्तर्गत रहेका फाँटहरूका ऐतिहासिक कागजात न्यायालयमा समेत प्रमाणका रूपमा पेश गर्न सकिने भएकाले न्याय प्राप्तिका लागि समेत यस उपशाखा अन्तर्गत रहेका फाँटहरूको विशेष महत्त्व छ ।

२) हस्तलिखित उपशाखाः

हस्तलिखित उपशाखा रहेका हस्तलिखित ग्रन्थहरू नै वास्तवमा राष्ट्रिय अभिलेखालयका गौरव हुन् । त्यसैले त यसलाई राष्ट्रिय अभिलेखालयको मूल ढुकुटी मानिन्छ । वीर पुस्तकालयबाट ल्याइएका प्राचीन हस्तलिखित ग्रन्थहरूको संकलन यस

६ पूर्ववत्, ऐजन

७ डंगोल, बलरामदास, अभिलेख अंक १, २०४० पृष्ठ ५

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उपशाखाको जिम्मेवारीमा रहेको छ । ३० हजारभन्दा बढी हस्तलिखित ग्रन्थहरूको विशाल भण्डार रहेको यस उपशाखामा हाल दुई जना अनुसन्धान अधिकृतको मातहतमा ४ वटा फाँटहरू रहेका छन्:

क) ज्यौतिष फाँट

ख) धर्मशास्त्र फाँट

ग) तन्त्र फाँट

घ) दर्शन फाँट

प्राचीन धर्म संस्कृति, वेद, पुराण, इतिहास र प्राच्य दर्शनका ज्ञानराशीहरूको अपार भण्डारले सुसज्जित यी फाँटहरूमा रहेका ज्ञानसम्पदाको संरक्षण र व्यवस्थापन गर्नु हस्तलिखित उपशाखाको मूल जिम्मेवारी रहेको छ । स्वदेशी तथा विदेशी जिज्ञासुहरूको ज्ञानचक्षुलाई तेजिलो बनाउनमा यस शाखाको भूमिका अद्वितीय छ ।

३) रसायन उपशाखा :

राष्ट्रिय अभिलेखालयको मुख्य कार्य नै यहाँ रहेका अभिलेखहरूको संरक्षण भएकाले पनि यस रसायन उपशाखाको भूमिका महत्त्वपूर्ण छ । राष्ट्रिय अभिलेखालयमा रहेका ऐतिहासिक कागजपत्रहरूको संरक्षण र संवर्द्धन गर्नका लागि यस उपशाखामा रसायनविद्‌को नेतृत्वमा अन्य दुई रसायन विज्ञान पढेका सहायक कर्मचारीहरू तैनाथ रहन्छन् । यस उपशाखामा विशेषत: अभिलेख उपशाखा र हस्तलिखित उपशाखाको जिम्मेवारीमा रहेका ऐतिहासिक कागजात तथा हस्तलिखित ग्रन्थको संरक्षणका लागि रसायनिक प्रविधिको प्रयोग गरी कागजातमा लाग्ने ढुसी हटाउने, च्यातिएका कागजपत्र मिलाउने, ग्रन्थहरूको गाताचित्रको संरक्षण गर्नेलगायतका कार्य गर्दै आएको छ । यसका अतिरिक्त यसै उपशाखाले गोरखापत्र संस्थानबाट नियमितरूपमा आउने गोरखापत्र तथा द राइजिङ्ग नेपाल पत्रिकाको वाइण्डिङ्ग गर्ने कार्यसमेत गर्दछ । यस उपशाखाले ऐतिहासिक अभिलेख र हस्तलिखित ग्रन्थहरूको संरक्षणमा अतुलनीय भूमिका निर्वाह गर्दै आएको छ भन्दा अत्युक्ति नहोला ।

४) पुस्तकालय उपशाखा :

यस राष्ट्रिय अभिलेखालयको हस्तलिखित उपशाखालाई हस्तलिखित ग्रन्थहरूको पुस्तकालय मान्न सकिन्छ किनकि यस उपशाखामा हस्तलिखित ग्रन्थहरू मात्रै राखिन्छ । त्यस बाहेक राष्ट्रिय अभिलेखालय प्राप्त हुने अन्य मुद्रित ग्रन्थहरूका लागि एउटा पुस्तकालय उपशाखा रहेको छ । यस पुस्तकालय उपशाखामा इतिहास, संस्कृति धर्म-दर्शन लगायतका विषयसँग सम्बन्धित हजारौं पुस्तकहरू संग्रहित छन् । एक पुस्तकालय अधिकृतको जिम्मेवारी यस उपशाखाले आगन्तुक सेवाग्राही तथा पुस्तकप्रेमीहरूलाई आफ्नो सेवा प्रदान गर्दै आएको छ ।

माइक्रोफिल्म शाखा :

माइक्रोफिल्म अभिलेख तथा हस्तलिखित ग्रन्थ संरक्षण गर्ने एउटा आधुनिक प्रविधि हो । यो अभिलेख संरक्षणको सशक्त माध्यम पनि हो । हाम्रा ज्ञानसम्पदालाई प्रविधिको माध्यमबाट अनन्तकालसम्म बचाई राख्न यसको विशेष भूमिका हुन्छ । माइक्रोफिल्म गरिएका सामग्रीहरू अध्ययन अनुसन्धान गर्नका साथै प्रिन्ट निकाल्नसमेत सहज हुने भएकाले मूल कृतिलाई क्षति हुनबाट समेत बचाउँछ । यसकै सहायताले हस्तलिखित ग्रन्थहरू तथा अन्य अभिलेखसँग सम्बन्धित कागजातको सुरक्षार्थ नै यस माइक्रोफिल्म शाखाको गठन भएको हो । यस शाखाले ऐतिहासिक कागजातको माइक्रोफिल्म गर्नुका साथै डिजिटाइजेशन कार्यसमेत गर्दछ । यसका साथै सेवाग्राहीलाई यस शाखाले माइक्रोफिल्म अध्ययनको व्यवस्था मिलाउनुका साथै मागअनुसार रिडर प्रिन्टसमेत उपलब्ध गराउँदै आएको छ। हाल प्रमुख छविकारको नेतृत्वमा रहेको यस शाखाले छविकला सम्बन्धी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अन्य आवश्यक कार्यहरू समेत गर्दछ ।

नेपालमा माइक्रोफिल्मको अवधारणा २०१८ सालमा भारतीय सहायता नियोगद्वारा वीर पुस्तकालयमा रहेका प्राचीन हस्तलिखित ग्रन्थहरूको माइक्रोफिल्म लिने कार्यबाट आरम्भ भएको भएता पनि विस्तृत तरिकाबाट माइक्रोफिल्म लिने कार्य २०२७ सालबाट मात्र शुरू भयो । २०२७ सालमा जर्मन ओरियन्टल सोसाइटी र पुरातत्त्व विभागबीच सम्झौता भई माइक्रोफिल्मको कार्यारम्भ भएको देखिन्छ । नेपाल जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना (NGMPP) का नामले परिचित यस परियोजनाको आरम्भ तत्कालीन राष्ट्रिय अभिलेखालय प्रमुख बुद्धिसागर पराजुलीको कार्यकालमा भएको थियो । करिब ३० वर्ष (सन् १९७०-२००१) सम्म सञ्चालित यस परियोजनाको मुख्य जिम्मेवारी राष्ट्रिय अभिलेखालयमा रहेका सम्पूर्ण ग्रन्थहरूको माइक्रोफिल्म गर्ने र मूल ग्रन्थहरूलाई नष्ट हुनबाट बचाउन रसायनिक प्रक्रियाबाट सुरक्षित राख्ने थियो । यस परियोजनाले देशका विभिन्न भू-भागमा छरिएर रहेका करिब २ लाख ग्रन्थको माइक्रोफिल्महरू तयार गर्न सफल भएकाले यसका केही सकारात्मक प्रभावहरू देखिएका छन् । यदि समयमै माइक्रोफिल्म तयार गर्न सफल नभएको भए तेङबोचे गुम्वामा आगलागीबाट नष्ट भएका ग्रन्थहरूको सट्टा प्रतिलिपि पनि राख्न सकिने थिएन । साथै राष्ट्रिय अभिलेखालयबाट सन् १९७० को ताका तिरै हराएका चार थान दुर्लभ हस्तलिखित गाताचित्रहरू (शिवधर्म संग्रह, विष्णुधर्म, भागवतपुराण र विष्णुधर्म (फरक लगतको) हाम्रै ग्रन्थका ग्रन्थचित्रहरू हुन् भनी दावी गर्न सकिने आधार हुने थिएन । यसकारणले पनि माइक्रोफिल्मको महत्त्व छ र माइक्रोफिल्म रिलहरूको संरक्षण र व्यवस्थापन गर्ने जिम्मा लिएर बसेको माइक्रोफिल्म शाखाको पनि महत्त्व छ ।

राष्ट्रिय अभिलेखालय प्राविधिक कार्यालय भएकोले पनि यसको अभिलेख शाखा र माइक्रोफिल्म शाखाको महत्त्व त छ नै यसका अलावा दैनिक प्रशासनिक कार्य सञ्चालन गर्नका लागि कार्यालय प्रमुखको मातहतमा प्रशासन उपशाखा र आर्थिक प्रशासन उपशाखा पनि छ । यी दुवै उपशाखाले यस कार्यालयमा आवश्यक प्रशासनिक तथा आर्थिक कारोबारको कार्य गर्दछन् ।

राष्ट्रिय अभिलेखालयका हालसम्म प्रमुख उपलब्धिहरू :

२०२४ सालमा स्थापना भएको राष्ट्रिय अभिलेखालयले आफ्नो स्वर्ण जयन्ती मनाइरहँदा यस कार्यालयले हासिल गरेका उपलब्धिहरूको चर्चा गर्नु पनि सान्दर्भिक नै देखिन्छ । यस कार्यालयले हासिल गरेका उपलब्धिहरूलाई देहायबमोजिम बुँदागतरूपमा प्रस्तुत गर्न सकिन्छ :

- वि.सं. २०२७ (सन् १९७०) सालमा जर्मन ओरियन्टल सोसाइटीसँग सम्झौता गरी यस कार्यालयमा रहेका हस्तलिखित ग्रन्थहरूको माइक्रोफिल्म गर्ने कार्य आरम्भ भयो र सन् २००१ सम्म यसले निरन्तर काम गरिरह्यो ।
- वि.सं. २०४० सालमा अभिलेखालयको गतिविधिहरूको जानकारी प्रदान गर्न एवं नेपालका ऐतिहासिक दस्तावेजहरूको जानकारी अभिलेख पत्रिकामार्फत जनसाधारणलाई गराउने उद्देश्यका साथ अनुसन्धानमूलक पत्रिका अभिलेखको प्रकाशन आरम्भ भयो र हालसम्म पनि यो निरन्तर प्रकाशित भइरहेको छ ।
- वि.सं. २०४६ सालसम्म राष्ट्रिय अभिलेखालय कानूनी आधार विना नै चलिरहेको थियो तर २०४६ सालमा अभिलेख संरक्षण ऐन बने पनि यो संस्था कानूनी रूपमा समेत झन् बलियो बन्न पुग्यो । त्यसैगरी २०६३ मा आएको अभिलेख संरक्षण नियमावलीले त यस्तो कानूनी दायरालाई अझ फराकिलो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बनाइदियो । जस्मा भएका कानूनी व्यवस्थाले कार्यालयलाई मात्र होइन सेवाग्राहीलाई समेत सेवा लिने सहज वातावरण तयार भयो ।

- यस कार्यालयको स्थापना नै (अभिलेख संरक्षण ऐन २०४६ को दफा ३ अनुसार पनि) अभिलेखहरू व्यवस्थित र सुरक्षित तरिकाले राख्नको लागि भएकाले यसले स्थापना कालदेखि नै देशका विभिन्न भागमा छरिएर रहेका ऐतिहासिक कागजात र अभिलेखहरू संकलन गर्दै आएको छ । हाल पनि वार्षिकरूपमा अभिलेख संकलन, शिलालेख उतार र हस्तलिखित ग्रन्थ खरिदका लागि बजेट छुट्याई अभिलेख तथा हस्तलिखित ग्रन्थको संकलन एवं संरक्षण गर्ने कार्य भइसकेको छ ।
- वि.सं. १८५५ देखि २००७ सम्मका कुमारी चोकमा रहेका भूमिसम्बन्धी कागजात यस कार्यालयमा हस्तान्तरण भई यसबाट सेवाग्राहीको सेवा पाइरहेका छन् ।
- सन् २००२ बाट नेपाल जर्मन हस्तलिखित सूची परियोजना (NGMCP) आरम्भ भई २०१४ सम्ममा यसले माइक्रोफिल्म भएका हस्तलिखित ग्रन्थहरूको सूची तयार गऱ्यो ।
- परराष्ट्र मन्त्रालय र राष्ट्रिय अभिलेखालयबीच सम्झौता भई परराष्ट्रका कागजातको रूजु एवं वर्गीकरणको कार्य सम्पन्न भइसकेको छ ।
- यसैगरी भर्खरै (२०७५) गोरखापत्र संस्थान र यस कार्यालयबीच एक सम्झौता भई गोरखापत्रको डिजिटाइजेशन गर्ने कार्य आरम्भ भएको छ ।
- यस कार्यालयको स्ट्याकहलमा रहेका विभिन्न उपशाखाहरूको ऐतिहासिक कागजात तथा हस्तलिखित ग्रन्थहरूको संरक्षण लागि आधुनिक प्रविधिको आर्कइभल बक्स (Archival Box) मा ती अमूल्य ग्रन्थहरूलाई सुरक्षित रूपमा राख्न थालिएको छ ।
- यसै गरी मुलुक विभिन्न संघ संस्थासँग समन्वय गरी ती संस्थामा रहेका ऐतिहासिक कागजातको संरक्षण र संवर्द्धन गर्ने कार्यमा यो कार्यालय लागि रहेको छ । यसैक्रममा हाल मदन भण्डारी फाउण्डेशनको कार्य भइरहेको छ ।
- यसका साथै यस कार्यालयको प्रमुख उपलब्धिका रूपमा यसले समय समयमा सम्पादन तथा प्रकाशन गर्दै आएको दुलर्भ ग्रन्थहरूलाई समेत लिन सकिन्छ । पूर्वीय सभ्यताका सच्चा ज्ञान सम्पदाका रूपमा यस कार्यालयमा रहेका ग्रन्थहरूको सम्पादन तथा प्रकाशनले पक्कै पनि वर्तमानका लागि मात्र होइन भविष्यका पिंढीलाई समेत ज्ञानको दायरा फराकिलो पार्नमा सहयोगी भूमिका निर्वाह गर्ने नै छ ।

राष्ट्रिय अभिलेखालयबाट सम्पादित तथा प्रकाशित पुस्तकहरूको जानकारी :

क्र.सं.	पुस्तकको नाम	मूल्य रु.	आ.व. २०७३/७४ सम्म उपलब्ध पुस्तक संख्या
१	अभिलेख अंक १ (दोस्रो संस्करण)	१००।००	४८३
२	अभिलेख अंक २	१०।००	३३७
३	अभिलेख अंक ३	१०।००	१०१
४	अभिलेख अंक ४	१०।००	१९३
५	अभिलेख अंक ५	१०।००	१६७
६	अभिलेख अंक ६	१०।००	७९
७	अभिलेख अंक ७	१०।००	२०
८	अभिलेख अंक ८	१०।००	३६
९	अभिलेख अंक ९	१०।००	९०
१०	अभिलेख अंक १०	१०।००	१३०
११	अभिलेख अंक ११	१०।००	११३
१२	अभिलेख अंक १२	१०।००	१३४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१३	अभिलेख अंक १३	१०।००	१०२
१४	अभिलेख अंक १४	१०।००	१८४
१५	अभिलेख अंक १५	१०।००	५८
१६	अभिलेख अंक १६	२५।००	८१
१७	अभिलेख अंक १७	२५।००	१५६
१८	अभिलेख अंक १८	२५।००	१५१
१९	अभिलेख अंक १९	२५।००	१२४
२०	अभिलेख अंक २०	२५।००	६८
२१	अभिलेख अंक २१	२५।००	११७
२२	अभिलेख अंक २२	२५।००	६३
२३	अभिलेख अंक २३	२५।००	१४०
२४	अभिलेख अंक २४	२५।००	१५७
२५	अभिलेख अंक २५	२५।००	११९
२६	अभिलेख अंक २६	२५।००	१०८
२७	अभिलेख अंक २७	२५।००	१३०
२८	अभिलेख अंक २८	२५।००	१२४
२९	अभिलेख अंक २९	२५।००	१०५
३०	अभिलेख अंक ३०	२५।००	३७
३१	अभिलेख अंक ३१	२५।००	१९९
३२	अभिलेख अंक ३२	२५।००	१८०
३३	अभिलेख अंक ३३	१००।००	३३५
३४	अभिलेख अंक ३४	१००।००	२७०
३५	वौद्ध विषयक हस्तलिखित ग्रन्थहरूको सूचीपत्र	१५०।००	१५६
३६	देवनागरी लिपिको हस्तलिखित ग्रन्थहरू सूचीपत्र	२२५।००	६००
३७	Catalouge of Tibetan manuscripts vol 1	१७५।००	२५१
३८	Catalouge of Tibetan manuscripts vol 2	१७५।००	२८४
३९	Catalouge of Tibetan manuscripts vol 3	२००।००	३७२
४०	Catalouge of Tibetan manuscripts vol 4	२५०।००	३०६
४१	Catalouge of Tibetan manuscripts vol 5	२००।००	२३८
४२	Catalouge of Tibetan manuscripts vol 6	२००।००	२८०
४३	Catlouge of Guthi paper vol 1	३०।००	२२२
४४	Catlouge of Guthi paper vol 2	३०।००	२८२
४५	भूमिसम्वन्धी तमसुक १	३९।००	२०५

४६	भूमिसम्वन्धी तमसुक २	३९।५००	२४१
४७	भूमिसम्वन्धी तमसुक ३	३१।५००	२४१
४८	भूमिसम्वन्धी तमसुक ४	४०।००	२६४
४९	कान्तिपुर शिलालेख सूची २	१७५।००	४४०
५०	कान्तिपुर शिलालेख सूची ३	१७५।००	३९७
५१	कान्तिपुर शिलालेख सूची ४	१७५।००	३९१
५२	पुष्प चिन्तामणि	२३।००	३९
५३	हस्तमुक्तावली	१९।६०	३३३
५३	हस्तलिखित ग्रन्थहरूको सूचीपत्र भाग ३	१२।००	४००
५४	अश्वमेघीय यात्रा	१०।००	११४
५५	कृत्य वाटिका	२५।००	२४८
५६	वृहत् सूचीपत्र १	२७।५०	९५
५७	वृहत् सूचीपत्र ४	२२।५०	१०७
५८	वृहत् सूचीपत्र ५	२२।५०	२३०
५९	वृहत् सूचीपत्र ५	२२।५०	२३०
६०	वृहत् सूचीपत्र ७	२१।६०	१८०
६१	वृहत् सूचीपत्र ९	३०।०	२७२
६२	वृहत् सूचीपत्र १०	२३।५०	२८३
६३	व्रतकल्प लतिका	१८।००	४३२
६४	व्रतरत्न माला	३०।००	३२९
६५	हरमेखला पूर्वीखण्ड	२५।००	१७५
६६	ऐतिहासिक कुण्डली	४००।००	५०९
६७	सिद्धान्त सारिणी (दोस्रो संस्करण)	२००।००	३०९
६८	PAINTED ILLUSTRATIONS OF THE MANUSCRIPT COVERS IN NATIONAL ARCHIVES FROM NEPAL	१२१०।००	४४६
६९	SAARC Voyage form Banglore to Kathmandu	३०।००	
७०	नेपाल भाषामा लेखिएका हस्तलिखित अभिलेख ग्रन्थहरूको वर्णनात्मक सूचीपत्र	१७५।००	७२२
७१	श्रीमद्वराहमिहिराचार्य विरचितम्, विवाहपटलम्	२५।००	६५०
७२	वास्तुशास्त्रीय ग्रन्थहरूको संक्षिप्त अध्ययन	१००।००	१३२
७३	व्रहम् शान्ति		३०८
७४	श्री सर्पयामृतम्		२७६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

७५	हरमेखला मध्यखण्ड		३१५
७६	राजविधान सार		३५२
७७	आयुर्वेदसम्वन्धी हस्तलिखित ग्रन्थहरूको सूचीपत्र		१८३

(स्रोतः राष्ट्रिय अभिलेखालय, स्टोर)

यसका साथै राष्ट्रिय अभिलेखालयको अन्य ग्रन्थहरूको सम्पादन तथा प्रकाशन गरेको थियो तर कतिपय प्रकाशित पुस्तकहरू हाल उपलब्ध छैनन् । यसै वर्ष (आ.ब. २०७४/७५) पनि अभिलेखालयको निम्न ग्रन्थहरूको सम्पादन तथा कतिपयको प्रकाशनसमेत गर्दैछ :

- गुह्य समाज (सम्पादन)
- परातन्त्र (सम्पादन)
- कालीतत्व (सम्पादन)
- अनुपान मञ्जरी (सम्पादन))
- अर्जीण मञ्जरी (प्रकाशन)
- शिवधर्मोत्तर पुराण (प्रकाशन)
- वास्तुशास्त्र (प्रकाशन)
- लिपि स्रोत पुस्तिका (प्रकाशन)
- लिपि विकास तालिका (प्रकाशन)
- Catalouge of Tibetan texts volume 7 (प्रकाशन)

राष्ट्रिय अभिलेखालयका हालसम्मका कार्यालय प्रमुखहरू :

राष्ट्रिय अभिलेखालयको ५० वर्षे कार्यकालमा यसको श्रीवृद्धिमा निःसन्देह कार्यालय प्रमुखदेखि कार्यालय सहयोगीसम्मको महत्त्वपूर्ण भूमिका रहेको छ। यस कार्यालयको प्रगति र उन्नतिका लागि आफ्नो ज्ञान र सिपको प्रयोग गरी अवर्णनीय कार्य गर्ने महानुभावहरूको योगदानलाई इतिहासले सदैव सम्झिरहनेछ । अतः विगतदेखि वर्तमानसम्मका सबै अभिलेखालयका कर्मचारीहरूलाई सम्झदै सबैको प्रतिनिधिका रूपमा स्थापनाकालदेखि हालसम्म यस कार्यालयको नेतृत्व गर्ने कार्यालय प्रमुखहरूको नामावली र कार्यकाल देहायबमोजिम प्रस्तुत गरिएको छ : [८]

क.सं.	कार्यालय प्रमुख	कार्यकाल
१.	श्री वृद्धिसागर पराजुली	वि.सं. २०२४-२०३३
२.	श्री बलरामदास डंगोल	वि.सं. २०३३-२०४८
३.	श्री सानीमैया राणा	वि.सं. २०४८-२०५४
४.	श्री सानुनानी कंसाकार	वि.सं. २०५४ -२०५७
५.	श्री विष्णुकान्त शर्मा (नि.प्रमुख)	वि.सं. २०५७ -२०५८
६.	श्री सरला मानन्धर	वि.सं. २०५८ - २०६३
७.	श्री भीमप्रसाद नेपाल	वि.सं. २०६३ -२०६७
८.	श्री प्रकाश दर्नाल	वि.सं. २०६८-२०७२ असोज
९.	श्री सौभाग्य प्रधानाङ्ग	वि.सं. २०७२ असोज देखि हालसम्म

राष्ट्रिय अभिलेखालयले प्रदान गर्दै आएको सेवा प्रवाह :

राष्ट्रिय अभिलेखालय ऐतिहासिक अभिलेख तथा हस्तलिखित ज्ञान सम्पदाको भण्डार भएकाले पनि अध्ययन अनुसन्धानमा रूचि राख्नेहरूका लागि यो ज्ञान मन्दिर हो । यस ज्ञानमन्दिरमा आएर थुप्रै जिज्ञासुहरूले ज्ञान प्राप्त गरेका छन् । आफ्नो स्थापना कालदेखि नै राष्ट्र र जनताको सेवामा समर्पित यस कार्यालयले प्रदान गर्दै आएको सेवा प्रवाहलाई बुँदागत रूपमा देहायबमोजिम प्रस्तुत गर्न सकिन्छ :

- अभिलेख तथा हस्तलिखित ग्रन्थहरूको अध्ययन, अनुसन्धानका लागि सहजीकरण एवं व्यवस्थापन,
- हस्तलिखित उपशाखाको संकलनमा रहेका पञ्चाङ्ग अध्ययन तथा प्रतिलिपि मागकर्ताहरूको आवश्यकताको सम्बोधन,
- पञ्चाङ्गका आधारमा मिति रूपान्तरण सेवा,
- कुमारीचोकका ऐतिहासिक कागजातको अध्ययन एवं प्रतिलिपि उपलब्ध गराउने सेवा,
- गोरखापत्र तथा 'द राइजिङ्ग नेपाल' पत्रिकाको अध्ययन, अवलोकन तथा प्रतिलिपि सेवा,
- विभिन्न व्यक्ति तथा संस्थाबाट आएका प्राचीन ग्रन्थ तथा अभिलेखहरूको लिप्यन्तर तथा भाषान्तर सेवा,
- माइक्रोफिल्म गरिएका ग्रन्थहरूको रिडर प्रिन्ट तथा मूल ग्रन्थहरूको डिजिटाइनेशन सेवा,

८ हराएका गाताचित्र सम्बन्धी प्रतिवेदन २०६९, पृष्ठ ६, ७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

- माइक्रोफिल्म नगरिएका विभिन्न विषयका मूल ग्रन्थहरूको अध्ययन सेवा,
- पुस्तकालय सेवा,
- यसका साथै यस कार्यालयले विभिन्न विभाग तथा कार्यालयसँग समन्वय गरी त्यहाँका कर्मचारी साथीहरूलाई अभिलेखको संकलन, संरक्षण तथा व्यवस्थापन सम्बन्धी प्राविधिक एवं जानकारीमूलक सन्देश प्रवाह गर्दै आएको छ।
- यस कार्यालयले प्रदान गर्ने सेवाहरू प्राविधिक प्रकृतिका बढी भएकाले र प्राचीन दुर्लभ सामाग्रीहरूको सेवा प्रदान गर्ने भएकाले पनि अभिलेख संरक्षण नियमावलीको अनुसूची २ (नियम ६ सँग सम्बन्धित) मा अभिलेख सार्न वा प्रतिलिपि लिन लाग्ने दस्तुर निर्धारण गरिएको छ, जसअनुसार देहायबमोजिमको दस्तुर तिरी सेवाग्राहीले सेवा लिन सक्ने व्यवस्था मिलाइएको छ :

		स्वदेशीका लागि रु. राजश्व दस्तुर	स्वदेशीका लागि रु. लागत दस्तुर	विदेशीका लागि रु. राजश्व दस्तुर	विदेशीका लागि रु. लागत दस्तुर
क) अभिलेख सार्न					
(लिप्यन्तर र भाषान्तर)	प्रति पृष्ठ	५०।-	१००।-	१००।-	१००।-
ख) अभिलेखको प्रतिलिपि लिन					
१. पोजेटिभ माइक्रोफिल्मबाट	प्रति फिट	–	३०।-	–	५५।-
	प्रति पृष्ठ	१५।-	–	२५।-	–
२. माइक्रोफिल्म रिडरप्रिन्टबाट	प्रति पृष्ठ	१५।-	२०।-	२५।-	३५।-
३. डिजिटल क्यामेराबाट	प्रति स्न्याप	१५।-	६०।-	२५।-	१००।-
४. फोटो कपीबाट					
(मुद्रित र माइक्रोफिल्म नभएका अन्य कागजात मात्र)	प्रति पृष्ठ	१०।-	५।-	२०।-	१५।-

राष्ट्रिय अभिलेखालयको हालका समस्या र चुनौती :

राष्ट्रिय अभिलेखालय नेपालको सरकारी कार्यालयहरूमा कार्य प्रकृतिका हिसाबले एक महत्त्वपूर्ण कार्यालय हो तर नेपालको प्रशासनिक वृत्तमा यसले विदेशका अभिलेखालयले पाउने गरेको जस्तो उचाइ पाउन सकेको छैन। हुन त गाँस, बास र कपासकै लागि संघर्षरत यो देशमा अनुसन्धान एवं शोधको पाटो गौण नै देखिन्छ। त्यसमा पनि कार्यालय स्तरको निकाय भएकाले पनि होला अन्य सरकारी निकायबाट वा भनौं राज्यको उपल्लो तहबाट यसलाई हेर्ने नजर नै फरक छ। सांगठनिक रूपले दुब्लो यस कार्यालयमा पूर्वीय सभ्यताको अजस्र खानी छ भन्दा धेरैलाई आश्चर्य लाग्न सक्छ। त्यसैले माथिल्लो निकायबाट सधैं ओझेलमा पर्दै आएको यस कार्यालयका सामु अनेक समस्या एवं चुनौतीको भीमकाय पहाड उपस्थित छ। यस कार्यालयले भोग्दै आएका प्रमुख समस्या र चुनौतीहरू देहायबमोजिम छन् :

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

- कुनै पनि कार्यालयका मेरूदण्ड भनेका त्यहाँ कार्यरत दक्ष कर्मचारी नै हुन् । अझ यो जस्तो प्राविधिक विषयको जानकार कर्मचारी चाहिने कार्यालयमा कर्मचारीको अभाव हुँदा महत्त्वपूर्ण कार्यमा समेत बाधा उत्पन्न हुने सम्भावना रहन्छ । दुःखका साथ भन्नु पर्छ विगत लामो समयदेखि यस कार्यालयमा लिपि विशेषज्ञ र रसायनविद् जस्तो महत्त्वपूर्ण पदमा कर्मचारी नियुक्त हुन सकेको छैन । प्राविधिक कारणबाट नियुक्त हुन नसकेका कारणले कार्यालयको काममा यसले ठूलो प्रभाव पार्दै आएको छ ।
- तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीको मन्त्रिपरिषद्को निर्णयबाट यस कार्यालयको जग्गा जमिन आदि भौतिक सम्पति सर्वोच्च अदालतको स्वामित्वमा राख्ने जुन निर्णय भयो त्यो यस संस्थाको प्राविधिक तथा ऐतिहासिक अभिलेखको महत्तालाई विश्लेषण नगरिकनै हठात्मा लिइएको निर्णय भएकाले पनि त्यो निर्णय त्रुटिपूर्ण देखिन्छ । त्यस निर्णयलाई सच्याउनु जरूरी छ । यदि निर्णय नसच्याउने हो भने पनि यस संस्थाको स्थानान्तरणमा ठूलो समस्या देखिन्छ । यो समस्या केवल यस कार्यालयको समस्या होइन सिङ्गो सरकारका लागि यो विषय टाउको दुखाइको विषय बनेको छ किनकि अन्य कार्यालय जस्तो स्थानान्तरणका लागि सहज कार्यालय यो होइन, यस कार्यालयमा रहेका अनेकौं ऐतिहासिक अभिलेख, हस्तलिखित ग्रन्थहरू तथा माइक्रोफिल्म गरिएका रिलहरूको व्यवस्थापन गर्नु चानचुने कुरो होइन । फेरि निश्चित तापक्रम र आद्रतामा यहाँका अभिलेखहरू राख्नु पर्ने हुनाले सोही बमोजिमको भौतिक पूर्वाधार खडा गर्नु राज्यका लागि समेत चुनौतीपूर्ण छ ।
- यस कार्यालयलाई अभिलेख संरक्षण ऐन, २०४६ बमोजिम २५ वर्ष पुराना राष्ट्रिय महत्त्वका कागजात संकलन गरी सार्वजनिक अभिलेख व्यवस्थापन कार्यालय (Public Record management office) बनाउनु पर्ने हो । तर यसको सांगठनिक हैसियत कमजोर भइदिँदा भूमिसुधार तथा व्यवस्थापन विभाग, संसद सचिवालय, गुठी संस्थान जस्ता अभिलेख संरक्षण गर्दै आएका कार्यालयहरूले त्यहाँका अभिलेखहरू एक प्रति पनि यस कार्यालयलाई उपलब्ध नगराई आफैँ संकलन र संरक्षण गर्दै आएको देखिन्छ । कतिपय स्थानमा ती अभिलेखहरू बेवारिसे अवस्थामा रहेको देखिन्छ । ती अभिलेखहरूलाई आपसी सहकार्यमा यस कार्यालयमा ल्याई तिनको संरक्षण गर्ने कार्य चुनौतीले भरिएको छ ।
- यसका साथै सबैभन्दा मुख्य समस्या त आजको संघीय नेपालमा यस कार्यालयको हैसियत के हुने हो ? भन्ने हो । विश्वका कतिपय संघीय राज्यहरूमा समेत अभिलेखालयलाई स्वायत्त निकायका रूपमा कार्य गर्न दिएको देखिन्छ । तर हाम्रो देशको समय, परिस्थितिले के गर्छ त्यो हेर्न बाँकी छ । पत्रपत्रिकामा आएका विविध समाचार र मान्छेका मनगणन्ते तर्कहरूको पछि नलाग्दा पनि अभिलेखालयप्रेमीहरूको निम्ति संघीयताको सन्दर्भमा राष्ट्रिय अभिलेखालयको भूमिका के होला ? भन्ने चिन्ताले सताएको देखिन्छ । राष्ट्रिय अभिलेखालयलाई स्वतन्त्र एवं स्वायत्त निकायका रूपमा स्थापित गरी यसको इतिहासलाई जीवन्त राख्नु वर्तमान समयको प्रमुख चुनौती हो ।

निष्कर्ष :

राष्ट्रिय अभिलेखालय अध्येता, अनुसन्धाता, विद्वत्वर्ग तथा प्राचीन सभ्यताको बारेमा ज्ञान लिन चाहने जिज्ञासुहरूको लागि अद्वितीय पाठशाला हो । यस कार्यालयमा रहेका प्राच्य धर्म दर्शनका हस्तलिखित ग्रन्थहरू पूर्वीय सभ्यताका धरोहर हुन् । यहाँ रहेका ऐतिहासिक कागजात एवं अभिलेखहरू इतिहासका प्रमाणिक स्रोतहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हुन् । आफ्नो स्थापनाको स्वर्णजयन्ती मनाइरहँदा यस कार्यालयले नेपालको अभिलेख संरक्षण तथा संवर्द्धनमा पुऱ्याएको योगदान निःसन्देह अमूल्य छ, अतुलनीय छ ।

पञ्चायतकाल, प्रजातन्त्रकाल एवं गणतन्त्रकालको अनुभवले समेत खारिएको यस कार्यालयले वाग्मतीमा धेरै पानी बगेको देख्यो । समयको उतार चढावलाई राम्रैसँग अनुभव गरेको यस संस्थाले जस्तोसुकै विषम परिस्थिति आए पनि आफ्नो काम, कर्तव्य र अधिकारलाई स्रोत साधनले भ्याएसम्म निर्वाह गर्दै आएको छ ।

सन् १९४८ मा स्थापित अन्तर्राष्ट्रिय अभिलेखालय संघ (ICA) र यस्कै क्षेत्रीय संगठन दक्षिण पश्चिम एशियाली मुलुकहरूको अभिलेखालयहरूको संघ (SWRABICA) को सदस्य समेत भएको यस राष्ट्रिय अभिलेखालयको कार्यक्षेत्र व्यापक भएको र विश्वका अन्य राष्ट्रहरूको अभ्यासलाई हेर्दा पनि यसको स्तरवृद्धि गरी यसलाई पुरातत्त्व विभागको मातहतमा नराखी छुट्टै केन्द्रीय स्तरको निकाय बनाउनु पर्छ भनी बेला बेलामा आवाज उठे पनि राजनैतिक पहुँचका अभावमा यो सधैँ पुरातत्त्व विभाग मातहतकै कार्यालय बनेर बाँचिरह्यो । विश्वका अन्य मुलुकहरूमा अभिलेखालयको बेग्लै पहिचान भए पनि नेपालमा भने यो आजसम्म कार्यालयस्तर भन्दा उठ्न सकेको छैन । सायद यसको गरिमा एवं महिमालाई यहाँ कार्यरत नेतृत्वकर्ताले सम्बन्धित स्थानमा पुऱ्याउन सकेनन् वा उनीहरूको आवाज नै सुनिएन । यो विषय इतिहासको गर्भमा नै छ ।

आज देश संघीयताको अभ्यासमा छ । प्रशासनिक क्षेत्रमा पनि संघीयताको लहर जागेको छ । संघ, प्रदेश र स्थानीय तहमा संविधानले नै राज्य शक्तिको बाँडफाँड गरी तीनै तहको अधिकारको सूचीसमेत तोकिदिएको छ । तर संविधानले तोकेको संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीमा समेत स्पष्टरूपले राष्ट्रिय अभिलेखालयमा रहेका जस्ता प्राचीन सभ्यताका धरोहर एवं पूर्वीय दर्शनको आदि स्रोतका रूपमा रहेका अभिलेखहरू कहाँ रहने हो ? कसको अधिकार क्षेत्र भित्र पर्ने हो, स्पष्ट छैन । नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको अधिकारको सूचीको एउटा बुँदामा उल्लेख भएको स्थानीय अभिलेख व्यवस्थापनको प्रावधानले राष्ट्रिय अभिलेखालयको बृहत् अभिलेखको अवधारणालाई समेट्न सक्दैन । हालको संविधानले पुरातत्त्व, प्राचीन स्मारक र सङ्ग्रहालयको व्यवस्था संघ तथा स्थानीय तहको अधिकार सूचीमा लिपिबद्ध गर्नु तर कानूनतः (अभिलेख संरक्षण ऐन, २०४६ र नियमावली २०६३) राष्ट्रकै अभिलेख जिम्मा लिनका लागि स्थापित संस्थाको बेवास्ता गरिनुले देशका नीति निर्माता एवं उच्च प्रशासकको यस संस्थाप्रतिको दृष्टिकोण घाम झैं छर्लङ्ग देखिन्छ । तथापि 'हरेक कालो बादलभित्र चाँदीका सेता घेराहरू हुन्छन्' भन्ने भनाईलाई आत्मसात् गरी आशावादी हुनुको विकल्प छैन ।

हुन त आज राष्ट्रकै लागि एउटा चुनौतीपूर्ण अवस्था सिर्जना भएको छ । संघीयतामा सरकारी कार्यालयहरूको व्यवस्थापन गर्नु, केन्द्रीकृत अवस्थाबाट भर्खरै संघीय स्वरूपमा लम्केको यो देशमा फलामको च्युरा सावित भइरहेछ । यस अवस्थामा राष्ट्रिय अभिलेखालयको अवस्था के हुने हो ? यसको कार्यक्षेत्र, यसको स्वायत्तता एवं स्वतन्त्रता कस्तो अवस्थामा रहला ? राष्ट्रिय अभिलेखालयका हितैषीहरूका निम्ति यो चिन्ता र चासोको विषय बनेको छ । त्यसमाथि विभिन्न सञ्चार माध्यमहरूमा आए जस्तो संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति (O & M) ले पुरातत्त्व विभाग र राष्ट्रिय अभिलेखालयलाई गाभेर एउटै पुरातत्त्व तथा राष्ट्रिय अभिलेख विभाग बनाउने प्रस्ताव मन्त्रिपरिषद्मा पुगेको कुराले ठूलो हलचल नै पैदा गरेको छ । यदि यस्तो प्रस्ताव पारित भयो भने यस कार्यालयले विगतमा गरे जस्तो जनहितका लागि कार्य गर्न सक्ला ? धेरैका लागि यो यक्ष प्रश्न बनेको छ । पुरातत्त्व

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विभागका पूर्व महानिर्देशक डा. साफल्य अमात्यले त राष्ट्रिय अभिलेखालयलाई कुनै पनि हालतमा पुरातत्त्व विभागमा मिसाउनु नहुने भन्दै यसो गरे यो कार्य निन्दनीय हुनेछ भनी नागरिक दैनिकमा लेखसमेत प्रकाशित गरेको देखिन्छ। यसबाट पनि अभिलेखालयप्रेमीहरू संघीयतामा यस कार्यालयको स्वतन्त्र अस्तित्व कायम होस् भन्ने चाहन्छन् भन्ने स्पष्ट हुन्छ। राष्ट्रिय अभिलेखालयलाई एक स्वतन्त्र र सक्षम निकाय बनाउनु पर्छ भन्नेमा पछिल्लो समयमा संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयसमेत सकारात्मक रहेको छ भन्ने खबरले अभिलेखालयप्रेमीहरूमा हर्षको सञ्चार त भएको छ तर मन्त्रिपरिषद्को निर्णय नआईकन यसै होला भन्नु हतार हुने भएकोले यस विषयलाई भविष्यकै जिम्मामा छाड्नु श्रेयस्कर हुनेछ।

संघीयतामा राष्ट्रिय अभिलेखालय अझै बलियो स्वरूपमा आए पनि वा कुनै अर्को निकायसँग गाभिएर छुट्टै नाममा रहे पनि, हालको स्थानलाई छोडेर अन्यत्रै स्थानान्तरण भएपनि वा जुनसुकै जिम्मेवारी र भूमिकामा भए पनि यसले नेपालको ऐतिहासिक अभिलेख तथा दुर्लभ हस्तलिखित ग्रन्थहरूको संकलन, संरक्षण एवं व्यवस्थापनको जिम्मेवारीलाई विगतमा झैं आगतमा पनि निर्वाह गर्ने नै छ। यसमा शंका छैन।

जे होस्, आफ्नो स्थापनाकालदेखि वर्तमानसम्म यस कार्यालयले नेपालको अभिलेख तथा प्राच्य हस्तलिखित ग्रन्थहरूको संकलन, संरक्षण एवं उचित व्यवस्थापन गरी भावी पुस्ताका लागि समेत हाम्रो ऐतिहासिक धरोहरलाई जीवन्त राख्न सफल भएकाले राष्ट्रिय अभिलेखालयको योगदान इतिहासको पानामा स्वर्णाक्षरमा लेखिने नै छ। यो नै सम्पूर्ण अभिलेखालयप्रेमीहरूका निम्ति गर्वको विषय हो।

सन्दर्भ सूचीः

१. अभिलेख संरक्षण ऐन, २०४६ तथा अभिलेख संरक्षण नियमावली, २०६३, राष्ट्रिय अभिलेखालय।
२. षष्ठ लगतमा दर्ता गरिएका हस्तलिखित ग्रन्थहरूको सूची, २०७२/७३, राष्ट्रिय अभिलेखालय।
३. डंगोल, बलरामदास, 'राष्ट्रिय अभिलेखालय एउटा छोटो चिनारी' अभिलेख अंक - १, २०४०, राष्ट्रिय अभिलेखालय।
४. हराएका गाताचित्र सम्बन्धी प्रतिवेदन २०६९, पुरातत्त्व विभागद्वारा गठित समिति।
५. अभिलेख पत्रिका, वर्ष १ - ३४ सम्मका अंकहरू, (वि. सं. २०४० देखि २०७३ सम्म) राष्ट्रिय अभिलेखालय।
६. राष्ट्रिय अभिलेखालयको स्थानान्तरण गर्ने सम्बन्धी अध्ययन प्रतिवेदन, २०७३, राष्ट्रिय अभिलेखालय।
७. नागरिक दैनिक, अन्नपूर्ण पोष्टलगायतका पत्रिकाहरू

***

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

Surveying Sanskrit Buddhist Manuscripts in Japan and Construction of Newār Book History

Shanker Thapa*
Sasaki Kazunori
Shoji Fumio

Background

Newār people, one of the cultural-ethnic group mainly living within the Kathmandu valley follow either Hinduism or Buddhism. Newār identity as a religio-cultural community comes within the Indian cultural boundary. Sanskrit as the textual language of Newārs also brought them under the Indian literary domain. Any tradition that arrived in Nepal from Northern India was amalgamated with existing local traditions. It was the main basis of cultural formation of Newārs. Newār Buddhists, who were originally the Mahāsāṁghika,later turned into Vajrayāna after its arrival in Nepal by the end of the sixth century some 200 years after its origin in Northern India.[1] They became Vajrayāna Buddhists. It is important to note that Newār Buddhism is the synthesis of two or more Buddhist philosophical traditions aided by Hindu tantric tenets. Thus, Newār Buddhist religious tradition is the combination of diverse ideas. Newār Buddhist practice is primarily the synthesis between Vijñānavadaand Mādhyamika philosophy. The text that sought such an amazing synthesis of religious ideologies is the Nirākāra Kārikā written by a Nepālī Paṇḍit Nandaśrī.[2]The other significant text for Newār Buddhists is Kriyāsaṁgraha Pañjikā which is a collection of rituals composed by Kuladatta. In its general character, the work bears a close relations to the Hindu Tantric digests. The codex begins with the definitions of a spiritual guide and his disciple.[3] This text is a modified version of StūpaLakṣaṇa Kārikā Vivianaof Lokottaravādins.[4]

Nepal's contribution in the development of Mahāyāna literary genre that is the body of Sanskrit Buddhist literature is enormous and

1 The Licchavī inscription fromGokarṇa is the earlist reference in Nepalese history to refer to Vajrayāna. Dhana Vajra Vajracharya, *Licchavī Kālin Abhilekh* [Inscription from the Licchavī Era], Kathmandu: Institute of Nepal and Asian studies, 2030, pp. 370-371.

2 David Seyfert Rugg, *The Literature of the Mādhyamika School*, Wisbaden: Otto Harrassowitz, 1981, p. 100.

3 Rajendra Lal Mitra, *The Sanskrit Buddhist Literature of Nepal*, Calcutta: The Asiatic Society of Bengal, 1882, pp. 105-109.

4 *Annual Report of The International Research Institute for Advanced Buddhology*5, 2002, p. 27; Gusstav Roth, 'Symbolism of the Buddhist Stupa according to the Tibetan Version of the Caitya Vibhaṅga Vinayapodbhava Sūtra, the Sanskrit Treatise Stūpa Lakṣaṇa Kārikā Vivecanā and a Corresponding Passage in Kuladatta's Kriyāsaṁgraha,' In: Anna Libers Dallapiccola and Stephine Zingel-Ave Lallemant(eds.), *The Stupa: Its Religious, Historical and Architectural Significance*, Weisbaden: Franz Steiner, 1980, p. 196.

* Dr. Shanker Thapa is a Professor and Head in the Central Department of History, Tribhuvan University, Kathmandu. Mr. Kazunori Sasaki and Dr. Fumio Shoji are the Faculty Members in the Faculty of Buddhist Studies, Rissho University, Tokyo. We express sincere gratitude to Rissho University for supporting the field surveys in Tokyo, Kyoto and Kanagawa in Japan in June 2017 and March 2018.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

beyond comparison. The extant Sanskrit Buddhist texts is the contribution of Nepal without whose effort it was not possible to maintain the textual heritage intact for more than a millennium. The Newār Buddhists of Kathmandu valley deserve appreciation for such an epoch making historical act. After the Muslim invasion of Northern India by the end of twelfth century, entire body of Sanskrit Buddhist literature disappeared in India. However, they were found preserved in tact in Nepal after a millennium. The outside world was ignorant of preservation of large body of Mahāyāna Sanskrit Buddhist literature until the middle of the nineteenth century. British Resident Brian H. Hodgson explored the extant body of Sanskrit Buddhist literature in the Kathmandu valley within the periphery of Newār Buddhist cultural boundary. The original Mahāyāna Sanskrit Buddhist manuscripts was believed completely to be lost. But in the first quarter of the Hodgson's revealing of survival of abundance of entire body of in Nepal within the custody of Buddhist Newār of Kathmandu valley in an important landmark in the literary history of Mahāyāna Buddhism.

Thecredit goes to the Buddhist Newārs. They were the authors, scribes, custodians and also the enthusiasts of reading Sanskrit Buddhist texts. At the cultural level, the Newārs developed the tradition of 'book culture' integrating the system of venerating 'books' as the manifestation of deities, there by worshipping them at regular intervals.[5] In general, a Buddhist manuscript had multiple usages. Manuscripts arebelieved to be worthy of veneration and regarded as an object of worship. They are the objects in which deities are emanated for which a full-fledged ritual of 'Nyāsa' or the Daśa Karma Pratiṣṭhāis performed to insert lives in them. The ritual associated with Kalaśa [vase] is also constituted to aid the practice of 'Nyāsa' to bring lives in books. So, for Newār believers a religious book or a manuscript has life. Therefore, every book is worthy of veneration and deserves worship. These forms of cultural hierarchies were constituted or evolved within the long practiced'book culture'of BuddhistNewārs.

Literary Migration to Japan

Literary migration here indicates to trans-regional migration of Sanskrit Buddhist manuscripts from Nepal to Japan and the other post collection activities. Even before the revelation of Nepal as the largest repository of Sanskrit manuscripts, history has provided information about the migration of Sanskrit manuscripts from Nepal to India or Europe preferably the Great Britain. In 1793, Col. William Kirkpatrick visited Nepal under a delegation sent by the British Indian government. During that visit, he had procured a copy of Aṣṭasāhasrikā Prajñāpāramitā Sūtra and handed over toSir William Jones, one of the founders of the Asiatic society of Bengal and a well-known philologist and orientalist in November 1793.[6] It has 303 paper folios, which was copied in the eighteenth century. This instance may be regarded as a significant moment as the beginning of movement of Nepalese manuscripts out of the country.

It was the beginning of the migration of Buddhist manuscripts in Nepal. After Brian Hodgson found out Nepal as the warehouse of Sanskrit Buddhist manuscripts, a number of foreign monks and scholars showed up from time to time to collect Buddhist manuscripts in Nepal. Hodgson himself procured 381 bundles of manuscripts later to divide them among several institutions in India, France and the Great Britain. With the friendly gesture from HRH MahārājāChandra Shumsher [1863-1929], the Premier of Nepal, Oxford University received some 6300 Sanskrit manuscripts as gifts.[7]

5 Shanker Thapa, 'Profile of A Traditional Painter: Gyankar Vajrācārya - the Newārī Paubhā Artist from Bhaktapur,' *Voice of History,* Vol. XXVIII, May, 2015, pp. 14-30.

6 Moriz Winternitz and Arthur Berriedale Keith (ed.), *Catalogue of Sanskrit Manuscripts in the Bodleian Library*, Vol. II, Oxford: The Clarendon Press, 1905, p. 249.

7 David Pingree (comp.), *A Descriptive Catalogue of the Sanskrit and other Indian* Manuscripts *of the Chandra Shum Shere Collection in the Bodleian Library*, Pt. 1. Jyotiṣ Śāstra, Oxford, Clarendon Press, 1984, pp. 1-172; Jonathan Katz (ed.), *A Descriptive Catalogue* of *the Sanskrit Indian Manuscripts of the Chandra Shum Shere Collection in the Bodleian Library*, Oxford, Oxford University Press. Part II: Epics and Purāṇas, John Brockington (Comp.), 1999; Part III: Stotras, K. Parameswara Aithal (Comp.), 1999.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

In Europe, an abundant number of Sanskrit manuscripts was directed to the United Kingdom.

During the medieval times, Nepal has been a popular destination for Tibetan Buddhists to study Buddhism with the Vajrācārya Master in the Kathmandu valley. For entire medieval period, Nepal served as the educational center for Tibetans. The expatriate Tibetans also collected Sanskrit manuscripts both during study period for study and also for carrying to Tibet. They carried abundant Newār as well as Pāla manuscripts to Tibet from Nepal. Similarly visiting Chinese pilgrims occasionally did the same.

Japanese procurement of manuscripts in the Kathmandu valley is rather little different. The collectors who reached Nepal in different times did adventurous travel in Nepal. They met the rulers and obtained permissions to copy or purchase manuscripts. They collected Sanskrit manuscripts in Nepal and dispatched to Japan without problem. Present repositories in various places in Japan is the outcome of those early manuscript collectors. Japan has always been serious in dealing with Sanskrit Buddhist manuscripts. Sanskrit manuscripts that Rev. EkaiKawaguchi[1866-1945], Junjiro Takakushu[1866-1947], Dr. Ryuzaburo Sakaki[1872-1946] and others procured Buddhist manuscripts in Nepal, which are now preserved in various university libraries and other places with due attention. They have been regardedas the priceless heritage.

Japan has considerably contributed in Sanskrit and Indian Buddhist scholarship. Japanese academics and the monastic community have been keenly interested in Nepal's Sanskrit Buddhist manuscripts.

The out bound migration of Nepalese Buddhist manuscripts towards Japan began right since 1907 when Rev. Ekai KawaguchiandJunjiro Takakushuvisited Kathmandu in search of those manuscripts. The largest collection of Nepalese manuscripts is that of Ekai Kawaguchi deposited now in three locations namelythe General Library, University of Tokyo, Toyo Bunko and Rissho University in Tokyo. Rissho University has a manuscript of Gaṇḍavyūha Sūtra, which Hokei Izumi, anacquaintance of Rev. Kawaguchi,made available to Rissho University.

The General Library of University of Tokyo, Tokai University Library Shonan Campus, Taisho University Library and the Toyo Bunko have largest collectionsof Nepalese Sanskrit manuscripts in Japan. In addition, there are other centers such as Taisho University Library and Nagoya City Museum that also hold Sanskrit manuscripts brought from Nepal. Nagoya City Museum has obtained Kamiya's collection of Nepalese manuscript. Kyoto University alsohas several Nepalese manuscripts donated by Dr. Ryuzaburo Sakaki. Ryūkoku University hasimportant medieval Nepalese manuscriptsincluding the oldest and the best Sukhāvatīvyūha Sūtra.[8]Eminent Japanese Buddhist scholars such as Ariyoshi Sanada, Yusho Wakahara, Taijun Inoguchi, SyokoTakeuchi and Shinichiro Hori have done significant works on Newār Buddhist manuscripts deposited at Ryūkoku University.

Research on Manuscripts in Selected Repositories

With the support of Rissho University and research collaboration betweenKazunori Sasaki,Fumio Shoji and Shanker Thapa, a field survey was arranged to observe Buddhist manuscripts in the repositories including Toyo Bunko,General Library ofTokyo University; Tokai University Library Shonan Campus in Kitakaname and the Library of Faculty of Letters, Kyoto University, Kyoto in March 2018. A preliminary field survey was already done in Toyo Bunko, Tokyo University and Rissho University collections in June 2017 prior to the second field observation. The objectivewas primarily to gather information on history, status of preservation and present conditions of manuscripts in those repositories. At the same time, it was also in mind to gather information on research details of those manuscripts. While

8 Yusho Wakahara, 'Remarks on Sanskrit Manuscripts in the Otani Collection – Preliminaries to New Descriptive Catalog', *Bulletin of Institute of Buddhist Cultural Studies Ryūkoku University*, No 42, 2003, pp. 29-37.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

in Kyoto, a preliminary visit of other concerning universities located within the Kyoto metropolis particularly Ryūkoku, Bukkyo and Otani Universities was also doneto prepare for another field work to enhance the collaborative research.

Among several other repositories to hold Sanskrit Buddhist manuscripts from Nepal, Tohoku University [Sendai] and Taisho University [Tokyo] also have Nepalese Buddhist manuscripts and other materials that constitute certain role in constructing Newār Buddhist history as well as determining historical stages of literary migration to Japan.[9]

The migration of Buddhist manuscripts from Nepal to japan in different times with the close involvement of eminent monks and academics is of immense significance. Rev. EkaiKawaguchiis the pioneer of Sanskrit manuscript collection in Nepal that has significantly contributed to develop very important Sanskrit manuscript repository in Japan. The contribution of other Japanese collectors who visited Nepal in different times and procured Sanskrit Buddhist manuscripts such asJunjiroTakakushu, Rev. Kozui Otani, Dr. Ryuzaburo Sakaki, Dr. Sadayoshi Kamiya and other unknown individual collectors cannot be overlooked. In some cases, Prime Minister Chandra Shumsher of Nepal cooperated whole heartedly to the Japanese collectors that facilitated to collect Sanskrit manuscripts without obstacle. Rev. EkaiKawaguchiwas able to solicit his support so that he could collect hundreds of important Sanskrit Buddhist manuscripts in Nepal and transport them to Japan.[10]His work brought significant changes in modern Sanskrit Buddhist Scholarship in Japan. Rev.KozuiOtānīalso collected important Sanskrit manuscripts in Nepal which are now kept at Ryūkoku University in Kyoto. Premier Chandra Shumsher granted audience to him in Kathmandu and also gifted him very important Sanskrit Buddhist manuscripts including Divyāvadāna, Shukhāvativyūha Sūtra and Mahāvastu. All this situation was due to the help of renowned French Indologist Dr. Sylvain Levi.[11] The help extended by the manuscriptologists at the Darbār Library in Kathmandu as well as Sanskrit and Buddhist scholars of that time had significant role to make visiting Japanese monks and scholars able to procure desired Buddhist manuscripts in Nepal and later transport them to Japan. In recent times, the activities of Rev. Syūcho Takaokaa Buddhist monk from Nagoya, has also contributed significantly to procure microfiche of manuscripts. Rev. Hidenobu Takaoka directed a very important project on microfilming Newār Buddhist manuscripts funded by Shishin Kai, a lay Buddhist society in Japan. They also supported Āśā Saphū Kuthī to digitise entire collection and made available in CD-ROM. Then a manuscript Library was set up in Nagoya popularly known as 'the Buddhist Library.'

All the manuscript centers regarded Nepal's Buddhist Sanskrit manuscripts written mainly in Bhujimola, Rañjanā and Pracalit Newārī scripts as very precious and priceless heritage there by treating as such. Most of the manuscripts are kept in acid free paper and wooden boxes. The most remarkable point noted so far during the observation is that, all the repositories have maintained the same cloth wrappers that were originally used while the manuscripts were in Nepal. All those manuscripts were lively while in Nepal. Pujās were performed on them. The marks of vermilion and sandalwood pastes on wooden covers or beginning folios attest the fact. Japanese manuscript repositories provide the model of manuscript preservation.

As mentioned before, Sanskrit manuscripts of Nepalese origin have special position among the modern Buddhist and Sanskrit scholars. They are given the status of precious heritage. So, they are given greater care. So, certain formal procedures are mandatory for those who desire to consult them for research purposes or otherwise. The methodology of preserving ancient books has been adapted to ensure their long lasting preservation. The

9 Some works have been earlier done on those collections. See: Yoshizaki, Kazumi, 'Newār Buddhist Materials in the Collection of Rev. Kawaguchi Ekai Preserved in Tohoku University, *Indo Gaku Bukkyo Gaku Kenkyu*, Vol. 59, No. 1, pp. 513-518.

10 Abhi Subedi, *Ekai Kawaguchi - The Trespassing Insider*, Kathmandu: Mandala Book Point, 1999, p. 90.

11 Wakahara, *loc. cit.*,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

method of preservation of ancient manuscripts adapted in Japan can be a model for Nepal to follow where still Sanskrit Buddhist manuscripts are in abundance in institutional or private collections. Data on private collections among the Newārs is scanty. Some manuscript repositories such as the National Archives of Nepal, Keśar Library, Āśā Saphū Kuthī, Akṣeśvara Mahāvihāra and Central Library of Tribhuvan University possess important Sanskrit Buddhist manuscripts. In general, manuscripts preservation practices is not bad. However, some of the places have worst preserving and management conditions. Certainly, they have security and other lapses as well to take into consideration. In all Nepalese repositories, rules of handling and using manuscripts are flexible. Nepalese manuscript libraries provide easy access to researchers so that more manuscripts can be studied leading to various publications. One can obtain digitally reproduced copies of manuscriptsat the payment of required fees. This practice is also necessary. But the manuscript preservation modalities followed by Japan's Sanskrit manuscript repositories are rather tough but they are practical and appropriate for long term preservation of ancient manuscripts.[12]One has to apply and obtain permission to consult manuscripts in advance prior to the visit of the repository. In all places, photography of any part of the manuscript is usually not allowed.

Several University and other specialized libraries have Nepal's Sanskrit Buddhist manuscripts in their collection. Japanese scholars have extensively studied and worked on those manuscripts for various purposes and published various types of paper at home and abroad. Some Japanese Buddhist scholars also published detailed annotated catalogues on those manuscripts.[13]

Toyo Bunko

Toyo Bunko is one of the prominent repository of Nepalese Sanskrit manuscripts. A part of manuscripts Rev. EkaiKawaguchi collectedin Nepal are kept there. It has altogether twenty nine Nepalese manuscripts. They areBuddhist Sūtra, Dhāraṇīs, Avadāna, Tantra, Stotra, Vrata Kathā, Jyotiṣaand some unidentified fragments in its collection.

The individual titles in this collection include:[14]

Lalitvistara Sūtra [NS 925, fols. 263], Mahāpratyaṅgirānāma Dhāraṇī [fols. 11], Saddharmapuṇḍarīka Sūtra [Palmleaf fols. 181], Saptaśtika Prajñāpāramitā [A. Palm leaf,fols. 45; b. paper,fols. 31], Suvarṇaprabhaṣottama Sūtra fols. 66] Gāndharvikāvadāna [fols. 8], Vajravārāhī Tantra Mahākalparāja [fols 114]. Ekallavīra Caṇḍamahārośṇa Tantra [NS 955, fols. 96], Gośṛṅgaparvate Svayaṃbhū Caityabhaṭṭārakoddeśa [fols. 18], Dhāraṇī Saṃgraha [<12Afols. 61>; <12B- fols. 94>; <13- fols. 354>; <19 - fols 25>; <24 - fols. 39>)Total Dhāraṇīs 11+15+267+15+5=313], Grahamatṛkā Dhāraṇī [fols.8], Āryāparimitāyunāma Mahāyāna Sūtra [fols. 114], Āryāmoghapāśahṛdayaṃ

12 Āśā Saphū Kuthī has received Toyota Foundation grant for physical infrastructure development as well as management of manuscripts. A number of Japanese experts worked there and digitised its collection and produced a digital data base.

13 Seiren Matsunami, *ACatalogue of the Sanskrit Manuscripts in the Tokyo University Library*, Tokyo: Suzuki Research Foundation, 1965; Ryotai Kaneko, Yoshihiro Matsunami and Kojun Saito, 'Descriptive Catalogue of Sanskrit Manuscripts in the Possession of the Toyo Bunko', *Memoirs of the Research Department of the Toyo Bunko* 37, Tokyo: Toyo Bunko, 1973; Wakahara Yusho, 'Remarks on Sanskrit manuscripts in the Otani Collection - Preliminaries to New Descriptive Catalog', *Bulletin of Institute of Buddhist Cultural Studies Ryūkoku University*, No 42, 2003, pp. 29-37; Ariyoshi Sanada, Descriptive Catalogue of the Sanskrit Buddhist Manuscripts Brought by Rev. Otani Expedition, Monumenta Serindica, Vol. IV, Kyoto 1961, pp. 49-118; Bukkyo Bunka Kenkyujo, *Sanskrit Manuscripts in the Otani Collection at Ryūkoku University Library* (CD-ROM edition), Kyoto: Bukkyo Bunka Kenkyujo, 2001, pp. 1-14; Hori, Shinichiro, 'Kamiya's Collection of Sanskrit Manuscripts from Nepal', *Journal of Indian and Buddhist Studies*, Vol. 79, Nos. 40-41, 1991, pp. 513-516; Yoshizaki Kazumi, 'Newār Buddhist Materials in the Collection of Rev. Kawaguchi Ekai Preserved in Tōhoku University, *Journal of Indian and Buddhist Studies* (Indo-Gaku Bukkyo Gaku Kenkyu), Vol. LIX, No. 1, pp. 513-518; Catalogue of the Buddhist Sanskrit Manuscripts in the University Library Tokyo', *Toshokankai*, Vol. IV: 4, March 1953, Kyoto: pp. 138-140; Tachikawa Musashi, Shoun Hino and Toshihiro Wada,*Sanskrit Manuscriptsin the Possession of the Faculty of Letters*, Kyoto:KyotoUniversity, 2004.

14 Ryotai Kaneko, *et al*, *loc cit*, pp. 157-191.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

Mahāyāna Sūtra [fols. 11], Ārya Śrī Vasudhārāyāḥ Namāṣṭottasataka [fol. 1], Vasundharā Vrata Pūrva Mahāmaṇḍalāgata Kathā [fols. 16 golden letters], Śaniscarāstava Stotra [fols 8], Saṅkaṭā Devī Stotra [fols. 2], Jātakāvaraṇa [fols 8], Harameharā [Haramekhalā [Birch bark fols. 347], Unidentified Fragments [<3b 1 fol>; <9, fol1; 23- fol. 1>; <27 - Palm leaf, damaged>, <28 - unidentified, damaged>].

Our team of Prof. Shanker Thapa,Kazunori Sasaki, and FumioShoji visited Toyo Bunko for surveying NewārBuddhist manuscripts first time in June 2017. A detailed survey was doneduring the second visit in March 2018 in which Nirmala K.C also joined the research team.This time, attention was paid to deal with three unidentified fragments of Nepalese manuscripts listed in the Toyo Bunko catalogueof Sanskrit manuscript. There are only four folios in three separate titles. Those fragments are the part of a ritual text, a Saṅkaṭā Stotra and a Bhairav Stotra. These are classified according to the subject. Although its subject has been identified previously, their exact titlesare yet to determine. Therefore, Toyo Bunko has provided 8 bit gray scale photos of the fragments in Pdf file format to the researchers to identify the manuscript with the support of a practicing Vajrācārya in Patan, Nepal.

At Toyo Bunko, we worked on manuscripts nos. 9, 22 and 23 manuscripts. No. 9 has only one folio extant. It is a Buddhist text. The extant folio is 3 A and 4 B containing verse 56 and one line of verse 57 on folio 3Aandverse 57 on folio 4 B. But the verse number is missing. The place assigned to print number is left vacant. Each side has six lines written with Pracalit Newārī script. Pagination appears in both on top of left margin and the right margin as well.

Ms. no 22 and 23 are kept together inside the same wooden book cover. It is natural black. The first cover is tagged with numerical 183, 184 and 185. Inside the cover a note is stuck which was written by EkaiKawaguchihimself in which titles of the texts – a). Ārya Nandikeśvara Pujā Vidhi, b). A collection of Sanskrit Dhāraṇī are written along with thereference numbers in his personal collections.

General Library of University ofTokyo

